भारतको हार
विश्वकप क्रिकेट । १७

विम्बल्डन टेनिस
सेरेना उपाधिलाई केन्द्रित । १८

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १४३ काठमाडौं | २६ असार २०७६ बिहीबार आषाढ शुक्लपक्ष नवमी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, July 11, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ






# सँगै चियापान, अनि गोली हानाहान

## चन्द समूहका ओखलढुंगा इन्चार्ज र एक प्रहरी जवान मारिए

■ **एलिसा श्रेष्ठ** (भोजपुर)

सदरमुकाम मुख्य बजारको पश्चिमतिर रहेको पान्धारे नामको होटलमा बुधबार बिहान सादा पोसाकका प्रहरी र चन्द समूहका जिल्ला नेता एउटै टेबुलमा बसेर चिया खाइरहेका थिए । दुवै जनाबीच पहिलेदेखि नै चिनजान थियो । भेट हुनासाथ हात मिलाए र चिया पिउन सुरु गरे । चन्द समूहका ओखलढुंगा जिल्ला इन्चार्ज नीरकुमार राई र सादा पोसाकका प्रहरी जवान सञ्जीव राई चियाको चुस्कीसँगै गफिँदै थिए ।

प्रत्यक्षदर्शीका अनुसार नीरकुमार दुई दिनयता चिया पसलमा आउने/जाने गरिरहेका थिए । बुधबार पनि बिहानै आएर अरू मान्छेसँग 'हेलोहाई' गरिरहेका थिए । करिब साढे ८ बजे सञ्जीव आइपुगे । दुवैले 'दाइभाइ' को साइनो पनि लगाए । अभिवादन साटासाट गरे । सञ्जीव सुराकीका लागि चिया पसल छिरेका थिए । गफकै क्रममा नीरकुमारले सञ्जीवलाई भने, 'विप्लवको पार्टीमा लाग्यो भन्दैमा मलाई किन खेदो गर्छौ ? पार्टीमा लाग्नु आस्थाको कुरा हो ।' सञ्जीवले सहज ढंगले उत्तर फर्काए, 'हामी दुवै राई भएकाले भाइभाइ हो । के गर्नु र ?'

सञ्जीवले यति भनेपछि नीरकुमार पिसाब गर्न जाने भन्दै पसलबाट निस्कन खोजे । सञ्जीवले नीरकुमारको पाखुरा समाते । 'गफ गरौं, तपाईं कहाँ जान लागेको ? अहिले नजानुस्, अरू साथी आउँदै छन्,' सञ्जीवको भनाइ उद्धृत गर्दै प्रत्यक्षदर्शीले कान्तिपुरलाई सुनाए । दुवै जनाबीच तानातान भयो । चन्द समूहका हतियार बोकेका कार्यकर्ता दगुर्दै होटल अघिल्तिर आए । बाँकी पृष्ठ १२



प्रहरी र चन्द समूहका कार्यकर्ताबीच बुधबार गोली हानाहान भएको भोजपुर नगरपालिका-७ मा रहेको हाट क्षेत्र । *तस्बिर : अर्जुन बस्नेत/कान्तिपुर टेलिभिजन*

## प्रतिबन्धपछि चन्द समूहका ८ मारिए

काठमाडौं (कास)- सरकारले नेत्रविक्रम चन्द समूहलाई प्रतिबन्ध लगाएपछिको द्वन्द्वका क्रममा चन्द समूहका ८ नेता-कार्यकर्ता मारिएका छन् । चन्द समूहको आक्रमणमा एक सर्वसाधारण र एक प्रहरी जवानको पनि ज्यान गएको छ । पछिल्लोपल्ट बुधबार भोजपुरमा ओखलढुंगा इन्चार्ज नीरकुमार राई र प्रहरी जवान सञ्जीव राई मारिएका हुन् । भोजपुरमा दुई, सर्लाहीमा एक, काठमाडौं विस्फोटमा ५ गरी चन्द समूहका ८ जना मारिएका हुन् । काठमाडौं विस्फोटमा एक सर्वसाधारणको पनि ज्यान गएको थियो । प्रतिबन्धयताको अवधिमा दुई प्रहरीसहित ९ जना घाइते छन् ।

नेकपा संसदीय दलको चैत ११ को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले चैत महिनाभित्र नेत्रविक्रम चन्द समूहलाई सरकारले निस्तेज पारिसक्ने दाबी गरेका थिए । प्रधानमन्त्रीको यस्तो दाबीपछिका चार महिनामा पटकपटक चन्द समूह र प्रहरीबीच देशका विभिन्न स्थानमा भिडन्तको अवस्था सिर्जना भएको देखिन्छ ।

फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले चन्द समूहको गतिविधिमा प्रतिबन्ध लगाएपछि उक्त समूहका नेता तथा कार्यकर्तामाथि निगरानी बढाउन, सार्वजनिक रूपमा कार्यक्रम गर्न नदिन सुरक्षा निकायलाई परिचालन गरिएको थियो । सरकारी निर्णयपछि प्रहरीले देशैंभर चन्द समूहका नेता तथा कार्यकर्ता पक्राउ तीव्र पारेको थियो ।

१० चैतमा गृह मन्त्रालयले चन्द समूहलाई प्रत्यक्ष-परोक्ष सहयोग पुऱ्याउने व्यक्ति, संस्था वा समूहलाई समेत कारबाहीको दायरामा ल्याइने भन्दै सार्वजनिक सूचना जारी गरेको थियो । बाँकी पृष्ठ १२

# 'परीक्षण नरोक्नू'

■ **राजु चौधरी** (काठमाडौं)



सीमामा विषादी परीक्षण रोक्ने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले विषादी परीक्षण यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो । अब अदालतको अर्को आदेश नहुँदासम्म विषादी परीक्षण गरेर मात्र आयात गर्नुपर्नेछ । सरकारले असार २ गते राजपत्रमा प्रकाशित गरेर भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण अनिवार्य गरेको थियो । यो कदमले भारतीय व्यवसायीलाई अप्ठ्यारो परेपछि असार १४ मा भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो । फलफूल तथा तरकारी रोकेको जनाउँदै भारतीय दूतावासले दबाब दिएपछि असार १८ गते परीक्षण गर्ने निर्णयबाट सरकार पछि हटेको थियो । सरकारले पर्याप्त प्रयोगशाला नभएका देखाउँदै आयातित तरकारी र फलफूलमा विषादी परीक्षण स्थगित गरेको हो । सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित स्वागत नेपाल र उपभोक्ता हित संरक्षण मञ्चले छुट्टाछुट्टै रिट दायर गरेका थिए ।



न्यायाधीश भट्टराईको इजलासले गुणस्तरीय सेवा तथा वस्तुको अधिकारका साथै खाद्य, स्वास्थ्य र सुरक्षित मातृत्वको अधिकारसमेत यो निवेदनसँग सरोकार राख्ने प्रकृतिको रहेको भनेको छ । हानिकारक रसायन अनि अखाद्य पदार्थ नियन्त्रणबारे असार २ गतेको राजपत्रको सूचना जारी भएकामा दुई सातापछि त्यसलाई रोक्न गरिएको निर्णयबारे प्रश्न उठेको भन्दै त्यसबारे छलफल हुनुपर्ने भन्दै सर्वोच्च अदालतले दुवै पक्षलाई आगामी सोमबार छलफलका लागि झिकाएको छ ।

'मुलुकी अपराध संहिता २०७४ को दफा १०७ ले हानिकारक रासायनिक पदार्थ वा अखाद्य पदार्थ बिक्री, वितरण पैठारीसमेतको कार्यलाई निषेधित आपराधिक कार्य मानेको अवस्थासमेत हुँदा यस सन्दर्भमा २०७६ असार २ को राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना विपरीत हुने गरी सोही मन्त्रीस्तरीयबाट २०७६ असार १८ मा गरिएको निर्णय संविधान र कानुनका यी समस्त व्यवस्थाहरूको के कति अनुकूल हुन्छ भन्ने प्रश्न उत्पन्न भएको छ,' आदेशमा भनिएको छ । बाँकी पृष्ठ १६

# 'मलाई भनिएन'

'पछि मात्र थाहा भयो, त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ'



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी परीक्षण रोक्नका लागि भारतीय दूतावासले पठाएको पत्रबारे आफूलाई सरकारी निकायले 'अनभिज्ञ' राखेको बताएका छन् ।

भारतीय दूतावासले विभिन्न संवाद गर्दै हिँडेको र पत्र पठाएको बारे २३ गते मात्र जानकारी प्राप्त गरेको प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन् ।

'मलाई पछि मात्र थाहा भयो र त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ । त्यो कुराबाट पनि मलाई अनभिज्ञ नै राखियो । तसर्थ मेरो जानकारीमा नभएको हुनाले मैले पत्र आएको छैन भनें । तर २३ गते बेलुका मात्र मैले पत्र आएकोबारे जानकारी पाएँ । म त्यसबाट अत्यन्त दुखित छु,' प्रधानमन्त्री ओलीले बुधबार जनतासँग प्रधानमन्त्री कार्यक्रममा विषादी प्रकरणबारे स्पष्टीकरण दिँदै भने, 'र, मलाई जसले जानेर भ्रममा राख्यो वा अन्जानमा बताउन भुल्यो, जेसुकै होस्, मसँग त्यो कुरा आएन र मैले प्रधानमन्त्रीको हैसियतमा त्यो जानकारी पाउनुपर्थ्यो । एउटा यथार्थ मबाट लुकेको रहेछ ।'

प्रधानमन्त्रीको यो अभिव्यक्तिले मुलुकको कार्यकारी व्यक्ति नै कति गुमराहमा छन् भन्ने प्रश्न उब्जिएको छ । प्रधानमन्त्री ओलीले २१ गते नेकपाको संसदीय दलमा 'कस्तो पत्र कसले पठाएको पत्र ?' भन्दै सांसदहरूमाथि आक्रोश पोखेका थिए । उनले पत्रै नआएको दाबी गरेका थिए । प्रधानमन्त्री ओलीले त्यसो भनेको दुई दिनपछि (२३ गते) भारतीय दूतावासले असार १४ मा नै परराष्ट्र मन्त्रालयलाई सम्बोधन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय र खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई बोधार्थ दिँदै लेखेको पत्र सार्वजनिक भएको थियो । प्रधानमन्त्री ओलीले आफूबाट लुकेको कुरा थाहा नपाउँदा जे हो त्यही अभिव्यक्ति दिएको बताए । बाँकी पृष्ठ १६

# घोडा नचढे जरिवाना



हिमालपारिको जिल्ला मनाङको मनाङ गाउँमा यार्तुङ पर्वमा घोडा दौडाउँदै युवा । *तस्बिर सौजन्य : विनायक जय मल्ल*

■ **आश गुरुङ** (लमजुङ)

माथिल्लो मनाङमा मोटरबाटो नपुग्दासम्म स्थानीयको सवारीसाधन घोडा थियो । बाटो बिस्तार सुरु भएयता मनाङीले घोडा बेच्दै मोटरसाइकल किन्न थाले ।

यसको असर मनाङ गाउँ र टंकीले मिलेर मनाउने परम्परागत यार्तुङ पर्वमा पऱ्यो । घोडा दौड गरेर मनाइने यो पर्वका सहभागी घटे । यसपटक दुवै गाउँका अगुवाले जरिवानाको नियम बनाए । 'यार्तुङमा सहभागी नहुनेलाई तीन हजार रुपैयाँ जरिवाना तोकिएको थियो,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'पर्वमा युवा सहभागिता अनिवार्य होस् भन्नका लागि जरिवानाको नियम बनाइएको हो ।'

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने दुवै गाउँले मिलेर मनाउँदै आएको यार्तुङ हिमाल पारिका जिल्लाको ठूलो पर्व हो । मनाङीका अनुसार तिब्बती भाषामा 'यार' को अर्थ बर्खा र 'तो' को घोडा हुन्छ । 'यार्तो' बाट अपभ्रंश भएर 'यार्तुङ' रहन गएको मानिन्छ । बर्खायाममा मनाइने पर्व कृषि कर्ममा हुने दुःख र परिश्रमका थकान मेटाउनका लागि भएको स्थानीय बताउँछन् ।

यसपटक गाउँका अधिकांश युवा यार्तुङमा सहभागी भएर पाँच दिनसम्म घोडा दौडाए । १६ देखि ५५ वर्ष उमेर समूहका पुरुषले घोडा दौडाएका थिए । शनिबार सुरु भएको यार्तुङ बुधबार सम्पन्न भएको छ । यसपटक करिब सय जनाले घोडा दौडाएको गुरुङले बताए ।

मनाङमा घोडा दौडाउन यस पटक पर्यटकीय पदमार्ग ५ हजार १६ मिटरको थोराङला भन्ज्याङ पास गरेर मुस्ताङबाट १३ जना युवा पुगेका थिए । 'छिमेकी जिल्लाबाट पनि घोडा लिएर आएको देखेर यहाँका युवा हौसिए । यार्तुङ निकै रोमाञ्चक बन्यो,' उनले भने । मुस्ताङीले खादामा पैसा बाँधेर भुइँमा राखेर घोडा दौडाई टिपेका थिए । बाँकी पृष्ठ १६






# बस खस्दा ३ को मृत्यु

ओखलढुंगा (कास)- काँकडभिट्टाबाट सोलुखुम्बुतर्फ आउँदै गरेको बस मानेभन्ज्याङ गाउँपालिका-६, डडुवामा बुधबार दुर्घटना हुँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको छ भने १७ जना घाइते भएका छन् ।

मृत्यु हुनेमा बसचालक झापा पथरियाका ४५ वर्षीय कृष्ण थापा, सोलु दूधकुण्ड नगरपालिका-५ की ५२ वर्षीया माया थापा र सिन्धुली कमलामाईका ३५ वर्षीय लालबहादुर धामी छन् । मातृ भाग्यरेखा प्रालिको मे१ख १८९१ नम्बरको रात्रिबस बिहान करिब साढे ३ बजे सडकबाट १५ मिटर तल खसेको प्रहरीले जनाएको छ । घाइतेमध्ये दूधकुण्ड नगरपालिका ५ सोलुका मित्रबहादुर थापा, कोहलपुर १, बाँकेका कृष्ण गौतम, नेचा-सल्यान ५ सोलुका मदन कट्टेल र इलाम देउमाई १ घर भई सोलु पञ्चन माइती भएकी अनिशा लिम्बूको अवस्था गम्भीर छ । उनीहरूलाई उपचारका लागि काठमाडौं पठाइएको छ भने केहीले धुलिखेलमा उपचार गराइरहेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका प्रहरी नायब उपरीक्षक पुष्पराज मल्लले बताए । घटनास्थलको प्रकृति हेर्दा चालक निदाएको हुन सक्ने अनुमान प्रहरीको छ ।

# नक्कली भिसामा अध्यागमनको छाप

काठमाडौं (कास)- गत बिहीबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट डिपार्चर छाप लगाएर सिर्जन गौतम, निरन्जन पराजुली र प्रकाश भुसाल क्यानडाका लागि उडे । तर, तीनै जना ट्रान्जिट रहेको चीनको गोन्जाओबाट अघि बढ्न पाएनन् । क्यानडाको नक्कली भिसा रहेको भन्दै चिनियाँ अध्यागमन अधिकारीहरूले उनीहरूलाई फर्काइदिए ।

यो घटनालगत्तै सक्कली र नक्कली भिसासमेत नछुट्याई अध्यागमन अधिकृतले कसरी उडान अनुमति दिए भन्नेबारे अध्यागमन विभागले छानबिन सुरु गरेको छ । स्रोतका अनुसार अनुमति दिन संलग्न दुई अध्यागमन अधिकृतलाई विभागले प्रारम्भिक सोधपुछ गरेको छ । विभागले यो प्रकरण छानबिन गर्न प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्युरोमा पनि सम्पर्क गरेको थियो । तर ब्युरोले मानव बेचबिखनभन्दा नक्कली भिसाको विषय भएकाले केन्द्रीय अनुसन्धान ब्युरोमा अनुरोध गर्न सल्लाह दिएको छ । अध्यागमन विभागका महानिर्देशक ईश्वरी पौडेलले उक्त घटनाबारे आफूहरूले अनुसन्धान सुरु गरिसकेको कान्तिपुरसँग बताए ।

अध्यागमन जाँच प्रणालीले नै नक्कली भिसा पत्ता लगाउन नसकेको हो वा अध्यागमन अधिकारीले कसैको प्रभावमा छाप लगाइदिए भन्नेबारे भन्ने खुलिसकेको छैन । अध्यागमनका एक उच्च अधिकारीले भने अध्यागमन अधिकृत कसैको प्रभावमा परेको हुन सक्ने संकेत मिलेको बताए । उनका अनुसार उक्त दिन राहदानीमा छाप हान्ने कि नहान्ने भन्ने विषयमा अध्यागमन अधिकृतहरूकै मत बाझिएको र केही अध्यागमन अधिकृतको जोडबलमा छाप हानेर पठाइएको बुझिएको छ ।

# शान्तिपूर्ण समाधान खोज : कांग्रेस

काठमाडौं (कास)- प्रमुख प्रतिपक्ष कांग्रेसले सरकार र विद्रोही नेत्रविक्रम चन्दलाई शान्तिपूर्ण समाधानको विकल्प खोज्न आग्रह गरेको छ । भोजपुर घटनापछि कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले विज्ञप्ति जारी गर्दै चन्द समूहलाई हिंसात्मक गतिविधि छोड्न र सरकारलाई वार्ताबाट समस्या समाधान गर्न आग्रह गरेका हुन् । 'फेक इन्काउन्टर' बढ्न थालेको भन्दै कांग्रेसले यो विषयलाई दुवै पक्षले गम्भीरतापूर्वक लिनुपर्ने जनाएको छ । 'शान्तिसुरक्षाको जिम्मेवारी सरकारको भएको तर सरकारी दायित्वका नाममा जनताको रगतमा होली नखेल्न' कांग्रेसले चेतावनी दिएको छ । त्यस्तै सर्लाही घटनाका सम्बन्धमा यथाशीघ्र संसदीय छानबिन समिति गठन गर्न पनि माग गरेको छ । विज्ञप्तिमा दशक लामो हिंसात्मक द्वन्द्वबाट शान्ति र समृद्धिको नवीन अध्यायमा प्रवेश गरेको मुलुक रक्तपातका दृश्य पुनः सामना गर्न तयार नरहेको उल्लेख छ ।

JOSCO INSTITUTIONS
Bangalore (Estd. 2004)
(Recognised by INC / KNC / IAP RGUHS & Bangalore University)
Courses Offered
BPT I B.Sc. (N) I M.Sc. (N)
Post B.Sc. (N) I GNM
BBA (Aviation)
No Ragging I No Donation I Own Campus & Hospital
North Indian I Nepali Food
Only Few Seats Available for 2019-20 Batch
For Spot Admission in Kathmandu, Contact: Adv. Saju T. Joseph (Chairman)
+91 98453 76030

# मेचीको भेलले घेरियो बस्ती

'वर्षातमा बस्तुभाउ बाँध्ने ठाउँसम्म हुँदैन । सबैतिर पानी नै पानी हुन्छ । पुर्ख्यौली ठाउँ छाडेर अन्यत्र जान सकिएन'



वर्षापछि जलमग्न विराटनगरस्थित कोसी अञ्चल अस्पताल परिसरबाट बाहिरिँदै सेवाग्राही । अस्पताल प्रांगणमा बुधबार घुँडासम्म पानी जमेपछि बिरामीलाई आउजाउमा कठिनाइ भएको थियो । *तस्बिर : लीलावल्लभ घिमिरे/कान्तिपुर*

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

सिमानापारिको नेपाली बस्ती 'भाङबारी' मेची नदीको घेराबन्दीमा परेको छ । मेची नदीमा पुल नहुँदा मंगलबारदेखि नगरपालिकाको कार्यालय आउने भाङबारीका बासिन्दाको संख्या ह्वात्तै घटेको छ ।

भाङबारी बर्सेनि वर्षामा डुबानमा पर्ने गरेको छ । 'हामी पुस्तौंदेखिको बाढीपीडित,' ६२ वर्षीय गाउँनियार राजवंशीले भने, 'पानी पर्न थालेपछि हामी खोला हेर्दै बस्छौं । बाढीले हाम्रो घर नडुबाएको मलाई याद छैन ।'

१६४ घरधुरीको भाङबारी मेची नदीमा चल्ने एउटा ढुंगाको भरमा धानिएको छ । भारतीय एसएसबीले वर्षौं पुरानो बाटो हिंडडुल गर्न अवरोध खडा गर्ने गरेको स्थानीय बताउँछन् । 'वर्षातमा बस्तुभाउ बाँध्ने ठाउँसम्म हुँदैन । सबैतिर पानी नै पानी हुन्छ,' हावालाल राजवंशीले भने, 'पुर्ख्यौली ठाउँ हो । छाडेर अन्यत्र जान सकिएन तर बसाइ सधैं कष्टपूर्ण छ ।' पानी पर्दा स्थानीय बासिन्दाको दैनिक रोजगारी बन्द हुन्छ । 'मजदुरी गर्न भद्रपुर बजार पुग्नुपर्छ । भद्रपुर जान मेची नदी तर्नुपर्छ । ठूलो बाढी आउँदा नदीमा ढुंगा चल्दैन,' वीरेन राजवंशीले भने ।

वर्षातमा करिब दुई महिना त्रासपूर्ण बसोबास हुने गरेको दिनो गणेशले बताइन् । मेची नदीका दुई वटा भङ्गाला छन् । एउटा भारतीय बस्ती भएर बग्छ । अर्को भाङबारी नजिकैबाट । दुई वर्षदेखि लगातार तटबन्ध गरेर भारतले आफूतर्फको भङ्गालाको पानीको धार मेची नदीमा फर्काएको छ । डुबान र कटान हुँदै आएको भाङबारीमा ३५० मिटर तटबन्ध गरिएको छ । सदरमुकाम बचाउ कार्यक्रमअन्तर्गत जनताको तटबन्ध कार्यालयले यो वर्ष उक्त तटबन्ध गरेको हो ।

१६ फिटे बाटोसहित ६० लाख रुपैयाँ लागतमा तटबन्ध गरेको जनताको तटबन्ध कार्यालय गैडेका प्रमुख मेखनाथ शर्माले जानकारी दिए । 'यो तटबन्धले थोरै भए पनि गाउँ कटान हुनबाट जोगिन्छ कि भन्ने लागेको छ,' विपिन राजवंशीले भने, 'यो गाउँलाई कटान र डुबानबाट बचाउन थप तटबन्ध गर्न जरुरी छ ।' वर्षातमा चारैतिर पानी नै पानी हुने गरेकाले गाउँका करिब तीन दर्जन विद्यार्थी नियमित विद्यालय जान नसक्ने गरेको शान्ति राजवंशीले बताइन् ।

भद्रपुरका मेयर जीवनकुमार श्रेष्ठले मेचीपारिको बस्तीलाई कटान र डुबानबाट जोगाउन अत्यन्त जरुरी रहेको बताए । 'तर, त्यो काम हामी स्थानीय तहबाट सम्भव छैन । संघीय सरकारले नै गम्भीर भएर बजेट दिनुको विकल्प छैन,' उनले भने । उनले संघीय सरकारसँग बजेट माग भइरहेकाले आगामी वर्षहरूमा थप काम हुनेमा आफू आशावादी रहेको बताए ।

**जलमग्न बन्यो महानगर**

विराटनगर- अविरल वर्षाका कारण प्रदेश १ को राजधानी विराटनगर महानगरपालिका बजारक्षेत्र बुधबार जलमग्न बनेको छ । सडक, ढल निर्माण क्रममा रहेको महानगर सामान्य वर्षा हुनासाथ अस्तव्यस्त बन्ने गर्छ ।

योजनाबद्ध निर्माण नभएका कारण यस्तो भएको विराटनगर ४ का नवराज ढकाल बताउँछन् । 'सबैतिर खनिएको छ,' उनले भने, 'वैकल्पिक बाटो बनाएर मुख्य बाटामा काम गर्दा राम्रो हुने थियो ।' कोसी अञ्चल अस्पतालको प्रमुख प्रवेशद्वार नजिक सडक निर्माणको काम भइरहेकाले अस्पताल परिसरमा बुधबार बिहानको वर्षाले घुँडासम्म आउने गरी पानी जम्यो । यसले गर्दा बिरामीलाई आउजाउ गर्न कष्ट भएको थियो । निकासका लागि ढल निर्माण भइनसकेकाले अस्पताल डुबानमा परेको हो । यसैगरी आदर्श विद्यालय परिसरको मैदान पनि जलमग्न थियो ।

बजार क्षेत्रमा सडक र ढल निर्माण भइरहेकाले वर्षामा सर्वसाधारणलाई हिँडडुल गर्न मुस्किल भएको छ । बजारको अधिकांश क्षेत्र हिलाम्मे छ । जनआन्दोलन चोक, हिमालय मार्ग, जलजला मोड, रंगेली रोड, देवकोटा चोकलगायत क्षेत्र हिलाम्य हुँदा आउजाउमा समस्या थियो । वर्षाका कारण विराटनगरको सहिद रंगशालाको मैदानमा पूरै पानी जमेको छ । बिहीबारदेखि यो मैदानमा पहिलो 'मुख्यमन्त्री कप प्रदेश लिग फुटबल' हुने कार्यक्रम थियो । मैदानमा पानी भरिएपछि खेल धरानमा हुने भएको छ ।

# पहिरोले गाउँ च्यापेपछि बसाइँ

■ **आश गुरुङ** (लमजुङ)

मर्स्याङ्दी गाउँपालिका ५ माथिल्लो चिप्लामा करिब तीन दशक पुरानो पहिरोले स्थानीयलाई विस्थापित बनाएको छ ।

पहिरोले बगाउन लागेपछि रामबहादुर गुरुङले गत वर्ष घेर्मुफाँटमा बसाइँ सारे । सरकारबाट स्थानान्तरणको प्रभावकारी काम नभएपछि आफ्नै खर्चले घर बनाएको उनले बताए । मनजित गुरुङ ५ वर्षअघि नै गाउँमाथिको क्रमुचेमा सरिसकेका छन् । बेलबहादुर गुरुङ प्रोजु डाँडा पुगेका छन् । आफैं घर बनाउन नसकेपछि उनलाई बेलायतवासी बाहुनडाँडा, ताघ्रिङ र घेर्मु (बाघेता) समाजले सहयोग गरेको थियो ।


सुबजंग गुरुङ, रामबहादुर गुरुङ, धनसुब्बा गुरुङलगायत पनि क्रमुचे सरेका छन् । माथिल्लो गाउँका श्रीप्रसाद गुरुङ, प्रेमबहादुर गुरुङ, मनराम गुरुङ, कुमेर गुरुङलगायत घर बनाउने तर्खरमा छन् । स्थानीय कविजंग गुरुङले पानी पर्न थालेपछि पहिरोले गाउँलाई च्याप्दै आएको बताए । 'कुन बेला के हुन्छ, थाहा छैन । वर्षौंदेखिको पहिरो जोखिमपूर्ण बन्दै गएको छ । दिउँसो घरमै, पानी पर्न थालेपछि अन्तै बस्नुपरेको छ,' उनले भने ।

स्थानीयका अनुसार गाउँमा पहिरो जान थालेको करिब ३ दशक भयो । एक दशकयता विस्थापित नै हुनुपर्ने गरी च्याप्दै लगेको छ । 'हामी विस्थापित हुन थालेपछि सरकारलाई हारगुहार गर्‍यौं तर केही लागेन,' रामबहादुरले भने, '१० वर्षदेखि सारिदिन माग गरिरहेका छौं । विज्ञ आउँछन्, जान्छन्, के हुन्छ-हुन्छ ।' २०७२ को भूकम्पपछि भने सरकारले पहिलेभन्दा केही चासो देखाएको उनलाई लाग्छ ।

स्थानीय कुमेर गुरुङका अनुसार पहिरोको जोखिम बढेपछि स्थानीय विस्थापित भएर आफ्नै ढंगले अस्थायी घर निर्माण गरी बस्न थालेका छन् । गत वर्ष गाउँका ७ परिवार करिब आधा घण्टा माथिको क्रमुचे डाँडामा गएर बसेका छन् । एक जना प्रोजु डाँडामा सरेका छन् । क्रमुचेमा ४ र प्रोजु डाँडामा एउटा घर सर्ने तयारीमा रहेको उनले बताए । 'सर्ने ठाउँ यताउता हेरेर बनाइएला । काम गर्ने त्यही भीरपाखा हो,' उनले भने, 'खेतबारी पनि सुरक्षित छैन । बाध्यताले काम गर्नुपर्छ ।' स्थानान्तरणको काम सुरु भए पनि वास्तविक पीडित सूचीमा छुटेको कुमेरले बताए । 'विज्ञ आउँदा हामीले धेरै जोखिम भएका घरपरिवारको नाम दियौं । उहाँहरूले पनि टिप्नुभयो । अहिले नाम आउँदा अहिलेको भोलि नै सर्नुपर्ने, विस्थापित भएर बसेकाको नाम छैन,' उनले भने, 'छुटेका घरपरिवारको नाम छिटो सिफारिस गरिदिन माग गर्छौं ।' स्थानीयका अनुसार गाउँको जमिन ठाउँठाउँ चिरिएको छ । धारापँधेरामा धाँजा फाटेका छन् । स्कुल पनि जोखिममा छ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) कार्यालयका निमित्त प्रमुख जगदीश मिश्रले उपल्लो चिप्लाका १७ घर स्थानान्तरणका लागि स्वीकृत भएको बताए । कार्यालयको फाइलमा भने १९ को नाम छ । मिश्रका अनुसार उच्च जोखिमका आधारमा प्राधिकरणबाट स्वीकृत भएर आएको हो । लाभग्राही सूचीमा परेकालाई घर निर्माणका लागि सरकारले ३ लाख रुपैयाँ अनुदान व्यवस्था गरेको छ । जग्गा नभएकालाई जग्गा खरिद गर्न थप २ लाख उपलब्ध गराइनेछ ।

चिप्लाका १० परिवारसँग जग्गा छ । ७ परिवार किन्नुपर्ने अवस्थामा छन् । केहीले पहिलो किस्ता लगेर घर बनाउन थालेका छन् । केही प्रक्रियामा छन् । वडाले सम्झौतामा ढिलाइ गरेकाले पुनर्निर्माणमा अलमल बढेको मिश्रले बताए । लाभग्राही सूचीमा नपरेको मागदाबी अनुसार ४ घरलाई स्वीकृतिका लागि प्राधिकरण पठाइएको उनले जानकारी दिए । चिप्लामा ८५ घरधुरी रहेकामा क्रमशः बसाइँ सरिरहेकै छन् । अहिलेसम्म पहिरोले ११ सय हेक्टर जग्गा बगाएको र सामुदायिक वनमा समेत क्षति पुर्‍याएको कुमेर गुरुङले बताए । उनका अनुसार पहिरो करिब २२ सय हेक्टर क्षेत्रफलमा फैलिएको छ ।



लमजुङको मर्स्याङ्दी-५ चिप्लामा खसेको पहिरो ।

# झरी परे जाग्राम

■ **नवीन पौडेल** (परासी)

पश्चिम नवलपरासीको दक्षिणी सीमाक्षेत्रका बासिन्दालाई बर्खामा राम्ररी निद्रै पर्दैन । कतिखेर नारायणी र खहरे उर्लेर उठिबास लगाउने हो, पत्तो हुँदैन । अहिले पनि ३ दिनदेखि झरी नथामिँदा उनीहरू जाग्राम बसिरहेका छन् । स्थानीय खोला, नहर तथा नारायणीमा पानीको सतह बढेको छ ।

यो दृश्यले सुस्ता गाउँपालिका ४ का बच्चु कोइरीको मन बादलजस्तै मडारिन थालेको छ । श्रीमती र साना छोराछोरी छाडेर काममा जान सकेका छैनन् । घर चुहिएर पानीपानी छ । 'दुई वर्षअघिको बाढीले अन्नपात बगाएको थियो,' उनले भने, '३ दिनदेखि पानी परिरहेकाले परिवार छाडेर काममा जान मन लागेन ।' प्रतापपुर ८, फडकीटोलाकी बासमती मुसहर पनि यस्तै चिन्तामा छिन् । गत वर्ष बस्ती डुबानमा परेको थियो । खहरेमा आएको बाढीले खोरका बाख्रा बगायो । बासमतीले बल्लतल्ल छोराछोरी र आफ्नो ज्यान जोगाइन् । अन्नपात बगाएपछि ज्यालादारी गरेर गुजारा गर्नुपर्‍यो । '२ दिनसम्म बस्तीनजिकै टाँडीमा बितायौं,' उनले भनिन्, 'यो बस्ती छाड्न मन छ ।' आर्थिक अभावले सुरक्षित स्थानमा जग्गा किनेर बसाइँ सर्न नसकेको उनको भनाइ छ । घर सामान्य मर्मत गरेर बसिरहेका छन् । 'हरेक वर्ष यो समस्या आउँछ,' बासमतीले भनिन्, 'बाढी आएका बेला राहत लिएर आउँछन् । बाढी रोक्दैनन् ।' एक दशकअघिसम्म बस्तीमा डुबानको समस्या थिएन । 'पहिले खोला गहिरो थियो,' स्थानीय बृजेश चौधरीले भने, 'अहिले बाढीले खोला र नहरमा बालुवा र माटो जम्मा गरेकाले पानीको सतह बढेको हो । त्यसले बस्ती डुब्न थाले ।'

गत वर्ष फडकीखोलाका १ सय १५ घर डुबानमा परेका थिए । ती पीडितले अहिलेसम्म राहत पाएका छैनन् । बाढी आएका बेला २/४ किलो चामल, भुजा र नुनबाहेक सहयोग नपाएको उनीहरूको गुनासो छ । राइपुरवा खोला र साना नहरमा पानीको सतह बढेर बर्सेनि डुबान हुने गरेको हो । बाढी नियन्त्रणका लागि अहिलेसम्म पहल गरिएको छैन ।

प्रतापपुर, सरावल र सुस्ता गाउँपालिका प्राकृतिक प्रकोपको जोखिममा छन् । यहाँ सरकारी तथा गैरसरकारी संघसंस्थाले जोखिम न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छन् । प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद मरासिनीले जिल्ला दैवि प्रकोप उद्धार समिति क्षति न्यूनीकरणका लागि चौबीसै घण्टा तयारी अवस्थामा रहेको बताए । 'सुरक्षा निकायको विशेष टोली, स्थानीय र संघसंस्थाको सहयोगमा स्पेसल फोर्स तयारी अवस्थामा छ,' उनले भने, 'हरेक स्थानीय तहमा छुट्टै समिति गठन भएका छन् ।'

प्रतापपुर गाउँपालिकाका अध्यक्ष राजकुमार शर्माले यस वर्ष स्थानीय खोलामा तटबन्ध र सफाइ गरेर गहिरो बनाइएकाले क्षति कम हुने दाबी गरे । 'यस वर्ष तटबन्ध र घोल सफाइ गरेका छौं,' उनले भने, 'उद्धार र सहयोगका लागि स्थानीय तह तमतयार अवस्थामा छन् ।' खोलानालावरपर बस्ती र खेती गर्ने क्रम बढ्दो छ । अतिक्रमण गरेर नदी किनारमा बसोबास गरिएको छ । चुरेबाट आउने ढुंगा, बालुवाले खोला पुरिँदै गएका छन् ।

**कार्यविधिको चटारो**

जिल्लाका ५ गाउँपालिका र २ नगरपालिका बाढी/पहिरोको जोखिममा छन् । बर्सेनि हजारौं बिघा खेत डुबानमा पर्छ । स्थानीय विस्थापित हुने गरेका छन् । यस्तो जोखिमबारे जानकारी रहेका स्थानीय तह बल्ल आएर यससम्बन्धी ऐन र कार्यविधिको तयारी गरिरहेका छन् । कार्यविधि बनाएकाले पनि न्यून बजेट विनियोजन गरेका छन् । रामग्राम नगरपालिकाले विपद् व्यवस्थापन तथा पूर्वतयारी ऐन निर्माण गरेको छ । कार्यविधिमा प्रत्येक वडामा विपद् व्यवस्थापन पूर्वतयारी समिति गठन गरेर समस्या समाधान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

पाल्हीनन्दन गाउँपालिकाले विपद् कोष व्यवस्थापन कार्यविधि तयार गरेर लागू गरेको छ । जसमा गाउँपालिका अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक, जिल्ला वा प्रहरी कार्यालयका प्रतिनिधि, इन्जिनियर/प्राविधिक शाखा प्रमुख, नेपाल रेडक्रस सोसाइटीको शाखा प्रतिनिधि, गाउँपालिकाको स्वास्थ्य प्रतिनिधि सदस्य र योजना शाखा प्रमुख सदस्य-सचिव रहने गरी समिति बनाइएको छ । प्रकोपबाट मृत्यु भएका व्यक्तिको परिवारलाई राहतस्वरूप १५ हजार रुपैयाँ, घर पूर्ण रूपमा नष्ट भए ५ हजार, आंशिक क्षति भए ३ हजार र घाइतेलाई उपचारका लागि यातायात खर्चस्वरूप ५ सय रुपैयाँ दिने व्यवस्था गरिएको छ ।

**सुस्तामा साइरन**

सुस्ता गाउँपालिकामा अहिलेसम्म पनि विपद् व्यवस्थापनको कार्यविधि र ऐन निर्माण भएको छैन । एक जना स्रोतव्यक्तिसम्म तोकिएको छ । यहाँ नारायणीले जग्गा कटान गर्नुका साथै बस्ती डुबानमा पर्छ । बाढीबाट हुने क्षति न्यूनीकरणका लागि यहाँ जलमापन केन्द्रमार्फत पानीको सतह मापन गर्ने प्रविधि भने जडान गरिएको छ । पानीको सतह ८ मिटरभन्दा बढी भएपछि खतराको सूचक रातो बत्ती बलेर साइरन बज्न थाल्छ । यसबाट स्थानीय र प्रशासन दुवैलाई बाढी आउन लागेको पूर्वसूचना प्राप्त हुन्छ । स्थानीय विपद् व्यवस्थापन समितिका सहजकर्ता मन्सी गुप्ताका अनुसार पहिले बाढी आउने/नआउने थाहा नपाएर क्षति बढी भएको भए पनि अहिले बाढीको पूर्वसूचना पाउने हुँदा स्थानीयले समेत राहत महसुस गरेका छन् ।

# शिक्षकबाट कुटिएका छात्रको मृत्यु



कञ्चनपुर (कास)- पाँच वर्षको उमेरमा बुबा बृहस्पति कलौनीले छोरा माधवलाई राम्रो पढाइका लागि कञ्चनपुरको भीमदत्त नगरपालिका ५ बनगाउँस्थित मामाको घरमा पठाए । बैतडीको शिवनाथ गाउँपालिकाबाट यहाँ ल्याएलगत्तै उनलाई नजिकैको महाकाली बाल विद्यालयमा एलकेजीमा भर्ना गरियो । दशकसम्म सोही स्कुलमा अध्ययन गरेका १५ वर्षीय माधवको मंगलबार राति शिक्षकको कुटाइकै कारण मृत्यु भयो । २ साताअघि कुटिएका उनको भारतको बरेलीस्थित मेडिकल कलेजमा उपचारकै क्रममा मृत्यु भएको हो ।

परिवारका अनुसार माधवलाई महाकाली बाल विद्यालयका ३ शिक्षकले हात र लाठीले धेरै कुटेका थिए । स्कुलमा ग्याङ फाइट गरेको र खुकुरी बोकेको भन्दै असार १३ गते प्रिन्सिपल यशोदा जोशी तथा शिक्षक हर्कबहादुर जाग्री, लक्ष्मणदत्त भट्ट र दुर्गादत्त पाठकले कुटपिट गरेको परिवारको दाबी छ । उनीहरूले माधवसँगै सोही विद्यालयको कक्षा ६ मा अध्ययनरत आदित्य विकेलाई समेत कुटपिट गरेका हुन् । कुटपिटपछि माधवलाई विद्यालयबाट निकाला गरेर मामा पुष्पमणि जोशीको जिम्मा लगाएका थिए । पुष्पमणिले पनि उनलाई खुकुरी बोकेको भन्दै झपारे । त्यसपछि उनलाई घर लगे । घरमा गएपछि दिउँसै सुतेका उनले साँझ पनि खाना नखाएको पुष्पमणिले बताए । भोलिपल्ट बिहानै स्कुलमा लगेर स्थानान्तरण प्रमाणपत्र र अन्य सर्टिफिकेट निकालेर बुवा बृहस्पतिले घरतर्फ लगेको उनले बताए । 'यहाँबाट जाँदा उनी राम्ररी हिँड्न सकिरहेका थिएनन्, तर हामीले यति धेरै चोट लागेको छ भन्ने थाहै पाएनौं,' पुष्पमणिले भने, 'घर जाँदा डडेलधुरामा एक्सरे गरेपछि खुट्टा भाँचिएको देखियो, त्यहाँ प्लास्टर गरी घर लगियो ।'

उनका अनुसार घर पुगेपछि छातीमा पनि दुखाइ भएपछि असार १८ गते महेन्द्रनगर ल्याएर महाकाली अञ्चल अस्पतालमा भर्ना गरियो । यहाँबाट सोझै बाँकेको कोहलपुर मेडिकल कलेज रिफर गरियो । त्यहाँ पनि निको नहुने भएपछि उनलाई ३ दिनअघि मात्रै बरेलीस्थित राममूर्ति मेडिकल कलेज लगिएको हो । प्रहरीले तीनै शिक्षकसहित प्रिन्सिपल जोशीलाई नियन्त्रणमा लिएको छ । 'हामीले उनीहरूकै सुरक्षाका लागि नियन्त्रणमा लिइराखेका हौं,' जिल्ला प्रहरी कार्यालयका एसपी जनकराज पाण्डेयले भने, 'अब पीडित परिवारको जाहेरी आएपछि थप अनुसन्धान अघि बढ्छ ।'

**प्रिन्सिपलसहित ४ शिक्षक प्रहरी नियन्त्रणमा**

**के भन्छन् माधवका साथी ?**

माधवसँगै कुटाइ खाएका आदित्यका अनुसार असार १० गते स्कुलनजिकैको विवाहमा कक्षा १० मा अध्ययनरत विमल खडका र दिवस पाठकसँग माधवको सामान्य विवाद भएको थियो । भोलिपल्ट स्कुलमा माधवले विमललाई पिटेका थिए । विमलले पनि आफ्ना साथीहरू जम्मा पारेर माधवलाई पिटे । यही विषय शिक्षककहाँ पुगेपछि माधवमाथि कुटपिट भएको हो ।

'हामीहरू दुवैलाई कक्षाकोठाबाट अफिसमा बोलाइयो, त्यहाँ पुगेपछि तीनै जनाले किन झगडा गरेको भन्दै हात र लाठीले पिट्न थाले,' आदित्यले भने, 'हामीलाई विमलहरूको खुट्टा छुन लगाइयो, त्यतिबेला पनि माथिबाट पिटे ।' उनले त्यसपछि दुवैजनालाई अभिभावक बोलाउन पठाएको बताए । असार १२ गते नै बाहिरबाट आएको एक समूह खुकुरीसहित विद्यालयमा पसेको थियो । आदित्यले उक्त खुकुरी खोसेर आफ्नो घरमा लुकाए । दोस्रो दिन शिक्षकहरूले सोही खुकुरी देखाएर प्रहरी बोलाई अभिभावकको जिम्मा लगाएको उनले बताए । माधवका सहपाठीहरूका अनुसार उनी पढाइ र व्यवहारमा सामान्य थिए । साथीभाइसँग राम्रै व्यवहार थियो । पढाइमा पनि राम्रै थिए । 'हामीसँग त कहिल्यै झगडा भएन, तर आज यस्तो घटनाले सबै दुःखी छौं,' सानैदेखि एउटै बेन्चमा बसेर अध्ययन गरेका दीपक खडकाले भने, 'पढाइमा पनि उनी राम्रै थिए ।'

माधवलाई बरेली लैजानुअघि विद्यालयमा पीडित परिवार, विद्यालय प्रशासन र वडा १७ का अध्यक्ष बसेर उपचारका लागि सहयोग गर्ने सहमति भएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष निरञ्जनप्रसाद बोहराले बताए । उनका अनुसार असार १२ गते विद्यालयमा रिजल्ट आएको थियो । १३ गते उनी पनि रिजल्टबारे जानकारी लिन जाँदा २ जनालाई कार्यालयमा उभ्याएर सोधपुछ भइरहेको थियो । 'मैले बुझ्दा सामान्य रूपमा थपड हानेको भन्थे, यति ठूलो चोट त हानेको जस्तो लाग्दैन,' उनले भने, '१३ गते पिटेको भन्दै ३/४ दिनपछि कुरा बाहिर आएको छ, यो बीचमा अन्यत्र पनि केही भएको हुन सक्छ ।' एसपी पाण्डेयले माधवको मृत्यु शिक्षककै कुटाइबाट वा अन्य कारणले भएको विषय तत्काल केही भन्न नसकिने बताए । उनले असार १८ गते नै घाउजाँच गरिएको बताए ।

घाउजाँचको रिपोर्ट भने अझै आइनसकेको उनले बताए । सोही दिन पीडित पक्षले तीनै शिक्षकका नाममा ज्यान मार्ने उद्योगमा किटानी जाहेरी दिएका थिए । तर दोस्रो दिन विद्यालयमा सहमति भएपछि जाहेरीको कारबाही प्रक्रिया रोकिएको प्रहरीले जनाएको छ । माधवका मामा पुष्पमणिले प्रिन्सिपल जोशीसहित तीनै शिक्षक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष निरञ्जनप्रसाद बोहराका नाममा किटानी जाहेरी दिएका छन् । बुधबार कार्यालय समयपछि जाहेरी आएकाले बिहीबार दर्ता हुने प्रहरीले जनाएको छ ।

बालुवाटार जग्गा

# यस्तो थियो माधव नेपाल मन्त्रिपरिषद्को निर्णय

भूमाफिया भनेर चिनिने शोभाकान्त ढकाल र रामकुमार सुवेदीको डिजाइनअनुकूल हुने गरी सरकारले प्रधानमन्त्री निवास विस्तार मात्रै गरेन, नक्कली मोही र जग्गाधनीलाई लालपुर्जासमेत दिलायो ।

■ **कृष्ण ज्ञवाली** (काठमाडौं)

नापी कार्यालयको रेकर्डअनुसार बालुवाटारस्थित साविक नगरको २३ क्ष - कित्ता नम्बर ७६ को जग्गा पर्ती हो । २ रोपनी १२ आना क्षेत्रफलको उक्त जग्गा नयाँ नापीअनुसार सिट नम्बर १०२५-१४ अन्तर्गत ३८, १२ र २१ नम्बर कित्तामा बाँडिएको छ । त्यसमा समेत पर्ती रहेको जनाइएको छ ।

०६६ माघ १० गते मालपोत कार्यालय डिल्लीबजारले भवन निर्माण सम्भार डिभिजन कार्यालयलाई लेखेको चलानी नम्बर ९००९ को पत्रमा भने पर्ती जनिएको उक्त जग्गामा 'डाइवर भाइचा' मोही रहेको उल्लेख छ । तत्कालीन मालपोत अधिकृत प्रेमबहादुर खापुङले उक्त पत्र पठाएका हुन् । जग्गाको खनजोत गरी जग्गाधनीलाई निश्चित अन्नबाली बुझाउने किसानलाई मोही भनिन्छ । सरकारी जग्गामा मोही लाग्दैन ।

बालुवाटारको ललिता निवासस्थित सरकारी जग्गा पटक-पटकको प्रयासबाट समेत व्यक्तिको नाममा दर्ता गर्न नसकेपछि शोभाकान्त ढकाल, रामकुमार सुवेदी लगायतको समूहले राजनीतिक पहुँच र प्रभावका आधारमा प्रधानमन्त्री निवास विस्तारको रणनीति बनायो । सोहीअनुसार विस्तारमा पर्ने जग्गामा मोही रहेको भनी तिनलाई सट्टाभर्ना दिने नाममा सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने खेल सुरु भएको हो ।

मिलेमतोका आधारमा तयार भएको मालपोतको त्यही पत्रका आधारमा डिभिजन कार्यालय भवन निर्माण तथा सम्भार विभाग हुँदै तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयले मन्त्रिपरिषद् कार्यालयमा प्रस्ताव पठायो । उक्त प्रस्तावमा सचिव दीप बस्न्यातको हस्ताक्षर छ भने तत्कालीन उपप्रधान एवं भौतिक योजना तथा निर्माणमन्त्री विजयकुमार गच्छदारको स्वीकृति छ । उक्त प्रस्तावमा बालुवाटारको प्रधानमन्त्री निवास विस्तारका क्रममा लिन खोजिएको १२, ३८ र २१ कित्ता नम्बरको जग्गामा मोही छ र मोहीको नाम डाइवर भाइचा हो भन्ने खुल्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०६४ जेठ २० गते ललिता निवासको जग्गा सरकारका नाममा दर्ता हुनुपर्ने निर्णय गर्‍यो । आफूलाई मोही दाबी गरी १० जनाले उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा हाले । त्यही मुद्दाको जवाफ पठाउने क्रममा मालपोत कार्यालयले कित्ता नम्बर १२, ३८ र २१ मा पर्ती जग्गा रहेको जवाफ लेख्यो । त्यसको दुई वर्षभित्र त्यही कार्यालयले मन्त्रिपरिषदमा पठाएको जग्गाको विवरणमा भने मोही कायम गरेर पठाइदियो । 'उक्त जग्गा कहिले गुठीका नाममा त कहिले व्यक्तिका नाममा दर्ता गर्न भूमाफियाले अनेक निवेदन दिनेदेखि चलखेल जारी राखेका थिए,' भूमि व्यवस्था विभाग उच्च स्रोतले कान्तिपुरसँग भन्यो, 'पछि त्यसै अनुकूल व्यवस्था गर्न मन्त्रिपरिषद्मै प्रस्ताव गएपछि उनीहरूलाई झनै सजिलो भयो ।' विभागका अनुसार मोही नै नभएको जग्गामा 'डाइवर भाइचा' नामको मोही कायम गरेर मन्त्रिपरिषद् कार्यालयले निर्णय कार्यान्वयनका लागि भन्दै उनीहरूको जग्गा सट्टाभर्ना दिन भूमिसुधार कार्यालयलाई पत्र लेख्यो ।

'डाइवर भाइचा' का नाममा भएको जग्गामा पछि देवनारायण महर्जनलाई खडा गरेर मोहीको जग्गा दर्ता गराइएको छ । कान्तिपुरलाई प्राप्त कागजात हेर्दा ०५० साल जेठ ५ गते तत्कालीन काठमाडौं नगरपालिकाले आशाकाजी महर्जन र डाइवर भाइचा एउटै व्यक्ति हुन् भनी सिफारिस गरिदिएको छ । पछि निवेदनमा देवनारायण महर्जनले आफूलाई डाइवर भाइचाको नाति दाबी गरेर जग्गा हत्याएका छन् । यी सबै प्रस्ताव र नक्कली मोहीसहितको सूची मन्त्रिपरिषद्मा प्रस्तावको रूपमा गयो ।

सरकारले प्रस्ताव तयार गर्नुअघि नै शोभाकान्त ढकालले 'बालुवाटारको प्रधानमन्त्री निवास विस्तारका क्रममा अधिग्रहण हुन लागेको भन्दै मोहीको नाममा आउनासाथ आफूले दिनुपर्ने जग्गा पास गरिदिने' बताएका थिए । प्रस्ताव तयार हुनुअघि र मन्त्रिपरिषद्बाट निर्णय भएपछि तयार भएका अधिकांश निवेदनमा अर्का योजनाकार रामकुमार सुवेदीको हस्ताक्षर छ । 'उही व्यक्तिले निवेदन लेख्छ, वारेस बस्छ, सबैथोक गर्छ', सीआईबी स्रोतले कान्तिपुरसँग भन्यो, 'मोहीका नाममा जग्गा पास हुनसाथ आफ्नो नाममा दर्ता गरेको समेत देखिन्छ । हामीले के बुझ्ने ?' मन्त्रिपरिषद्का नीतिगत निर्णयमाथि अख्तियारले छानबिन गर्न नसक्ने भएकाले पनि विवादास्पद प्रकृतिका प्रस्ताव मन्त्रिपरिषद्बाट निर्णय गराउने चलन बढ्दो छ ।




०६६ साल चैत २९ गते मन्त्रिपरिषद् बैठकको प्रस्ताव नं. ३ मा प्रधानमन्त्री निवास विस्तार र मोही व्यवस्थापनको विषयलाई मुख्य रूपमा उठाएको थियो । उक्त प्रस्तावको पहिलो व्यहोरामा, सूचीमा उल्लेख भएका मोहीमध्ये विस्तारका क्रममा प्रधानमन्त्रीनिवासभित्र परेका मोहीलाई उनीहरूले पाउने आधा जग्गा बाहिरको जग्गाबाट दिने निर्णय भयो । निर्णयमै समरजंग कम्पनी, राजकुलो र बाटोको जग्गा दिने भनिएको थियो । सार्वजनिक जग्गा व्यक्तिका नाममा दिन मिल्दैन । अनि विस्तार क्षेत्रबाहिर परेको जग्गाको मोहीका हकमा पनि त्यही जग्गामध्ये आधा मोहीले रोजेको ठाउँमा दिने निर्णय गर्‍यो ।

सरकारले दुई ढंगले व्यक्तिको जग्गा प्राप्त गर्न सक्छ । जग्गा प्राप्ति ऐनअनुसार निश्चित कामका लागि जिल्ला प्रशासन कार्यालयले जग्गा अधिग्रहण गरेपछि कि मुआब्जा दिनुपर्छ, नभए सट्टाभर्नामा जग्गा दिनसमेत सक्छ । सट्टाभर्नामा दिइने त्यस्तो जग्गा सरकारी हुनुपर्छ भनी हालै चन्द्रबहादुर थापाविरुद्ध नेपाल सरकार रहेको मुद्दाको फैसलाक्रममा नजीर स्थापित भएको छ । सरकारले भने सार्वजनिक प्रकृतिको बाटो, राजकुलो र पर्ती जग्गा मोहीका नाममा दिने निर्णय गरेको हो ।

सरकारको निर्णयपछि खुसी भएका मोहीहरूले मोहियानी हकअनुसार जग्गा पाउन धमाधम भूमिसुधार कार्यालयमा निवेदन दिन थाले । भूमिसुधार कार्यालयले विवरण फरक परेकोलगायत कारण देखाइ प्रक्रियाविपरीत मोहीको हक कायम गर्न नसकिने निर्णय गर्‍यो । उक्त निर्णयपछि मोहीका नाममा जग्गाको स्वामित्व हस्तान्तरण हुन कठिन भयो । त्यसपछि भूमिसुधार तथा व्यवस्था मन्त्रालयले अर्को प्रस्ताव पठायो । प्रस्तावअनुसार मोहीको हक कायम गर्ने निर्णय भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट खोसी मालपोत कार्यालयले गर्ने भनी सोझै मालपोतमै पत्र पठायो । बालुवाटारको जग्गा अनियमितताबारे छानबिन गर्न गठित समितिले '०६७ वैशाख ३१ गतेको निर्णयका कारण धेरै सार्वजनिक सरकारी र गुठीको जग्गा हिनामिना हुन पुगेको' निष्कर्ष निकालेको छ ।

मन्त्रिपरिषद्को दोस्रो निर्णयपछि १२ जना मोही अनि उनीहरूले निवेदनमा उल्लेख गरेका व्यक्तिले धमाधम लालपुर्जा पाए । पर्तीजग्गामा मोही बनेका देवनारायणले दिएको निवेदनअनुसार उनले एक रोपनी १३ आना जग्गा पाएका छन् । उनले आफ्नो भागमा जग्गा पाइसकेपछि बाँकी जग्गा सरकारका नाममा हुनुपर्ने थियो तर मालपोत कार्यालयले तीर्थमाया महर्जन, माधवी सुवेदी, डीएफएल कम्पनी, रामकृष्ण महर्जन र कान्छा महर्जनका नाममा समेत जग्गा कायम गरिदिएको छ ।

माधव नेपाल नेतृत्वको मन्त्रिपरिषद्को निर्णयका कारण आफूलाई मोही भनी दाबी गरेका १२ जनाले बालुवाटारमा जग्गा पाएका छन् । त्यति मात्रै होइन, उनीहरूले निवेदनमा आफूले जग्गा पाएपछि बाँकी जग्गा अरू व्यक्ति किटेर 'फलानालाई दिनु' भनी लेखिएको विभिन्न कागजातबाट देखिन्छ । मालपोत कार्यालयले त्यही निवेदनका आधारमा धमाधम व्यक्तिको नाममा जग्गा दर्ता गरिदिएको थियो ।

व्यक्तिको नाममा दर्ता भएको विभिन्न जग्गामध्ये कतिपयमा फरक नाम छ भने केहीमा पर्ती जग्गा, राजकुलो र बाटो परेका छन् । नाम नमिलेका अनि निवेदनै नदिएका मोहीका नाममा समेत जग्गा हस्तान्तरण भएको छ । मोही नै नभएको गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनीको जग्गामा समेत मोहीलाई जग्गा बाँडिएको छ । मन्त्रिपरिषद्बाट निर्णय नै नभएको बालुवाटारभित्रको मोही दाबी गर्ने एक जनालाई पनि जग्गा दिइएको छ ।

त्रिताल प्रतिवेदनले भूमि जग्गा नापजाँच अनि मालपोतसम्बन्धी कानुनी व्यवस्था उल्लेख नगरी मनोगत रूपमा प्रस्ताव पठाएको ठहर्‍याएको छ । उक्त प्रस्ताव लेख्ने अधिकारीले सुरुमै आफ्नो प्रस्तावमा अन्त्यमा थपघट गरेको उल्लेख छ । अर्कोतर्फ जग्गा सट्टापट्टा, दर्ता, दाखिला खारेज गर्दा अपनाउनुपर्ने कार्यविधि मिलेको भन्दै समितिले सोझै मालपोत कार्यालयमा निर्णय कार्यान्वयन गर्न पठाइएकाले तहगत रूपमा कुनै त्रुटि भए सच्याउने अवसरलाई वञ्चित गरिएको निष्कर्ष निकालेको छ ।

## को-को थिए ?

मन्त्रिपरिषद्को उक्त निर्णयका कारण चार व्यक्तिहरू प्रत्यक्ष विवादमा तानिएका छन् । प्रस्ताव तयार पार्ने भौतिक सचिव दीप बस्न्यात थिए भने त्यसलाई उपप्रधानमन्त्रीसमेत रहेका गच्छदारले स्वीकृत गरेका थिए । दोस्रो प्रस्तावमा भूमिसुधार सचिव छविराज पन्तले प्रस्ताव तयार गरेका थिए भने मन्त्री डम्बर श्रेष्ठले सदर गरेका थिए । पछिल्लो पटकको प्रस्ताव पारित हुँदा माधवकुमार नेपाल प्रधानमन्त्रीको हैसियतले मन्त्रिपरिषद् बैठकको अध्यक्षता गरिरहेका थिए भने विजयकुमार गच्छदार भौतिक योजना तथा निर्माणमन्त्री थिए । प्रस्तावसँग जोडिएका अर्का मन्त्री डम्बर श्रेष्ठ हुन् । त्यतिबेला माधव घिमिरे मुख्यसचिव थिए । यो प्रकरणमा जोडिएका राजनीतिक नेतृत्वले हालसम्म विषयवस्तुमा आधारित भएर कुनै प्रतिक्रिया जनाएका छैनन् । सचिवद्वय बस्न्यात र पन्तले भने आफूहरूको बदनियत नरहेको भन्दै मन्त्रिपरिषद्को निर्णयमा आफूहरूलाई मात्रै दोषी करार गर्न नहुने प्रतिक्रिया दिएका छन् ।

निर्णयमाथि नैतिकताको प्रश्न उठाउने हो भने उक्त मन्त्रिमण्डलमा गच्छदारका साथ सुजाता कोइराला उपप्रधानमन्त्री थिइन् । हालकी राष्ट्रपति विद्यादेवी भण्डारी रक्षामन्त्री थिइन् । अन्य मन्त्रीमा शरदसिंह भण्डारी, भीम रावल, राजेन्द्र महतो, सुरेन्द्र पाण्डे, प्रेमबहादुर सिंह, डा. प्रकाशशरण महत, बालकृष्ण खाँण, शंकर पोखरेल, डा.मीनेन्द्र रिजाल, रकम चेम्जोङ, पूर्णकुमारी शेर्मा, उमाकान्त चौधरी, मोहम्मद आफताव आलम, रवीन्द्र श्रेष्ठ, दीपक बोहरा, महेन्द्रप्रसाद यादव, मृगेन्द्रकुमार सिंह यादव, गणेश तिवारी नेपाली, ठाकुर शर्मा, लक्ष्मणलाल कर्ण र सर्वदेव ओझासमेत गरी २७ जना थिए । उक्त मन्त्रिमण्डलमा १४ जना राज्य र २ जना सहायक मन्त्री थिए ।

**१२ जना 'शंकास्पद' मोही**

श्रीकृष्ण महर्जन, द्वारिका महर्जन, ग्वाराभाइ महर्जन, मचानानी महर्जन, बाबुराजा महर्जन, कर्णबहादुर गुरुङ, तीर्थमाया महर्जन (पहिलो), तीर्थमाया महर्जन (दोस्रो), देवनारायण महर्जन (पहिलो), देवनारायण महर्जन (दोस्रो), कान्छा महर्जन, हर्कनारायण डंगोल ।

**द्वन्द्वकालको मुद्दा संवैधानिक इजलासमा**

## सापकोटाविरुद्धका उजुरीको प्रतिलिपि ल्याउन आदेश

काठमाडौं (कास)- सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वकालको व्यक्ति हत्याको मुद्दामा पूर्वमन्त्री तथा तत्कालीन माओवादीका नेता अग्निप्रसाद सापकोटा लगायतविरुद्ध सत्य निरूपण तथा मेलमिलाप आयोगमा परेको उजुरीको प्रतिलिपि मगाउन आदेश गरेको छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा, न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको संवैधानिक इजलासले बुधबार सापकोटा लगायतविरुद्ध द्वन्द्वकालमा काभ्रेका अर्जुन लामा हत्याको घटनामा आयोगमा परेको उजुरीको प्रतिलिपि मगाउन आदेश दिएको हो । 'आयोगमा उजुरी दिइएको छ कि छैन ? उजुरी दिएको भन्ने प्रमाणित भएमा त्यसको प्रतिलिपि र उजुरी नपरेको भए सो पनि अदालतलाई जानकारी दिनू' आदेशमा भनिएको छ । सर्वोच्चले आयोगलाई उक्त मुद्दाको उजुरीका बारेमा आफूलाई जानकारी गराउनसमेत आदेश दिएको छ ।

विसं २०६२ वैशाख १६ मा तत्कालीन माओवादीको अपहरणमा परेका लामाको दुई महिनापछि शव फेला परेको थियो । लामाकी पत्नी पूर्णिमाया लामाले हत्यामा नेता सापकोटालगायत संलग्न रहेको दाबी गर्दै २०६९ मंसिर ७ मा जिल्ला अदालत काभ्रेमा मुद्दा दायर गरेकी थिइन् । उक्त मुद्दाको पुनरावेदन सर्वोच्चमा भएको हो । २०७२ चैत १२ मा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश सुशीला कार्की र ओमप्रकाश मिश्रको संयुक्त इजलासले उक्त मुद्दा संवैधानिक इजलासबाट हेर्ने आदेश दिएको थियो । त्यही आदेशका आधारमा सापकोटाको मुद्दामा संवैधानिक इजलासमा सुनुवाइ सुरु भएको हो ।

## 'संवैधानिक अंगको काममा अवरोध नगरौं'



काठमाडौं (कास)- लोकसेवा आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीले संवैधानिक निकायहरूको काममा अवरोध नगर्न सरकार र संघीय संसद्लाई आग्रह गरेका छन् । प्रतिनिधिसभाको राज्य व्यवस्था समितिको निर्देशनले स्थानीय तहका लागि गरिएको विज्ञापनमा केही समय अन्योल पारेको प्रति संकेत गर्दै उनले त्यस्तो आग्रह गरेका हुन् ।

मैनालीले संविधानअनुसार चल्ने लोकसेवालगायतका संवैधानिक निकायलाई स्वतन्त्रतापूर्वक काम गर्न दिए मात्रै संसद् र सरकार दुवैको कामलाई सघाउ पुग्ने बताए । मधेसी आयोगद्वारा बुधबार राजधानीमा आयोजित अन्तर्क्रियामा बोल्दै उनले संवैधानिक निकायको काम सरकार र संसद्लाई सहयोग पुर्‍याउनु रहेकाले उनीहरूको काममाथि अवरोध गर्न नहुने बताए ।

मैनालीले संघीय निजामती सेवा ऐन छलफलका क्रममा रहेकाले त्यसमा सबै समुदायको आरक्षणको स्पष्ट व्यवस्था गर्न संसद्को ध्यानाकर्षण गराए । उनले ऐनमा आरक्षणसम्बन्धी कतिपय विषय स्पष्ट नभएकाले समावेशी कोटा निर्धारणमा आयोगलाई समेत समस्या पर्ने गरेको बताए । उनले आरक्षणको उचित व्यवस्थाका लागि संघीय निजामती सेवा ऐनमा आवश्यक सुझाव दिन मधेसीलगायतका समावेशी आयोगहरूलाई आग्रह गरे । उनले नेपालको संविधान समावेशिताका दृष्टिले उत्कृष्ट रहेको जनाउँदै यसको कार्यान्वयनमा सबै पक्षको ध्यान जानुपर्ने धारणा व्यक्त गरे ।

# अवरोधकै बीच चल्यो संसद्

बजेट पारित गर्ने प्रक्रिया टुंग्याइयो



प्रतिनिधिसभाको बुधबारको बैठक अवरोध गर्दै प्रतिपक्षी सांसद ।

*तस्बिर : अंगद ढकाल/कान्तिपुर*

■ **दिनेश रेग्मी** (काठमाडौं)

विपक्षीको अवरोधकै बीच संसद्मा आर्थिक वर्ष २०७६/०७७ को बजेट पारित गर्ने औपचारिक प्रक्रिया टुंग्याइएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा राष्ट्रिय सभाबाट बजेटसम्बन्धी ४ विधेयक पारित भएको सन्देश सुनाइयो । पारित बजेट राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि कार्यान्वयनको बाटो खुल्नेछ ।

प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस र विपक्षी राष्ट्रिय जनता पार्टीले सर्लाहीमा भएका मृत्युका दुई घटनाको संसदीय छानबिन माग्दै मंगलबारबाटै अवरोध गरिरहेका थिए । बुधबार पनि बैठक सुरु हुनेबित्तिकै उनीहरूले रोस्ट्रमअगाडि नाराबाजी गरे । त्यही समयमा सभामुख कृष्णबहादुर महराले राष्ट्रिय सभाबाट पारित सन्देशको जानकारी गराउन प्रतिनिधिसभा सचिव गोपालनाथ योगीलाई समय दिए । योगीले विनियोजन विधेयक-०७६, आर्थिक विधेयक-०७६, राष्ट्र ऋण उठाउने विधेयक-०७६ र ऋण तथा जमानत (२३ औं संशोधन) विधेयक राष्ट्रिय सभाबाट पारित भएको सन्देश सुनाएका थिए । त्यसपछि सभामुखले ३० गतेसम्मका लागि बैठक स्थगित गरे ।

त्यसअघि बसेको कार्यव्यवस्था समिति बैठकमा सहमति जुटाउने प्रयासमा दिउँसो १ बजे सुरु हुने भनिएको बैठक करिब डेढ घण्टा धकेलिएको थियो । सभामुख महराले बैठक प्रारम्भ भएको घोषणा गर्नासाथ कांग्रेस र राजपाका सांसदहरू कुर्सीबाट उठेका थिए । पटकपटक बस्न आग्रह गर्दा पनि नमानेपछि महराले बैठक अघि बढाएका थिए । त्यसपछि सांसदहरू नाराबाजी गर्दै बेल घेर्न पुगे ।

नेत्रविक्रम चन्द समूहका नेता कुमार पौडेल र सर्लाहीको सडक प्रदर्शनमा सरोजनारायण सिंह मारिएको घटनाको संसदीय छानबिन गर्न कांग्रेस र राजपाले माग गरेका छन् । बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै कांग्रेस नेता गगन थापाले संसदीय छानबिन समिति गठन नभएसम्म बैठक अघि बढ्न नदिने बताए । 'हिजो यही संसद्मा सभामुखले तपाईंहरू मलाई विश्वास गर्नुस्, म समिति बनाउँछु भन्नुभयो तर आज गर्छु भनेको पनि गर्नुभएन,' उनले भने, 'सभामुखले स्वतन्त्र ढंगले भूमिका निर्वाह गर्न सक्नुभएको छैन ।'

नेकपा वरिष्ठ नेता झलनाथ खनालले हरेक विषयमा संसदीय समिति बनाउन निश्चित आधार हुनुपर्ने बताए । 'सर्लाही घटनामा गृहमन्त्रीले भनिसक्नुभो, अब पटकपटक भन्न जरुरी छैन,' उनले भने, 'हरेक घटनामा संसदीय समिति बनाएर के गर्ने ? संसद्मा थुप्रो समिति छन् त, तिनै समितिले काम गरे हुँदैन ?' खनालले भोजपुरमा बुधबार चन्द समूह र प्रहरीबीच गोली हानाहानमा दुई जना मारिएको घटनाबारे संविधानबाट बाहिर गएका शक्तिलाई पनि बाटोमा ल्याउनुपर्नेमा जोड दिए । 'हामी संवैधानिक स्थिरताको युगमा प्रवेश गरिसकेका छौं, संविधानविरुद्ध र हिंसाको बाटोमा कोही जानु हुँदैन,' उनले भने, 'जाने खोज्नेलाई संवैधानिक बाटोमा ल्याउन सरकारले कोसिस गर्नुपर्छ ।'

**उपसमिति गठनमा असहमति**

कांग्रेसले पौडेल र सिंह मारिएको घटनाको छानबिन गर्न संसदीय समितिअन्तर्गत उपसमिति गठन गर्ने प्रस्ताव अस्वीकार गरेको छ । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको बुधबारको बैठकपछि सभापति कृष्णभक्त पोखरेलले सदस्य रहेका कांग्रेसका अतहर कमाल मुसलमानसँग उपसमिति गठनबारे छलफल गरेका थिए । 'उहाँ (पोखरेल) ले अनौपचारिक कुराकानीका क्रममा सर्लाही घटनाको छानबिन गर्न उपसमिति गठन गरेर जान सकिन्छ कि भनेर कुरा गर्नुभएको थियो,' मुसलमानले कान्तिपुरसँग भने, 'यो विषय संसद्मा गइसकेकाले अब उपसमिति गठन गर्ने कुरा ढिला भइसकेको बताएँ ।'

त्यस्तै समिति बैठकले प्रशासकीय अदालत यथावत् राख्ने निर्णय गरेको छ ।


## प्रदेश प्रहरी प्रमुखमा डीआईजी

काठमाडौं (कास)- प्रतिनिधिसभाको राज्यव्यवस्था समितिमा प्रहरी नायब महानिरीक्षक (डीआईजी) लाई प्रदेशको प्रहरी प्रमुख बनाउने विषयमा सहमति जुटेको छ । केन्द्रबाट समायोजन भएर जाँदा प्रदेश प्रहरी प्रमुखमा डीआईजी राख्ने कि एआईजी भन्नेमा विवाद थियो ।

पूर्वगृहमन्त्री एवं नेकपा सांसद जनार्दन शर्माले एआईजीलाई प्रदेश प्रहरी प्रमुख बनाएर पठाउनुपर्ने प्रस्ताव गरेका थिए । बहुमत सदस्य भने डीआईजी राख्नुपर्ने पक्षमा थिए । समितिको बुधबारको बैठकमा शर्माले अन्य सदस्यको धारणामा सहमति जनाएपछि समिति निष्कर्षमा पुगेको हो । प्रदेश प्रमुखको पदको नाम के राख्ने भन्नेमा भने सहमति भएको छैन ।

'प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि समितिमा दफावार छलफल जारी छ । सरकारले विधेयकमा प्रदेश प्रमुखको पदमा कुन तहको अधिकृत रहने भन्ने किटान गरेको थिएन । प्रमुख भएर जाने डीआईजीले प्रदेश प्रहरीकै पोसाक र दर्ज्यानी चिह्न लगाउने विषयमा समेत सहमति जुटेको छ । सात प्रदेशमा डीआईजीसहित ५५ हजार प्रहरी समायोजन हुनेछन् भने २० हजार प्रहरी केन्द्रमा रहनेछन् ।

हरेक प्रदेशमा डीआईजीको नेतृत्वमा सरदर ११ हजारका दरले प्रहरी रहनेछन् । प्रदेश प्रहरी प्रमुखहरू प्रहरी महानिरीक्षक बन्ने बाटोसमेत खुला राखिएको छ । केन्द्र सरकारले प्रदेश प्रहरी प्रमुखलाई सरुवा गर्न सक्ने व्यवस्था विधेयकमा छ । प्रदेश प्रहरीको सेवासुविधा केन्द्रका प्रहरीको भन्दा कम नहुने व्यवस्था गरिएको छ । प्रदेश प्रहरीको सेवा, सुविधा, पोसाक, दर्ज्यानी चिह्न प्रदेश सरकारले बनाउने कानुनअनुसार हुनेछ । प्रदेशमा जाने प्रहरीलाई बढुवा गर्ने या ग्रेड थपेर पठाउने भन्नेमा सहमति जुटन बाँकी समिति सभापति शशि श्रेष्ठले जानकारी दिइन् ।



## प्रदेशले खाद्य प्रयोगशाला स्थापना गर्ने

हेटौंडा (कास)- प्रदेश ३ सरकारको उद्योग पर्यटन तथा वातवरण मन्त्रालयले खाद्य वस्तु र औषधिको गुणस्तर मापनका लागि प्रयोगशाला स्थापना गर्ने भएको छ। तरकारी तथा फलफूलमा प्रयोग हुने विषादी र परीक्षणसम्बन्धी समाचारले मन्त्रालयको ध्यानाकर्षण भएको भन्दै उद्योग, पर्यटन तथा वातावरण मन्त्री अरुण नेपालले प्रदेशका बासिन्दाको स्वास्थ्यलाई ध्यान दिँदै आगामी आर्थिक वर्षमा खाद्य प्रयोगशाला स्थापना गर्न लागेको बताए।

'प्रदेश ३ को 'इन्ट्री प्वाइन्ट' हेटौंडामा छिट्टै नै खाद्य प्रयोगशाला स्थापना गर्ने छौं,' उनले भने। प्रदेश सरकारले खाद्य, औषधिलगायत अन्य अत्यावश्यक उपभोग्य वस्तुहरूको गुणस्तर मापदण्ड तथा अनुगमन नियमनका लागि प्रदेशस्तरीय संयुक्त बजार निर्देशिका २०७५ निर्माण गरिसकेको छ। बाहिरबाट भित्रिने र यसै प्रदेशमा उत्पादन हुने तरकारी, फलफूललगायत खाद्यवस्तुको परीक्षण गर्न खाद्य प्रयोगशाला स्थापना गर्न लागेको जनाएको छ।

हेटौंडामा रहेको क्षेत्रीय खाद्य प्रयोगशाला र कृषि र वन विज्ञान विश्वद्यालयसग समन्वय गरेर प्रयोगशाला स्थापना गर्न लागेको हो। प्रदेश सरकारले यसका लागि १ करोड २० लाख रुपैयाँ बजेट विनियोजन गर्न लागेको छ। उक्त मन्त्रालयले जैविक मिश्रित वस्तुको परीक्षण गर्ने पनि जनाएको छ।

## नि:शुल्क उपचारको माग

मकवानपुर (कास)- वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकको औषधोपचार नि:शुल्क रूपमा हुने व्यवस्था गरिदिन प्रदेश ३ सरकारलाई आग्रह गरिएको छ। स्वास्थ्य निर्देशनालयले हेटौंडा-२ स्थित ओम वृद्धाश्रममा आयोजित ज्येष्ठ नागरिकको नि:शुल्क स्वास्थ्य परीक्षण र आवश्यक सामग्री वितरण कार्यक्रममा वृद्धाश्रममा आश्रितको उपचार र आवश्यक औषधि नि:शुल्क रूपमा पाउनुपर्ने व्यवस्था मिलाइदिन प्रदेश सरकारलाई आग्रह गरिएको हो। 'आश्रममा रहनुभएका ज्येष्ठ नागरिकलाई खान र बस्न हामीले व्यवस्था गरेका छौं,' आश्रम अध्यक्ष बुद्धिप्रसाद पौडेलले भने, 'राज्यले नि:शुल्क दिने औषधिबाहेकका अरू किन्न समस्या पर्छ।'

निर्देशनालयले आश्रमलाई करिब तीन लाख रुपैयाँ बराबरको जिन्सी सामान सहयोग उपलब्ध गराएको छ। आश्रमले ३० दराज र १० खाट उपलब्ध गराएको निर्देशक मोहम्मद दाउदले जानकारी दिए। उनका अनुसार चालु आर्थिक वर्षमा प्रदेशभित्रका १० आश्रमलाई जिन्सी सामानको निर्देशनालयले सहयोग गरेको छ। २०६४ सालमा स्थापित आश्रममा ३२ जना ज्येष्ठ नागरिक आश्रित छन्। उनीहरूका लागि आवश्यक दैनिक उपभोग्य सामान सहयोग स्वरूप प्राप्त हुने गरेको उनले जानकारी दिए। हेटौंडा उपमहानगरपालिकाभित्र चार आश्रममा ६० वर्षदेखि ९० वर्षसम्मका ज्येष्ठ नागरिकले आश्रय लिइरहेका छन्।

## प्राथमिक स्वास्थ्य केन्द्र सर्‍यो

रामेछाप (कास)- उपचार गराउन अपायक स्थानमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र मन्थली, मंगलबारदेखि आकाशेमा सरेको छ। भूकम्पपछि युनिसेफलगायतको सहयोगमा निर्माण भएको भवनमा केन्द्र सरेको हो।

मन्थली नगरपालिकाका प्रमुख रमेशकुमार वस्नेतले मन्थली प्राथमिक स्वास्थ्य केन्द्र आकाशेमा स्थापना भएकाले सेवा प्रवाहमा सहजता हुने वताए। नयाँ भवनमा केन्द्रको शुभारम्भ गर्दै वस्नेतले उक्त स्थानमा १५ शैय्याको अस्पताल संचालनका लागि नगरपालिका जुटेको वताए। सदरमुकाममा मन्थलीमा जिल्ला अस्पताल छैन।

मन्थली बजारबाट उकालो हिडेर जानुपर्ने भएकाले यसअघि केन्द्र रहेको भवन विरामीका लागि सहज थिएन। सरकारले दिने नि:शुल्क औषधिको सेवा लिन डाँडामा उक्लनुभन्दा बजारकै निजी अस्पतालमा जाँच गरी औषधि किन्न बाध्य थिए। सरकारी सुविधा दिने स्वास्थ्य केन्द्रमा भन्दा बजारमा रहेका अन्य अस्पतालमा बिरामीको चाप थियो।



सिन्धुपाल्चोकको सुनकोसी गाउँपालिकाको आठौं गाउँसभामा आफैंले प्रस्तुत गरेको नीति तथा कार्यक्रमबारे अनभिज्ञता देखाउँदै उपप्रमुख लक्ष्मी पौडेल। आफूलाई सहभागी नगराईकन तयार गरिएको नीति तथा कार्यक्रबारे उनले अनभिज्ञता पोखेपछि गाउँपालिकाका प्रमुख श्रवणकुमार जीसीले झपारेका थिए। *तस्बिर : अनिश तिवारी/कान्तिपुर*

# समायोजनमा पर्न 'बढाइचढाइ' मेडिकल रिपोर्ट

■ **फातिमा बानु** (काठमाडौं)

वीर अस्पतालका कर्मचारीले समायोजन हुँदा केन्द्रमै बस्नका लागि झूटो मेडिकल रिपोर्ट बनाएर पेस गर्न थालेका छन्। शारीरिक रूपमा अशक्त नरहे पनि केही कर्मचारीले आर्थिक चलखेल र व्यक्तिगत चिनजानका आधारमा अशक्त भएको देखिनेझैं गरेर मेडिकल रिपोर्ट बनाएर स्वास्थ्य मन्त्रालयमा पेस गरेका छन्। स्वस्थ्य मन्त्रालयले समायोजनको सूचना प्रकाशित गरेसँगै आफूनिकट चिकित्सकको रिपोर्टका आधारमा मेडिकल बोर्डको सिफारिस लिने कर्मचारी ह्वात्तै बढेको देखिन्छ।

कर्मचारी र चिकित्सकको मिलोमतोमा तयार पारिएका रिपोर्टहरू मेडिकल बोर्डले पनि फटाफट सदर गरिरहेको छ। यति मात्रै होइन, आफूनिकट कर्मचारीलाई केन्द्रमा समायोजन गर्न स्वास्थ्य मन्त्रालयका कर्मचारीहरूको पनि मिलोमतो रहेको वीर अस्पताल स्रोतको दाबी छ।

झूटो रिपोर्टमाथि छानबिन गर्नुपर्‍यो भन्दै वीर अस्पतालका कर्मचारीले स्वास्थ्य मन्त्रालयमा उजुरीसमेत हालेका छन्। झूटा मेडिकल रिपोर्टहरू पेस भइरहेको गुनासोमाथि ध्यानाकर्षण भएको बताउँदै स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठले भने, 'समायोजनको सूचना निस्केसँगै बोर्डबाट आउने सिफारिसको संख्या बढेको छ। रिपोर्टमाथि छानबिन हुन्छ।' लामो समय केन्द्रीय स्वास्थ्य संस्थामा काम गरेका कर्मचारी समायोजन हुँदा स्थानीय र प्रदेश तहमा पुग्ने भएपछि उनीहरूले आफ्नो रोगबारे बढाईचढाई गरेर रिपोर्ट बनाएर पेस गरेर केन्द्रमा बस्ने दाउ गरेको स्रोत बताउँछ।

नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डले प्रमाणित गरेमा कर्मचारी समायोजन ऐन-२०७५ अनुसार कडा रोगका बिरामी तथा गम्भीर र अशक्त कर्मचारीले रोजेको ठाउँमा समायोजन हुन सक्छन्। यही व्यवस्थाको दुरुपयोग गर्दै वीर अस्पतालका केही कर्मचारीले झूटो मेडिकल रिपोर्ट बनाएका छन् भने केहीले बनाउने प्रक्रियामा रहेको स्रोतको दाबी छ। ती कर्मचारीले आफूलाई हुँदै नभएको रोगको मेडिकल रिपोर्ट बनाएर मेडिकल बोर्डमा पेस गरेका छन्।

**सामान्य रोग लागेकालाई पनि मेडिकल बोर्डको सिफारिस**

निजामती नियमावली-२०५० अनुसार मुटु, मृगौला र क्यान्सरलाई कडा रोग भने पनि मेडिकल बोर्डले यी रोगबाहेक अन्य समस्या भएकालाई पनि सिफारिस दिइरहेको छ। एलर्जी, थाइराइड, उच्च रक्तचाप, बाथजस्ता कडा नमानिएका स्वास्थ्य समस्या देखाएर केन्द्रमै बस्न कर्मचारीहरू मेडिकल बोर्ड र स्वास्थ्य मन्त्रालय धाइरहेका छन्। वीर अस्पतालमा तलबबाहेक ५० प्रतिशत पाइने भत्ताको लोभमा दरबन्दी नै नभएको ठाउँमा पनि बोर्डको सिफारिस बनाएर उनीहरू बस्न खोजेका हुन्।

वीर अस्पतालको मेडिकल ओपीडीका कर्मचारी अहेब युवराज सुवेदीले राजनीतिक आस्था मिल्ने आफूनिकटका चिकित्सकसँग बढाईचढाई मेडिकल रिपोर्ट बनाएका छन्। ट्रमा सेन्टरका हाडजोर्नी विभागका प्रमुख डा. श्रीकृष्ण गिरीले बनाइदिएको रिपोर्टअनुसार कर्मचारी सुवेदी लामो समय उभिन र हिँड्न सक्दैनन्। सुवेदी उनै कर्मचारी हुन् जो दैनिक भक्तपुरबाट मोटरसाइकल चढेर वीर अस्पतालसम्म काम गर्न आउँछन्। आफ्नो छुट्टै मेडिकललगायत वीरमा सक्रिय रूपमा काम गर्दै आइरहेका छन्। 'उभिन नसक्ने व्यक्ति कसरी दैनिक मोटरसाइलकमा यात्रा गर्न र काम गर्न सक्छन ? आन्दोलनमा दौडिने झैझगडामा अगुवा हुने पनि यिनै हुन् ?' स्रोतले भन्यो। यसबारे कान्तिपुर दैनिकले संवाद गर्न खोज्दा सुवेदीले फुर्सद नभएको बताए। झूटो मेडिकल रिपोर्ट बनाउने वीरका अर्का कर्मचारी हुन्- डिल्लीराम खनाल। उनी वीर अस्पतालको युरो ओपीडीमा कार्यरत छन्। उनको कामै उभिएर गर्नुपर्ने प्रकृतिको छ। ट्रमा सेन्टरका हाडजोर्नी चिकित्सक डा. सन्तोष पौडेलले बनाएको रिपोर्टअनुसार उनलाई लामो समय हिँड्न, उभिन या उकालो-ओरालो गर्न मिल्दैन। समायोजनअन्तर्गत दुर्गममा जानु नपरोस् भनेर उनले आफ्नो पार्टीनिकट चिकित्सकसँग मिलेर झूटो रिपोर्ट बनाई बोर्डमा पेस गरेका छन्। खनाल भन्छन्, 'मेडिकल बोर्डले नै गरेको सिफारिस गरेको रिपोर्टमाथि प्रश्न गर्नुहुन्छ भने मेरो भन्नु केही छैन।'

'आफूनिकट चिकित्सकले सजिलै रोग लागेको सिफारिस बनाइदिन्छन्। त्यसैलाई मेडिकल बोर्डमा पेस गरेर सिफारिस लिइरहेका छन्,' स्रोतले भन्यो। अस्पतालका अन्य कर्मचारी सविता जोशी, डिल्लीराम आचार्य, जीवन श्रेष्ठ, शंकरकुमार झाले बनाएको मेडिकल बोर्डको सिफारिस हेर्दा उनीहरूलाई गम्भीर प्रकृतिको रोग भएको देखिँदैन।

हालसम्म मेडिकल बोर्डबाट सिफारिस भएकै आधारमा ६४ कर्मचारीका समायोजन भइसकेको छ भने स्वास्थ्य मन्त्रालयले ४, ५, ६ तहका स्वास्थ्यका कर्मचारीको समायोजन सूची सार्वजनिक गर्ने तयारी गरिरहेको छ। नवौं र दसौं तहका स्वास्थ्यकर्मीको समायोजनको टुंगो अन्तिम चरमा पुगिसकेको छ।

# गाउँपालिकामा कानुनी सहजकर्ता

■ **प्रताप विष्ट** (हेटौंडा)

'मादक पदार्थ सेवन गरेर राति पतिले घरबाट निकालिदिए। मलाई बस्ने ठाउँको व्यवस्था गरिदिनुपर्‍यो,' भनेर पीडित महिला कानुनी सहजकर्तासँग पीडा पोख्छन्। पीडित महिलालाई केही दिन सुरक्षितसाथ राख्न गाउँपालिकामा आश्रयस्थल चाहिएको काभ्रेस्थित महाभारत गाउँपालिकाकी कानुनी सहजकर्ता कमला थापाले अनुरोध गरिन्।

'गाउँपालिकामा हिंसापीडित महिला न्यायका निम्ति आउने गर्छन्,' उनले भनिन्, 'परिवारको हिंसाका कारण तत्काल घर फर्कन चाहदैनन्। तर गाउँपालिकामा राख्ने ठाउँ छैन।' दोलखा मैलुङ गाउँपालिकाकी कानुनी सहजकर्ता मीरा घिमिरेका अनुसार सहजकर्ताका कारणले हिंसामा परेका महिलालाई न्याय पाउन सहज भएको छ। उनीहरूबाट गाउँपालिकाको न्यायिक समितिलाई समेत टेवा पुगेको उनले बताइन्। सहजकर्ताले जनप्रतिनिधिलाई बजेट बनाउन सहयोग गर्ने, कानुनको अवस्था र सीमाका बारेमा पनि जानकारी दिन्छन्।

यसैगरी, रसुवा उत्तरगया गाउँपालिकाकी कानुनी सहजकर्ता निर्मला पन्थीले उनीहरूका निम्ति आवश्यक पर्ने भौतिक पूर्वाधार नभएको गुनासो गरिन्। चौतारामा नै बसेर सेवाग्राहीलाई सहजीकरण गर्दै आएको पीडा सुनाइन्। प्रदेश ३ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कानुनी सहजकर्ताको सोमबार हेटौंडामा समीक्षा कार्यक्रम राखेको थियो। आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमरकट्टेल प्रमुख अतिथि रहेको कार्यक्रममा प्रदेशका ७४ गाउँपाालिकामा खटिएका कानुनी सहजकर्ताको उपस्थिति थियो। अधिकांश सहजकर्ताले गाउँपालिकामा आएका मुद्दाहरू न्यायिक समितिमार्फत मेलमिलाप गरेर पठाउने गरेको जानकारी गराएका थिए।

'सामान्य झैझगडा सहजकर्ताले नै मिलाएर पठाउने गरेको छन्,' मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईंले भने, 'गाउँपालिका जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासीलाई पनि सहज भएको छ।' कार्यालयमा आउने सेवाग्राहीलाई कागज पत्र मिलाइदिनेदेखि प्रक्रिया बुझाउने गरेका छन्। 'सहजकर्ताका कारण सेवाग्राही र जनप्रतिनिधिलाई मात्र होइन कार्यालयका कर्मचारीलाई पनि सहज भएको छ,' जिल्ला समन्वय समिति मकवानपुरकी उपप्रमुख भगवती पुडासैनीले भनिन्, 'गाउँपालिकाका सेवाग्राही र जनप्रतिनिधिलाई कानुनको बाटो हिँडाउने र प्रक्रिया देखाउने कानुनी सहजकर्ता हुन्।' समीक्षा कार्यक्रममा प्रदेश ३ का १३ जिल्लामध्ये भक्तपुर र काठमाडौंबाहेकका जिल्ला समन्वय समितिका उपप्रमुखको उपस्थिति रहेको थियो।

ग्रामीण भेगमा रहेका अधिकांश अशिक्षित महिला सेवा लिन गाउँपालिका कार्यालयमा आउने गर्छन्। तर उनीहरूलाई प्रक्रिया नै थाहा हुँदैन। कार्यालयमा आउने सेवाग्राहीलाई बुझाउने काम सहजकर्ताले गर्ने गरेका छन्। विशेषगरी सहजकर्ता पनि महिला भएको र कानुनी पृष्ठभूमि पनि भएकाले सहज भएको गाँउपालिकाका जनप्रतिनिधिको बुझाइ छ।

अधिकांश जनप्रतिनिधिका साथै गाउँपालिकाका उपाध्यक्ष जो न्यायिक समितिको संयोजक हुन्छ, उसलाई पनि कानुनी ज्ञान कम भएकाले सहजकर्ताबाट सहयोग पुगेको छ। मनहरी गाउँपालिकाकी उपाध्यक्ष मनिला विष्टले भनिन्,

- **हिंसापीडितलाई न्याय पाउन सजिलो**
- **न्यायीक समितिलाई न्याय दिन र बजेट बनाउन सहजता**

'गाउँपालिकामा रहेका सहजकर्ताका कारणले न्यायिक समितिबाट मुद्दाहरू निरुपण र मेलमिलाप गराउन सहज भएको छ।' गाउँपालिकाको न्यायिक समितिको मेरुदण्डको रूपमा उनीहरू रहेको उनले बताइन्। प्रदेश ३ सरकारको आन्तरिक मामिला तथा कानुनी मन्त्रालयले प्रदेशअन्तर्गत रहेका गाउँपालिकामा एक/एक जना कानुनी सहजकर्ता गत माघदेखि नियुक्ति गरेर पठाएको छ।

कार्यक्रममा मन्त्री जमरकट्टेलले गाउँपालिकामा कानुनी सहजकर्ताको भूमिका अत्यन्त प्रभावकारी रहेकाले यो कार्यक्रमलाई आगामी आवमा पनि निरन्तरता दिने बताए। 'गाउँपालिकामा मात्र होइन, पहाडी भागमा रहेका नगरपालिकामा पनि कानुनी सहजकर्ता पठाउने तयारी गरिरहेका छौं,' उनले भने। कानुनी सहजकर्तामा ५१ जना महिला छन्। मन्त्रालयले कानुनी सहजकर्ता गाउँपालिकामा मात्र पठाएको हो। प्रदेश ३ मा १ सय १९ स्थानीय तह छन्। तीमध्ये ७४ वटा गाउँपालिका छन्।

# एउटासँग सम्झौता अर्काकोमा टावर

■ **रमेशकुमार पौडेल** (चितवन)

नेपाल टेलिकम भरतपुर कार्यालयले चौकी गाउँको ढोडेनीमा राखेको मोबाइल फोनको टावर सम्झौता गरेको भन्दा फरक व्यक्तिको जग्गामा परेको भन्दै उजुरी दर्ता भएको छ। उजुरी परेको लामो समय भए पनि सुनुवाइ नभएको जग्गाधनीले गुनासो गरेका छन्।

गत माघमा टेलिकमले टावर राखेको थियो। 'हाम्रो जग्गामा टाबर बन्दै रहेछ तर हामीले केही जानकारी नै पाएका थिएनौं,' जग्गाधनी माधवप्रसाद उप्रेती र राजेन्द्रकुमार पियाले भने। ढोडेनीमा उनीहरूले संयुक्त रूपमा साविक कविलास ६ ख को कित्ता १६७ मा पर्ने पाँच कठ्ठा जग्गा लिएका थिए। उप्रेती भरतपुरमा र पिया नारायणगढमा बस्दै आएका छन्। हाल भरतपुर महानगरपालिका-२९ मा पर्ने ढोडेनी नारायणगढ मुग्लिन सडकको भोर्लेबाट दक्षिणमा पर्ने पहाडी गाउँ हो।

महानगरको पहाडी क्षेत्रमा र इच्छाकामना गाउँपालिकामा मोबाइल फोन सेवाको गुणस्तर बढाउन टेलिकमको भरतपुर कार्यालयले टावर निर्माण गरेको प्रमुख दीपककुमारले बताए। कार्यालयले कित्ता १५८ मा टाबर राख्न जग्गाधनीसँग सम्झौता गरेर काम अगाडि बढाएको उनले सुनाए। तर त्यसैको आडमा रहेको कित्ता १६७ का जग्गाधनी उप्रेती र पियाले टावर आफ्नो जग्गामा बनेको भनेर गएको मागमा कार्यालयमा निवेदन दर्ता गराएका थिए। 'हाम्रो सँधियारसँग सम्झौता गरेर टाबर बन्दै रहेछ। त्यति ठूलो काम गर्दा सँधियारको स्वीकृति हुनुपर्ने हो,' जग्गाधनी पियाले भने। कार्यालयले जग्गा कसको हो भनेर छिनोफानो गर्नुपर्नेमा उजुरी दर्ता गराएको लामो समयसम्म पनि चुपचाप रहेको उनले गुनासो गरे।



**भरतपुर महानगरपालिकाको पहाडी क्षेत्र ढोडेनीमा नेपाल टेलिकमले बनाएको मोबाइल फोनको टावर।**

'उजुरी परेपछि हामीले सम्झौता गरेको व्यक्तिलाई जग्गाको भाडा दिएका छैनौं। नापी कार्यालयलाई पत्र लेखेर कित्ता छुट्याउन भनेका छौं,' नेपाल टेलिकम भरतपुर कार्यालयका प्रमुख दीपककुमारले भने। टेलिकमले नापी कार्यालयलाई फागुन २७ मा पत्र लेखेको थियो। नापी कार्यालयको आफ्नै प्रक्रिया हुने भएका कारण काम पूरा हुन समय लाग्ने टेलिकम प्रमुख दीपककुमारले बताए।

टेलिकमले स्थानीय जगत लामासँग सम्झौता गरेको थियो। 'उप्रेती, पिया र मैले खड्कबहादुर लामाको जग्गा लिएको हो। टावर बनेको जग्गा मेरो नै हो। तर उनीहरूले खै किन हो मेरो भनेर दाबी गर्नुभएको छ,' जगतले भने। उनीहरूले उजुरी गरेपछि आफूले जग्गा भाडा पनि नपाएको लामाले बताए। उनले महिनाको ४५ सय रुपैयाँ भाडा पाउने सम्झौतामा उल्लेख छ।


ENJOY DOLBY ATMOS SOUND BIG Movies NOW SHOWING
KABIR SINGH : 8:00 AM, 11:15 AM, 1:45 PM, 5:15 PM, 8:30 PM
APPA : 8:30 AM, MALAAL : 2:30 PM, 5:00 PM
3D : SPIDER-MAN : FAR FROM HOME : 7:30 AM, 10:00 AM, 12:45 PM, 3:30 PM, 6:00 PM, 8:45 PM, 2D : SPIDER-MAN : FAR FROM HOME : 11:00 AM, 7:45 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info: Kathmandu: 01-4442220, 4433275 Narayanghat: 056-522079 Nepalgunj: 081-411330 Pokhara: 061-522630/47 Birtamode: 023-543083 qfxcinemas.com

BSR MOVIES FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712 Gongabu, Kathmandu www.facebook.com/bsrmoviesnepal www.bsrmovies.com
NEXT CHANGE
CURRENT SHOWTIME

| MOVIES | ATMOS 1 | ATMOS 2 |
|---|---|---|
| SPIDER-MAN : FAR FROM HOME (3D) | 11:30 AM 2:30 PM 5:15 PM 8:00 PM | |
| KABIR SINGH | | 11:00 AM 4:30 PM 7:45 PM |
| APPA | | 2:15 PM |

XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

गोपी कृष्ण Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
• Kabir Singh • प्रेम दिवस • Bharat • भविष्य • जात्रैजात्रा • विर बिक्रम २ • दाल भात तरकारी
• Kabir Singh • प्रेम दिवस • विर बिक्रम २ • भविष्य • दालभात तरकारी • जात्रैजात्रा • Bharat


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | वैभव प्राप्ति | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकांक्षा पूर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | द्विविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | कान्ति क्षय | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल असार २७ गते शुक्रबार तदनुरुप १२ जुलाइ २०१९ असार शुक्लपक्ष एकादशी तिथि रात्रिको २:१७ बजेसम्म उप्रान्त द्वादशी तिथि, विशाखा नक्षत्र दिनको ६:३८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, साध्य योग प्रात: ९:४९ बजेसम्म उप्रान्त शुभ योग, भद्रा करण रात्रिको २:१७ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:४५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्ट्स् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६११ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११६२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११६५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८११६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३०५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२०६४/४२६८१०३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२०३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०२४/४२७००२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४११११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६५/५१५९२६६ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्तरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५११०/४३८५१११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५०३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०, ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# हिँड्दाहिँड्दै खोलामा खस्ने डर



गौशाला गुह्येश्वरीस्थित खाल्डाखुल्डी सडकमा जमेको पानीबाट कष्टकर यात्रा गर्दै मोटरसाइकल तथा चारपांग्रे सवारीहरू । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

**विमल खतिवडा** (काठमाडौं)

पानी पर्नासाथ राजधानीका अधिकांश सडक जलमग्न बन्ने गरेका छन् । दैनिक सवारी साधनको भीड हुने सडकमै खोलो बग्ने गरेको छ । जलमग्न सडकका कारण सवारी आवागमनसमेत प्रभावित हुने गरेको छ । खोलो र सडक छुट्याउन हम्मे पर्छ । सडकमा खाल्डाखुल्डी धेरै छन् । पानी पर्नासाथ खाल्डाखुल्डी पानीले भरिन्छन् । जसले दुर्घटनाको जोखिम बढाएको छ ।

त्यति मात्र होइन, भित्री सडकमा झन् बढी समस्या छ । असार लागेपछि काम गर्ने प्रवृत्तिले गर्दा सडक हिलाम्य बनेका छन् । जथाभावी खनेर भद्रगोल बनाइएका सडकमा हिलोले गर्दा पैदल हिँड्न सकिँदैन । 'कहिलेसम्म हिलोमा लड्दै हिँड्ने हो ?,' कपन भंगालकी मनमाया श्रेष्ठले भनिन्, 'गाडीमा हिँड्दा गाडी नै खोलामा पस्ला भन्ने डर, पैदल हिँड्दा चिप्लिएर लडिएला भन्ने पीर छ ।' यो समस्या उनको मात्र होइन । जब सडक निर्माणको काम थालियो, त्यो बेलादेखि यो क्षेत्रका स्थानीय समस्या झेल्दै आएका छन् । हिउँदमा धुलो र वर्षातमा हिलोले गर्दा समस्या छ । ठेक्काको समय सकिए पनि कामले गति लिन सकेको छैन । बूढानीलकण्ठ नगरपालिकाका मेयर उद्धवप्रसाद खरेल ठेकदारले समयमै काम नगर्दा समस्या भएको गुनासो गर्छन् । 'चुनाव लड्नु अघिदेखि नै सडकको समस्या थियो,' उनले भने, 'अहिले पनि यही समस्या छ, ठेकदारलाई भन्दाभन्दा वाक्क भइसकें, समयमै काम नगर्दा सडक लथालिंग बनेका छन् ।' उनका अनुसार अहिले आकाशेधारादेखि राममन्दिर खण्डमा सडक भत्काइएकाले समस्या छ ।

पानी पर्नासाथ डुबान सुरु हुन्छ । 'चाँडो निर्माण सक्न खबरदारी गरिरहेका छौं,' उनले भने, 'ठेकदारले कसैलाई नटेर्ने र अटेर गर्दा ढिलाइ भएको हो ।' पानी परिरहेकै बेला सडक खन्ने, ग्राभेल गर्ने प्रवृत्तिले गर्दा लथालिंग बनेको छ । यो समस्या उपत्यकाका अधिकांश सडकमा छ । चाबहिल-जोरपाटी-वाग्मती-साँखु खण्ड सडकको अहिले बेहाल छ । दृश्य हेर्दा धान रोप्ने खेतजस्तो लाग्छ । निर्माणको समयावधि सकिएको वर्ष दिन हुँदा बल्ल ५० प्रतिशत मात्र काम भएको छ । यो खण्डमा पानी पर्नासाथ जलमग्न हुन्छ । उपत्यका सडक विस्तार आयोजनाले उक्त सडक आगामी चैतसम्म निर्माण सम्पन्न हुने जनाएको छ । जहाँ पिच र ग्राभेल गरिएको छैन । त्यहाँ बढी समस्या छ । निर्माण व्यवसायीले सडकमा खाल्डाखुल्डी पुर्न भन्दै माटो बिछ्याउँदा हिलाम्य बन्ने गरेको छ । साना सवारीसाधन हिलोमा भासिने गरेका छन् ।

शंखरापुर नगरपालिकास्थित जहरसिंपौवाका शंकर तिवारीका अनुसार हिलाम्य सडकले गर्दा यात्रु बस चल्न छाडेका छन् । पिचसमेत उप्किएको छ । 'सडकको अवस्था दयनीय छ, सबभन्दा बढी साँखु-खडेश्वर सडक खण्डमा छ,' उनले भने, 'सिन्धुपाल्चोकसँग जोडिएको यो सडकमा अहिले गाडी गुड्न छाडेका छन्, गाडी नै डुब्ने हिलो छ ।' चाबहिल हुँदै यो सडक पुगिन्छ । 'सांसद र जनप्रतिनिधिले गुनासो सुनेन,' उनले भने । तीव्र रूपमा सवारी गुडाउने प्रवृत्तिले पैदलयात्रु त्यसको सिकार बन्दै आएका छन् । पानी र हिलो उछिट्टिँदा त्यसको मार पैदल यात्रुले खेप्नुपर्ने बाध्यता छ, जसले गर्दा हिलाम्य बन्ने गरेका छन् । पिच गरेकै सडक जलमग्न हुने गरेको छ । पुतली सडक, सुन्धारा, चाबहिल, थापाथलीलगायत क्षेत्रको मुख्य सडक नै जलमग्न हुने गरेको छ । सडक विभागका महानिर्देशक केशवकुमार शर्माका अनुसार जथाभावी फोहोर फाल्दा नालीका प्वाल थुनिने गरेकाले सडक जलमग्न हुने गरेको छ । 'समस्या सडकको भन्दा पनि सहरको हो,' उनले भने, 'जथाभावी प्लास्टिक फालिन्छ, त्यही प्लास्टिकले गर्दा नाली थुनिएर पानी सडकमा निस्कने गरेको छ ।' फोहोर नै मुख्य समस्या रहेको दाबी उनको थियो । 'त्यस्तो भयावह स्थिति त छैन,' उनले भने, 'तर जथाभावी प्लास्टिकजन्य फोहोर फाल्न बन्द गरिए यस्तो समस्या आउने छैन ।'

# भीमसेन मन्दिरलाई एक्लै १ करोड

ललितपुर (कास)- पाटन दरबार क्षेत्रस्थित भीमसेन मन्दिर पुनर्निर्माण गर्न पाटनका एक स्थानीयले एक्लै एक करोड रुपैयाँ सहयोग गरेका छन् । एभरेस्ट बैंकका अध्यक्ष बीके श्रेष्ठले आफ्ना पिता गणेशलालको स्मृतिमा उक्त रकम सहयोग गरेका हुन् । 'भिन्द्य (भीमसेन) को नाममा सहयोग समर्पण गर्न पाउनु अहोभाग्य । भीमसेन पाटनको मात्रै नभई सम्पूर्ण नेवार व्यापारीहरूको इस्टदेव हुन्,' उनले भने, 'मन्दिरमा बुबाले पनि सहयोग गर्नुभएको थियो ।'

श्रेष्ठले बुधबार मन्दिर पुनर्निर्माण सरोकार समितिको नाममा सहयोग रकमको चेक ललितपुरका मेयर चिरीबाबु महर्जनसहितलाई हस्तान्तरण गरेका हुन् । मन्दिर पुनर्निर्माण सरोकार समितिका संयोजक कृष्णलाल महर्जनले सहयोग गर्नेहरूलाई धन्यवाद दिए ।

HIMALAYAN WHITEHOUSE INTERNATIONAL COLLEGE

कक्षा ११ मा भर्ना तथा छात्रवृत्तिबारे सूचना

प्लस टु पछि तपाईंको लक्ष्य Medicine वा Engineering नै हो भने कलेज छान्न सकस किन ?



Prominant faculty members of NAME at WhiteHouse College, Tinkune

**Physics**- Dipak Bhattarai I Gajendra Singh I Bijaya Upadhyay I Ram Tiwari I Milan Pandey I Santosh Thakur I SS Mandal
**Chemistry**- Amardip Pandit I Birendra Thapa I Mahesh Paudel I Binod kumar Yadav I Rajesh kumar Shah I Santosh Lamichhane
**Botany**- Ramsaran Dani I Keshav Raj Pokhrel I Dr. Basudev Pokhrel I K.K. Gupta I Kabir Pokhrel I Drona Pokhrel
**Zoology**- Dr. Milan Gaihre I Dr. nirajan Neupane I B.K Khatri I Kamal Nepal I Madhav Rijal
**Mathematics**- Yam Narayan Pokhrel I Pradip Bahadur Thapa I Er Saroj Uprety I Balkrishna Bhurtel

General Admission cum Super 40 Scholarship Test
Ashad 30 (15th July, 2019) I 2:00pm onwards

नेपालकै प्रसिद्ध संस्था NAME सँगको सहकार्यमा Entrance Preparation का सबै हस्ती Himalayan WhiteHouse International College मा मात्र ।

हाम्रो समूहले २ वर्ष मात्र होइन, तपाईंलाई लक्ष्यमा नपुगुन्जेल सहयोग गर्नेछ ।

HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32, Nepal
**Tel.: 01-5199456 / 57 I 9801204300 / 301 / 302**
Email: mailreply@whitehouse.edu.np
Website: www.whitehouse.edu.np

ONEPLUS

OnePlus 7
Go Beyond Speed




**Camera**
48 MP Dual Camera + OIS
UltraShot

**Performance**
Snapdragon 855
256 GB UFS3.0 + RAM Boost
Play while charging

**Sound**
Dual Speaker
Dolby Atmos

**System**
Zen Mode
Intelligent Clean
Screen Recorder

PRE-BOOK NOW
First 100 customers will get **Anker 5000 mAh** power bank free*
RAM 8GB | ROM 256 GB MRP: Rs. 66,999

Insurance Partner:
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
1 year insurance*

Distributed By: iHub Pvt. Ltd.
i Hub Pvt. Ltd, Basant Marg-351, Babarmahal, Kathmandu, Nepal, 0977-9801016186, 9851244009, Authorized Service Center: Tamrakar Complex, 5th Floor, New Road, Kathmandu
Oliz Store, Basant Marg-351, Babarmahal. Opp. NTC Building, Kathmandu, Phone : 01-4230314, 01-5705256

सम्पादकीय

# पुस्तकालयको परिकल्पना

अमेरिकी लेखक नर्म्यान कजिनले सही भनेका छन्- पुस्तकालय विचारको प्रजनन केन्द्र हो । पुस्तकालय पर्व घटेको हाम्रै देशको इतिहास यसको साक्षी छ । खुला समाजमा पाइला चाल्दै गर्दा हामीले सार्वजनिक पुस्तकालयको महत्त्व पूरै भुलेका छौं । ज्ञान उत्पादनका केन्द्र विश्वविद्यालयहरू जसरी लथालिंग छन्, त्यसरी नै भताभुंग छन् विचारका कारखाना सार्वजनिक पुस्तकालय ।

मुलुकमा करिब हजार सार्वजनिक पुस्तकालय छन् । पाँच दर्जन त काठमाडौंमै छन् । तैपनि यी पुस्तकालय पठन संस्कृतिको केन्द्र बन्न सकेका छैनन् । सहरमा ज्ञानका भोका र पुस्तकका पारखी नभएर होइन, पुस्तकालय पुस्तकालयजस्ता नबनेकाले हो । नाम मात्रैका पुस्तकालय छन् ।

सहरी संस्कृतिको अभिन्न अंग हुनुपर्ने हो सार्वजनिक पुस्तकालय । जसरी सम्पदा सहरका आत्मा हुन्, त्यसैगरी पुस्तकालयहरू सभ्यताका ढुकढुकी । ज्ञानविज्ञानका हिसाबले सहर कति स्वस्थ र बस्नलायक छ भन्ने मानक हुन् यी ।

दुई शताब्दीअघि राजा गीर्वाणयुद्ध शाहले लालमोहर लगाएर 'चिताइ तहबिल' अर्थात् रेखदेख संग्रह बनाएका थिए । पुस्तक र पुस्तकालय संरक्षण गर्न वर्षको १ सय २५ रुपैयाँ छुट्याएका थिए । आजका आधुनिक शासकहरूले भने पुस्तक संरक्षणमा त्यत्तिको चेत पनि देखाएका छैनन् । देशको एउटै राष्ट्रिय पुस्तकालय चार वर्ष अघिदेखि बेहाल छ । भूकम्पले उक्त पुस्तकालय रहेको हरिहर भवन ध्वस्त बनेपछि सम्पूर्ण पुस्तक ज्ञानेश्वरस्थित महेन्द्र भवन मावि र सानोठिमीस्थित शैक्षिक जनशक्ति विकास केन्द्रमा बोरामा थन्क्याइएका छन् ।

राष्ट्रिय पुस्तकालयमा १ लाख ८ हजार पुस्तक छन् । पत्रपत्रिका करिब ५० । पुस्तकालयमा नेपाली, अंग्रेजी, हिन्दी र संस्कृत भाषाका फरक शाखा छन् । मराठी, पाली, फ्रेन्च, जापानी, थाई, मलेसियाली र नेपालमा बोलिने विभिन्न भाषाका पुस्तक छन् । पुस्तकालयले पत्रपत्रिका र अन्य प्रकाशनलाई इन्टरनेसनल स्ट्यान्डर्ड सिरियल नम्बर (आईएसएसएन) दिँदै आएको छ ।

ढिलै सही, राष्ट्रिय पुस्तकालयको बनाइने नयाँ भवनको डिजाइन तयार भएको छ । सहरको पुरानो केन्द्र जमलस्थित आठ रोपनी जग्गामा यो पुस्तकालय बन्नु सुखद खबर हो । करिब ५५ करोड लागतमा दुई आधुनिक भवन बनाइनेछ । पहिलो ६ तलाको र दोस्रो ३ तलाको । भवन संरचना नेपाली कलासंस्कृति झल्कने हुनेछ । सय वर्षपछिसम्मका पाठकको कल्पना गरेर भवन बनाइने भनिए पनि यो पुस्तकालय कस्तो र कसका लागि हुनेछ अनि कसरी व्यवस्थित गरिनेछ, खुलाइएको छैन ।

पुस्तकालय हुनुभन्दा महत्त्वपूर्ण पक्ष हो- त्यहाँ उत्कृष्ट पुस्तक उपलब्ध हुनु । तिनमा सबै उमेर समूह र शारीरिक अवस्थाका पाठकहरूको पहुँच पुग्नु । पुस्तकालयको वातावरण जाऊँ-जाऊँ, बसुँ-बसुँ र पढुँ-पढुँ लाग्ने हुनु । सार्वजनिक पुस्तकालय यस्तो सामाजिक थलो हो, जहाँ कसैका लागि पनि ढोका बन्द हुँदैन । देशको राष्ट्रिय पुस्तकालय यस्तै एउटा उत्कृष्ट लोकतान्त्रिक मञ्च बन्न सक्नुपर्छ । जहाँ मन लागेका जोकोही गएर लाभ लिन सकुन् । सहरमा एउटा शिक्षित पुस्ता बिस्तारै अवकाश जीवनमा प्रवेश गरिरहेको छ । उनीहरूसँग पर्याप्त समय छ तर दिन काट्ने ठाउँ छैन । यस्तो पुस्तकालयले उनीहरूका लागि सुविधा पुर्‍याउनुपर्छ । उनीहरूका लागि सामाजिक विनिमय गर्ने, समय कटाउने र उमेर छँदा नभ्याएका पुस्तक पढ्ने थलो बन्नुपर्छ यो पुस्तकालय । त्यसैगरी बालबालिका, विद्यार्थी, प्राज्ञिक तप्का, पाठक, लेखक, कलाकर्मी जोकोहीका लागि सामाजिक थलोको आतिथ्यता दिने गरी यसको परिकल्पना गरिनुपर्छ । सबैखाले पुस्तकलाई डिजिटल माध्यममा पढ्ने सुविधा पनि मिलाइनुपर्छ । यो पुस्तकालयलाई वास्तविक रूपमा सर्वसाधारणका लागि अहोरात्र खुल्ने सर्वसुलभ र सर्वप्रिय बनाउने डिजाइन गर्न सके राष्ट्रिय स्मारक बन्न सक्छ, नभए यो बन्न जानेछ- अर्को एउटा सरकारी अड्डा ।

# राष्ट्रवादको विषादी-बुमऱ्याङ



सीधा-सीधा

युग पाठक

बाँसको अग्लो खुट्टा जोडेर हिँड्ने एकथरी सर्कस-कलाकार हुन्छन् । कठिन अभ्यासबाट पोख्त हुँदाहुँदै पनि कहिलेकाहीं दुर्घटना हुन्छ, ती लड्छन् । सर्कस हो, दुर्घटनै भए पनि चलिरहन्छ । राजनीतिमा चलेको राष्ट्रवादी सर्कसको कथा पनि त्यस्तै छ । राष्ट्रवादको बाँसेखुट्टा लाएर अग्लो देखिएका प्रधानमन्त्री केपी शर्मा ओली पटक-पटक भुइँमा पछारिने गर्छन् । तैपनि राजनीतिमा राष्ट्रवादको सर्कस चलिनै रहेको छ ।

यस पटक राष्ट्रवादको विषादी-बुमऱ्याङमा परे स्वयम् प्रधानमन्त्री ओली । भारतबाट आयात हुने फलफूल र तरकारीका ट्रक नाकामा रोकेर विषादी परीक्षण गर्ने झिनो प्रयत्न सरकारले गरेकै हो । यो खराब कुरा थिएन । खराब कुराचाहिँ क्वारेन्टाइन प्रयोगशालाको प्राविधिक तयारी पूरा नगरी ट्रक रोक्ने निर्णय थियो । झनै खराब बन्नपुग्यो, भारतीय दूतावासको चेतावनीबाट तर्सेर विषादी परीक्षण स्थगित गर्ने मन्त्रिपरिषदको निर्णय ।

विषादी-बुमऱ्याङमा परेर प्रधानमन्त्री ओलीको बाँसको खुट्टा भाँच्चियो, राष्ट्रवाद दुर्घटित भयो । चटक हो, उनलाई फरक पर्दैन । फरक जसलाई पर्ने हो, उनीहरूलाई 'थाहा' चाहिएको छ ।

### ओलीपन्थको चटक

नेपालमा राष्ट्रवाद एक आरोपको खेल हो । राष्ट्रको हित कसरी गर्ने भन्ने चिन्तन यसभित्र पर्दैन, बरु निरन्तर अराष्ट्रिय तत्त्वको खोज यसको अभिष्ट हो । महाकाली सन्धि हुँदा तत्कालीन एमालेमा प्रभाव जमाइसकेका ओली एक नम्बरका 'राष्ट्रघाती' कहलाइएका थिए । महाकाली सन्धि पारित हुनुभन्दा पहिले सांसद खरिद-बिक्रीदेखि थाइल्यान्डसम्म लगेर सांसदहरूलाई कब्जामा राखिएको र एकैपटक सन्धिको पक्षमा मत हाल्न मध्यरातमा संसद ल्याइएको खबरले त्यतिखेर मुलुक स्तब्ध थियो । एमालेलाई सन्धिको पक्षमा मत हाल्ने तुल्याउन ओलीले निर्णायक भूमिका खेलेको सम्झनेहरू अझैसम्म चर्चा गर्छन् ।

दुई दशकपछि नाकाबन्दीको चक्करमा उनै ओली फेरि एकाएक राष्ट्रवादी मुखुन्डोमा देखापरे । यो कुनै गाह्रो काम पनि होइन । लामो समयदेखि सत्ताले बनाइराखेको राष्ट्रवादको भाष्य छँदैछ, मान्छेमा त्यसको अन्धविश्वास पनि छँदैछ । अनि के चाहियो ? ओलीले त्यही अन्धविश्वासको तावा तताए र चुनावको रोटी उक्साइहाले । भन्दिनु त हो, मोदीको भारतलाई केही उखानको झटारो पनि हानेकै हुन्, उतिबेला । भारतको प्रधानमन्त्री भैसकेपछि जब मोदी नेपाल भ्रमणमा आए, जहाँ टेक्यो त्यहीं नागरिक अभिनन्दन पनि उनैले गराए ।

एमालेजनले दुई वर्षअघि तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई अराष्ट्रिय करार गर्न लम्पसारवादी भन्ने शब्द नै कथेका थिए । मोदीको चाप्लुसीपछि त्यही शब्द बुमऱ्याङ भएर प्रधानमन्त्री ओलीको थाप्लोमै बजारियो । सर्कसको रमाइलो के भने उनै दाहाल एमालेजनकै पनि अध्यक्ष भैदिए । आम जनतालाई त 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात !' दुःख उनीहरूको हो, जो ओलीपन्थमा राष्ट्रवाद खोज्ने दुःखद् प्रयत्न गरिरहन्छन् । विषादी-बुमऱ्याङमा परेर प्रधानमन्त्री ओलीको बाँसको खुट्टा भाँच्चियो, राष्ट्रवाद दुर्घटित भयो । चटक हो, उनलाई फरक पर्दैन । फरक जसलाई पर्ने हो, उनीहरूलाई 'थाहा' चाहिएको छ । इतिहासले देखाएको 'थाहा' नबुझ्नेलाई वर्तमानले बुमऱ्याङ नै दिने हो ।

### घुँडाको भ्वाङ

वास्तवमा ओली न कुनै दिन राष्ट्रवादी थिए, न अचानक विषादी परेर आज अराष्ट्रिय तत्त्व भएका छन् । सवाल को कति राष्ट्रवादी भन्ने नै होइन । हुन त मौका पाउनासाथ कांग्रेस सांसद गगन थापाले भारतसामु घुँडा टेक्दा प्रधानमन्त्रीको घुँडामा भ्वाङ परेको टिप्पणी संसदमै गरे । धेरै कांग्रेसजन र अरु राष्ट्रवादी सर्कसका फ्यानहरूले पनि यस्ता टिप्पणी खुब दोहोर्‍याए । बुमऱ्याङ प्रधानमन्त्री ओलीले खप्नुपरे पनि सर्कस त आखिरमा आम जनताले बेहोर्नुपरेको छ ।

मन्त्री मातृका यादवले पत्रकार सम्मेलन नै गरेर सचिवले झुक्याएको बताउनुपर्‍यो । भीम रावल लगायत नेकपाकै केही नेता र सांसदहरू पनि सरकारको आलोचना गरेरै सही राष्ट्रवादी देखिने सर्कसमा बाँसको खुट्टा जोड्न लागेका छन् । अनौठो कुरा होइन, पार्टीभित्र गुटको खेल छँदैछ । भारतीय दूतावासको चिठी सार्वजनिक हुनु अघिसम्म प्रधानमन्त्री ओली स्वयम् पनि चिठी आएको तथ्य छोपेर झोँक देखाइरहेका थिए । यी सबै राष्ट्रवादी चटक घुँडाको भ्वाङ छोप्ने दुःखद स्पष्टिकरण मात्र हुन् ।

भ्वाङ त साँच्चिकै परेकै छ, घुँडामा । शक्तिशाली मुलुकले कमजोर मुलुकप्रति गर्ने थिचोमिचोको कथा ज्युँदो भैरहन्छ । शक्तिशाली शासकले गरिब सीमान्तकृत जनतालाई गर्ने थिचोमिचो जस्तै । घुँडाकै घाउजस्तो बल्झिरहन्छ । सवाल त घुँडा कति बलियो बनाइन्छ र कति जोगाइन्छ भन्ने हो । अग्लिनलाई बाँसकै खुट्टामात्र खोजिहिँड्ने हो भने घुँडामा भ्वाङ त परिरहन्छ । सत्तापक्षदेखि प्रतिपक्षसम्म आफूलाई चौबिस क्यारेटको राष्ट्रवादी र विरोधीलाई लम्पसारवादी देखाउने मौका चुकाउँदैनन् । तर साँच्चै मुलुकको घुँडा बलियो पार्ने चिन्ता उनीहरूमा छ त ?

### सत्ताको विष

हाम्रो बजार उसै अराजक छ । तरकारी, फलफूल लगायत खाद्य पदार्थमा अखाद्य पदार्थ र विषादी भेटिएको समाचार निरन्तर आइरहन्छ । त्यसमाथि ६५ प्रतिशत व्यापार घाटा भरिइसक्यो । निकुञ्जका जमिनसमेत रिसोर्ट खोल्ने नाममा हत्याउने दाउमा संरक्षित व्यापारी छन् । तिनले जग्गामात्रै हडप्छन् कि बचेखुचेका संरक्षित जनावर र जडिबुटीको कत्लेआम पनि गर्छन्, पत्तो छैन । नांगो नाच जारी छ, भ्रष्टाचारको । सरकार भने आलोचनासँग पो निद्रैमा तर्सिरहेको छ । त्यसैले ज्ञानमा बिर्को लगाउन किताबमा कर ठोक्छ । पत्रकारिता र स्वतन्त्र चिन्तनलाई बिर्को लगाउने विधेयक ल्याउँछ । प्रधानमन्त्री स्वयम्चाहिँ मास्क लगाउने अनुहारमा दुश्मन खोजिबस्छन् ।

चटके राष्ट्रवादले खोज्ने नै दुश्मन हो । आरोप लगाउन आलोचक अनुहार, इन्काउन्टर गर्न विप्लवी नेता, मुद्दा चलाउन कवि, जेल हाल्न मास्क लगाएको मनुष्य खोजेरै ओलीपन्थले पनि राष्ट्रवादी सर्कस चलाइरहेको छ । यो सर्कसको सबैभन्दा निष्ठुर र कर्कश रूप कुमार पौडेलको हत्यामा प्रकट भएको छ । आफ्नै टाउकाको मोल तोकिएको इतिहास कुल्चेर गृहमन्त्री रामबहादुर थापा क्रूर हत्यालाई दोहोरो भिडन्तको नाममा पचाउन खोजिरहेछन् । सत्ताको विष तरकारीको विषभन्दा डरलाग्दो भैरहेको योभन्दा ज्वलन्त उदाहरण के होला ?

क्वारेन्टाइन चेकपोष्टहरू एकदिन बन्लान्, विषादी परीक्षण




भारतसँग हुने गर्छ र तरकारी, फलफूल लगायत खाद्यान्नमा समेत नेपाल भारतकै उत्पादनमा निर्भर छ । कृषिप्रधान मुलुक भन्न नछाड्ने तर खानेकुरामा समेत विदेशकै भर पर्नुपर्ने लाजमर्दो अवस्थाको जवाफ हाम्रो राष्ट्रवादले दिन जरुरी ठान्दैन । विषादी परीक्षण प्रकरणले यो तथ्यलाई पुनः एकपटक हाइलाइट गरिदियो ।

श्रम र युवा उमेर मात्र निर्यात गरेर रेमिटान्स सोहर्ने आत्मघाती खेलमा ओली सरकार पनि निमग्न देखिन्छ । खेतबारी बाँझो पल्टिनु र उर्वर जमिनसमेत दलालको प्लटिङ धन्दामा ध्वस्त भैरहनुसँग पनि राष्ट्रवादी भाष्यको कुनै सरोकार छैन । विदेश गएकालाई समेत देश फर्काउने भाषण चुटेर सिंहदरबार सम्हालेको सरकारका श्रममन्त्री युवालाई विदेश धपाउने काम गर्नसकेकोमा गौरवान्वित छन् । कृषि ध्वस्त छ, कृषकको सुरक्षा छैन । प्रधानमन्त्री रोजगार कार्यक्रमका नाममा बचेको झिनो पुँजी पनि छरछार पारेर सक्ने सरकारी नियत छ ।

दर्जनौं काण्डको दागैदागले प्रधानमन्त्रीको राष्ट्रवादी अनुहार पनि होला । व्यापारीले घुस खुवाएर तरकारी, फलफूल पास पनि गराउलान् । यस्तो खेल वर्षौंदेखि चलिरहेकै छ । खास गर्नुपर्ने परीक्षण सत्ताको विषको हो । जनतामाथि लगानी गरेर उत्पादन बढाउने काम यसले गर्ने छैन । बाँझो जमिनमा पसिना बगाउने जनतालाई पाखा र दलालहरूलाई काखा गरेर यसले राष्ट्रवादको धन्दा चलाउने हो । जनता बलियो भए पो उत्पादन बढ्छ, मुलुकको घुँडा बलियो हुन्छ ।

जनताले रगत चढाएर ल्याएको परिवर्तनलाई भत्भुते खरानीले छोपछाप पारेर ओलीपन्थको उदय भएको हो । त्यसैले यो फासीवादको प्रारम्भिक अभ्यासमा छ । जनताको खुसहालीका निम्ति काम गरे पो आलोचनाको डर हुन्न । अन्यथा बोल्नेको मुख थुन्ने बाहेक अरु एजेन्डा बाँकी रहन्न । अहिले विषादी-बुमऱ्याङमा परे पनि राष्ट्रवादको खोटो सिक्का चलेसम्म ओलीपन्थले पुनः बाँसको खुट्टा जड्नेछ । चिन्नुपर्ने त्यही बाँसको खुट्टा हो ।

ट्वीटर : @YugPathak

# सम्पादकलाई चिठी

### ढँटुवाहरूको रजगज

आखिर ढाँटेको कुरा र टालेको लुगा उस्तै न हो । ढाँटेको कुरा न त सधैंका लागि ढाँटिन्छ, टालेको लुगाले न लाज छोपिन्छ । प्रधानमन्त्रीको बोली पनि त्यस्तै साबित भयो । तरकारी र फलफूलमा विषादी परीक्षणसम्बन्धी पत्र आएको आफूलाई थाहा नभएको भनी प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रलाई ढाँटेको काठमाडौंस्थित भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई लेखेको पत्र सार्वजनिक भएपछि स्पष्ट भयो ।

– **सुजन देवकोटा**, *पालुङटार-४, गोरखा*

●●●

प्रधानमन्त्री केपी शर्मा ओलीप्रति गएको चुनावको दिनसम्म जनताको अपार विश्वास थियो । सत्ता सम्हालेको १७ महिनाको कामकारबाही, जनभावना विपरीतका विधेयक र असत्य वाणीले उनको विश्वसनीयता खस्केको छ । पछिल्लो कडी हो- भारतीय दूतावासले नेपाल सरकारलाई लेखेको पत्र । परराष्ट्र मन्त्रालयलाई सम्बोधन गरी करिब आधा दर्जन सरकारी निकायलाई बोधार्थ दिइएको पत्र र त्यसैको आधारमा मन्त्रिपरिषदले निर्णय फिर्ता लिइसक्दा पनि कसले पत्र लेख्यो ? कसले पढ्यो ? भन्ने ढँटुवा कुरा गर्नु लाजमर्दो हो । कार्यकारीको निकम्मापन हो । राष्ट्रलाई नै ढाँट्नेलाई कतिसम्म सर्वोच्च कार्यकारी पदमा व्यहोरिरहनुपर्ने हो ? यही अभिशप्त समयमा हामी बाँचेका छौं ।

अब नेपाल-भारतले आआफ्नो देशभित्र विषादी परीक्षण गरेको रिपोर्टलाई दुबै देशले मान्यता दिन्छौं भनी सम्झौता गरेमा दुबैको समान हैसियत पनि कायम हुन्छ र विषादीयुक्त तरकारी र फलफूलबाट उपभोक्ताको स्वास्थ्य पनि बिग्रन पाउँदैन ।

– **गोपाल देवकोटा**, *गोकर्णेश्वर-८, जोरपाटी, काठमाडौं*

●●●

काठमाडौंस्थित भारतीय दूतावासबाट पत्र आएको धरि थाहा नपाएको बहाना गरी जनतालाई ढाँटेर विष खुवाउन उद्यतहरूलाई के भन्ने ? को प्रति वफादार छन्, यिनीहरू ? शासकको विदेशीसँग झुक्ने, आफ्ना जनतालाई भुक्ने रवैया उदाङ्गिएको छ । सरकारी प्रवक्ताले पत्र आउनु सामान्य भने पनि पत्रपछि मन्त्रिपरिषदले जुन निर्णय गर्‍यो, त्यो किमार्थ सामान्य होइन । कुनै पनि देशका राजदूतले आफ्नो देश र नागरिकको हितका लागि काम गर्छन् । भारतीय राजदूतको पत्र पनि उनको देशका किसान र व्यापारीका हितका लागि लेखेको हो । तर त्यो पत्रमा उल्लेखित विषयमा दोहोरो संवादसमेत गर्न नसक्ने हाम्रा मन्त्री र सचिवले जस्तोसुकै तर्क दिए पनि क्षम्य हुँदैन ।


– **ध्रुवप्रसाद आचार्य**, *गोठाटार, काठमाडौं*

**लेखका लागि : article@kmg.com.np**

**प्रतिक्रियाका लागि : letter@kmg.com.np**

*(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)*

## सांसदहरू ! हामीलाई पनि दसैं मान्न दिनुहोस्



पेन्सनवाला कर्मचारीहरूले छिमेकी राष्ट्रका कर्मचारीभन्दा कम तलबमा देश सेवा गरे । त्यसैले तिनलाई वृद्धभत्ता नदिएकोमा दिनुपर्छ भन्नुपर्नेमा आफूहरूलाई सेवासुविधा थप्न हो कि किन हो, तिनले पाइआएको पेन्सन सरह १ महिनाको दसैं खर्च पनि काट्ने कुरा पो गर्दैछन् त, के हो यिनको चाला ? पेन्सनवालाहरूको दसैंभत्ता कटौती गर्ने सुझाव ठिक छैन । भारतका पेन्सनवाला सिपाहीदेखि अफिसरहरूले ३०,०००-१,५०,००० रुपैयाँसम्म मासिक र ब्रिटिसका सिपाहीले ५७,०००-२,००,००० सम्म मासिक पेन्सन पाउँछन् । उनीहरूलाई नेपाल सरकारले पनि वृद्धाभत्ता दिँदै आएको छ । उनीहरूलाई बिरामी हुँदा भारत र ब्रिटिस सरकारले पूर्ण खाना, खाजा, अस्पताल, बेड र उपचार निःशुल्क छ, तर उनीहरूलाई कुनै कर लाग्दैन । नेपालका हामी पेन्सनवालाले आफ्नो पेन्सनको १ प्रतिशत सामाजिक सुरक्षा कोष भनी कर काट्नुपर्छ । तर हामी वृद्धवृद्धा पेन्सनवाला कर्मचारीलाई वृद्धभत्ता, विधुवा भत्ता उपलब्ध छैन । यदि नेकपाले वृद्धाहरूलाई सम्मानस्वरुप वृद्धभत्ता, एकल भत्ता दिएको हो भने हामी नेपाली पेन्सनवालाले पनि पाउनुपर्‍यो । नत्र कसैले पनि पाउनु भएन । बरु धनीमानी वृद्धवद्धाले आफ्नो वृद्धाभत्ता नलिइदिन अनुरोध गर्ने र विदेशी पेन्सनवालाको पनि वृद्धभत्ता कटौती गरी थप हुन आउने रकम निम्न आय भएका वृद्धवृद्धालाई थपिदिन सुझाव दिए धेरै बुद्धिमानी हुन्थ्यो भन्ने सांसदज्यूहरूलाई सुझाव टक्र्याउन चाहन्छु ।

– **चन्द्रसिंह गुरुङ**, *शुनपा-५, दुलेगौंडा, तनहुँ*

●●●

प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा पूर्व कर्मचारीहरूलाई दिँदै आएको चाडपर्व खर्च न्यायसम्मत नभएको तथा राज्यलाई बोझ हुने भनी कटौतीका लागि सांसदहरूले आवाज मुखरित गर्नु भएछ । माननीयज्यूहरू, तपाईहरूलाई याद हुनुपर्ने हो, आफ्नो जीवनको युवा अवस्था, सिर्जनाका हरेक कोपिलाहरू राज्यलाई उत्सर्ग गरेका हुन्छन्, पूर्व कर्मचारीहरूले । ती सबै केका लागि ? राज्य निर्माणमा आफ्नो देन दिँदै वृद्ध अवस्थामा सहज जीवन निर्वाह पनि एक उद्देश्य हो, तिनको । माथिल्लो तहबाट पेन्सन हुनेहरूलाई त चाडपर्वको खर्च कटौतीले खासै प्रभाव नपर्ला, तर तल्लो तहबाट निवृत्त भएका कर्मचारीहरूलाई भने प्रत्यक्ष प्रभाव पर्छ । जब ती वृद्ध हुन्छन्, तिनको सहारा बन्छ पेन्सन, अनि चाडपर्वमा पाउने खर्च । हाल बहाल रहेका कर्मचारी पनि त भोलि पूर्वकमर्चारी बन्ने नै छन् । के ती बहालवाला कर्मचारी पनि केही नबोली बस्लान् र तपाईहरूको यी गलत आवाज विरुद्ध ? माननीयज्यूहरू, तपाईहरूमा राष्ट्रप्रतिको जिम्मेवारी र कर्तव्यबोध छ भने पूर्व कर्मचारीको चाडपर्वको खर्च कटौती हैन, राज्यको बोझको रूपमा विकसित भइरहेको प्रत्येक संघीय सांसदले संविधान विपरीत लिने ६ करोड, प्रदेश सांसदले लिने लाखौं तथा करोडौं रुपैयाँ, नेता र तिनका आसेपासे कार्यकर्ताहरूले औषधी-उपचारका नाममा लिने करोडौं रुपैयाँ, चाडपर्वका नाममा कार्यकर्तालाई वितरण गर्ने लाखौं रुपैयाँ, बिभिन्न नाममा धर्मप्रचारका लागि आयातित संस्थालाई दिने अर्बौं रुपैयाँ कटौती गरी राज्यकोषमा दाखिला गर्नेतर्फ लाग्नुहोस् । सबै नागरिकले तपाईहरूलाई सदैव सम्झनेछन् ।

– **एलन लामिछाने**, *भीमसेन थापा-३, गोरखा*

●●●

पेन्सनवाला राष्ट्रसेवकहरूको पर्व खर्च काट्नुपर्छ भनी सत्तासीन पार्टीका सांसदहरूले प्रस्ताव राखेको सुन्दा साह्रै दुःख लाग्यो । कम्युनिष्ट सरकार पेन्सनवाला राष्ट्रसेवकहरूको हकहित विरोधी रहेछ । शरीरमा खुन, पसिना होउन्जेल राष्ट्रको सेवा गरे बापत पेन्सन पाएका हुन् । कसैले दयामाया राखेर दिएको होइन । अहिले किन १ महिनाका पर्वभत्ता कटौतीको कुरा उठ्यो ? कम्युनिस्ट सरकारले राष्ट्र सेवक पेन्सनवालाहरूको सुविधा कटाउने प्रस्ताव राख्नु कतिसम्म नैतिकता हो ? पेन्सनवाला राष्ट्रसेवकहरूलाई अरु थप सुविधा दिन ऐन ल्याउनुपर्नेमा भएकै पर्व खर्च पनि काट्ने कुरा कहाँसम्मको न्याय हो ? 'एक माघले जाडो जाँदैन' भन्ने कम्युनिष्ट पार्टीको सरकारले बुझोस् । दुई तिहाइको दम्भ लागेको ? होशियार, पेन्सनवाला राष्ट्रसेवकलाई दुःख दिने दिने काम नगर । बरु सुविधा थप्ने काम गर, सुविधा कटाउने काम गर्‍यौ भने खोला खर्क गइएला । विनाश काले विपरीत बुद्धि नगर । दूरदर्शिता अपनाऊ । समृद्ध नेपाल सुखी नेपाली भन्ने नारा दिने अनि राष्ट्रसेवकलाई रुवाउने ? तसर्थ पेन्सनवालाको पर्व खर्च नकाट, अरु सुविधा थप्ने काम गर । अन्यथा गाह्रो पर्ला । गाह्रोसाह्रो कसैलाई पनि नहोस् । पेन्सनवाला राष्ट्रसेवकको आँसुले नपिरलोस् ।

– **हर्कनारायण श्रेष्ठ**, *त्रियुगा नपा-१०, उदयपुर*

●●●

सोमबार प्रकाशित 'पेन्सनवालालाई दसैं खर्च नदिन माग' समाचार अनुसार आइतबार बसेको राज्य व्यवस्था समितिको बैठकमा सत्तारुढ दलका सांसद जनार्दन शर्माले राख्नुभएको उक्त प्रस्तावमा प्रतिपक्षी दलकी सांसद डिला संग्रौलाले समर्थन जनाउनु भएछ । सांसदज्यूहरूको विचारमा यसरी चाडपर्व खर्च दिनु राज्यलाई बोझ हो । माननीय सांसदज्यूहरूलाई प्रश्न गर्न मन लाग्यो : त्यसो भए सांसद विकास कोषमा वृद्धि, उनीहरूको विदेश भ्रमण र उपचार खर्चमा वृद्धि, आजीवन लिन मिल्नेगरी व्यवस्था मिलाइएको सेवासुविधाका साथै तलब-भत्तामा गरिएको वृद्धिले चाहिँ राज्यलाई बोझ हुँदैन र ? राज्यका विभिन्न निकायमा व्याप्त भ्रष्टाचारको प्रमुख कारक तत्त्व नै राष्ट्रसेवकहरूको सीमित तलब, पेन्सन तथा सेवासुविधा थोरै हुनु हो भन्ने जगजाहेर नै छ । बरु माननीयज्यूहरू, साधारण जीवन बाँच्न पुग्नेगरी विविध निकायमा सेवा गर्ने कर्मचारीहरूलाई तलब-भत्ता र सेवासुविधा दिलाई हेर्नुहोस् त जम्मा एक वर्षमात्र । भ्रष्टाचार र बेथिति विस्तारै कम हुन्छ । यसैमा समाचारमा 'किसानलाई पेन्सनको व्यवस्था गरिनुपर्ने' माननीयज्यूहरूको तर्कले आश्चर्यचकित पार्‍यो । ए हजुर, किसानहरूलाई सहुलियत ब्याजदरको ऋण, आवश्यक मलबिउ, औजार र सिंचाइको व्यवस्था मिलाइदिनुहोस् । उनीहरूका उत्पादनलाई बिचौलियाविनै सोझै बजारमा बेच्न सकिने आधार तयार गरिदिनुस् । किसानहरू आफै स्वावलम्बी र आत्मनिर्भर बन्नेछन् । किन अनावश्यक तर्क/कुतर्कमा समय बर्बाद गर्नुहुन्छ ?

– **राजन अधिकारी**, *बूढानीलकण्ठ, काठमाडौं*

# एसियाको उदय



रमेश केसी

सीएनएनका फरिद जकारियाको कार्यक्रम जीपीएसमा बोल्दै बेलायतका भूतपूर्व प्रधानमन्त्री टोनी ब्लेयरले एक्काइसौं शताब्दीको मध्यमा विश्वमा अमेरिका, युरोप, चीन र भारत चार शक्तिहरू सक्रिय रहने बताएका थिए। साँच्चै, अन्तर्राष्ट्रिय मामिलाका रणनीतिकारहरू भन्छन्– वर्तमानमा अमेरिका आफ्नो नेतृत्वको एकध्रुवीय विश्व र बहुध्रुवीय एसिया चाहन्छ। चीनलाई विश्व बहुध्रुवीय र एसियामा आफ्नो नेतृत्व चाहिएको छ। भारत भने बहुध्रुवीय विश्व र बहुध्रुवीय एसियाको पक्षमा छ।

वर्तमान विश्वराजनीतिमा अमेरिकाको क्षय र चीनको उदय महत्त्वपूर्ण विषय भएको छ। विगत बीस वर्षमा जति पनि किताब लेखिए, प्रायः चीनको उदयलाई लिएर लेखिए। तर, विदेश मामिलामा कम उमेरमा धेरै विज्ञता हासिल गरेकाले 'न्युयोर्क टाइम्स' ले 'ह्वीज किड' भनेका पराग खन्नाको नयाँ किताब 'द फ्युचर इज एसियन : ग्लोबल अर्डर इन द ट्वेन्टी फर्स्ट सेन्चुरी' ले भने एसियाकै उदय भइरहेको प्रमाणित गरेको छ। उनका अनुसार ६ सय वर्षपछि एसियाले आफूलाई पुनः आविष्कार गरिरहेको छ। यो पुनराविष्कारमा चीनको उदय प्रमुख घटना भए पनि चीन मात्रै होइन सम्पूर्ण एसियाको उदय भएको उनको ठम्याइ छ। सोह्रौं शताब्दीमा, जतिखेर युरोप मध्ययुगमा थियो

**चीन र अमेरिका दुई ध्रुवीय हुन्छन्। जापान तेस्रो शक्ति बन्छ भने रुस चौथो र भारत पाँचौं।**

त्यति बेला चीन विश्वकै सम्पन्न र विकसित राष्ट्र थियो। चीन आफूलाई ब्रह्माण्डकै मध्य अधिराज्य ठान्थ्यो। तर पछि औद्योगिक क्रान्तिको जन्मसँगै युरोपको, विशेष गरी बेलायतको उदय भयो। उनीहरूले विश्वलाई उपनिवेश बनाए। उन्नाइसौं शताब्दी युरोपको थियो भने बीसौं शताब्दी अमेरिकाको। अब एक्काइसौं शताब्दी सम्पूर्ण एसियाको हुनेछ। खन्नाले अहिले एसिया अर्डर अर्थात् व्यवस्था बन्न थालेको बताएका छन्। एसियामा उनले पश्चिम एसियाको इजरायल र अरब राष्ट्रदेखि मध्य एसिया हुँदै दक्षिणपूर्व र उत्तर एसिया हुँदै न्युजिल्यान्ड र अस्ट्रेलियासम्मलाई सामेल गरेका छन्। उनका अनुसार, एसियाको आर्थिक वृद्धिको इतिहास जापानबाट सुरु भएर त्यसलाई पछि सिंगापुर, ताइवान, हङकङ र दक्षिण कोरियाले अनुसरण गरेका हुन्। यही सम्भावित चमत्कार देखेर देङ स्याओ पिङले चीनमा सन् १९७८ मा आर्थिक उदारीकरणको सुरुआत गरे। त्यही चीन अहिले विश्वको दोस्रो ठूलो अर्थतन्त्र बनेको छ।

बृहत्तर एसियामा करिब ५ अर्बको जनसंख्या छ भने त्यसमा चीनको मात्रै १.५ अर्ब छ। भारतमा १ अर्बभन्दा बढी जनसंख्या छ। पूर्वी र पश्चिम एसियामा मुसलमानहरूको बाहुल्य छ। यसर्थ चीनको मात्र होइन कि, सम्पूर्ण एसियाको उदयले विश्वलाई बहुध्रुवीय बनाउनेछ। एसियामा चीन, जापान र भारत ठूला शक्तिराष्ट्र बन्नेछन्। पश्चिम एसियामा साउदी अरेबिया र टर्की शक्तिसम्पन्न राष्ट्र हुनेछन्। युरोपेली राष्ट्रहरूको उपनिवेश, शीतयुद्धकालीन दुईध्रुवीय विश्वको तनावबाट गुज्रिसकेको एसिया अहिले आत्मनिर्भर बनिरहेको छ। यसले राष्ट्रहरूबीच एसियाकरण गरिरहेको छ। अहिले एसियाली राष्ट्रहरू बाह्य राष्ट्रभन्दा आफूबीच व्यापार गरिरहेका छन् अनि यो क्षेत्र जनसंख्या, प्राकृतिक साधनस्रोत, सैनिक र आर्थिक हिसाबले पश्चिमभन्दा ठूलो छ। यसलाई पराग खन्नाले एसियाको फिर्ती पनि भनेका छन्।

चीनले सन् २०१२ मा प्राचीन सिल्क रोडलाई आधुनिक सन्दर्भमा सार्थक बनाउन सुरु गरेको बीआरआई एक्काइसौं शताब्दीको सबैभन्दा ठूलो कथा बनेको छ। यहीँबाट विश्वमा बहुध्रुवीयताको बीजारोपण भएको हो। चीनसँगै दक्षिणपूर्वी एसिया आर्थिक वृद्धिका क्रममा छ भने भारतले वृद्धिमा उछिनेको छ। केही छोटो समयपश्चात् भारतको जनसंख्या चीनको भन्दा बढी हुनेछ।

करिब ७ सय वर्षपहिले मंगोल सम्राज्यका बेला एसियाको भूगोल एउटै थियो। उन्नाइसौं शताब्दीमा युरोपेलीहरूले शासन गरेको एसियालाई बीसौं शताब्दीमा अमेरिकीहरूले अमेरिकीकरण गरे। ३० वर्षयता एसियाकरण सुरु भैसकेको पराग खन्नाको दाबी छ। एसियाको उदयले विश्वमा कोही पनि एक नम्बर नरहने उनको निचोड छ। उनको आकलन अनुसार, चीन र अमेरिका दुईध्रुवीय हुन्छन्। जापान तेस्रो शक्ति बन्छ भने रुस चौथो र भारत पाँचौं। अमेरिका अहिले प्रशान्त क्षेत्रको मात्रै शक्ति हो। जापान, दक्षिण कोरिया, भारत र आसियानसँग चीनको व्यापार अमेरिकाको भन्दा ठूलो छ। एसियाली राष्ट्रहरूबीच व्यापार, कूटनीति र सांस्कृतिक आदानप्रदान तीव्र रूपमा भइरहेको छ।

एसिया द्वन्द्वमुक्त भने छैन। इजराइल-प्यालेस्टाइन द्वन्द्व, उत्तर कोरियाको आणविक समस्या, भारत-पाकिस्तान द्वन्द्व, पूर्वी चीन समुद्रमा चीन-जापान तनाव आदिले एसिया तत्काल संकटमुक्त हुने सम्भावना पनि छैन। भविष्यमा भने यस्तै अवस्था नरहन सक्छ। एसियामै अस्ट्रेलिया, न्युजिल्यान्ड, भारत, दक्षिण कोरिया र जापान जस्ता प्रमुख प्रजातन्त्रहरू क्रियाशील रहनेछन्। कजाकस्तानले युरोप र एसियाबीच पुलको काम गर्नेछ। भारत हिन्द महासागरमा सामुद्रिक शक्ति रहनेछ। यसैले एक्लो चीनको उदयले मात्रै एसियाको प्रतिनिधित्व गर्न सक्दैन। एसियाको परिभाषा युरोपेलीहरूले तयार पारिदिए। अमेरिकीहरूले शीत युद्धका बेला भू-राजनीति गरे तर अब एसियालीहरू आफ्नो कथा आफै लेखिरहेका छन्। एक थरी रणनीतिकारहरू भन्छन्– चीनको उदयले उसको अमेरिकासँग युद्ध पनि हुन सक्छ। अहिले चीन र अमेरिकाबीच व्यापार र प्रविधि युद्ध चलिरहेको छ। एउटा स्थापित महाशक्तिबाट अर्को उदाउँदो शक्तिले सत्ता हत्याउन खोज्दा यस्ता सोह्र संक्रमणका क्रममा ५ सय वर्षयता बाह्र वटा शक्ति संक्रमण युद्धमा परिणत भएका छन्।

एसियाको उदय भनेको विगत ४ सय वर्षमा यहुदी र इसाई परम्पराको विश्वमा भएको हालीमुहालीको पनि कटौती हो। एसिया विश्वका सबै प्रमुख धर्मको उत्पत्तिस्थल हो। भाषा, संस्कृति, राजनीतिक प्रणाली र इतिहासले विविधतायुक्त एसियाको हालैको स्मृतिमा व्यवस्थाको अवधारणा थिएन। तर, अब अर्डरको अवधारणा विकसित हुन थालेको छ , जसको सुरुआत बीआरआईसँग सुरु भएको हो।

एसिया विश्वमा छाएको छ। अमेरिकामा एसियाली मूलका मानिसहरूको सफलताले पनि एसियालीहरूको क्षमता र कल्पनालाई देखाउँछ। एसियाबाट विश्वका अरू क्षेत्रका मानिसले पनि सिक्न सक्छन्। विश्वका वायुसेवाहरू अहिले एसियामा केन्द्रित छन्। 'क्रेजी रिच एसियन' जस्ता फिल्मले हलिउडमा स्थान पाएका छन्। योगले संयुक्त राष्ट्रसंघबाट आफ्नो दिन घोषणा गराएको छ। यसर्थ एसियाको व्यापक सांस्कृतिक विरासत विश्वव्यापी बन्दै गएको छ।

सांस्कृतिक रूपमा मात्रै होइन, सैन्य रूपमा हेर्दा एसियामा चीन, भारत, पाकिस्तान, इजरायल, उत्तर कोरिया जस्ता आणविक शक्ति हुन्। विश्वको सबैभन्दा ठूलो सैन्य संख्या पनि एसियामै छ। पश्चिमी इतिहासकारहरूले एसियालाई रहस्यमय र रङ्गीन भूगोलका रूपमा चित्रित गर्दै आएका थिए। उपनिवेशको यो पूर्वीयवादले पश्चिमीहरूको पूर्वाग्रहलाई देखाउँछ। तर आज एसिया समृद्धि, वैज्ञानिक र यथार्थपरक धरातलमा उभिन खोजेको छ।

एसिया अब ब्रान्ड बनेको छ।

# वाग्मतीको अर्थ–राजनीति



डेटलाइन तराई

चन्द्रकिशोर

**काठमाडौं उपत्यकालाई चिनारी दिने वाग्मती सभ्यताले मधेसलाई समेत जोड्छ। मधेसका वाग्मती छेउछाउका बासिन्दा उपत्यकाका जस्तै 'वाग्मतीका सन्तान' हुन्।**

संस्कृतिनिष्ठ भारतीय राजनीतिज्ञ राममनोहर लोहिया आफ्नो देशको दक्षिणी भूगोलको यात्रामा थिए। नदी, पहाड र जंगललाई असाध्य माया गर्ने उनी त्यस क्षेत्रको कुनै नदीमा नुहाउने तरखर गर्दैगर्दा माझीले सोधे, 'तपाईं कुन नदी किनारको ?' लोहिया एक छिन सोचमग्न भएपछि बोले, 'म त सरयूपुत्र हुँ।' माझीले फेरि सोधे, 'त्यसो भए तपाईं राजा रामचन्द्रको गाउँको ?' लोहिया मुस्कुराए। लोहिया आफ्नो कुन चाहिँ चिनारी मन पराउँथे, त्यो त अनुमान मात्रै गर्न सकिन्छ, यति चाहिँ भन्न सकिन्छ– उनले नदीसँग जोडिएको चिनारीलाई भने आजीवन बिर्सेनन्।

व्यक्तिको परिचय कतिपय सन्दर्भमा नदी आधारित हुन्छ। प्रत्येक व्यक्ति र उसको मूल समाज कुनै विशिष्ट भूगोलको अभिव्यक्ति नै हुन्छ। थातथलो प्रकट हुने भूगोल नै प्रथम पहिचान हुन्छ। यस मेसोबाट हेर्दा काठमाडौं उपत्यकालाई चिनारी दिने वाग्मती सभ्यता नदी आधारित नै हो, जसले मधेसलाई समेत जोड्छ। मधेसका वाग्मती छेउछाउका बासिन्दा उपत्यकाका जस्तै 'वाग्मतीका सन्तान' हुन्। भयो के भने, राज्यको विगतको चरित्रले गर्दा वाग्मती नदी भन्नेबित्तिकै काठमाडौं खाल्डोमा सीमित उसको स्वरूप र सम्पदाको बिम्ब मुखर भयो।

मधेस झरेपछि वाग्मती नदीले नुनथरदेखि दक्षिणी सिमानाको ब्रह्मपुरी गाउँसम्म फैलिएर सर्लाही र रौतहटलाई छुट्याउँछ। कर्मैया ब्यारेजबाट फुत्किएपछि बचेको वाग्मतीको स्थिति त्यस्तो इमानदार मान्छेको जस्तो छ, जो समाजको अव्यवस्थित तप्कासँग जुझेर थाकिसकेको छ र यतिखेर कसैको पनि नभएर चुपचाप दक्षिणमुखी हुन चाहन्छ। वाग्मतीलाई मधेसमा कसैले आफ्नो मान्दैनन् ? फगत दोहन गर्न मात्रै चाहन्छन् ? यसो हो भने, यसलाई जनसामान्यले 'आमा' भनेर अझै पुज्ने र पुकार्ने कारण के हो ? कसरी एउटा सभ्यता, संस्कृति, एउटा जीवनरेखा केवल एउटा नदीमा रूपान्तरित भयो ? आखिर नदी संस्कृति भनेको पुर्खाहरूले युगयुगदेखि जम्मा गरेको मह हो !

कुरा यही टुंगिँदैन। वाग्मती भारतीय भू-भाग भएर पनि बग्छ। सन् १९७५-७७ मा बिहारको ढेङ वरिपरिदेखि रुनी सैदपुरसम्म तटबन्ध निर्माण गरियो, जसका कारण लामो समयसम्म रौतहटको सदरमुकाम गौरवरपरका तथा सर्लाहीका विभिन्न गाउँ वर्षेनि डुबानमा पर्दै गए। यतिखेर फेरि तटबन्ध अग्लो गर्नुपर्ने योजना उतातिर प्रस्तावित छ। तर्क छ, नदीको सतह अग्लिँदै गएकाले तटबन्ध अग्ल्याउनु आवश्यक छ। काठमाडौं र बिहार (भारत) बीच मधेसमा रहेको वाग्मतीको आफ्नै कथा र व्यथा छ, जुन सधैं ओझेल पर्ने गरेको छ। बाढी आउँदा यहाँको सरोकारले चर्चा पाए पनि बिस्तारै सेलाउँछ।

संघीय राजधानी र दक्षिणी सीमा जोड्ने एउटै नदी हो, वाग्मती। तर यसबारे केवल काठमाडौंकेन्द्रित बहस चल्छ। यसमा उनीहरूको मात्र दृष्टिदोष छैन। समथरका वाग्मतीका बासिन्दाले पनि नदीलाई केवल बालुवा व्यापार होइन, जीवनको आधारका रूपमा स्विकार्नुपर्छ। भारतको सहयोगमा वाग्मतीका दुइटै किनारमा तटबन्ध बनिसकेका छन्, तर पनि त्यस क्षेत्रका बासिन्दा बाढीबाट सुरक्षित छैनन्। भनिन्छ, तटबन्ध गलामा बाँधिएको त्यस्तो सर्प हो जसले नटोक्दा पनि आतंक यथावत् रहन्छ। अरू केही नभए पनि जहिल्यै फुंकार त सहनैपर्छ ! दुई वर्षपहिला नै तटबन्ध भत्किएर सर्लाही र रौतहटवासीले ठूलो क्षति बेहोर्नुपरेको थियो।

तटबन्ध बन्नुपूर्व यस क्षेत्रको सामाजिक-आर्थिक अवस्था कस्तो थियो ? समुदायको जीवनमा नदी कति समीपमा थियो ? नदी माथिको निर्भरता कति थियो ? तटबन्ध निर्माण भइसकेपछि वाग्मतीका बासिन्दाको जीवनमा कस्तो परिवर्तन आयो ? तटबन्ध भित्रका क्षेत्रमा बालुवा कति जमेको छ भनी अध्ययन भइरहेको छ ? तटबन्धको परिधिभित्र चञ्चला वाग्मती कत्तिको स्थिर धारामा बगिरहेको छ ? वाग्मतीमा बन्दै गरेका चार पुलको भविष्य कहाँ अड्किएको छ ? यी प्रश्नको अभिरेखांकनबाटै वर्तमानमा वाग्मतीको अर्थ-राजनीति पहिल्याउन सकिन्छ।

तटबन्ध बनिसकेर पनि बाढीप्रभावित जनता सुस्केरा हाल्ने गर्छन्, 'काहे रे नदिया तू बौरानी !' यता तटबन्ध भत्किनु भनेको मूलतः भ्रष्टाचार, सरकारी अदूरदर्शिता र लापरबाहीको नतिजा हो। पटक-पटकको बाढीबाट बेवास्ता र लाचारीको उही गल्ती दोहोर्‍याउन अभ्यस्त राज्यसँग फेरि अर्को विपद्बाट पाठ सिक्ने सुविधा छैन। पछिल्लो चैत १७ गते आएको 'बारा चक्रवात' अहिलेका लागि 'केस स्टडी' हुन सक्थ्यो। स्थानीय तहमा उपलब्ध सूचनाको उचित विश्लेषण गरिनुपर्थ्यो, तर बाढी नियन्त्रणलाई लिएर खासै कुनै विमर्श देखिँदैन। 'वाग्मती की सद्गती' पुस्तकका भारतीय लेखक डा. दिनेशकुमार मिश्र भन्छन्, 'तटबन्ध भत्कनु एउटा शाश्वत सत्य हो। बनेपछि भत्कन्छ अवश्य, तर सवाल के हो भने कहिले र कहाँ भत्कन्छ ? कहिलेकाहीं जनता स्वयंले पनि बाढीको कहरबाट जोगिन बाँध भत्काउँछन्।'

कतिपय ठाउँमा पानीको प्रवाह रोक्ने भौतिक संरचना नै डुबानको मुख्य कारण बन्दै आएको छ। पानी बग्न नपाएर जमेको ठाउँमा सानै बाढी आउँदा पनि ठूलो क्षति हुने गर्छ। भूगोल र आवागमनको हिसाबले सुगम मानिने ठाउँमा कैयौं टापु जस्तो क्षेत्र बन्छन्। डेढ दशकमा 'ज्यादती' को तहमा पुगेको वन विनाश र ढुङ्गा, गिट्टी, बालुवा उत्खननले चुरे र भावरको पानी सोस्ने क्षमतामा ठूलो ह्रास आएकाले वर्षातको सबै पानी दक्षिणतिर बग्ने गरेको छ। वर्षौंको बाढी, डुबान, कटान र विस्थापनका कारण रौतहट-सर्लाहीको समथर भूभाग अझै ओभाइसकेको छैन। मानव विकास सूचकांकमा यी जिल्ला पछाडि पर्नुको मुख्य कारण यो पनि हो।

पछिल्लो समयमा पालिकाहरूले आ-आफ्ना क्षेत्रका नदी भू-भागमा आफूखुसी उत्खनन गर्ने छुट दिएका छन्। नदीभित्र ठूलठूला खाल्डा बनेका छन्। बालुवा झिक्नुले नयाँ रोजगार र अर्थतन्त्र जन्माएको छ। माथिल्लो र तल्लो जलाधार क्षेत्र तथा वारिपारिका उपभोक्तामा अंकुरित किचलो स्थानविशेष अनुसार फरक छन्। जल विज्ञानका दृष्टिले वाग्मती जलाधार प्रणाली ज्यादै जटिल छ। भूमिगत र सतहको पानी, जोडिन आएका सहायक खोला तथा नदीको पानीले गर्दासमेत नदीको औसत अवस्थामा जलसतह मोटो हुँदैन। वाग्मती क्षेत्रको भूमिगत जल प्रणाली गंगा बेसिनको विशाल भूमिगत जल प्रणालीको एउटा अंगका रूपमा क्रियाशील छ। कुलेखानीको पानी कुनै समय वाग्मतीमा मिसिन्थ्यो। जलविद्युत् परियोजना आएपछि त्यो पूर्वी राप्तीमा छिर्‍यो। यो थाहा पाएका समथरका वाग्मतीका बासिन्दाहरू भन्छन्, 'कुलेखानीको बिजुलीमा हाम्रो पनि हिस्सा छ।'

वाग्मतीका बासिन्दाहरूले परम्पराका रूपमा जोगाइआएका खोला, पोखरी, इनार, सिमसार जस्ता पानीका स्रोतहरूको अस्तित्व फेरिएको छ। सहायक नदीहरूका किनारमा खडा उद्योग र खेतीमा बढ्दो विषादी प्रयोगको मात्राले पानी प्रदूषित भइरहेको छ। प्रदूषणको मात्रा बढेपछि विगतमा झैं साउन-भदौतिर माछाको बाढी 'अवार' आउन छोड्यो। काठमाडौंबाट बग्दै आएको प्रदूषित पानी प्राकृतिक रूपमा केकति प्रशोधित हुन पाउँछन् ? यसको कुनै लेखाजोखा छैन। तटबन्धले गर्दा त्यसभित्र निर्माण भएको सुक्खा जग्गाको उपयोग हुन सकेको छैन। नदीले स्थापित गरेको प्राकृतिक, सामाजिक र वातावरणीय सन्तुलन खलबलिएको छ। जल भण्डार र नदीजन्य पदार्थको अपुरणीय दोहन र स्रोतमाथिको अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएकाले अर्थतन्त्र र समाजको अवस्था डगमगाउन थालेको छ।



विगतमा समुदायमा परम्परागत सिंचाइ प्रणाली थियो। सर्लाही र रौतहटको बृहत् सिंचाइका लागि वाग्मती सिंचाइ आयोजना 'सेतो हात्ती' भएको छ। नदीसँग टाढिँदै गएको समुदायलाई राज्यले पनि यो त 'जीवन' हो भनेर अर्थ्याउन सकेको छैन। उता भारतपट्टि तटबन्ध अग्लो गरिँदा त्यसको सीमाञ्चलमा के प्रभाव पर्छ ? 'भारत रिसाउँछ कि ?' भनेर यस क्षेत्रका राजनीतिकर्मीहरू बोल्दैनन्। काठमाडौंलाई झन् मतलब छैन। आफ्नो नदी र त्यससँग जोडिएको संस्कृतिबारे बेखबर राजनीतिकर्मीहरूको बाहुल्य भएका बेला नदी र बाढी दुइटै आर्जनका अवसर भएका छन्। जबकि जमिन, जनशक्ति र जलभण्डार यस क्षेत्रको समृद्धिको आधार हो। संघीय प्रणालीमा नदी स्रोतको बाँडफाँड, वितरण र स्वामित्वको पहुँचका लागि संवादमा भएको ढिलाइले द्वन्द्व चर्किने स्थिति छ।

datelineterai@gmail.com

# हातहातमा स्यानिटरी प्याड



अम्बिका गैह्रे

**नेपालमा स्यानिटरी प्याडको सट्टा मेन्सुरल कपको प्रविधि भित्रिइसके पनि अझै प्याडमै सबै महिलाको पहुँच पुग्न नसक्नु विडम्बना हो।**

हरेक महिला आफ्नो जीवनकालमा करिब ६.२५ वर्ष महिनावारीसँग जुध्ने गर्छन्। विश्व अभ्यासलाई हेर्दा एक महिलाले सरदर १५,००० वटा स्यानिटरी प्याड प्रयोग गर्ने तथ्यांक देखिन्छ।

नेपालका सहरी महिलामा स्यानिटरी प्याड प्रयोगको आँकडा राम्रै हुनुपर्छ। बाहिर निस्कनु नपर्ने सहरी महिलाले भने घरायसी सामग्री नै प्रयोग गरेको पाइन्छ। गाउँघरमा प्याड प्रयोग गर्ने चलन त्यति छैन, जानकारी भए पनि प्याड किन्ने खर्च जुटाउन गाह्रो छ। जीवन धान्न दुई छाक जोहो गर्न धौधौ पर्ने हाम्रा धुलाम्मे जीवनहरूमा महिनावारीको रगतको के कुरा ! धूलोसँगै मिल्छ। उनीहरूका लागि महिनावारी स्वास्थ्य र सुरक्षा प्राथमिकतामा पर्दैपर्दैन। आर्थिक रूपमा समस्या नहुनेहरूले पनि परम्परागत कपडाले हुने ठाउँमा प्याड फजुल खर्च जस्तो बनिदिन्छ। प्याडमा खर्च गर्ने पैसाले छोराछोरी वा परिवारका अन्य आवश्यकता पूरा हुन्छन्। तर गम्भीर रोग निम्तिनुमा महिनावारीमा प्रयोग गरेकै फोहोर र घाममा नसुकाइएको कपडाको असर पनि हुन सक्छ भनी तिनलाई हेक्कै हुँदैन।

महिनावारीका कारण धेरै छात्राले विद्यालय छाड्नुपरेको समस्यालाई ख्याल गर्दै सरकारले सबै विद्यालयमा निःशुल्क स्यानिटरी प्याड कार्यक्रम अगाडि सारेको छ। तर नेपालमा उपलब्ध, आयातित वा स्वदेशी उत्पादन, स्यानिटरी प्याड कति सुरक्षित होलान् ? जवाफ कसैसँग छैन। नेपालमा पाइने स्यानिटरी प्याडको गुणस्तर कस्तो छ ? सुरक्षित महिनावारीको कल्पनामा एउटी छात्राले मक्ख पर्दै प्रयोग गर्ने प्याडले उसको स्वास्थ्य थप जटिल बनाउँदैन भनेर ढुक्क हुने अवस्था छ त ? अबको बहस स्यानिटरी प्याडको गुणस्तर तथा प्रयोग गरी फालिएका प्याडले वातावरणमा पार्ने असरतिर मोडिनु अत्यावश्यक छ।

नेपालमा भारतसहित चीन, जापान, सिंगापुर लगायतबाट प्याडको आयात हुन्छ। स्वदेशी उत्पादन पनि उल्लेख्य छ। नेपालमा प्याड उत्पादन गर्न आवश्यक कच्चा पदार्थमा भन्दा तयारी प्याडमा भन्सार थोरै हुँदा नेपाली उत्पादनले भारतीयसँग प्रतिस्पर्धा गर्न नसकेको व्यवसायीको गुनासो छ। तर प्याडमा प्रचारमा देखाइए जस्तो नभएर कटनबाहेक सिन्थेटिक फाइबर, नाइलन, प्लास्टिक, सेलुलोज जेल राखिएका हुन्छन्। यी सेतो नहुने हँदा सेतो पार्न गरिने ब्लिचिङका क्रममा निस्कने डाइअक्जिन तथा सोस्ने क्षमता बढाउन प्रयोग गरिने जेलले महिलाको पाठेघरको मुखमा क्यान्सर तथा बाँझोपन ल्याउन सक्छन्। अचेल महिलाहरूमा पाठेघर सम्बन्धी क्यान्सरको समस्या निकै बढ्दो छ। यसको एउटा कारण असुरक्षित स्यानिटरी प्याडको प्रयोग पनि हो। प्लास्टिसाइजिङ रसायनहरूले मुटुरोग र क्यान्सर तथा भ्रूण



नष्ट गर्ने समस्या निम्त्याउन सक्छन्, मधुमेह र थाइराइड समेत हुनसक्छ। दुर्गन्ध हटाउन तथा बास्नादार बनाउन प्रयोग हुने रसायनहरू स्वास्थ्यका लागि निकै हानिकारक हुन्छन्, रसायनले गर्भ नै नरहने समस्या उब्जाउँछ। समय-समयमा प्याड परिवर्तन नगर्ने तथा ६ घण्टाभन्दा बढी एउटै प्याड प्रयोग गरेमा ब्याक्टेरियाको संक्रमण हुन सक्छ। फोहोर संकलन गर्ने र छुट्याउने कर्मचारीको स्वास्थ्यमा पनि असर पर्न सक्छ। विशेष किसिमको मेसिनले बाहेक सामान्य तरिकाले जलाउन नसकिने, पानीको स्रोतमा पुगे पानी बन्द गर्ने, ढलनिकास बन्द गर्ने तथा माटामा ५०० देखि ८०० वर्षसम्म पनि नकुहिने हुँदा प्याडले जमिन प्रदूषण गर्छ।

नेपालमा लगभग ९० प्रतिशत प्याडको मागलाई आयातले धानेको छ। आयात गर्दा महिलाको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने यस्ता प्याडको गुणस्तर हेरिँदैन। स्वास्थ्यमा पार्न सक्ने प्रतिकूल असर र संवेदनशीलतालाई गौण रूपमा नलिई अरू सामानसरह आयात गर्ने प्रचलन छ। स्वदेशी उत्पादनमा पनि अन्य उद्योगसरह दर्ता गरिदिँदा काम सकिन्छ। स्वदेशी उद्योगलाई त झन् टेलिभिजनका विज्ञापनका आधारमा चर्चा कमाएका विदेशी कथित ब्रान्डले उँभो लाग्न दिएका छैनन्। त्यो कथित ब्रान्डभित्रको सामानको गुणस्तर भने कसैलाई थाहा हुँदैन। नेपालमा स्यानिटरी प्याडको गुणस्तर के हुनुपर्ने र कसरी हेर्ने भन्ने राष्ट्रिय मापदण्ड छैन। प्याडको गुणस्तरमा ध्यान नदिई रगत सोस्ने हिसाबले मात्रै लिइँदा स्वास्थ्यका दृष्टिले परम्परागत कपडाभन्दा केही फरक नहोला, तर खर्च भने बढाउँछ।

अहिले संसारभर स्यानिटरी प्याडबाट महिलाको स्वास्थ्मा हुन सक्ने तथा वातावरणमा पार्न सक्ने असर न्यूनीकरणबारे अध्ययन-अनुसन्धान र नयाँ प्रविधिको विकास भइरहेको छ। विकल्प खोजिन थालेका छन्। नेपालमा पनि प्याडको सट्टा मेन्सुरल कपको प्रविधि भित्रिइसकेको छ। तर पनि नेपाली महिलाहरूमा प्याडकै पहुँच छैन। प्याड सस्तो, गुणस्तरीय र सर्वसुलभ हुनु जरुरी छ।

नेपालमा व्यक्तिगत प्रयोगबाहेक स्यानिटरी प्याडको ठूलो बजार हस्पिटल सप्लाईको छ। कसरी सस्तोमा सप्लाइ गर्ने भन्ने होडबाजीले गर्दा गुणस्तर गौण बनेको छ। कुनै पनि सामग्रीको बजार सस्तो हुनु राम्रो हो, तर गुणस्तरसँग सम्झौता गर्नु पक्कै राम्रो होइन।

हाम्रा गाउँ-गाउँमा कपडाबाट पुनः प्रयोग गर्न सकिने प्याड उत्पादन गर्ने तालिम धमाधम सञ्चालन भइरहेका छन्। प्याड घरमै बनाउँदा सहज र सस्तो पर्ने हुँदा सबैको पहुँचमा पुर्‍याउन सकिन्छ र यो वातावरणीय दृष्टिले केही सुरक्षित पनि छ। प्रयोग गरिने कपडाको गुणस्तर तथा प्रयोगमा सरसफाइको अवस्थामा भने विशेष ध्यान पुर्‍याइनुपर्छ। नेपालमा वातावरणमैत्री जैविक प्याडको उत्पादन पनि छ। प्रयोगकर्तालाई त्यस्तो प्याडबारे थाहा छैन। सामान राम्रो र नराम्रो छुट्याउने त्यसको गुणस्तरले हो। हाम्रा प्रयोगकर्तालाई गुणस्तरका आधारमा छनोटको सुविधा छैन, किनकि यसबारे कहीँ कसैको ध्यान पुग्नसकेको छैन। तसर्थ सरकारले नै गुणस्तर संस्कृतिलाई गम्भीरताका साथ लिनुपर्छ। गुणस्तर मापदण्ड र नियमनकारी निकाय तोकी गुणस्तर परीक्षणपछि मात्र आयात गर्नुपर्छ। स्वदेशी उत्पादनको हकमा पनि परीक्षणको व्यवस्था गरी स्यानिटरी प्याडको प्रयोगबाट महिलाको स्वास्थ्य र सुरक्षामा पर्न जाने असर घटाउन तुरुन्त पहल गरिनुपर्छ।

*लेखक नेपाल गुणस्तर तथा नापतौल विभागकी केमिस्ट हुन्।*

# त्रिवि हिलाम्य

## १४ करोड लागतमा निर्मित उपकुलपति कार्यालय भवन हतारहतार उद्घाटन गर्दा समारोह अशोभनीय देखिएको भन्दै टीकाटिप्पणी भइरहेको छ ।

■ **सुदीप कैनी** (काठमाडौं)

त्रिभुवन विश्वविद्यालयको ६० औं वार्षिकोत्सव समारोहमा बुधबार नयाँ भवन उद्घाटन कार्यक्रम राखियो । कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीसहितका पाहुना उद्घाटनका लागि भवनसम्म पुग्ने बाटो भने हिलाम्मे थियो । सुरक्षाकर्मी र त्रिवि पदाधिकारीले पाहुनालाई हिलोबाट जोगाउन कार्पेट बिछ्याउने उपाय जुराए । विश्वविद्यालयमै रहेको पुरानो रातो कार्पेट झिकेर बिछ्याइयो । प्रधानमन्त्रीसहितका पाहुना हिलाम्मे 'रेड कार्पेट' माथि हिँडेर उपकुलपतिको कार्यालय भवन उद्घाटन गर्न गएको तस्बिर सामाजिक सञ्जाल र सञ्चार माध्यममा छताछुल्ल भयो । यसले त्रिविको भद्रगोल स्थितिलाई समेत प्रतिविम्बित गर्‍यो ।

मुलुककै जेठो विश्वविद्यालयको भौतिक पूर्वाधारका विषयमा केही दिनअघि नेकपाका नेता एवं सांसद भीम रावलले प्रतिनिधिसभामा प्रश्न उठाएका थिए । 'ज्ञानको केन्द्र त्रिविको शैक्षिक परिपाटी देख्दा दुःख लाग्छ, जताततै झार उम्रेको छ,' शिक्षामन्त्री गिरिराजमणि पोखरेलको समेत ध्यानाकर्षण गराउँदै उनले भनेका थिए, 'विभागहरूका सिलिङहरू भत्केर पानी चुहिने अवस्थामा छन्, हिँड्ने बाटो छैन ।'

सांसदले ध्यानाकर्षण गराएका तिनै मन्त्री पोखरेलले विश्वविद्यालय पुग्दा बुधबार हिलोको सास्ती खेप्नुपर्‍यो । त्रिविकै प्राध्यापकहरूले महिना दिनअघि कीर्तिपुरस्थित क्याम्पसका कक्षाकोठामा गाईबस्तुको भकारो सोहर्नुपरेको गुनासो गरेका थिए । 'विदेशी कुनै विद्वान् त्यहाँ पढ्न आए भने गाईबस्तु बाँध्ने हो कि पढ्ने ठाउँ हो भन्ने अनुभूति गर्छन्, विश्वविद्यालय कुन निकायले सुधार गर्नुपर्ने हो ?' सांसद रावलले संसद्मा भनेका थिए, 'ऐनकानुन कुन प्रक्रियाबाट सुधार गर्नुपर्ने हो, ध्यान दिनु अत्यावश्यक छ ।' १४ करोड लागतमा निर्मित भवन हतारहतार बुधबार उद्घाटन गर्दा समारोह अशोभनीय देखिएको भन्दै टीकाटिप्पणी भइरहेको छ । अघिल्लो दिनसम्म आँगन समथर पार्न डोजर लगाउने काम भइरहेको थियो । भित्री काम सकिए पनि बाहिर फिनिसिङ पूरा नहुँदै वर्षातका बेला उद्घाटनको कार्यक्रम राख्दा हिलाले प्रभावित गरेको त्रिविका कर्मचारीहरू बताउँछन् । हाल उपकुलपति कार्यालय रहेको भवन भूकम्पले क्षति गरेका कारण त्रिविको मुख्य प्रवेशद्वार र रेक्टर कार्यालय नजिकै भवन ठड्याइएको हो । त्रिविको भवन र शिलापत्र उद्घाटनपछि प्रधानमन्त्री ओली वार्षिकोत्सव र वार्षिक सभा बैठकमा सहभागी भएका थिए ।



हिलाम्य बाटामा राखिएको 'रेड कार्पेट' हुँदै समारोहमा जाँदै त्रिवि कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओली, सहकुलपति तथा शिक्षामन्त्री गिरिराजमणि पोखरेललगायत । प्रधानमन्त्रीले नवनिर्मित उपकुलपति कार्यालय भवन र मन्दिरको उद्घाटन गरेका छन् । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

### व्यवस्थापन संकायमा बढी उत्तीर्ण

वार्षिक सभा बैठकले त्रिविको ५७ औं ग्रेस लिस्ट पारित गरेको छ । जसअनुसार ५ अध्ययन संस्थान र ४ संकायबाट यस वर्ष ७० हजार ७७ विद्यार्थी उत्तीर्ण भएका छन् । सबैभन्दा बढी व्यवस्थापन संकायबाट २२ हजार ७ सय ९८ विद्यार्थी उत्तीर्ण भए । शिक्षा संकायका २० हजार विद्यार्थी पास भए । सबैभन्दा थोरै विज्ञान प्रविधि संकायबाट २ सय ६४ विद्यार्थी उत्तीर्ण भएका छन् । कुलपति एवं प्रधानमन्त्री ओलीले ग्रेस लिस्ट पारित गरेका हुन् । विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर र विद्यावारिधि पूरा गरेका विद्यार्थीको ग्रेस लिस्ट पारित गर्ने गरिन्छ । गत वर्ष ७३ हजार ९ सय जना उत्तीर्ण भएका थिए ।

कुलपति एवं प्रधानमन्त्री ओलीले मुलुकको आवश्यकताअनुसार प्राविधिक जनशक्ति उत्पादनमा जोड दिनुपर्ने धारणा राखे । सहकुलपति तथा शिक्षामन्त्री पोखरेलले कमीकमजोरी सुधार गर्दै अगाडि बढ्नुपर्ने औंल्याए । उपकुपति तीर्थराज खनियाँले विश्वभरका विश्वविद्यालयहरूको उत्कृष्टताको सूचीमा त्रिवि एक हजार र एसियामा तीन सयभित्र पर्न सफल भएको स्मरण गरे ।

# एप्सबाटै ट्याक्सी

■ **सीमा तामाङ** (काठमाडौं)

ट्याक्सी व्यवसायीले मोबाइल एप्समार्फत यात्रुलाई सेवा दिने तयारी थालेका छन् । यसका लागि उपत्यका ट्याक्सी व्यवसाय तथा चालक सेवा समाजले 'इजी ट्याक्सी नेपाल' नामको एप्स विकास गरेको छ ।

अहिले परीक्षणमा रहेको एप्समार्फत युरोप, अमेरिकामा प्रचलित उबर सेवामा झैं अनलाइनबाटै ट्याक्सी बोलाउन सकिने बताइएको छ ।

करिब ५ हजार स्वरोजगार ट्याक्सी चालक रहेको समाजको उक्त मोबाइल एप्समा पहिलो चरणमा ३ हजार ५ सयभन्दा बढी ट्याक्सी आबद्ध भइसकेका छन् । अन्य ट्याक्सी तथा चालक बिस्तारै जोडिँदै जाने समाजका अध्यक्ष सानु पुर्वाछाने मगरले बताए । 'एप्समार्फत यात्रुले दिउँसो र राति दुवै समयमा सेवा प्राप्त गर्न सक्नेछन्,' उनले भने, 'एप्समा आबद्ध चालकको ५ लाख रुपैयाँको दुर्घटना बिमा गरिनेछ ।' एप्समार्फत सेवा लिने यात्रुले वेबसाइट वा एप्समार्फत केवाईसी फर्म भरे ५ लाख रुपैयाँको दुर्घटना बिमा गरिने बताइएको छ ।

अन्य देशले सञ्चालन गरिसकेको एप्स नेपालमा पहिलो पटक सञ्चालनमा ल्याउन लागिएको हो । सरकारले तोकेकै भाडादर कायम गरिएको अध्यक्ष मगरले बताए ।

उपत्यकामा मात्र सञ्चालन गरिने यो सेवा लिन यात्रुहरूले उक्त एप्स डाउनलोड गरी दर्ता गर्नुपर्नेछ । यसका लागि कस्टमर 'लग इन'मा थिचेर आफ्नो नाम र नम्बर लेख्नुपर्ने हुन्छ । यात्रुले 'लग इन' गरेपछि त्यसमा देखिने 'रियल टाइम म्याप'मा आफू बसेको स्थानदेखि जाने गन्तव्य छनोट गर्नुपर्ने सफ्टवेयर कम्पनी इजी एस्युरेन्सका प्रबन्धक सन्जित पौडेलले बताए ।

यात्रुले एप्समा गरेको अनुरोधका आधारमा नजिकै रहेका ट्याक्सी चालकले त्यसलाई स्वीकार गर्नेछन् । उनीहरूले उल्लिखित यात्रुको मोबाइल नम्बरमा फोन गरी सेवा दिनेछन् । यात्रुले अहिले नगदमै र पछि डिजिटल वालेटमार्फत पनि भाडा भुक्तानी गर्न सक्ने पौडेलले बताए ।

**सरकारी दरमै सेवा दिने गरी 'इजी ट्याक्सी नेपाल' एप्स परीक्षण गरिँदै**

एन्ड्रोइडको प्लेस्टोरबाट डाउनलोड गरेर सेवा लिन सकिने यो एप्स चाँडै आइफोनको एप स्टोरबाट पनि डाउनलोड गर्न सकिनेछ । यात्रु ठगिने र भाडामा भएका बेथिति हटाउन समाजले एप्स सञ्चालनको तयारी गरेको पौडेलको भनाइ छ । 'एप्समार्फत यात्रु ठगिने कार्य न्यून हुन्छ,' उनले भने, 'डिजिटल भन्नेबित्तिकै महँगो भनिन्छ तर एप्स सरकारी दरमै कायम छ ।'

एप्सबाट गरिएको अनुरोधपछि ट्याक्सीले ५ मिनेटभित्र यात्रु भएकै स्थानमा पुगेर सेवा दिने उनले बताए । उनका अनुसार ट्याक्सी चालकलाई ५ लाखको दुर्घटना बिमा, परिचयपत्र, ड्रेस दिने व्यवस्था गरिएको छ ।


# बर्गिकृत विज्ञापन

## घर जग्गा

घरजग्गा खरिदविक्री गर्नुपरेमा 9851027364, midasrealestate9@gmail.com

सांखु बजार नजिकै टुक्रा घडेरीहरू सस्तोमा ९८५१०२१६५९, ९८६१३९६९९०

गोंगबु घनेश्वरचोक नजिकै टुक्राजग्गा ९८५१०८१५३९

सानागाउंको २.५ तल्लाको घर ९८२३८५२९६०

**बुढानिलकण्ठ बोडिंग पछाडि १-१-२-०, ९८४९०६३७६०**

कपनआकाशेधारामा ०-६-०-०, कपनवालुवाखनीमा ०-५-१-०, ०-४-०-०, सुकेधारा, कपनचुनिखेल, बुढानिलकण्ठमा घरजग्गा खरिदविक्री ९८४१३४५००५

भैसेपाटी एरीयामा छुट्टाछुट्टै घडेरीहरू, घरहरू विक्रीमा ९८४१५१५३०२

बुढानीलकण्ठ घुम्ती मेनरोडमा ०-८-३-० क्षेत्रफलभएको ३तल्ले कमरशियल घरविक्रीमा(१ लाखमाथि भाडाआउने) ९८४१३४७७९६

बालकोट बसपार्क देखि १.५ किमि दुरीमा आकर्षक घरहरू विक्रीमा जग्गासंग पनी सट्टापट्टा गर्न सकिने ९८५११७६३८१, ९८६५४३८१०५

भक्तपुर ताथली पिचसडक देखि अन्दाजी १ कि.मि दुरीमा आकर्षक प्लानिङ्ग घडेरीहरू विक्रीमा प्रतिआना ६५०,००० देखि ८००,००० सम्म सम्पर्क ९८५११७६३८१, ९८६५४३८१०५

हेटौडा हुप्राचौर प्लानिङ्गको जग्गाबिक्रीमा 9841777308

नख्खु दोश्रो आवाससंगै भैसेपाटीमा ०-३-२-३ ०-६-१-० जग्गा बिक्रीमा ९८५१०८६१२१

जडीबुटीमा ५आना, भक्तपुरमा ९आना टुक्रा जग्गा बिक्रिमा ९८६१८६५३४८, ९८५१२९६९९९, ९८५१०७८७४५

टोखा चण्डेश्वरी Ncell टावर अगाडि हाईटमा ढलपानी बिजुलीको सुविधायुक्त २-२-२-०जग्गा ९८५१०५०२४९

पेप्सीकोला नजिक घर 9863948080, 9841800978

वालकोटहाइट कौशलटारबाट १किमी ०-५-३-० ९८४१२३७३७४

भक्तपुर ताथली जनकपुर इन्जिनियरिङ्ग कलेजछेउमा ०-४-२-० जग्गाआनाको ११लाखमा ९८०८८३२५६२

**कपन पन्चकन्याटोलमा ७ आना प्रतिआना २३ लाख 9823827885**

**निजगढ प्रभातबस्तिमा १ कठ्ठा १७ धुर प्रतिधुर ३ लाख, टुक्र्याएर दिन सकिने मुल्य १ करोड १० लाख 9845097957**

**निर्मल निवास पछाडि बिसफिटे बाटोमा ४ आना प्रतिआना ६५ लाख 9823827885**

**धुलिखेलमा टुक्राजग्गाहरू प्रतिआना ८लाख ५.५,५.५ 9860890254**

यंगालमा ०-१-२-२जग्गा प्रतिआना १,२५,००,०००।-, संगमचोकमा ०-३-०-१ प्रतिआना ६०,००,०००।- ९८५१०२४६७८

दिव्येश्वरी आयोजना सानोठिमिमा घडेरीहरू 9851209035

कौशलटार पिच बाटोमा घडेरीहरू ९८५१०९३५११

बुढानिलकण्ठ हाईवेमा सिद्धार्थकोलोनीको अपोजिट पूर्वपट्टि १००मि.भित्र १-१३-०-० जग्गाबिक्रीमा टुक्रागर्न पनिमिल्ने पुरैलिनेलाई विशेषछुट 9851036108, 9869051774

बालाजु माछापोखरीबाट ८००मि.भित्र ०-३-०-० माहालसालै बनेको २.५तल्ले घरबिक्रीमा 9864248472

ललितपुर इमाडोलमा आकर्षक घर ९८४०१५३९७५

गुर्जुधारा नजिकै व्यापारिक ०-४-२-० ९८०८४२१४५८

**कोटेश्वरमा घर विक्रीमा 9841993312,** 9841778862

बौद्ध नजिकै ०-३-०-० जग्गा विक्रीमा 9841567917

इमाडोलमा चारआनाजग्गा बिक्रीमा मूल्य असिलाख 9849058400 फोन-११ बजेपछीमात्र नोदलाल

बइमाडोलमा ०-४-०-० जग्गा बिक्रिमा ९८४४१५४०८०, ९८५१०७४३०७

नयांठिमी चारदोबाटो नजिक ०-१२-०-० जग्गा ९८४३१४१८०५

बुढानिलकण्ठ मानबहादुर मार्गमा २६ फिटको बाटोमा ४ र ५ आनाको जग्गा २३ लाख आनाको दरले विक्रीमा ९८५१००१३२५

२५ कठ्ठामा निर्माणाधीन आकर्षक होटल प्रोपर्टी: काठमाण्डौंको घर/जग्गासंग तुरुन्तै सट्टा-पट्टा गर्नसकिने 9818710834

टिकाथलीमा ०–७–२–० जग्गा बिक्रिमा मुल्य १करोड १०लाख ९८५१०५५७२२

टोखा मालपोत अगाडीको ०-३-०-० ०-४-०-० ०-५-०-० नगरबिकासबाट स्वीकृतप्रात्त सुबिधासम्पन्न घडेरीहरू प्रतिआना १९,००,०००। बिक्रीमा सिधासम्पर्क ९८५११४१७०० ९८४१८२४०९१ ९८४१४४४१४१ ९८४१३२२३५२

ग्राण्डीहस्पिटल नजिकैको ०-४-०-०, ३-तलेघर बिक्रीमा, ठमेल कालधाराको ०-४-२-० जग्गाबिक्रीमा 9848593199

आरुबारीबसपार्क नजिकै २.५-तल्ले नयाँघर १,२०,००,०००।- 9802012142

ताहचलमा ०-५-१-० बङ्गलो 9841399733, 9803040106

गट्ठाघरदेखि १ किमि भित्र बालकोट, भक्तपुरमा २०७५ सालमा निर्माण सम्पन्न १२x१२ पिल्लर भएको, ८ कोठे, २.५ तल्ला, नयां बङ्गला तुरुन्त विक्रीमा(दलालले कष्ठ नगर्नुहोला) सिधा सम्पर्कः ९८१९११७७४१

बुढानिलकण्ठमा दक्षिणमोहडा ०-७-०-० प्रतिआना ३०,००,०००/- ९८१५५३३८०८/-

चोभारहाइटमा बाटोछोएको जग्गाहरू १५-आना १४-लाख ९८०३९१०९०८

## सवारी साधन

TataSafari भाडामा ड्राइभर सहित ९८४०२४६४२३

ISUZU with Finance, Scorpio CRD4W 9851024678

८०लटको बजाज एभेन्जर १,९५,०००।- ९८५११८७५४०

## मेशिन औजार

single color sakurai oliver offset machine 9851076188

pri-inked flash rubber stamp and engraving machine 9851025036

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा ऋणलिन 9851243313, 9851014416

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

सेकेण्डह्याण्ड फर्निचर खरिदबिक्री 9851234047 9849234047

Cash Deposit बिदेशकोलागी सस्तोमा 9803453019

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

Cash deposit. Without collateral 9841756349

पत्रपत्रिकामा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८४१५३२९३३

धितोराखी ऋण चाहिएमा ९८६५५८९१७७, ९८६६१८०८७४

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८८०५६२७०४

Cash Deposit बिधार्थीका लागी 9815151535

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

नयां आधुनिकघरहरू निमार्ण गर्नुपरेमा ९८४१६८८०१२, ९८१८९०१२०६

बिधार्थीलाई सस्तोमा Cash Deposit 9818013909

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

**चलिरहेको कम्पनीलाई आधाआधा चलाउनेगरी उपत्यकाभित्रको धितोचाहियो 9814096905**

विद्यार्थीलाई सस्तोमा cash deposit 9863646909, 9863178795

## विविध विक्रीमा

पुतलीसडकचोकको रेष्टुरेण्टअथवा कन्सलटेन्सीकोलागि खाली ठाउबिक्रिमा ९८६९२२२९६६

बानेश्वरमा चलिरहेको ब्वाईज होस्टल बिक्रिमा ९८५८०५८६५६

डेरी सस्तोमा बिक्रिमा व्यस्ताताले 9841466604

चावहिल गोपिकृष्ण हलपछाडि चलिरहेको Sameplace Resturant विशेषछुटसहित तुबिक्रिमा 9808477944

जावलाखेलमा १०० सिट क्षमता भएको रेष्टुरेन्ट बिक्रिमा ९८८०६०१४८१

अतिसस्तोमा कुखुरा फार्म बिक्रीमा ९८१८३१४६९७

चावहिलमा चलिरहेको रेष्टुरेन्ट बिक्रिमा ९८२३०३७१२४, ९८४१९७३०३६

नाफामा चलिरहेको क्याफे जोरपाटी 9861987016

गौरीघाट चोकमा कस्मेटिक पसल 9860630105

चलिरहेको Burger, momo shop तु-बिक्रीमा पुल्चोक 9861566563

बेकरीशोरुम तु.विक्रीमा शंखमुल 9848520825, 9860066147

क्याफे, रेष्टुरेण्ट बिक्रीमा नारायणटार 9818349125

कुपण्डोलमा राम्रोचलिरहेको तन्दुरी भोजनालयबिक्रिमा(ब्यापार हेरेर लिनसकिने) ९८५११५७२९६

सानोभऱ्याङमा किराना र डेरी पसल बिक्रिमा ९८४१७७१११६

टोखाको ८ आनामा बनेको ३ सटर सहितको कारखाना बिक्रिमा 9863841767

क्यानडा जानुपरेकोले गाईफार्म बिक्रिमा ९८१०३१२६४४

अतिसस्तोमा कुखुरा फार्म विक्रीमा ९८२३५५६०५२

19x25 Czech offset machine बिक्रीमा 9843609940

Crossfire 250RR bike बिक्रीमा 9860831677

राम्रोमुनाफामा चलिरहेको स्टेशनरी तुबिक्रिमा लैनचोर ९८४९३६४५३३

पुतलीसडकमा चलिरहेको रेष्टुरेन्ट तुबिक्रिमा ९८१५०९८५०५, ९८१५९८६३३१

नयाँ बसपार्कमा होटल बिक्रीमा 9823763315

नयाँबसपार्कमा चलिरहेको गेस्टहाउस तुबिक्रीमा ९८४१८००१९८

चन्द्रागिरी केवलकारसंगै चालुअवस्थाको किरानापसल तुरुन्तबिक्रिमा ९८०८७१२७५८, ९८४१४०६८१३

LRI स्कूलनजिकै चालुअवस्थाको किरानापसल तुरुन्तबिक्रिमा ९८५११३८२८३

थानकोट चन्द्रागिरीजाने पिचबाटोमा कर्मसियल ५आना जग्गाबिक्रीमा ९८६१८०४५३८, ९८४९००२७४१

बाईपासमा चलिरहेको होटेल बिक्रीमा 9849718981

चलिरहेको गेष्टहाउस तु.बिक्रीमा 9880553281

बसन्तपुर चिकनमुगलको सानो क्याफे बिक्रीमा ९८४८६६६५९०

100MB को X-Ray मेशिन बिक्रीमा ९८०८५४०६७५

## निर्माण सफाई

सेफ्टीटैंकी ढलट्वाइलेट मंगाल जामभएमा ९८५१०७९२३५, ०१-४४५११६९

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१०, ९८४१२६६९५०

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849519040

ढलमंगाल, ट्याइलेट जामखोल्ने 9851013512, 9841607856

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9863806904

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9851024861

इनार, रिजर्ब टेङ्किसफाई प्लम्बिङ्ग, ढलट्वाइलेट जामखोल्ने 9841404088

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

इनारसफाई, प्लम्बिङ्ग, रिजर्बटेङ्कीसफाई, बोरिङ्गफिल्टर, ढलजामखोल्ने 9851168028

सेफ्टीट्याङ्की ढलट्वाईलेट सफाई 9851247369, 9861847457

सेफ्टिटैंकि सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१-५१८२४०१

सेफ्टिटैंकि सफाई सस्तोमा ९८४१३४३४८७, ०१-४४६४५६८

प्रोफेसनल पानीट्यांकि सफाई ९८५११५२२९९, ९८४१३६७८५१

सेफ्टिट्यांकि सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

भ्याकुमबाट सेफ्टिट्यांकि सफाई ०१-४११४४५५, ०१-५७१२६७१, ९८५१०५२२९९

ढलट्वाइलेट, मंगालबनाउने जामखोल्ने 9840540700, 9866457955

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/ 9843768737

सेफ्टीट्यांकी सफाई ठूलोगाडीमा मेसिनबाट 5251092, 9851024364

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9841691494, 9823859294

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलट्वाइलेट मंगाल जामखोल्ने ईनार 9841934680

रिजर्ब टेङ्कीसफाई, फिल्टरमर्मत, ढलजडान, ढलट्वाइलेट, जामखोल्ने 9851116022

## भाडामा

फ्ल्याट भाडामा ९८४१५०७१६७ धापासी श्रीटोल

Scorpio & Car भाडामा ९८५१०४३५३७

पानीपोखरीमा सुविधायुक्त वंगला भाडामा ९८२३७२७९३३

ललितपुर ढोलाहिटि मेनरोडमा 5,400/- Sq.ft पार्कीङ्ग सहित घर भाडामा, 9851114104, 9851071590

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

रुल्याट, बंगलो, अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com 9801117335

भक्तपुरको बालकोटमा अत्याधुनिक फ्ल्याट ९८५१०१९७५९

सितापाइला रिङ्गरोडनजिक ५-०-०-० खाली जग्गाभाडामा ९८६०८०३१४९

New Building Rabibhawan 70,000/ 9856025003

कौशलटारमा अढाईतल्ले घर पुरै ९८५१०५५१४०

शंखपार्क रिङरोडको एमालेपार्टी कार्यालयपछाडी २.५तल्ले घरभाडामा 9864540396

सातदोबाटो टुटेपानीमा ४ बेडरुम २ कार पार्किङ्ग सोलार सहित तातोपानीको सुविधा भएको फ्ल्याट भाडामा ९८०८६३७४३५

महालक्ष्मीस्थान मेनरोड ललितपुरमा फ्ल्याट ९८५१०५४८८९

घर फ्ल्याट भाडामा लिनदिन 9813672969

मध्यवानेश्वरमा सानोकोठा, अफिसियल फ्ल्याटखाली, 9841659007

## चाहियो

Salesboy, Salesgirls 13,500/- बालाजुचोक 9813683313, 9818645542

चक्रपथ अफिसलाई स्टाफ 15,500/- 9823841868

तिनकुनेचोकैको International CSSकम्पनीलाई अफिसस्टाफ 29,500/- पढेनपढेका महिलापुरुष जोकोहिले गर्नमिल्ने 01-5199302, 9823705671

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9842942463, 9803390405

Basic English Typing Job 24500/- 9803434644 Chabahil

गोंगबुचोकैको GAPकम्पनीलाई कर्मचारी आवशयकता 18,500-35,000/- 9866455390, 9808717894

Salesgirl/ Salesboys महाराजगंज 15,500/- 9818702341

कलंकिचोकमा पढेनपढेका कर्मचारी अर्जेन्ट २८,०००/- 9813558061, 01-5234618

चाबहिल अफिसलाई SLC+2, 15,500/- 9851048039, 9823365740

बालाजुअफिसलाई कर्मचारी 15,500/- 9813109357, 9869540591

Salesboy/ Salesgirl बालाजु 15,500/- 9818536944, 9861178330

खानबस्नसहित कलंकीमा कर्मचारी 15,500/- 9813374034, 9846819731

ग्वार्कोचोकैको PGLअफिसलाई अफिसस्टाफअर्जेन्ट 18500/- +खाजाभाडा बोनस जोकोहिले गर्नमिल्ने 9808728580, 9846599866

बालाजुमा Salesgirl 15,500/- 9823788909, 9868060201

चाबहिलमा पढेनपढेका सबैलाई आजैबाटरोजगार टाईपिङ्ग, पेपरकटिङ्ग, चाईनिजमाला बनाउनेमा १८,५००/- ०१४४८७८७८, ९८०८३२२२३१

जोरपाटीचोकैमा चाईनिजमाला, अंग्रेजीटाईपिङ्ग, फोनअपरेटर, पेपरकटिङ्गमा पढेनपढेका महिलापुरुषहरूलाई आजैबाट रोजगार रु.१८,५००/- खाजागाडीभाडा ०१४९१२८६७, ९८१३५२८०११

खानबस्नसहित कर्मचारी 18,500/- बल्खुचोक 9823091703, 9860909328

कुक वेटर खानबस्न 9000/– 12000/– 9810118432

पेपरकटिङ चाइनीजमाला 18000/–24000/– 9810118432

सेक्युरिटिगार्ड अर्जेन्ट 12000/-18,000/- 9810118432

मित्रपार्कको ओमसाई अफिसमा साधारणदेखि SEEabove कर्मचारी आवश्यकता 31,000/- +खाजाभाडा 9810286955, 9860912207

Primary Grade Teacher Balaju 9841069734

गङ्गबुमा +2कर्मचारी 15,500/- 9823748140, 9860768436

चावहिलचोकैमा English टाईपिङ्ग, पेपरकटिङमा पढेनढेका कर्मचारीहरू रु.२४,५००।- खाजागाडीभाडा ०१४४६१९६३, ९८१७७४९६१२

नयांशाखालाई कर्मचारी 13,000/- +TA 9866495854, 9808835855 चाबहिल

गंगबु अफिसलाई कर्मचारी 15,499/- 9849365964, 9824937551

कर्मचारी तुआवश्यकता तलव 18,000 9823802766 9851227553

कालिमाटीचोकमा पढेनपढेका कर्मचारी अर्जेन्टरु. २०,०००/- ९८१३५८६५२२ ९८६१८८१८४५

गोंगबुचोकमा महिलापुरुष गृहिणी विद्यार्थीलाई रोजगार रु. २५,०००/- ०१-४३६३०५८, ९८१३००५००९

घरमा कामगर्ने महिलाहरू चाहियो ९८०३८८०७९६

१३-कर्मचारी कलंकी 15,500/- 9851024779, 9803020021

कालिमाटी अफिसलाई कर्मचारी 15,500/- 9818473874, 9860012372

बेकरी उद्योगको लागि बेकरीका विभिन्न उत्पादन गर्न बेकर चाहियो 9851072050 ,4230772

बसुन्धाराचोकको NGO अफिसलाई कर्मचारी अर्जेन्ट 9808962167

सेफ,वेटर, हाउसकिपिगं,वेटरक्याप्टेन सुमेरु होटल सुर्खेत ९८५१०६६७५०

Secondary Level Population HPE ,Lower Secondary Math, Science and Hostel teachers Jagati Bhaktapur 016610395, 016617801, 9841987545

औषधी पसललाई फार्मेसी तु.आवश्यकता ९८४३१८८९०५

कस्मेटिक अफिसलाई कर्मचारी 14,500/- 9823556499

कस्मेटिक कम्पनीमा कर्मचारी 13,500/- 9818620949

कस्मेटिकलाई इमान्दार कर्मचारी 15,500/- 9818715624

कस्मेटिकभित्र इमान्दार कर्मचारी 15,500/- 9813644084

ललितपुर एकान्तकुनामा मिट मार्टकोलागि कटिङ्ग गर्न जान्ने कामदार चाहियो ९८१३६६९२७१

मोवाईल मर्मतकोलागि मिस्त्री चाहियो कलंकी 9851097669

अनुभवी कुक, हेल्पर हरिसिद्धि ९८६९३४४३८७

अफिसलाई इमान्दार कर्मचारीहरू १५,९९९/- ९८१३३७१०५५

+2पास मोटरसाईकल भएको Staff 9851032865

Urgently Receptionist चाहियो 014364778 बसुन्धारा

सेफ, कुक, क्यासियर, वेटर चाहियो 9843411515, 9851118417

कलंकी रेष्टुरेण्टलाई अनुभवि कुक पाटनर चाहियो 9849537990

म:म बनाउने अनुभवी मिस्त्री तु.चाहियो हप्ता छुट्टी तलब-१३०००।, ०१४२२०४१२, ९८५१०४१५७२ न्यूरोड

फोन उठाउनको लागि कर्मचारी आवश्यकता तलब १०,५००-३५,००० 9803153867

गोगबुमा रेष्टुरेन्टकोलागी अलराउण्डर कुक ९८५७६८५४३६

Rungmangs Kitchen & Bar लाई कुक- २, सेफ- १, वेटर- १, बौद्धगेट अगाडी, 9843755937

साईकल सेल्सम्यान salary 25000/ 9818300801

फेन्सी पसलमा सेल्सगर्ल सेल्सब्वाई 9823032573

Account, Economics, English Teachers, 01-4229736

**नेपालीटाइपिष्ट- २०,०००/-, कम्प्युटरअपरेटर- २५,०००/-** ९८४००५०५७१

रेष्टुरेण्टकोलागि कुक, मसाल्ची चाहियो 9861615576

पढेनपढेका महिलापुरुष कामदार २६,५००।- 9810260716

अनुभवी कुक हेल्पर 9802082245 9841669436

सेल्स गल डेल्लीभरी बोइ रिसेप्सन 9813699233

इलेक्ट्रेसियन तथाप्लम्बर चाहियो 9851141044

Math English Teachers Wanted 9851241880

कपडा पसलमा सेल्सर्गल १३,०००। 9866470309

लाइट ड्राइभर तलब २०,०००। 9818109540

कोटेश्वर कस्मेटिकभित्र कर्मचारी 12,500/- 9823280255

Ladies English Teachers (Primary) Attractive Salary Chabahil 01-4471549, 9841200709

## मर्मत

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

सेफ्टीट्याङ्की, ढलट्वाइलेट, मंगाल, जामखोल्ने 9851024676

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

सेफ्टीट्याङ्की सफाई जामखोल्ने 9808206288, 9808210706

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१०, ९८४१२६६९५०

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलमंगाल, जामखोल्ने सेफ्टीट्याङ्की 9813867373, 9844531660

ढलट्वाइलेट, मंगालबनाउने जामखोल्ने 9840540700, 9866457955

Nepal has got the first repair service, Calibration Center with "FOUR COLLIMATOR SYSTEM" for undertaking repair and maintenance of all brands of surveying instrument. ADVANCE TECHNO SOLUTIONS Maitighar, 9860568322, atssurvey9@gmail.com

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४११६०३५६

ढलमंगाल, जामखोल्ने, सम्पूर्णनिर्माण 9841559659, 9843052042

फ्रिज, वासिङ्गमेशिन LEDTV माइक्रोवेभ घरैमामर्मत ९८५१११५६१२३

LEDTV फ्रिज, वासिङ्गमेसिन, माइक्रोओभन AC ग्यारेन्टीसाथ मर्मत ९८५१०५९६२९

घरैमा फ्रिज, LED-T.V, 01-4464254, 9841296192

## भर्ना

प्राईभेट SLC भर्ना खुल्यो ९८१३४७८६३३

प्राईभेट SLC भर्ना खुल्यो ९८४१००७८२२

भिडियोग्राफी, प्राइभेट SEE, +2, 9860579477

## तालिम

डोजर, जेसिबी, एक्साभेटर अपरेटरतालिम फ्रीहोस्टेल 9808178842

CTEVT मान्यता मन्टेश्वरीतालिम 9851098136, 01-4475063

निशुल्कमा मोबाइल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

डल्लोसाबुन, सरफ, फ्रोलसाबुन, फिनेल, हार्पीकतालिम ९८४९३०९३८७

## उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

पाईल्सको उपचारसंगै घरमै औषधी डेलिभरी सुविधा 9841240760

100% लिङ्गबढाउने Cream शंखमूलचोक ९८२१११३७७९

## पशुपंक्षी

गुणस्तरीय कुकुरहरू विक्रीमा माउण्ट-एभरेष्ट केनल 4495668, 9841031037

## बिहावारी

देश विदेशमा भएका बर-बधुकोलागि बिन्दाम्यारिजब्यूरो 01-6637824, 9803873032

डिभोर्स विधुवा वधु चाहियो 9869612342

डिपेन्डेनभिषामा अष्ट्रेलियाजाने वरवधु चाहियो ९८०८९५५११०

३६ देखी ४५ डिभोर्समहिलाले सम्पर्क ९८०९२५६९४८

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वर | ४४९२३०९ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | बागबजार | ४२४१२१२, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | नक्खु चोक | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५५२५५५०, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |

## बर्गीकृत डिस्प्ले

श्याम/श्वेत रू. ३०००/-

स्पट कलर रू. ३५००/-

मल्टी कलर रू. ५०००/-

## बर्गीकृत विज्ञापन

साधारण प्रति शब्द रू. ४५/-

बोल्ड प्रति शब्द रू. १००/-

* मू.अ.क. बाहेक

# ओमानमा घट्दै नेपाली कामदार

सात वर्षअघि ४५ हजार नेपाली कामदार रहेकामा अहिले करिब २० हजार मात्रै छन् ।

**होम कार्की** (मस्कट, ओमान)



ओमानमा रहेका नेपाली कामदार । *तस्बिर : कान्तिपुर*

स्याङ्जाका ५३ वर्षीय प्रेम भट्टराईले आफ्नो भरभराउँदो उमेर ओमानलाई नै दिए । तीन दशकदेखि ओमानमा कार्यरत उनी अझै स्वदेश फिरिहाल्न तयार छैनन् । अर्धसरकारी अलमुज्लिस फुड कम्पनीमा कार्यरत उनी भन्छन्, 'ओमान मेरा लागि दोस्रो घरजस्तै भइसक्यो । यहींबाट मैले छोराछोरीलाई आफ्ना खुट्टामा टेक्न सक्ने बनाएँ । मेरो शरीरले पसिना बगाउन नसकेको दिन मात्र घर फर्कन्छु ।'

भट्टराई ओमान आउनुअघि भारतमा काम गर्थे । आफ्नो साहुसँगै उनी ओमान छिरे । 'त्यस समयमा सबै भारतीय कम्पनीको पछाडि लागेर आउँथे । अधिकांश घरेलु कामदार बन्थे,' उनले भने, 'म्यानपावर कम्पनी थिएन ।' भट्टराई सन् ९० को दशकमा ओमान आउँदा नेपालीलाई शिला जसरी खोज्नुपर्थ्यो ।

गल्फटार कम्पनीले एकैपटक सयभन्दा बढी नेपाली कामदार ल्याएको थियो । गल्फटारमा आएकाले तोकिएको समयभन्दा पहिला नै काम सम्पन्न गरिदिएपछि नेपाली कामदारको इमान्दारिता र मिहिनेतको बखान हुन थालेको भट्टराई बताउँछन् । त्यसपछि अरू कम्पनीको रोजाइ नेपाली हुन थाल्यो । कार्यक्षेत्र बिस्तार भयो । 'होटल, रेस्टुरेन्ट, कन्स्ट्रक्सन क्षेत्रमा नेपाली देखिन थाले,' उनले भने, 'पछि इन्जिनियर नै आउन थाले । अहिले क्याम्पस पढाउनेहरू नै छन् ।'

भारतीय, बंगलादेशी, पाकिस्तानीको दबदबा रहेको ओमानमा प्राथमिकता थाले पनि औपचारिकभन्दा घरेलु कामदारकै रूपमा नेपाली आउनेक्रम बढ्यो । लालु हाइपरमार्केटमा १० वर्षदेखि व्यापार गर्दै आएका जोरपाटी, काठमाडौंका बालकृष्ण परियारका अनुसार ओमानले नेपालीलाई प्राथमिकता दिइरहे पनि श्रम बजारमा नेपालीको संख्या निकै कम छ ।

**अरू देशका बढे, नेपाली घटे**

ओमानमा कुल जनसंख्याको ४४ प्रतिशत विदेशी कामदार छन् । ओमानमा १८ लाख १९ हजार विदेशी कामदार छन् । प्रहरीले सार्वजनिक गरेको तथ्यांकअनुसार भारतीय कामदार ७ लाख २६ हजार, बंगालदेशी ६ लाख, पाकिस्तानी २ लाख रहेका छन् । बाँकी अरू देशका नागरिक छन् । नेपाली दूतावासका अनुसार २० हजार नेपाली छन् । त्यसको झन्डै ८० प्रतिशत घरेलु कामदार छन् । अरू देशका कामदार बढ्दै छन्, नेपाली घट्दै छन् । सन् २०१२ अघिसम्म नेपालीको संख्या ४५ हजार पुगिसकेको थियो । अधिकांश हाइपरमार्केट, निर्माण कम्पनी, बजार व्यवस्थापन र होटल क्षेत्र र सरकारी निकायका सहयोगी कामदारका रूपमा ल्याइएका थिए ।

सेप्टेम्बर २०१३ मा नेपाली दूतावास स्थापना भएपछि कामदार आपूर्तिमा झन् सहज भएर नेपालीको संख्या बढ्ने अपेक्षा गरिएको थियो । 'कूटनीतिक बिस्तारले नेपालीलाई थप राम्रा अवसर जुर्नेछन् भन्ने ठानेका थियौं,' १२ वर्षदेखि ओमानमा कार्यरत पालुङ, मकवानपुरका राम तामाङले भने, 'तर सोचिएजस्तो नेपाली बढेनन् ।' कतारस्थित नेपाली दूतावासमा बढेको मागपत्रको चापलाई धान्न नसकेपछि मन्त्रिपरिषद्ले सन् २०१२ अक्टोबरदेखि लागू हुने गरी व्यक्तिगत श्रमस्वीकृतिलाई हाडनातामा कायम गरिदियो । अर्थात् विदेशमा रहेको व्यक्तिको परिवारका सदस्य मात्र व्यक्तिगत रूपमा जान पाउने भए । चिनजानकाले आफू काम गर्ने कम्पनीबाट मिलाइदिएको भिसाबाट जान नपाइने भयो । 'ओमानमा अवसर गुम्नुको प्रमुख कारण यही हो,' एनआरएनए ओमानका पूर्वअध्यक्ष दीपक श्रेष्ठले भने, 'म्यानपावर कम्पनीले मार्केटिङ गरेर कामदार आपूर्ति गर्न सकेनन् । यहाँ काम गर्नेले साथीभाइलाई चाहेर पनि अवसर दिलाउन पाएनन् ।'

श्रम मन्त्रालयले संस्थागत (म्यानपावर कम्पनीबाट) वैदेशिक रोजगारीमा पठाउने नीतिलाई प्रवर्द्धन गर्‍यो । वैदेशिक रोजगार विभागले 'ठगी भए म्यानपावर कम्पनीलाई समात्न सकिन्छ, क्षतिपूर्ति दिलाउन सकिन्छ, अलपत्र परे उद्धार गर्न सकिन्छ' भन्दै म्यानपावर कम्पनीबाहेकबाट जान नपाउने नीति लियो । जुन नीति कतारमा बढ्दो ठगीमा आधारित भएर लिइएको थियो । संस्थागत/व्यक्तिगत जुन तवरबाट गए पनि स्पोन्सर एउटै हुन्छ । 'बोलाउने साथीभाइ स्पोन्सर होइनन् । उनीहरू दूतावाससम्म कागजात बोकेर गइदिने वाहक मात्रै हुन्', नेपाली समाज ओमानका अध्यक्ष लीलानाथ कोइरालाले भने, 'मन्त्रालयको बुझाइ गलत भइदियो । त्यसरी आउनेसँग अझ सक्कली करारपत्र हुन्छ भन्ने बिर्सिदियो ।'

नेपाल र ओमानका म्यानपावर कम्पनीहरूबीच अन्यत्रको जस्तो दरिलो सम्बन्ध देखिएको छैन । 'व्यक्तिगत रूपमा आउने स्थितिमा नेपाल सरकारले खाडीका अरू देशलाई भन्दा ओमानलाई फरक हिसाबले हेर्न जरुरी छ,' परियारले भने । ओमान सरकारको नीति पनि आफ्ना नागरिकलाई रोजगार दिने भन्ने छ । ओमानी बेरोजगारी धेरै छन् । उनीहरूले गर्न नसक्ने क्षेत्रमा मात्रै विदेशी कामदारले मौका पाउँछन् । सार्वजनिक यातायातका चालकदेखि सेवामूलक क्षेत्रमा अनिवार्य ओमानी हुन्छन् । पछिल्लो समय व्यवस्थापन तहमा अनिवार्य ओमानी राख्नुपर्ने भएको छ । 'यसले नेपालीलाई त्यति असर पर्ने देखिँदैन,' श्रेष्ठले भने, 'असर नपर्ने क्षेत्रमै हाम्रो उपस्थिति न्यून छ ।'

ओमानको निर्माण क्षेत्रभन्दा बढी होटल क्षेत्रमा कामदारको माग धेरै छ । 'होटल रेस्टुरेन्टले एकै पटक धेरै कामदार आपूर्ति गर्दैनन् । व्यक्तिगत पहुँचका आधारमा कम्पनीले भिसा मिलाउँछन् । यस्ता भिसामा आउने कामदार रोकियो,' तामाङले भने ।

**'सम्झौतापछि ढोका खुल्छ'**

ओमानका लागि नेपाली राजदूत शर्मिला पराजुली ढकालले श्रम सम्झौतापछि नेपालीका लागि अवसरको ढोका खुल्ने आशा राखेकी छन् । गत वैशाख २० गते नेपाल र ओमानबीच श्रम समझदारीको मस्यौदामा सहमति भइसकेको छ । दुई देशबीच सरकारले यसलाई पारित गर्ना साथ हस्ताक्षर हुनेछ । नेपाली श्रमिकको लागत खर्च रोजगारदाताले ब्यहोर्ने, कार्यस्थलको सुरक्षा, न्यायमा सहज पहुचलगायत विषयमा सहमति जुटेको हो ।

ओमानमा कार्यरत गैरआवासीय नेपाली संघ, आईसीसीका सचिव डीबी क्षेत्रीले नेपाली दक्ष कामदारको माग राम्रो रहेको बताए । उनले भने, 'श्रम सम्झौतापछि कामदार आपूर्ति प्रक्रियालाई एकदमै सरल बनाइदिनुपर्छ । अनलाइनबाटै आवेदन दिन सक्ने, प्रमाणीकरण गर्ने व्यवस्था गर्नुपर्छ ।' ओमानमा रोजगारदाता र कामदारबीच पारिश्रमिकमा सहमति हुन्छ । नेपाल सरकारले भने न्यूनतम तलब खानासहित एक सय २० रियाल (३१ हजार ८ सय रुपैयाँ) तोकेको छ । तल्लो तहमा कार्यरत कामदारले भने यो तलब पाउन सकेका छैनन् ।

# निगमलाई युनियनको अल्टिमेटम

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल वायुसेवा निगममातहतको आधिकारिक ट्रेड युनियनले दुइटा वाइडबडीसहित चारवटा जेट विमानको किस्ता बुझाउन ढिलाइको कारण माग्दै कार्यकारी अध्यक्ष मदन खरेललाई २१ दिने अल्टिमेटम दिएको छ । युनियनले यससम्बन्धी सबै आर्थिक विवरण सार्वजनिक गर्नसमेत माग गरेको छ ।

निगमले दुइटा न्यारोबडी तथा दुइटा वाइडबडी विमान खरिद गर्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ३२ अर्ब ऋण लिएको थियो । यी जहाजको वार्षिक ४ अर्ब ५२ करोड किस्ता तिर्नुपर्छ । पुसयता निगमले यी दुवै निकायलाई किस्ताबापत २ अर्ब ९६ करोड बुझाउन बाँकी छ ।

सबै कर्मचारीलाई सत्यतथ्य विवरण जानकारी गराउनुपर्ने जनाउँदै युनियनले ज्ञापनमा भनेको छ, 'हालसम्म जहाजका किस्ता सहज तरिकाले तिर्ने वातावरण मिलाउन नसकेको साथै तिर्न नसक्नुको सत्यतथ्य जानकारी गराउनु ।'

यसैबीच युनियनले अर्थ विभाग सम्हालिरहेका कामु निर्देशक युवराज अधिकारीलाई तत्काल हटाउन माग राखेको छ । कार्यकारी अध्यक्ष खरेलले निगममा नियुक्त भएलगत्तै असोज ९ गते चार्टर एकाउन्टेन्ट तथा निमित्त निर्देशक उमेश पौडेललाई अर्थ विभागबाट आफ्नो कार्यालयमा सारेर साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागमा कामु निर्देशक रहेका अधिकारीलाई अर्थको जिम्मेवारी दिएका थिए । यो सरुवामा ट्रेड युनियनले आपत्ति जनाएको छ । 'विदेशमा रहेको स्टेसनमा लेखाको कर्मचारी पठाउँदा निगमको नियमले लेखामा स्नातक भनी किटान गरेको छ,' ट्रेड युनियनका एक कर्मचारी नेताले भने, 'तर अर्थ विभागको नेतृत्व सम्हाल्नेलाई लेखासम्बन्धी ज्ञान तथा योग्यता हुन नपर्ने ?' ट्रेड युनियनले यो विषयसहितको ज्ञापन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पनि बुझाएको छ ।

यसैबीच ट्रेड युनियनले निगमलाई निजीकरण नगर्न माग गरेको छ । 'कम्पनीकरणको विषय निगमलाई धराशायी र कमजोर बनाउने अभिप्रायमा केन्द्रित रहेकाले निगमको व्यवस्थापन सुधारमार्फत सरकारी संस्थानकै रूपमा सुदृढ तथा विस्तारमा जोड दिनुपर्छ,' ज्ञापनमा उल्लेख छ । सरकारले गत वर्ष निगमलाई निजीकरण गर्ने योजना सार्वजनिक गरेको थियो ।

निगमका आवश्यकताभन्दा धेरै विभाग भएकाले सांगठनिक पुनःसंरचना गर्नुपर्ने, विदेशस्थित कार्यालयमा जाने कर्मचारीका लागि आईईएलटीएस (इन्टरनेसनल इंग्लिस ल्यांग्वेज टेस्टिङ सिस्टम) उत्तीर्ण गर्नुपर्ने व्यवस्था हटाउनुपर्ने, निगमको कार्यकारी तहमा रहेका निर्देशक, उपनिर्देशकलगायत बाहय र आन्तरिक स्टेसनका प्रमुखलाई समयसीमासहितको लक्ष्य दिनुपर्नेलगायत माग ज्ञापनमा राखिएका छन् । युनियनका संयोजक सुवास डाँगीले हस्ताक्षर गरेको ज्ञापनपत्र कार्यकारी अध्यक्ष, सञ्चालक समितिसहित ६ वटा सरोकारवाला निकायलाई पठाइएको छ ।

युनियनले उठाएका विषय सम्बोधन गर्न कार्यकारी अध्यक्ष खरेलले निगमका नायब प्रबन्ध निर्देशक गणेशबहादुर चन्दको नेतृत्वमा वार्ता कमिटी गठन गरेका छन् ।


## Teachers/Staff Wanted

A reputed school located in New Baneshwor requires the following teachers urgently. Please mail your CV and Application.

| | |
|---|---|
| English Teacher (Secondary Level) | ECA Teacher (Full time) |
| Arts & Craft Teacher (Part-time) | Librarian |

vacancy.kmcs@gmail.com
Tel: 9851214111, 4787111, 4782016

## SEE पछि भर्ना खुल्यो

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमी तथा हस्पिटलमा शैक्षिक सत्र २०७६/७७ को लागि निम्न कार्यक्रमहरुमा

Staff Nurse- 40 seats / Lab Technician-30 seats
General Medicine- 40 seats

फारम भर्ने अन्तिम मितिः २०७६ श्रावण १२ गते सम्म ।
प्रवेश परिक्षाः २०७६ श्रावण २२ गते बिहान ७:०० बजे ।

**शंकरापुर एकेडेमी**
नारायणटार, जोरपाटी, काठमाडौं, फोन नं. ०१-४९१०५९८, ४९१३२८९, ९८४३-२३३३६७

## आवश्यकता सम्बन्धि सूचना :

यस नेपाल मेडिकल कलेज प्रा.लि.को लागि निम्नानुसारको पदहरुमा उम्मेदवारको आवश्यकता भएकोले ईच्छुक योग्य नेपाली नागरिकहरुले ७ दिन भित्र सम्पूर्ण शैक्षिक प्रमाणपत्र तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र सहित कर्मचारी प्रशासन शाखामा सम्पर्क राखी दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्नु होला ।

| वि.नं. | विभाग | पद | शैक्षिक योग्यता |
|---|---|---|---|
| ४१ | Cardiology | Assistant Professor/Lecturer | - DM in Cardiology |
| ४२ | Gastroenterology | Assistant Professor/Lecturer | - DM in Gastroenterology |
| ४३ | Pulmonology | Assistant Professor/Lecturer | - DM in Pulmonology |
| ४४ | Neurology | Assistant Professor/Lecturer | - DM in Neurology |
| ४५ | Internal Medicine | Lecturer | - MD in Internal Medicine. |
| ४६ | Community Medicine | Lecturer | - MSc. in Biostatistics. |
| ४७ | Nursing | Matron | - MN/MSc with 5 years experience in reputed Hospital. |
| ४८ | Nursing | Lecturer | - MN/MSc. Priority will be given to experience in Teaching field. |
| ४९ | Anaesthesia, Neurosurgery & other | Medical Officer | - MBBS from recognised University |
| ५० | | Nutritionist/Dietician | - Health Science (Nutritional Medicine) विषयमा स्नातकोत्तर उत्तिर्ण गरेको र अनुभवीलाई विशेष ग्राहयता । |

**नोट :**
- फारम दस्तुर रु. ५००/-लाग्नेछ ।
- उमेरको हद वि.नं. ४५ देखि ५० सम्मको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र अन्य पदको हकमा यस प्रा.लि.को विनियम अनुसार हुनेछ ।
- Candidates fulfilling KU norms and criteria for faculty positions will only be considered subject to approval of KU.

कर्मचारी प्रशासन शाखा
**नेपाल मेडिकल कलेज प्रा.लि.,**
गोकर्णेश्वर नगरपालिका, वार्ड नं. ८, आत्तरखेल

## VACANCY ANNOUNCEMENT

INTERVIEW IS GOING ON FROM 12-15 JULY BETWEEN 11 AM TO 4 PM

One of the renowned recruitment agency requires following staffs urgently:

| S.N. | POSITION | REQ. NO | SALARY |
|---|---|---|---|
| 1. | Recruitment Manager | 01 M/F | Rs. 30,000-40,000/- |
| 2. | Office Secretary | 02 M/F | Rs. 18,000-25,000/- |
| 3. | Documentation Officer | 02 M/F | Rs. 15,000-18,000/- |
| 4. | Public Relation Officer | 04 M/F | Negotiable |
| 5. | Receptionist | 04 M/F | Rs. 13,000-15,000/- |

- Excellent command in English and computer skill required.
- 2-5 years experience in related field required for all positions.

**GREEN TARA INTERNATIONAL**
Contact: +977-1-4721146, 4721147
Email: hrgreentarainternational@gmail.com

## ADMISSION OPEN !! भर्ना खुल्यो !!

CTEVT Affiliated

Diploma in (3 Years)
Civil Engineering
Computer Engineering

☆फारम भर्ने अन्तिम मितिः २०७६ श्रावण १२ गते सम्म
☆प्रवेश परीक्षा मितिः २०७६ श्रावण २२ गते बुधबार विहान ७ बजे

नोटः कलेज शनिबार पनि खुला रहने छ ।

**अक्सफोर्ड एडभान्सड इन्जिनियरिङ्ग कलेज**
वाफल, कलंकी, काठमाडौं
फोन नं. 01- 4288360, 9843368282, 9803013412

## कर्मचारी आवश्यकता

विगत केहि वर्षदेखि तिनकुनेमा रहेको एक बहुप्रतिष्ठित सहकारी संस्थाको सदस्य सेवा केन्द्र जोरपाटीमा निम्न लिखित पदहरुमा कर्मचारी आवश्यक परेको हुनाले इच्छुक नेपाली नागरीकहरुले सात (७) दिनभित्र आवश्यक डकुमेन्टसहित २ प्रति PP साइजको फोटोसहित आवेदन दिनुहुन अनुरोध गर्दछौं ।

| क्र.सं. | कर्मचारी | संख्या | शैक्षिक योग्यता | तलब |
|---|---|---|---|---|
| १. | जु. बजार अधिकृत | २ (M/F) | BBA पास | संस्थाको नियम अनुसार |
| २. | जु. लेखा अधिकृत | २ (F) | BBA/BBS पास | |
| ३. | जु. कर्जा अधिकृत | १ (M/F) | BBA/BBS पास | |
| ४. | क्यासियर | २ (F) | BBA/BBS पास | |
| ५. | रिशेप्सनिष्ट | २ (F) | +2 पास | |
| ६. | बजार प्रतिनिधि | १० (M/F) | SLC/SEE पास | |

नोटः १. क्र.सं. १ देखि ५ सम्मको पदहरुको लागि कम्तीमा २ वर्षको अनुभव हुनुपर्छ
२. स्थानिय र सवारी चालक अनुमती पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क कार्यालय
प्रधान कार्यालय, तिनकुने, काठमाण्डौ, फोनः ०१-५१९२०७०
सदस्य सेवा केन्द्र, जोरपाटि ओरालो, फोनः ०१-४९१३५४३, ०१-४९१३५४४

## CTEVT को TSLC प्राविधिक शिक्षामा छात्रवृत्ति सहित भर्ना खुल्यो

CTEVT को १८ महिने प्राविधिक शिक्षामा वर्गीकृत छात्रवृति, जेहेनदार छात्रवृति तथा पुर्ण शुल्कीय कोटाहरुमा अध्ययन गर्न SLC/SEE कुनै पनि ग्रेडमा उर्तिर्ण विधार्थीहरुले फारम भर्न तु-सम्पर्क गनुहोला ।

- भेटनरी जे.टी.ए.
- कृषि जे.टी.ए.
- Civil Sub Overseas

फारम भर्ने अन्तिम मिति २०७६ श्रावण १५ गते सम्म/प्रवेश परिक्षा मिति २०७६/04/२५ गते २ बजे ।

नोटः आंशिक छात्रवृत्तिको लागी रु ५0,000 र १,५0,000 को Event को PMT फर्म Online बाट यसै कलेजमा धमाधम भराउनुको साथै पुर्ण छात्रवृत्तिको लागि Entrance Preparation भैरहेको छ ।

**इमरल्ड टेक्निकल कलेज**
सामुदायिक स्वास्थ्य तथा वातावरण बिकाश केन्द्र
बालाजु, काठमाडौं, गंगाहल पछाडी, फोनः ०१-४३८०६९४
९८४१४८५५८५, ९८५११९४५१८, ९८४१०५८२५३, ९८०८३६७८०१
कलेज खुल्ने समयः बिहान ६:30 देखि बेलुका ५: 00 बजे सम्म

## Career Opportunity

Sanima General Insurance Ltd., is looking for dynamic, versatile, self-motivated and well deserving candidates who possess good public relation and organizational skills for the post of various locations.

| SN | Designation | Location | Required No | Qualification | Experience |
|---|---|---|---|---|---|
| 1. | Manager Level – Marketing | Kathmandu/Banepa/Hetauda/Bhairahawa/Pokhara | Kathmandu: Multiple Other Location: 1 each | Min. Bachelor's Degree or equivalent | 3 years and above |
| 2. | Asst. Manager / Officer - Finance | Corporate Office | Few | Bachelor's or Master's Degree in Management and or CA | 1-2 years experience in relevant sector will be preferred. |
| 3 | Officer Level – Marketing | Kathmandu/Damauli/Surkhet/Dang(Tulsipur)/Itahari/Janakpur/Pokhara/Kawasoti/Banepa | 1-2 for each location | Min. Bachelor's Degree or equivalent | 2 years and above |
| 4. | Jr. Officer-Underwriting | Any branch within Kathmandu valley | Few | Min. Graduate in any discipline | 3 years experience in U/W |
| 5. | Sr. Assistant/Assistant-Underwriting | Any branch within Kathmandu valley | Few | Min. Graduate in any discipline | 2 years and above. Knowledge in underwriting department will be an added advantage. |
| 6. | Assistant Level-Marketing | Kathmandu/Bhaktapur/Lalitpur/Hetauda/Bhairahawa/Damauli/Surkhet/Dang (Tulsipur)/Pokhara/Janakpur/Birgunj/Biratnagar/Butwal/Narayanghat/Nepalgunj/Dhangadi/Itahari/Kawasoti/Banepa | Multiple for each location | Min. Bachelor's Degree or equivalent; exceptional candidates with degree below bachelors can be considered. | 2 Years and above; exceptional candidates with experience less than 2 years can be considered. |
| 7. | Assistant – Finance | Corporate Office | Few | Bachelor's Degree in Management | |
| Documents require | Application with preferred location, updated resume, recent pp size photo and education credentials. | | | | |
| Application deadline | 15 days | | | | |
| Apply To | sanima@sanimageneral.com | | | | |

Only shortlisted candidates shall be called for an interview. Remuneration and other benefits shall be as per the company rules. The company reserves the right to reject any application without assigning any reasons whatsoever. Telephone inquiry will not be entertained.

**सानिमा जनरल इन्स्योरेन्स लि.**
**Sanima General Insurance Ltd.**
City Express Complex, Kamaladi
P.O. Box 1622, Kathmandu, Nepal
www.sanimageneral.com

## IMMEDIATELY WANTED

Dedicated, experienced and professional TEACHERS/STAFF are invited to apply for the following subjects in a reputed school at Lalitpur.

SCIENCE (Sec. Level)
OPT. MATH (Sec. Level)
ART & CRAFT
PSYCHOLOGICAL COUNSELOR (Female)

Experience : Min. 3 years | Salary : Attractive (Negotiable)
Contact : 9841417997/9851048323

Please email your updated CV and expected salary within 5 days.

Email : schoolnplus2@gmail.com

## स्टाफ नर्समा भर्ना खुल्यो

सि.टी.ई.भि.टी. बाट सम्वन्धन प्राप्त ISO 9001:2015 Certified यस **नर्भिक इन्स्टिच्यूट अफ नर्सिङ्ग एजुकेशन** महाराजगञ्जमा शैक्षिक सत्र २०७६/०७७ का लागि एस.एल.सी/एस.ई.ई.वा सो सरह उत्तीर्ण गरेका विद्यार्थीहरुलाई पि.सि.एल.नर्सिङ्गमा (स्टाफ नर्स) अध्ययनका लागि भर्ना खुलेकोले दरखास्त फाराम **मिति २०७६ आषाढ २२** गते देखि यस इन्स्टिच्यूटबाट वितरण भइरहेको तथा **CTEVT** को वेबसाईट **www.ctevt.org.np** बाट फाराम डाउनलोड गरी प्राप्तगर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

फाराम बुझाउने अन्तिम मिति :
**२०७६ श्रावण १२ गतेसम्म ।**

**Norvic Institute of Nursing Education**
*An ISO 9001:2015 Certified Institute*
*In Pursuit of Excellence, while Learning !*
(A sister organization of Norvic International Hospital )
सम्पर्क :- फोन नं ०१-४०१७५७७, ४०१७६४१, ९८६११८१३४४, ९८४२९२९५९९

# नागरिकको सुरक्षा ड्रोनबाट

अस्ट्रेलिया (कास)- ठूल्ठूला कार्यक्रम हुने क्षेत्रमा सर्वसाधारणको सुरक्षाका लागि अस्ट्रेलियाको भिक्टोरियामा प्रहरी ड्रोनको प्रयोग गरिने भएको छ। चौबिसै घण्टा अनुगमन गर्न योग्य र सबै सुविधा जडित ड्रोनको प्रयोग आगामी महिनादेखि सुरु हुने भएको छ। सर्वसाधारणलाई सुरक्षा दिने मुख्य उद्देश्यका साथ प्रहरीको 'ड्रोन युनिट' को सुरुवात गरिने भएको हो। भिक्टोरियाको राज्य सरकारद्वारा सुरु गरिएको ड्रोन आतंकवादी क्रियाकलापविरुद्ध लड्नसमेत मद्दत पुग्नेछ। ड्रोनले हरेक दिन चौबिसै घण्टा सुरक्षा दिने र यसमा उच्च प्रविधिको प्रयोग गरिएको तथा राति खिच्न मिल्ने क्यामेरासमेत जडान गरिएको छ। सुरुवाती चरणमा करिब ५० वटासम्म ड्रोन सुरक्षाका लागि प्रयोग गरिने र यो विशेष क्षेत्र तथा दुर्गममा समेत प्रयोगमा ल्याइने सञ्चारमाध्यमले जनाएका छन्।

भिक्टोरिया राज्यकी निमित्त प्रिमियर तथा प्रहरी मन्त्री लिसा नेभिलले यी ड्रोनहरूलाई चाँडै कार्यक्षेत्रमा पठाउन मिल्ने र प्रहरीलाई सहयोग पुग्ने बताएकी छन्। 'प्रहरी हरेक दिन आफ्



नो जीवन खतरामा राखेर सुरक्षा दिइरहेको हुन्छन्, त्यसैले उनीहरूलाई आवश्यक स्रोत दिँदा हामीलाई सुरक्षित राख्न अझ थप मद्दत पुग्छ।' भिक्टोरियाका प्रहरी इन्स्पेक्टर क्रेग सेफर्डले ड्रोनका माध्यमबाट प्रहरीलाई आपत्कालीन अवस्थामा सहयोग पुर्‍याउन सहज हुने र तत्काल आवश्यक भएको अवस्थामा प्राथमिक उपचार, पानीलगायतका वस्तु वितरणमा समेत सरलता हुने बताएका छन्। प्रहरी संगठनअन्तर्गत रहने यी ड्रोनको व्यवस्थापन हवाई विभागले गर्ने छ।

अस्ट्रेलियाको क्युन्सल्यान्ड र न्यु साउथ वेल्समा यसअघि नै प्रहरीले ड्रोनमार्फत खतराजन्य अवस्थाको अवलोकन गर्ने, उद्धार लगायतका कार्यमा प्रयोग गर्दै आएका छन्। अस्ट्रेलिया प्रहरीले आफ्नो सुरक्षा निकायलाई अझ चुस्त बनाउन अत्याधुनिक प्रविधियुक्त बनाइरहेको छ। अगस्टको अन्त्यदेखि सुरु हुने र विशेष गरेर सुरक्षाका हिसाबले संवेदनशील र ठूला कार्यक्रम हुने क्षेत्रको अनुगमन गर्ने ड्रोन ७० किलोमिटर प्रतिघण्टाको गतिमा उड्न सक्ने जनाइएको छ।

# जथाभावी गाडी चलाउनेलाई मृत्युदण्ड

सेनयाङ (सिन्ह्वा)- चीनमा जथाभावी गाडी चलाएर ६ बालबालिकाको हत्या गर्नेलाई एक प्रान्तीय अदालतले मृत्युदण्डको फैसला सुनाएको छ। चीनको लाओनिङ प्रान्तको अदालतले हान जिहुवालाई मृत्युदण्ड सुनाएको हो। उनी आफू चढेको सेडान कार ६० जना बालबालिकाको भीडमा दौडाएका थिए। उक्त घटनामा दुई शिक्षकसहित ६० जना घाइते भएका थिए। घटनालगतै हानलाई प्रहरीले पक्राउ गरेको थियो। अदालतले आदेशमा हानले जानाजान बालबालिका रहेको क्षेत्रका सेडान दौडाएको र अपराधको प्रकृति तथा सामाजिक असरका आधारमा फैसला सुनाएको अदालतले जनाएको छ।

# आदिवासीबीच झडप

पोर्ट मर्सबी (एएफपी)- पपुवा न्युगिनीमा आदिवासी समुदायबीच भड्किएको हिंसामा कम्तीमा २४ जनाको मृत्यु भएको छ। अन्य कैयौं घाइते भएको अधिकारीहरूले बताएका छन्। हिंसामा ठूलो संख्यामा आदिवासी समुदायका मानिसको मृत्यु भएपछि प्रधानमन्त्री जेम्स मारापेले दोषीमाथि कडा कानुनी कारबाही गरिने प्रतिबद्धता व्यक्त गरेका छन्। पपुवा न्युगिनीको पश्चिमी क्षेत्रस्थित हेला प्रान्तमा आदिवासी समुदायबीच तीन दिनयता झडप भइरहेको प्रहरीले जनाएको छ।




भारत शासित कश्मीरको श्रीनगरमा बेपत्ता पारिएका आफन्तबारे जानकारी प्राप्त गर्न प्रदर्शनमा उत्रेका एसोसिएसन अफ प्यारेन्टस अफ डिसएपिर्ड पिपल्स (एपीडीपी) का सदस्यहरू। *तस्बिर : एएफपी*

# अस्ट्रेलियामा अन्तर्राष्ट्रिय विद्यार्थीमाथि शोषण

■ **नारायण खड्का** (अस्ट्रेलिया)

अस्ट्रेलियामा अन्तर्राष्ट्रिय विद्यार्थीलाई घरधनीहरूले शोषण गर्ने गरेको रिपोर्ट सार्वजनिक भएको छ। यहाँ रहेको 'युनिभर्सिटी अफ न्यु साउथ वेल्स (यूएनएसडब्लू)' ले हालै सार्वजनिक गरेको रिपोर्ट 'नो प्लेस लाइक होम' मा सिड्नीमा रहेका कैयौं अन्तर्राष्ट्रिय विद्यार्थी शोषणको मारमा परेको उल्लेख छ।

उक्त विश्वविद्यालयको मानवअधिकार क्लिनिकले गरेको अनुसन्धानमा ठूलो संख्यामा अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई सस्तो, कानुनी र सुरक्षित बसोबास नभएको उल्लेख गरिएको छ। रिपोर्टमा विद्यार्थीमाथि उत्पीडन हुने गरेको, भीडभाडयुक्त घरमा राखिएको र अचानक घरबाट निकालिएको लगायतका विभिन्न समस्याहरू देखाइएको छ। मुख्य गरी अन्तर्राष्ट्रिय विद्यार्थी एक्लै हुने गरेको र उनीहरू कानुनी अधिकारबारे जानकार नभएकाले समेत पीडित हुने गरेको पाइएको छ।

विश्वविद्यालयले अक्टोबर २०१७ देखि अप्रिल २०१८ सम्मको अवधिमा यहाँ रहेका विभिन्न विश्वविद्यालयहरूमा अध्ययन गरिरहेका विद्यार्थीका बीच अध्ययन गरिएको थियो। अध्ययनमा सिड्नीमा अध्ययनरत विद्यार्थीको मुख्य गरेर बसोबाससम्बन्धी समस्यामाथि अध्ययन केन्द्रित थियो। रिपोर्टमा विद्यार्थीले बसोबास गर्ने क्रममा भोग्नुपरेको गम्भीर समस्याको अध्ययन गरिएको थियो। यूएनएसडब्लूकी प्राध्यापक तथा क्लिनिकल सुपरभाइजर मारिया नवाजले विद्यार्थी कानुनी रूपमा सुरक्षित नभएको बताएकी छन्। रिपोर्टका अनुसार कैयौं विद्यार्थीले थाहै नभएका घरधनीहरूलाई अग्रिम भुक्तानी दिनुपरेको, केही घरधनीलाई आवश्यकताभन्दा धेरै बोन्ड तिर्नुपर्ने (घर लिनुअघि धरौटीका रूपमा दिनुपर्ने रकम), अचानक घरभाडा बढाउनेलगायतका समस्या देखिएका छन्। अस्ट्रेलियामा सुरुमा अध्ययन गर्न आउने विदेशी विद्यार्थीलाई मुख्य समस्या बसोबास र रोजगारको हुने गरेको छ। रिपोर्ट सार्वजनिक गरेको संस्थाकी निर्देशक बासिना फारबेनबल्मले सिड्नीको घरको उच्च भाडा र सीमित विद्यार्थीका लागि उपलब्ध बसोबासको सुविधाका कारण उनीहरू समस्यामा परेको बताएकी छन्।

'जीवनका लागि बास आधारभूत भए पनि अन्तर्राष्ट्रिय विद्यार्थी आफ्नो महत्त्वपूर्ण समय बस्नका लागि घर खोज्नमै समय बिताएको पाइन्छ,' रिर्पोटमा उल्लेख छ। अस्ट्रेलियाको सरकारी तथ्यांक अनुसार अहिले करिब ७ लाख अन्तर्राष्ट्रिय विद्यार्थीले यहाँका विभिन्न विश्वविद्यालयमा अध्ययनरत छन्।

चीनमा नेपाली कामदार

# 'युवतीहरू काममा फर्किनु सकारात्मक'

■ **लक्ष्मी लम्साल** (बेइजिङ)

चिनियाँ रोजगारदाता कम्पनीले सेवा सुविधाका सर्त उल्लंघन गरेको भन्दै काम बहिष्कार गरेका नेपाली युवती र सम्बन्धित म्यानपावर कम्पनीबीच वार्ता सकारात्मक रूपमा अघि बढेको छ। उत्तरपूर्वी चीनको ल्याउनिङ प्रान्तको तानतोङ सहरस्थित गार्मेन्टमा गत मे १२ मा काम गर्न पुगेका ४४ नेपाली युवतीमध्ये अधिकांशले सम्झौताबमोजिमको सेवासुविधा नपाएको भन्दै काम ठप्प पारेका थिए। काठमाडौं गौशाला पिंगलास्थानस्थित कम्पास रिक्रुटमेन्ट म्यानपावरमार्फत पहिलो पटक यति ठूलो संख्यामा वैदेशिक रोजगारका लागि चीन आएका नेपाली युवतीहरू पर्याप्त परामर्श, चिनियाँ जीवनशैली, खानपान, सम्पर्क भाषा लगायतबारे अनभिज्ञ भएपछि अप्ठ्यारोमा परेका थिए। त्यसमाथि म्यानपावर र गार्मेन्टबीचको मिलेमतोमा तोकिएको तलब, कार्यअवधि र कामको प्रकृति नमिलेको भन्दै उनीहरूले बेइजिङस्थित दूतावास र म्यानपावर कम्पनीलाई नेपाल फर्काइदिन वा सर्त पालनाका लागि दबाब दिन अनुरोध गरिरहेका थिए। कामदारको मागबारे छलफल गर्न गत आइतबार कम्पनीका सञ्चालक गिरिराज घिमिरे र राम कार्की कारखानास्थल पुगेका थिए। 'विगत दुई/तीन दिनको वार्ताबाट हामी सकारात्मक भएका छौं,' काम छोडेकी एक युवती सुमित्रा बराइलीले भनिन्, 'साथीहरूलाई काममा फर्काउन कम्पनीले प्रयास गरिरहेको छ। तलब थप्ने, कामका सेवासर्त पालना गर्ने प्रतिबद्धता आएको छ।' यसअघि ज्याकेट उत्पादन गर्ने उक्त गार्मेन्ट कम्पनीले प्रतिमहिना ४ सय अमेरिकी डलर, ८ घण्टा कामलगायतका श्रमिक सर्तसम्बन्धी सबै प्रक्रिया पूरा गरेर दूतावासमार्फत कामदारका लागि नेपालमा सम्पर्क गरेको थियो। दूतावासका मिनिस्टर सुशील लम्सालले कान्तिपुरलाई सम्झौताअनुरूप गर्ने हो भने सबै कुरा ठीक हुने बताए। उनले भने, 'वार्ताको औचित्य पनि थिएन, तोकिएका सर्त पालना गर्ने हो, कुरै सकियो।' दूतावासले पूर्वसर्तअनुसार सेवासुविधा नदिएकाले सम्बन्धित म्यानपावरलाई कारबाही गर्न पटक-पटक नेपालस्थित वैदेशिक रोजगार विभागसमक्ष चिठी लेखेको थियो। वार्तामा रहेका कम्पनीका प्रतिनिधि घिमिरेले घरपरिवार छाडेर यत्रो दुःख गरेर यहाँसम्म आएका चेलीहरूलाई पूर्वसर्तबमोजिमका सेवासुविधा दिएर राख्न प्रयास भइरहेको बताए। उनले भने, 'उहाँहरू काममा फर्किन तयार हुनुहुन्छ। मात्रै अगुवाइ गरेका ६ र ७ जनाले नेपाल फर्किने कि काममा जाने भन्नेमा निर्क्योल गर्न सकिरहेका छैनन्। छिट्टै निष्कर्षमा पुग्ने प्रयास हुँदै छ, एक-दुई दिनमै होला।' चीनको उत्तरी भेगस्थित तानतोङ सहर उत्तर कोरियाको सीमामा पर्छ। त्यहाँबाट बर्सेनि उत्तर कोरियनहरूले काम गर्न आउने गरेकोमा हाल त्यहाँको सरकारले रोक लगाएपछि नेपालीले अवसर पाएका हुन्। तर, कामदार युवतीहरूले गुनासो गर्दै म्यानपावरले चिनियाँ गार्मेन्टसँग गोप्य सम्झौता गरेर कम तलब र साना अक्षरका सम्झौतामा हस्ताक्षर गराएर फसाएको बताउँदै आएका छन्। म्यानपावरका प्रतिनिधिले भविष्यमा यस्तो गल्ती नदोहोरिनेबारेमा आश्वस्त गराएपछि काममा निर्धक्क फर्किन सक्ने केही युवतीको भनाइ छ।

> **कम्पनीले सेवा सर्त उल्लंघन गरेको भन्दै नेपाली युवतीले काम वहिष्कार गरेका थिए**

# बेलायती राजदूतले दिए राजीनामा

**ईमेल चुहावट प्रकरण**

लन्डन (एएफपी)- अमेरिकाका लागि बेलायती राजदूत सर किम डचारोकले राजीनामा दिएका छन्। उनको ईमेल चुहावटपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग तिक्तता बढेकै बेला यो राजीनामा आएको हो। सर किमले ट्रम्पलाई 'अयोग्य र असफल' भएको टिप्पणी गरेको सार्वजनिक भएपछि विवाद चुलिएको थियो।

बेलायती विदेश मन्त्रालयका अधिकारीलाई बुझाएको राजीनामा पत्रमा किमले ट्रम्पसँगको सम्बन्ध सुधार्न 'असम्भव' देखेर आफूले राजीनामा दिएको उल्लेख गरेका छन्। 'सम्बन्ध सुधार र बेलायती चासोबारे पटक-पटक बुझाउने प्रयास गरे पनि सफल हुन सकिनँ' उनले राजीनामा पत्रमा लेखेका छन्, 'मैले आफ्नो भूमिका राम्रोसँग निर्वाह गर्न अहिले असम्भवजस्तै भएको छ, त्यसैले मैले पदीय जिम्मेवारी त्याग्ने निर्णय गरेको छु।' बेलायत र अमेरिकाबीचको परिस्थितिलाई सहज बनाउन नयाँ राजदूतबाट सजिलो हुने विश्वासमा पनि आफूले राजीनामा दिएको बताए। उनले राजीनामाबारे प्रधानमन्त्री टेरेजा मेले संसद्मा जानकारी पनि दिइसकेको र राम्रो जिम्मेवारी निर्वाह गरेको भन्दै प्रमबाट धन्यवादसमेत पाइसकेको बताए। ट्रम्पको आलोचना गरेको किमको इमेल केही दिन अगाडि सार्वजनिक भएको थियो। इमेल सार्वजनिक भएसँगै ट्रम्पले पनि राजदूत किमको आलोचना गरेका थिए।



राष्ट्रपति ट्रम्पले राजदूत सर किमसँग 'व्यवहारै नगर्ने' भनेका थिए। बेलायतले भने आफ्नो राजदूतप्रति 'प्रधानमन्त्रीको पूर्ण समर्थन रहेको' प्रतिक्रिया मंगलबार दोहराएको थियो। 'डाउनिङ स्ट्रिट' ले आफ्ना राजदूत सर किमप्रति 'पूर्ण समर्थन' रहेको भनेको थियो। सर किमको ईमेल चुहावटपछि बेलायती सरकारले यसबारे जाँचको आदेश दिएको थियो। 'बीबीसी' का कूटनीतिक संवाददाता जेम्स लेन्डनका अनुसार ट्रम्पले सर किमप्रति जुन प्रतिक्रिया व्यक्त गरे, त्यो आफ्नो मुलुकबाट विदेशी कूटनीतिकलाई देशबाहिर पठाउने औपचारिक कानुनी प्रक्रिया नै हो। राष्ट्रपति ट्रम्पले आफ्नो टीटमा जुन शब्दको प्रयोग गरेका थिए, त्यसले सर किमलाई बेलायत फिर्ता हुने भनेको विश्लेषण गरिएको थियो।

Khukri XXX Rum

## मूल्य सूचि सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०७६/०३/२६ गते देखि लागु हुने गरी निम्न बमोजिमको मूल्यमा बिक्री वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

दि नेपाल डिष्टिलरीज प्रा.लि
बालाजु, काठमाडौं

| क्र.सं. | ब्राण्डको नाम | मि.लि. | शक्ति UP | नेशनल डिष्ट्रिब्यूटर्स मूल्य मू.अ.क. समेत | नेशनल डिष्ट्रिब्यूटर्स कमिशन मू.अ.क. समेत | डिष्ट्रिब्यूटर्स मूल्य मू.अ.क. समेत | डिष्ट्रिब्यूटर्स कमिशन मू.अ.क. समेत | होलसल मूल्य मू.अ.क. समेत | होलसेल कमिशन मू.अ.क. समेत | खुद्रा मूल्य मू.अ.क. समेत | खुद्रा कमिशन मू.अ.क.. समेत | उपभोक्त मूल्य मू.अ.क. समेत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति बोतल |
| १ | कोरोनेशन रम | ३७५ | २५ | १४,९८३.७३ | ५६१.८९ | १५,५४५.६२ | ६९९.५५ | १६,२४५.१७ | ६४९.८१ | १६,८९४.९८ | १६०५.०२ | १८,५००.०० | १८५०.०० |
| २ | खुकुरि XXX रम | ७५० | २५ | १५,५५०.६८ | ५८३.१५ | १६,१३३.८३ | ७२६.०२ | १६,८५९.८५ | ६७४.४० | १७,५३४.२५ | १६६५.७५ | १९,२००.०० | १६००.०० |
| ३ | खुकुरि XXX रम | ३७५ | २५ | १५,५५०.६८ | ५८३.१५ | १६,१३३.८३ | ७२६.०२ | १६,८५९.८५ | ६७४.४० | १७,५३४.२५ | १६६५.७५ | १९,२००.०० | ८००.०० |
| ४ | खुकुरि XXX रम | १८० | २५ | १५,७४५.०६ | ५९०.४४ | १६,३३५.५० | ७३५.१० | १७,०७०.६० | ६८२.८२ | १७,७५३.४२ | १६८६.५८ | १९,४४०.०० | ४०५.०० |
| ५ | खुकुरि स्पाइस रम | ७५० | २५ | १६,०३६.६४ | ६०१.३७ | १६,६३८.०१ | ७४८.७१ | १७,३८६.७२ | ६९५.४७ | १८,०८२.१९ | १७१७.८१ | १९,८००.०० | १६५०.०० |
| ६ | खुकुरि स्पाइस रम | ३७५ | २५ | १६,०३६.६४ | ६०१.३७ | १६,६३८.०१ | ७४८.७१ | १७,३८६.७२ | ६९५.४७ | १८,०८२.१९ | १७१७.८१ | १९,८००.०० | ८२५.०० |
| ७ | खुकुरि स्पाइस रम | १८० | २५ | १६,१३३.८३ | ६०५.०२ | १६,७३८.८५ | ७५३.२५ | १७,४९२.१० | ६९९.६८ | १८,१९१.७८ | १७२८.२२ | १९,९२०.०० | ४१५.०० |


# लन्डनको भूमिगत रेल स्टेसनभित्र नेपाल प्रवर्द्धन

लन्डन- सिटी अफ वेस्ट मिनिस्टर बरोभित्र पर्ने सेन्ट जोन्स उडको आफ्नै ख्याति छ। कारण, 'दी होम अफ क्रिकेट' भनिने लर्डस मैदान यसकै आसपासमा छ, जहाँ कैयौं अन्तर्राष्ट्रिय खेल भइरहन्छन्। आउँदो १४ जुलाई आइतबार क्रिकेट वर्ल्ड कप फाइनल खेल पनि लर्डसमै तय भएको छ।

यतिखेर सेन्ट जोन्स उड लन्डन अन्डरग्राउन्ड स्टेसनभित्र भित्तामा टाँगिएका केही थान आकर्षक विज्ञापनले दैनिक हजारौं विदेशी यात्रुको ध्यानाकृष्ट गरिरहेको छ। नेपाल भ्रमण वर्ष २०२० को प्रवर्द्धनसहित राखिएका ती विज्ञापनमा नेपालको सर्वोच्च शिखर सगरमाथा, मठमन्दिर, र्‍याफटिङ र शिल्पकलाको अद्भुत नमुना झल्कन्छ।

बेलायतमा लन्डन अन्डरग्राउन्ड एडभरटाइजिङ अर्थात् ट्युब एडभरटाइजिङ विज्ञापनको प्रभावकारी माध्यम मानिन्छ किनकि एकै दिन लाखौंको नजरमा पर्छन् त्यहाँ टाँगिने बिलबोर्ड विज्ञापन। राष्ट्रिय अन्तर्राष्ट्रिय कम्पनीहरूले आफ्नो ब्रान्ड स्थापित गर्न पनि यस्तै माध्यम अपनाउँछन्।

तर, विज्ञापनमा बुद्ध भनेर टाँगिएका मूर्ति भने नेपालको नभई थाइल्यान्डको भएको भन्दै सामाजिक सञ्जालतिर आलोचना भएपछि यसलाई हटाइएको छ। ती अति महँगा विज्ञापन कसले राख्यो भन्नेबारे लन्डनस्थित नेपाली दूतावास भने बेखबर छ। 'नेपाल पर्यटन बोर्ड र दूतावासलाई यसबारे केही थाहा छैन,' दूतावासका उपनियोग प्रमुख शरदराज आरणले कान्तिपुरसँग भने, 'बुद्ध भनेर राखिएका चित्र अन्तै देशको भएको बुझिएकाले यसले झन् भ्रम सृजना गर्‍यो। जसले राखे पनि नेपालसम्बन्धी सामग्री राख्दा एकपटक दूतावास वा पर्यटन बोर्डसँग अनुमति लिनु पर्दथ्यो।' नेपाल भ्रमण गर्ने बेलायती पर्यटक संख्या वृद्धि भइरहँदा यसले थप टेवा पुग्ने धेरैको विश्वास छ। बेलायतबाट गत वर्ष सन् २०१८ मा ६३ हजार ८६ बेलायती पर्यटक नेपाल भ्रमणमा गएको तथ्यांक छ। नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदी यस वर्ष ८० हजार र नेपाल भ्रमण वर्ष २०२० मा एक लाख बेलायती पर्यटक नेपाल भित्र्याउने तयारीमा आफूहरू लागेको दाबी गर्छन्।

'नेपाल भ्रमण वर्ष २०२०' अभियान सफल बनाउन दूतावासले पहल थालिसकेको छ। राजदूत डा. सुवेदीको अध्यक्षतामा एक उच्चस्तरीय समितिसमेत बनाइएको छ। पर्यटन अर्थतन्त्रको प्रमुख मेरुदण्ड भएकाले बेलायतबाट सक्दो सहयोग गर्ने दूतावासको प्रतिबद्धता छ।

# इस्पातका टुक्राबाट आकृति

■ **विपिन श्रीस** (काठमाडौं)

मूर्तिकार राजु पिठाकोठे बुधबार राजधानीको नक्साल सीताभवनस्थित ललितकला प्रज्ञा प्रतिष्ठानको परिसरमा इस्पातका टुक्राटाक्री बटुल्दै थिए । उनका लागि ती फगत इस्पातका टुक्रा थिएनन् । विविधता थिए, रंगीचंगी फूल जस्तै । यिनै टुक्रा जोडिएपछि मात्र पूर्ण आकृति बन्छ भन्ने सत्य मूर्तिकार पिठाकोठेलाई राम्रोसँग थाहा छ ।

'एउटै पाताबाट पनि आकृति निर्माण गर्न सक्थें,' आफूले बनाइरहेको मूर्तिको अवधारणा प्रस्ट पार्दै उनले भने, 'संसार विविधतापूर्ण छ, भौगोलिक सांस्कृतिक विविधता छन्, राजनीतिक विविधता छ, देशहरू छन्, देशभित्र पनि विभिन्न जातजाति छन् । मूर्तिका विभिन्न पातामार्फत तिनै विविधता जनाउन खोजेको हुँ । ती सबैको संयोजनबाट नै सुन्दर संसार बन्न सक्छ ।'

यद्यपि यो उनको आफ्नो निजी धारणा हो । कलाकृति बनिसकेपछि दर्शकले जसरी व्याख्या गरे पनि हुन्छ, जसरी बुझे पनि हुन्छ । 'कला बुझ्न दर्शकसँग स्वतन्त्रता हुन्छ,' उनले भने ।

पाँच दिनदेखि प्रतिष्ठान परिसरमै जारी 'इस्पात मूर्तिकला कार्याशाला' मा उनी मात्रै हैन, काठमाडौंकै अगम श्रेष्ठ पनि टुक्राटाक्री जोडजाड गरिरहेको अवस्थामा भेटिए । उनीचाहिँ 'आध्यात्मिक खुत्रुके' बनाउँदै छन् । यो उनको आफ्नै परिभाषा हो । थिमलाई पुष्टि गर्न उनले हरेक पाताहरू 'राम राम' लेखेका छन् । उनले कलामार्फत सकारात्मक भावना प्रकट गर्न मात्रै खोजेका छैनन्, चारैतिर विसंगति र भ्रष्टता मौलाउँदै गइरहेको बेला उनको मूर्तिकला नैतिक हिसाबले प्रतीकात्मक बन्न सक्छ ।

बाराका दीपक लामा आफ्नो भावनालाई इस्पातको माध्यममार्फत अभिव्यक्त गरिरहेका छन् । उनले आफ्नो बन्दै गरेको मूर्तिकलाको अवधारणा 'इन्डलेस इन्टरप्रिटेसन' राखेका छन् । प्रतिष्ठानको मूर्तिकला विभागले मुलुकमै पहिलो पटक गरेको इस्पात मूर्तिकला कार्यशालामा



राजधानीको ललितकला प्रज्ञा प्रतिष्ठानमा जारी इस्पात मूर्तिकला कार्यशालामा 'आध्यात्मिक खुत्रुके' थिममा मूर्ति बनाउँदै अगम श्रेष्ठ । *तस्बिर : कान्तिपुर*


देशका विभिन्न स्थानका दस मूर्तिकार भिडेर लागिरहेका छन् । परम्परागत रूपमा ढुंगा, माटो, काठ, तामा, पित्तललगायत सामग्रीको प्रयोगबाट मूर्ति निर्माण हुँदै आएकै छन् । इस्पातका माध्यमबाट भने नेपालमा खासै काम भएको देखिँदैन । काठमाडौं विश्वविद्यालयमा मूर्तिकला अध्यापन गर्दै आएका भुवन थापाका अनुसार पछिल्लो समय विकसित मुलुकमा इस्पातका मूर्तिदेखि पार्कसम्म बनाउने क्रम बढदो छ । आरम्भ समसामयिक मूर्तिकार समूहका अध्यक्षसमेत रहेका थापाले माध्यम आफैंमा राम्रो र नराम्रो नहुने बताउँदै इस्पातको चाहिँ केही थप विशेषता रहेको औंल्याए । 'खिया नलाग्ने र लामो समय टिक्ने भएकाले इस्पातको मूर्ति बाहिरी (आउटडोर) प्रयोजनको लागि बढी उपयुक्त हुन्छ,' इस्पातको मूर्तिको फाइदाबारे उनले थपे, 'अन्य धातुको तुलनामा इस्पात सस्तो र हलुका हुन्छ, धेरै टिक्छ ।' सहरी सजावटका लागि चोकचोकमा इस्पातका मूर्ति राख्न सकिने उनले सुझाए ।

इस्पातमा छिटो हुने भए पनि काम गर्न भने जोखिमपूर्ण रहेको मूर्तिकार पिठाकोठेले बताए । 'इस्पात कडा हुन्छ, काट्ने, जोड्ने काम ध्यान दिएर गर्नुपर्छ, संवेनदशील हुनुपर्छ, सुरक्षामा ध्यान दिनुपर्छ,' उनले भने ।

मूर्तिकला विभागका प्रमुख एवं प्राज्ञ लालकाजी लामाले इस्पात मूर्तिकला कार्यशाला नेपालमा पहिलोपटक गरिएको दाबी गरे । 'व्यक्तिगत रूपमा केही मूर्तिकारले स्टेनलेस स्टिल (इस्पात) को काम गर्दै आएका छन्, संस्थागत रूपमा कार्यशाला गरिएको चाहिँ यो नै पहिलो हो,' उनले भने । कार्यशालामा निर्माण भएका मूर्ति प्रतिष्ठानकै मूर्तिकला विभागले संरक्षण गर्ने प्राज्ञ लामाले बताए । 'यो कार्यशालामा इन्डोरका लागि नमुना मूर्तिहरू मात्रै बन्ने छन्,' उनले भने, 'बगैंचा, पार्क या बाटो आसपास राख्न मिल्ने आउटडोर मूर्तिकलाका लागि पनि पहल गर्दै छौं ।' कार्यशालामा विष्णुप्रसाद श्रेष्ठ, भीमबहादुर श्रेष्ठ, कुमार थापा, विशाल सारु, चन्द्रमणि डंगोल र भूषण दुवालले पनि भाग लिइरहेका छन् ।

# मदन पुरस्कारको उत्कृष्ट सात सार्वजनिक

काठमाडौं (कास)- मदन पुरस्कार गुठीले मदन पुरस्कार-२०७५ का लागि सातवटा कृतिलाई श्रेष्ठ सूचीमा छनोट गरेको छ । छनोट भएका कृतिमा सानु शर्माको 'एकादेशमा', बिन्दु शर्माको 'ओक्कल दोक्कल पीपल पात', कुमार नगरकोटीको 'ज्ञ', छुदेन काविमोको 'फातसुङ', महेश थापाको 'मरीचिका', योगेशराजको 'रणहार' र ध्रुव सापकोटाको 'विचारको लाश' छन् । पुरस्कारका लागि कुल २५७ कृति प्राप्त भएकामा छनोट समितिको सिफारिसमा ती सात कृतिको नाम सार्वजनिक गरिएको गुठीले जनाएको छ । छनोटमा परेका सात कृतिमध्येबाट एक कृतिलाई मदन पुरस्कार प्रदान गरिने छ । साहित्यिक क्षेत्रमा यस पुरस्कारलाई महत्त्वपूर्ण मानिन्छ ।




# संगीत-नाट्यका ६ साधकलाई प्रज्ञा



काठमाडौं (कास)- नेपाली संगीत र नाट्य क्षेत्रका ६ जना पाका स्रष्टालाई बुधबार राजधानीमा संगीत तथा नाट्य प्रज्ञा पुरस्कार-२०७५ दिइएको छ । नाट्य विधातर्फ श्यामदास वैष्णव, संगीततर्फ प्रेमध्वज प्रधान, परम्परागत तथा शास्त्रीय संगीततर्फ जगदेव कामत, रंगमञ्चतर्फ ओममणि शर्मा, नृत्यतर्फ हनी श्रेष्ठ र लोकसंगीततर्फ प्रेमदेव गिरी सम्मानित भएका हुन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रपति भवन, शीतल निवासमा पुरस्कार प्रदान गरिन् । पुरस्कृत व्यक्तित्वहरूलाई ताम्रपत्र र दोसल्लाका साथ जनही एक लाख एक रुपैयाँ प्रदान गरिएको थियो । संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित समारोहमा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी विशिष्ट अतिथिका रूपमा थिए । प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ 'रायन', उपकुलपति हरिहर शर्मा, सदस्य सचिव श्यामप्रकाश तमोट, प्राज्ञहरू मेघराज शर्मा 'मञ्जुल', निशा शर्मा, धीरेन्द्र प्रेमर्षि, अशोक राई, नमुना शर्मा र हरिदेवी कोइरालाले पुरस्कृतबारे प्रकाश पारेका थिए ।




# शान्तदासलाई बालसाहित्य

काठमाडौं (कास)- कृष्ण साहित्य सदनले बालसाहित्यका क्षेत्रमा क्रियाशील स्रष्टा शान्तदास मानन्धरलाई 'रमाइला नानी बालसाहित्य पुरस्कार' द्वारा सम्मानित गरेको छ ।

साहित्य सदनद्वारा मंगलबार राजधानीमा आयोजित एक कार्यक्रममा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले मानन्धरलाई उक्त बालसाहित्य पुरस्कार तथा सम्मान प्रदान गरे । साहित्यकार कृष्णप्रसाद पराजुलीको ८५औं जन्मजयन्तीको छेको पारेर सम्मान प्रदान गरिएको हो ।

सम्मानित स्रष्टालाई सम्मान पत्रसहित २१ हजार रुपैयाँ पनि प्रदान गरियो । कार्यक्रममा संस्कृतिविद् जोशीले साहित्यकार पराजुलीको साहित्यिक योगदानका बारेमा चर्चा गरेका थिए ।

शैलेन्दुप्रकाश नेपालले बालसाहित्यमा कलम चलाउने साहित्यकारहरू कृष्णप्रसाद पराजुली र शान्तदास मानन्धरको व्यक्तित्व र कृतित्वका बारेमा उल्लेख गरे । कार्यक्रममा शान्तदास मानन्धर, संस्थाका संरक्षक शाश्वत पराजुली, यादव भट्टराईलगायतले बोलेका थिए ।

साहित्यकार पराजुली 'रमाइला नानी', 'राम्रो रचना : मिठो नेपाली' लगायत दर्जनौं कृतिका स्रष्टा हुन् ।

# वैद्यलाई भीमसेन थापा स्मृति

काठमाडौं (कास- यस वर्षको भीमसेन थापा स्मृति पुरस्कार तुलसीराम वैद्यलाई प्रदान गरिने भएको छ ।

पाँच दशकदेखि नेपालको इतिहाससम्बन्धी अनुसन्धानात्मक पुस्तक एवं लेखहरू प्रकाशित गरी पुऱ्याएको योगदानको कदर गर्दै वैद्यलाई पुरस्कृत गर्ने निर्णय गरिएको भीमसेन थापा स्मृति प्रतिष्ठानले जनाएको छ ।

पुरस्कार साउन ९ गते भीमसेन थापाको २४४ औं स्मृति दिवसको विशेष समारोहमा ५१ हजार एक सय ११ रुपैयाँसहित सम्मानपत्रद्वारा सम्मान गरिने छ । विगत दुई दशकदेखि प्रतिष्ठानले इतिहासका क्षेत्रमा योगदान गर्ने संस्था वा व्यक्तिलाई पुरस्कृत गर्दै आएको छ । गत वर्ष यो पुरस्कार बेलायती इतिहासकार जोन हवेल्म्पटनलाई प्रदान गरिएको थियो ।



# पूर्वमा चन्द समूहको गतिविधि बढ्दो

■ माधव घिमिरे (विराटनगर)

नेत्रविक्रम चन्द समूहका कार्यकर्ताको गतिविधि प्रदेश १ का हिमाली र पहाडी जिल्लामा बढ्दै गएको छ। जंगल क्षेत्रमा आश्रय लिएर आसपासका गाउँमा चन्दा संकलन गर्ने, स्थानीयलाई धम्क्याउनेजस्ता गतिविधि भइरहेको प्रहरीले जनाएको छ। संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बुलगायत जिल्लामा यस्तो गतिविधि बढेसँगै निगरानी बढाइएको विराटनगरस्थित प्रदेश प्रहरी कार्यालयले जनाएको छ। भोजपुर र संखुवासभामा पटक-पटक गोली हानाहानका घटना भएका छन्। आधुनिक हतियार, विस्फोटक सामग्री र पार्टीका अभिलेख बरामद भएका छन्। फागुनयता विभिन्न स्थानबाट दर्जनभन्दा बढी हतियार बरामद भएको प्रहरीको भनाइ छ।

कार्यालयका प्रवक्ता एसएसपी किशोरकुमार दाहालका अनुसार सबै जिल्लाका स्थानीय कार्यालयको सुरक्षा संवेदनशीलता ख्याल गर्दै निगरानी गर्न प्रहरीको सबै तहमा निर्देशन दिइएको छ। हिंसा उत्पन्न गर्ने खालका गतिविधिबारे सूचना संकलन गर्न र शान्तिसुरक्षामा खलल पुग्ने अवस्था आउन नदिन योजनाबद्ध रूपमा काम गर्न भनिएको उनले बताए।

सबै स्थानका प्रहरी टोलीलाई उच्च सतर्कतामा राखिएको उल्लेख गर्दै एक अधिकारीले भिडन्त वा झडप भइहाले तत्काल थप जनशक्ति पठाउने गरी तयारी गरिएको बताए। 'मुख्यालय र प्रदेश कार्यालयमा नियमित सूचना संकलन भइरहेको छ,' उनले भने, 'परिआए केन्द्र र प्रदेशबाट थप टोली तत्कालै परिचालन गर्ने अवस्थामा छौं।'

जेठ पहिलो साता भोजपुरको मैयुम गाउँपालिका-१ स्थित धोद्रे जंगलमा प्रहरी र चन्द कार्यकर्ता आमनेसामने भएका थिए। त्यसक्रममा चन्द समूहका एक कार्यकर्ता मारिए। षडानन्द-२ का ३२ वर्षीय तीर्थराज घिमिरेलाई गोली लागेपछि उपचारक्रममा मृत्यु भएको थियो। त्यसक्रममा पेस्तोल, गोली, बाइनाकुलर, डेटोनेटर, बारुद र पार्टीसम्बद्ध पर्चा-पम्प्लेट बरामद भएको प्रहरीको दाबी थियो।

१० दिनअघि संखुवासभाको सिलिचोङ-१, सिसुवाटारको होङ्लामा प्रहरी र चन्द समूहबीच गोली हानाहान भएको थियो। गस्तीमा रहेको प्रहरी टोलीमाथि चन्द समूहका कार्यकर्ताले आक्रमण गरेका थिए। त्यसपछि सिलिचोङ क्षेत्रमा एक घण्टाभन्दा बढी सेनाको ३ वटा हेलिकप्टरले हवाई गस्ती गरेको संखुवासभाका प्रहरी नायब उपरीक्षक मिमबहादुर लामाले बताएका थिए।

**एसएलआरसहित पक्राउ**

प्रहरीले चन्द समूहका एक कार्यकर्तालाई एसएलआरसहित संखुवासभामा पक्राउ गरेको छ। ओखलढुंगाको चिशंखुगढी गाउँपालिका-७ का निम दोर्जी तामाङलाई पक्राउ गरेको हो। उनको साथबाट प्रहरीले एसएलआर राइफल र त्यसमा प्रयोग हुने ६९ वटा गोली बरामद गरेको छ।

## 'आक्रमण गरेपछि जवाफी फायर'

काठमाडौं (कास)- प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले बुधबार भोजपुर नगरपालिका-७ मा हाटबजार लाग्ने स्थानको सुरक्षामा खटिएको प्रहरीमाथि नेत्रविक्रम चन्द समूहले अचानक गोली प्रहार गरेपछि दुई जनाको ज्यान जाने गरी घटना भएको बताएका छन्।

प्रतिनिधिसभा राज्य व्यवस्था समितिको बुधबार बसेको बैठकमा उनले चन्द समूहको गोलीले एक प्रहरी जवानको मृत्यु भएको र जवाफी कारबाहीमा चन्द समूहका एक जना मारिएको जानकारी गराए। बैठकमा कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडू र डिला संग्रौलाले घटनाबारे यथार्थ जानकारी गराउन माग गरेपछि महानिरीक्षक खनाललाई बोल्न दिइएको थियो। खनालले उक्त घटनामा प्रहरी जवान थमनाथ भट्टराईको काँधमा गोली लागेको समेत जानकारी दिए। उनले चन्द समूहका फरार कार्यकर्ताको खोजतलास जारी रहेको बताए।

# गाउँगाउँमा थपिए सुरक्षाकर्मी

## सादा पोसाकमा प्रहरी परिचालन, केन्द्रीय नेतासहित दुई दर्जन पक्राउ

■ काशीराम डाँगी (रोल्पा)

नेत्रविक्रम चन्द समूहको आधार क्षेत्र मानिएको रोल्पामा थप सुरक्षा सतर्कता अपनाइएको छ। चन्दका कार्यकर्ताको गतिविधि पूर्ण नियन्त्रणमा लिने रणनीतिसहित ग्रामीण क्षेत्रमा समेत सुरक्षाकर्मीको संख्या बढाइएको छ।

महासचिव नेत्रविक्रम चन्दको जन्म जिल्ला र गतिविधि पनि बढी भएकाले सुरक्षा निकायले उच्च सतर्कता अपाएका हुन्। गाउँगाउँमा परिचालित सादा पोसाकका सुरक्षाकर्मीले चन्दका कार्यकर्तालाई पक्राउ गर्दै उनीहरूको गतिविधि निस्तेज पार्ने रणनीति अघि सारेका छन्। एक वर्षको अवधिमा प्रहरीले चन्दका दुई दर्जन नेता-कार्यकर्तालाई पक्राउ गरिसकेको छ। पक्राउ परेकामा स्थानीयदेखि केन्द्रीय तहका नेतासमेत छन्। केहीलाई रिहा गरे पनि प्रहरीले कतिपयलाई सुरक्षा व्यवस्थामाथि खलल पारेको अभियोगका मुद्दा दर्ता गराएको छ। पक्राउ गरिएकामध्ये केहीलाई हिरासतमा र केहीलाई पुर्पक्षका लागि कारागारमा राखिएको छ।

सुरक्षाकर्मीले सशक्त मानिएका प्राय: कार्यकर्तालाई नियन्त्रणमा लिइसकेका छन्। प्रहरीले यसअघि केही शिक्षकलाई समेत नियन्त्रणमा लिएर छोडेको थियो। सुरक्षा स्रोतका अनुसार चन्दको गतिविधिमा लागेको आशंकामा केही शिक्षकको खोजी जारी राखिएको छ। स्थानीय तहका गतिविधिप्रति अवरोध गरेको सूचना प्राप्त भएकाले चन्दका कार्यकर्तामाथि निगरानी बढाउनुपरेको प्रहरीले जनाएको छ। 'केही स्थानीय तहका सवारी साधन र कार्यालयमा आगजनी गरेकाले हिंसात्मक गतिविधि नियन्त्रण गर्नुपरेको हो,' जिल्ला प्रहरी प्रमुख डीएसपी दीपक खडका भन्छन्, 'हिंसा मच्चाउने र भडकाउने जोसुकैप्रति सुरक्षाकर्मीले चौबिसै घण्टा निगरानी राख्छन्।' उनले जनप्रतिनिधि, सरकारी सम्पत्ति र जनसाधारणको सुरक्षाका लागि सुरक्षाकर्मी परिचालित भइसकेको बताए।

चन्दका कार्यकर्ताले यसअघि पश्चिम रोल्पास्थित गंगादेव र त्रिवेणी गाउँपालिकाका गाडी, जेसीभी र कागजात जलाइदिएका थिए। उक्त अभियोगमा गंगादेव र माडीबाट केहीलाई नियन्त्रणमा लिइएको खडकाले बताए। उक्त घटनापछि प्रहरीले गंगादेव गाउँपालिकास्थित जिनाबाङका चन्द समूहका केन्द्रीय सदस्य चूडामणि वली आदर्श र जिल्ला 'जनसरकार' प्रमुख लालबहादुर वलीलाई नियन्त्रणमा लिएको थियो। चूडामणि र लालबहादुर दाजुभाइ हुन्। अदालतको आदेशमा चूडामणिलाई दुई दिनअघि सुनसरीबाट रिहा गरिएको छ।

केही समयअघि चन्द समूहका कार्यकर्ताले पूर्वी रोल्पाको सुलिचौरस्थित नेपाल टेलिकम र एनसेलका टावरमाथि बम विस्फोटसमेत गराएका थिए। उनीहरूले कोर्चाबाङस्थित एनसेलको टावरमा पनि क्षति पुर्‍याएका थिए। यस्तै, शान्ति सुरक्षामाथि खलल पुर्‍याएको आशंकामा रोल्पा इन्चार्ज जयप्रकाश रोकालाई प्रहरीले पक्रेको छ। उनलाई पाङको ऐपे गाउँबाट अन्य दुई कार्यकर्तासहित एक महिनाअघि पक्राउ गरिएको थियो। उनीहरूसहित ९ नेता-कार्यकर्ता प्रहरी हिरासतमा छन्। चन्दनिकट दलित संघका केन्द्रीय सदस्य टीकाराम परियारसहित नेपेन्द्र सेन र लालबहादुर सुनारलाई स्थानीय प्रशासनले धरौटीमा रिहा गरिसकेको छ।

पक्राउ गरिएका अधिकांशलाई शान्ति सुरक्षामा खलल, विस्फोटक पदार्थको ओसारपसार र हिंसा भडकाएको अभियोगमा मुद्दा लगाइएको छ। सरकारले चन्दको गतिविधि नियन्त्रण गर्न उक्त समूहमाथि प्रतिबन्ध लगाइसकेको छ।


**स्थानीय तहमा 'चन्दाको दबाब'**

सुरक्षा स्रोतका अनुसार चन्दका कार्यकर्ताले जिल्लामा चन्दा संकलनलाई तीव्रता दिएका छन्। स्थानीय तहका जनप्रतिनिधि, प्राविधिक, शिक्षक र कर्मचारीबाट जबर्जस्त चन्दा माग गरिएकाले शान्ति सुरक्षामा समस्या आइपरेको सुरक्षा संयन्त्रको निष्कर्ष छ। 'स्थानीय तहमा दबाब सिर्जना गर्दै २ प्रतिशत रकम चन्दास्वरूप माग गरेको बुझिएको छ,' एक सुरक्षा अधिकारी भन्छन्, 'त्यसबारे खुलेर कसैले भन्न सकेको छैन।'

सुरक्षा अधिकारीहरूले सुरक्षा समितिको बैठकमार्फत चन्दा माग्ने र हिंसा बढाउने व्यक्ति र शक्तिविरुद्ध 'एकीकृत सुरक्षा कारबाही' गर्ने रणनीति अघि सारेका छन्। प्रहरी नेतृत्वमा रोल्पामा सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मीसमेत परिचालित छन्। 'सुरक्षा सतर्कतासहित जिल्लामा प्रहरीको संख्या ३० देखि ३५ प्रतिशत बढाइएको छ', ती अधिकारीले भने।

रोल्पामा प्रहरीको संख्या करिब ६ सय र सशस्त्र प्रहरीको संख्या ३ सय हाराहारी छ। सुरक्षा व्यवस्था मजबुत पार्न सशस्त्र प्रहरीले सदरमुकामसहित गाउँगाउँसम्म 'पट्रोलिङ' गर्दै आएको छ भने सेनालाई उच्च सतर्क रहन भनिएको छ। चन्द समूहलाई प्रतिबन्ध लगाइएसँगै सादा पोसाकका सुरक्षाकर्मी व्यापक रूपमा परिचालन गरिएको छ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले सुरक्षा अवस्था मजबुत पार्न एकीकृत सुरक्षा व्यवस्था मिलाइएको बताए। उनले सुरक्षा निकायबीच समन्वय गरेर सतर्क रहने प्रणाली सुरु गरिएको बताए।




## प्रतिबन्धपछि चन्द...

सूचना जारी भएलगत्तै प्रधानमन्त्री ओलीले चैत महिनाको समय दिएका थिए। त्यसपछि झन् सरकार र चन्द समूह आमनेसामने भइरहेका छन्। असार ५ गते सर्लाहीको लालबन्दी नगरपालिका-१ मा चन्द समूहका जिल्ला इन्चार्ज कुमार पौडेल प्रहरीको गोलीबाट मारिए। दोहोरो भिडन्तमा कुमार मारिएको दाबी प्रहरीले गरे पनि फेक इन्काउन्टरमा प्रहरीले पौडेललाई मारेको भन्दै संसद्मा प्रतिपक्षी र सरकारसम्बद्ध दलकै नेताले प्रश्न उठाइरहेका छन्। यो विषयमा संसदीय छानबिनको माग गर्दै प्रमुख विपक्षी कांग्रेसले प्रतिनिधिसभा अवरोध गरिरहेको छ।

गत जेठ ७ मा भोजपुरको टयाम्के मैयुङ गाउँपालिकामा चन्द समूहकै कार्यकर्ता तीर्थराज घिमिरेको पनि प्रहरीको गोली लागी मृत्यु भएको थियो। प्रहरीले आफ्ना कार्यकर्तालाई नियन्त्रणमा लिएर हत्या गरेको भन्दै चन्द समूहले नेपाल बन्दकै आयोजना गरेको थियो।

प्रतिबन्धअघि २०७५ वैशाखदेखि फागुन ९ सम्म प्रहरीले चन्द समूहका एक सय ९० नेता-कार्यकर्ता पक्राउ गरेको थियो। तीमध्ये एक सय ७२ जनाको मुद्दा दर्ता भएका थिए। गत फागुनदेखि असार २५ सम्म मात्र चन्द समूहका ५ सय ७९ जना पक्राउ परेका छन्। ८७ जना पुर्पक्षका लागि कारागार चलान भएका छन्। ७० जना अनुसन्धानका क्रममा थुनामा छन्। ५ सय ३६ विरुद्ध प्रहरीले मुद्दा दर्ता गरेको छ। यही अवधिमा चन्द समूहका ३९ जनालाई पक्राउपछि सोधपुछ गरेर छाडिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। प्रहरीको दाबीअनुसार यो अवधिमा चन्द समूहका ३ सय ५२ जनाले समूह परित्याग गरेको लिखित प्रतिबद्धता जनाएका छन्।

चन्द समूहले गरेको विस्फोटबाट यो अवधिमा चन्द समूहका ५ सहित ६ जनाको मृत्यु भइसकेको छ। त्यस्तै ७ घाइते छन्। प्रहरी र चन्द समूहबीचको दोहोरो भिडन्तमा फागुनमा दुई प्रहरी घाइते भएका थिए। यो अवधिमा २३ नाल हतियार बरामद भएका छन्। तीमध्ये एएम १६-ए टु एक थान, एलएमजी र एसएलआर जस्ता अत्याधुनिक हतियारसहित '३०३ राइफल' ३ थान, ७ थान पेस्तोल, ३ थान रिभल्वर र ५ थान घरेलु हतियार पनि बरामद गरेको छ। चन्द समूहका कार्यकर्ताबाट चार सय १७ राउन्ड गोली र ४ डेटोनेटर पनि यो अवधिमा प्रहरीले बरामद गरेको छ।

प्रहरीका एक उच्च अधिकारीले चन्द समूहसँग सामान्य मात्रै नभएर अत्याधुनिक हतियार रहेको र तीमध्ये केही जनयुद्धकालीन र केही हालसालै किनिएका हुन सक्ने बताए। गृहमन्त्री रामबहादुर थापाले यसअघि नै चन्द समूहको शक्ति बढ्दै गएको र चारवटा सैन्य कम्पनी निर्माण गरेको संसद्मै जानकारी गराएका थिए। प्रहरीको गोलीबाट मृत्यु भएका तीनजना चन्द समूहका नेता-कार्यकर्ताको साथबाट प्रहरीले हतियार बरामद गरेको देखिन्छ। जेठ पहिलो साता भोजपुरको टयाम्केमा मारिएका तीर्थराज घिमिरेको साथबाट प्रहरीले कटुवा पेस्तोल र त्यसमा लाग्ने ५ थान गोली, ४ थान डेटोनेटर बरामद गरेको प्रहरीको दाबी छ।

त्यस्तै सर्लाही घटनामा मृत्यु भएका कुमार पौडेलको साथबाट सिक्सर रिभल्वर, त्यसमा लाग्ने ४ थान गोली र एक थान कटुवा पेस्तोल बरामद गरेको प्रहरीले बताएको थियो। बुधबारको घटनामा मारिएका चन्द समूहका कार्यकर्ताबाट पनि प्रहरीले चाइनिज पेस्तोल फेला परेको दाबी गरेको छ। यी तीनै घटनामा प्रहरीले दोहोरो भिडन्त दाबी गरेको छ भने तीनै मृतकको साथबाट बन्दुक फेला पारेको देखिन्छ।

## सँगै चियापान...

त्यतिबेला तानातानकै क्रममा नीरकुमार र सञ्जीव होटल बाहिर पुगिसकेका थिए। चन्द समूहका कार्यकर्ताले सञ्जीवलाई गोली प्रहार गरे। त्यति नै खेर सादा पोसाकका हतियारधारी प्रहरी पनि घटनास्थलमा आइपुगे। प्रहरीले पनि नीरकुमारलाई गोली प्रहार गरे। दुवै जना गोलीले ढलेपछि चन्द समूहका चार जना कार्यकर्ता त्यहाँबाट भागे। प्रहरीले उनीहरूको खोजी भइरहेको जनाएको छ।

होटल बाहिर हटियामा आएका सर्वसाधारण भागाभाग गर्न थाले। 'गोली चलेपछि तरकारी पसले र ग्राहकको भागाभाग भयो, कोही डरले रुनसमेत थाले' एक प्रत्यक्षदर्शीले भने।

घटनामा एक प्रहरी घाइते छन्। जिल्ला अस्पतालमा उनको उपचार भइरहेको छ। बुधबारे हाटबजार आसपास चन्द कार्यकर्ता आएको गोप्य सूचनाका आधारमा पक्राउ गर्न गएका प्रहरी जवान राईलाई चन्द कार्यकर्ताले गोली चलाएको प्रहरीको दाबी छ। घटनास्थल जिल्ला प्रहरी कार्यालयबाट करिब ५ सय मिटर दूरीमा छ।

'चन्द समूहका हतियारधारी कार्यकर्ता रहेको गोप्य सूचनाका आधारमा नियन्त्रणमा लिने अभिप्रायले सादा पोसाकमा प्रहरी खटिएका थिए,' प्रमुख जिल्ला अधिकारी नूरहरि खतिवडाले भने, 'हाट नजिकै रहेको पान्धारे होटलमा एक शंकास्पद मानिस भेटिएपछि पक्राउको प्रयास गर्दा अचानक प्रहरी जवान सञ्जीवमाथि गोली प्रहार भयो।' नीरकुमारले सञ्जीवको कोखमा गोली प्रहार गरेपछि सँगै सादा पोसाकमा रहेका प्रहरीले आफ्ना साथीलाई जोगाउन र नीरकुमारलाई पक्राउ गर्न खोज्दा तानातान भएर नीरकुमारलाई गोली लागेको खतिवडाको दाबी छ। मृतक प्रहरी जवान सञ्जीवको घर खोटाङ हो।

चन्द समूहका एक नेताले भने प्रहरी जवान सञ्जीवको मृत्यु प्रहरीकै गोलीबाट भएको दाबी गरे। 'प्रशान्त (नीरकुमार) ओखलढुंगा सेक्रेटरी हुन्, उनी पार्टीमा बिदा लिएर घर गएका थिए। उनले कुनै किसिमको हतियार बोकेका थिएनन्,' ती नेताले दाबी गरे, 'घम्साघम्सीका क्रममा प्रहरीले चलाएको गोली नै सञ्जीवलाई लागेको हो।' नीरकुमारको घर भोजपुर षडानन्द १४ बोया हो। चन्द समूहको गोलीले घाइते प्रहरी जवान खेमनाथ भट्टराईको कुमको हड्डी भाँचिएको प्रहरीले जनाएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १९९३/०५/०४
स्वर्गारोहण: वि.सं. २०७५/०४/०६

स्व. ललिता शर्मा (दाहाल)

हाम्री पुजनिय माता ललिता शर्मा(दाहाल) को स्वर्गारोहण भएको आज पहिलो वार्षिक पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्द हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। दु:खको यस घडीमा हामीप्रति समवेदना तथा सान्त्वना प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, ईष्टमित्र तथा सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक कृतज्ञता अर्पण गर्दछौं।

छोरा/बुहारी
शैलेन्द्र शर्मा/ सञ्जु शर्मा
विदुर शर्मा/ दीना शर्मा
मनोहर शर्मा/ अनिता शर्मा

छोरी/ज्वाँई
जयन्ती
शोभा शर्मा/दिपक राज शर्मा
सुश्री महालक्ष्मी शर्मा

नाति/नातिनीहरू
अदित, रोमिना, श्रीया, श्रीभा, अनिमा, देवी, अजर, विदुषी, संस्कृति, अथर्व, रीति

तथा
सम्पूर्ण दाहाल परिवार

UAE मा Rope Access Cleaner हरूलाई रोजगार

Imdaad
कम्पनी : IMDAAD LLC शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०७६/०३/१७ चलानी नं.: ६०१४१३६९ LT. No.: 221808

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rope Access Cleaners (Level 1) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४४,९२५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Rope Access Cleaners (Level 2) | 25 | 0 | | 1700 | ५०,९१५ | | | | | | | |
| 3. | Cleaner/General Labourer | 150 | 0 | | 900 | २६,९५५ | | | | | | | |

फाइनल अन्तर्वार्ता २०७६ असार २९ गते (14 July) 2019) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Samakhushi, Townplanning, Kathmandu
Tel: 4358395, 4359043, 4390696, Fax: 4387582,
Email: applyvnvjobs@gmail.com | URL: vnvjobs.com

बर्गिकृत डिस्प्ले

जग्गा बिक्रीमा
सम्पर्क नं.: ९८४१४६२६०३

जग्गा बिक्रीमा
सूर्यविनायक चोक भक्तपुर
अरनीको राजमार्गमा जोडिएको ३ आना जग्गा बिक्रीमा।
फिक्स प्राइस ३,७५,०००००
सम्पर्क: ९८६३०२०७३०

READY STOCK
Three Bag Mixer
Concrete Mixer with lift
Sieves & CTM
Hydraulic-Mixer
BellStone Hi-Tech Nepal
01-5153091
9813549850, 9851233306

यौन शक्ति
जडि-रक्सी, गाँजा, बुटी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632

आवश्यकता
सम्पर्क: 01-4913065, 9860807489

यौन पावर
Not For Medicinal Use
9808014929, 9843541569

2 ATM SPACE AVAILABLE
Ph: +977-1-4412216/4412406 (Ext. 23), 10:00am - 6:00pm

यौन शक्ति बर्द्धक
9843457081, 9803647576
Not For Medicinal Use

सेक्युरिटी गार्डहरु चाहियो
९८१८७७५१३६
९८१३२८२१४१

८५ कर्मचारी अर्जेन्ट
तलब: 29,500-49,500/-
तिनकुनेचोकमा
01-5199302, 9861604419, 9823705671

३१ कामदारहरु अर्जेन्ट
तलब: 18,500/- देखि 35,000/- सम्म
बल्खुचोकमा
9810349757, 9848564517

INDUSTRIAL EXHAUST ROOF FAN
BAJAJ & TRADING
Contact No. 9851185162, 9802016221
E: cavikashbajaj@gmail.com

७५ कर्मचारीहरु अर्जेन्ट
तलब: 25,000-50,000/-
चावहिलचोक
S.S. Nepal Pvt.Ltd.
01-4482428, 9868132690, 9808568414

८५ कर्मचारी अर्जेन्ट
18,500-27,500/-
मित्रपार्क चोकमा
S.S Nepal
01-4487878 9808322231

घर भाडामा चाहियो
9841255331, 9841217998, 9841225059

सेक्युरिटी अर्जेन्ट
9808772461, 9808772301

७५ कर्मचारीहरु अर्जेन्ट
चावहिलचोक
9866446837, 9803434644

Glass Blocks
GYANI INTERNATIONAL
Email: gyaniintl@gmail.com
Web.: gyaniintl.com.np

Wanted
Project Engineer (Civil Engineer)
SINOSTEEL GROUP CORPORATION LIMITED
9813129876, 9851001726
Email: kupreti123@gmail.com, 453003507@qq.com

जग्गा बिक्रिमा
धनकुटा जिल्लाको नमस्ते झरनामा होटल, रिसोर्ट गर्नको लागि उपयुक्त जग्गा बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क: ९८४२४६२९६३, ९८५११५८९५६

७५ कर्मचारीहरु अर्जेन्ट
तलब: 21,000-31,000/-
मित्रपार्क चोक
9860912207, 9810286955

यौन-शक्तिबर्द्धक
जडि-रक्सी
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810, 9818941842

VACANCY
Post: Accountant
Area: Sukedhara
Salary: 15,000/-
Working Hour: 3hours between (10-5)
Qualification: Bachelor Degree with knowledge of accounting software.
Interested person please send your CV@ nepaliglass@gmail.com

घर बिक्रिमा
कलंकी चोकमा ४ आना
सम्पर्क: ९८४०७२७४५७


तिर्थ यात्रा
सत्यम ट्रर्स एण्ड ट्राभल प्रा.लि.
01-4223285, 9851190924

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-
स्पट कलर: रु. ३५००/-
मल्टि कलर: रु. ५०००/-

आफ्नै बैंक खाताबाट Online भुक्तानी
connect IPS pay direct from bank
Government Revenue Payments
NEPAL CLEARING HOUSE | नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवर्द्धित

# अर्थ वाणिज्य

kantipurdaily.com



संयुक्त अबर इमिरेट्सको दुबईमा खाद्य वस्तु बिक्री गर्दै एक इरानी व्यापारी । दुई देशबीच मैत्रीपूर्ण सम्बन्ध भएकाले धेरै इरानीहरू दुबईमा व्यापार गर्छन् । तस्बिर : एएफपी

# सरकारी खर्च बढेपछि बैंकलाई राहत

**कान्तिपुर संवाददाता** (काठमाडौं)

गत साता वाणिज्य बैंकमा १७ अर्ब रुपैयाँ निक्षेप थपिएको छ । आर्थिक वर्षको अन्त्यमा सरकारी खर्च बढेसँगै बैंकमा निक्षेप पनि बढेको हो । पछिल्ला साताहरूमा बैंकहरूमा निक्षेप बढ्दो क्रममा छ । यसले बिस्तारै तरलता (लगानीयोग्य रकम) सहज बन्दै गएको बैंकरहरू बताउँछन् । अन्तर बैंक र सरकारी ट्रेजरी बिल्सको ब्याजदर घट्दै जानुले तरलता सहज रहेको पुष्टि हुने जानकारहरू बताउँछन् ।

राष्ट्र बैंकको तथ्यांकअनुसार गत शुक्रबारसम्म वाणिज्य बैंकहरूको निक्षेप २७ खर्ब ९३ अर्ब रुपैयाँ छ । असार १३ मा यस्तो निक्षेप २७ खर्ब ७६ अर्ब रुपैयाँ थियो । पछिल्ला तीन सातामा निक्षेप करिब ३४ अर्ब रुपैयाँले बढेको छ । जेठ ३१ मा वाणिज्य बैंकहरूमा २७ खर्ब ५९ अर्ब रुपैयाँ निक्षेप रहेको थियो ।

गत साताको निक्षेप सोही अवधिको पुँजीगत खर्चभन्दा बढी छ । बुधबारसम्म १ खर्ब ८४ अर्ब रुपैयाँ पुँजीगत खर्च भएको छ । यो कुल विनियोजित पुँजीगत खर्चको ५७.२३ प्रतिशत मात्र हो । एक साताअघि (असार १७ मा) कुल पुँजीगत खर्च १ खर्ब ७० अर्ब रुपैयाँ (लक्ष्यको ५४.०९ प्रतिशत) थियो । यसले एक सातामा पुँजीगत खर्च १४ अर्ब ३२ करोड रुपैयाँले बढेको देखिन्छ ।

गएको तीन साता निक्षेपको वृद्धि राम्रो देखिए पनि ऋण प्रवाह भने न्यून छ । सो अवधिमा २८ वटा बैंक तथा वित्तीय संस्थाले कुल ८ अर्ब रुपैयाँ मात्र ऋण प्रवाह गरेका छन् । जसमध्ये गत साता ५ अर्ब रुपैयाँ थप ऋण विस्तार भएको देखिन्छ ।

बजारमा ऋणको माग नभएर कर्जा कम गएको नभई असार मसान्त भएकाले अधिकांशले ऋण प्रवाह रोकेको बैंकरहरू बताउँछन् । गत शुक्रबारसम्म बैंकहरूको कुल ऋण प्रवाह २४ खर्ब ७६ अर्ब रुपैयाँ छ । एक साताअघि यस्तो लगानी २४ खर्ब ७१ अर्ब रुपैयाँ थियो ।

**सातामा १७ अर्ब निक्षेप थपियो, ८ अर्ब मात्रै ऋण प्रवाह**

असार महिना आर्थिक वर्षको अन्त्य भएकाले पनि बैंकहरूले नयाँ ऋण विस्तार गर्न नचाहने भएकाले ऋण प्रावह कम देखिएको उनीहरूको भनाइ छ । 'यो ऋण असुली गर्ने धेरैभन्दा धेरै मुनाफा संकलन गर्ने बेला हो,' एक बैंकरले भने, 'यो बेलामा बैंकहरूले सकेसम्म ऋण प्रवाह गर्न चाहँदैनन् ।

यसकारण प्रक्रियामा रहेको कर्जा पनि अत्यावश्यकबाहेक सबै साउनपछि मात्र विस्तार गर्छन् ।'

राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको १० महिनामा बैंक तथा वित्तीय संस्थाको निक्षेप ११.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ११.१ प्रतिशतले बढेको थियो ।

यस्तै गत वैशाखसम्मको अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १७.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १८.१ प्रतिशतले बढेको थियो ।

वार्षिक रूपमा हेर्दा वैशाखसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप १९.८ प्रतिशतले बढेको छ । जसमध्ये बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमश: ८.७ प्रतिशत, ३२.८ प्रतिशत र ४७.८ प्रतिशत छ । यस्तै कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४५.७ प्रतिशत रहेको छ । २०७५ वैशाख मसान्तमा यस्तो निक्षेपको अंश ४४.१ प्रतिशत रहेको थियो ।

वार्षिक विन्दुगत आधारमा ०७६ वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २१.५ प्रतिशतले बढेको छ । जसमध्ये वाणिज्य बैंकको कर्जा १५.५ प्रतिशतले, विकास बैंकको ३१ प्रतिशतले र वित्त कम्पनीको १६.६ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्यांक छ ।

# निर्माण मोडालिटी अझै टुंगिएन

**विजय तिमल्सिना** (काठमाडौं)

## न्यु बुटवल-गोरखपुर प्रसारण लाइन

नेपाल र भारतबीच आदानप्रदानका लागि प्रस्तावित ४ सय केभी क्षमताको न्यु बुटवल-गोरखपुर प्रसारण लाइनको निर्माण मोडालिटीको निष्कर्ष ननिस्किएपछि यसको जिम्मा सचिवस्तरीय बैठकलाई दिइने भएको छ ।

नेपाल विद्युत् प्राधिकरण र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका अधिकारीहरूले न्यु बुटवल-गोरखपुरको लगानी र निर्माण मोटालिडीको विषयमा मंगलबार नयाँदिल्लीमा छलफल गरेका थिए । छलफलमा भाग लिएर फर्किएका प्राधिकरणका कार्यकारी निर्देशिक कुलमान घिसिङले छलफलमा प्रसारण लाइनबारे सचिवस्तरीय बैठकले दिएको विकल्पमा छलफल भए पनि कुनै निष्कर्ष ननिस्किएको बताए ।

'सचिवस्तरीय बैठकले हामीलाई दिएको विकल्पमा छलफल भयो,' उनले भने, 'हामीले छलफल मात्रै गरेका छौं, यसबारे निर्णय सचिवस्तरीय बैठकले गर्छ ।'

पछिल्लोपटक माघ ९ र १० गते पोखरामा बसेको सचिवस्तरीय समितिको अर्को बैठकको मिति टुंगो लागेको भने छैन ।

पोखरामा बसेको नेपाल-भारत ऊर्जा सचिव र सहसचिवस्तरीयसंयुक्त निर्देशक समितिको बैठकले तीन महिनाभित्र प्रसारण लाइनको निर्माण मोडालिटीको विषयमा छलफल गरी सुझाव पेस गर्ने निर्णय गरेको थियो । नेपाल विद्युत् प्राधिकरण र भारतको केन्द्रीय विद्युत् प्राधिकरणले लगानी तथा निर्माण मोडालिटीमा छलफल गरी सुझाव पेस गर्ने जिम्मा पाएका थिए ।

विद्युत् प्राधिकरण र भारतको केन्द्रीय विद्युत् प्राधिकरणबीचको बैठकमा टनकपुर सबस्टेसनको जडित क्षमता वृद्धि गर्ने विषयमा पनि छलफल भएको घिसिङले जानकारी दिए । पोखरामा भएको बैठकले भारतको टनकपुर सबस्टेसनमा जडित ५० एमभीए क्षमताको ट्रान्सफर्मर २०१९ मार्चसम्म बदली गर्ने निर्णय भएको थियो । सबस्टेसनमा एक सय एमभीए क्षमताको ट्रान्सफर्मर जडान गरी क्षमता वृद्धि गर्ने तयारी छ ।

नेपालले अन्तरदेशीय प्रसारण लाइन ७ वर्षसम्म बुक गर्न सकिने प्रस्ताव भारतीय पक्षसमक्ष राखिसकेको छ । पोखरामा बसेको सचिवस्तरीय बैठकले लगानी र निर्माण मोडालिटीको विषयमा छलफल गर्न दुई देशका विद्युत् प्राधिकणलाई विकल्प दिएको थियो ।


पोखरा बैठकको माइन्युटअनुसार नेपालले ७ वर्षसम्म प्रसारण लाइन बुकिङ गर्ने र ७ वर्षपछि भारतले त्यसपछिको लागत व्यहोर्ने प्रस्ताव छ । नेपाल र भारतले ५०-५० प्रतिशत स्वपुँजी रहेको संयुक्त कम्पनी स्थापना गरी सम्बन्धित सरकारबाट अनुदान वा ब्याजरहित ऋृण लिएर पनि निर्माण गर्न सकिने विकल्प बैठकले प्रस्तुत गरेको छ । शतप्रतिशत स्वपुँजीबाट निर्माण गर्ने यो प्रस्ताव भारतीय पक्षले राखेको हो ।

बाँकी पृष्ठ १४ ▶▶

बचत खाताहरूमा बीमाको फाईदा !
फाइदाहरू:
» ६ घातक रोगहरूको बीमा* सुरक्षा !
» सबै बचत खाताहरूमा ६.५०% ब्याजदर
» देशभरिका VISA Network भएका ATM बाट नगद कारोबार सित्तैमा
*शर्तहरू लागू हुनेछन् ।
9801190119
सानिमा बैंक

KANTIPUR PUBLICATIONS PVT. LTD
KMG KANTIPUR MEDIA GROUP
कान्तिपुर बने करोडपति सिजन-३
बन्ने होइन त फेरि करोडपति!
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्
१० लाख मासिक पुरस्कार
१ करोड बम्पर पुरस्कार
१ लाख साप्ताहिक पुरस्कार
पक्का पुरस्कार
• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा
• स्वास्थ्य बीमामा रु.७५० छुट
Shikhar Insurance Happysurance
स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ
BALTRA एलइडी टिभी.
ASUS ल्यापटप
स्मार्ट फोन
ब्लुटुथ स्पीकर
वायरलेस हेडफोन
स्मार्ट वाच
We Accept
fonepay payments फटाफट
KANTIPUR DAILY
THE KATHMANDU POST
1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.
eSewa www.esewa.com.np
ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस । एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन् ।
कान्तिपुर kathmandu post
टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

# अलैंचीको व्यवसायीकरण हुन सकेन




काठमाडौं (कास)- नेपालमा अलैंचीको उत्पादन राम्रो भए पनि व्यावसायीकरण हुन नसकेको विज्ञले बताएका छन् ।

बुधार राजधानीमा आयोजित आयोजित एक कार्यक्रममा विज्ञले उत्पादनमा जस्तै बजार प्रवर्द्धनमा जोड दिनुपर्ने बताएका हुन् । 'नेपाल अलैंची उत्पादनको क्षेत्रमा विश्वमै अग्रणी स्थानमा छ । उत्पादनको अनुपातमा यसको व्यवसायीकरण हुन सकेको छैन,' राष्ट्र संघीय खाद्य तथा कृषि संगठनका कार्यक्रम अधिकृत अर्जुन थापाले भने । हाल परम्परागत शैलीमै उत्पादन भइरहेको, कुन जातको कस्तो माटोमा रोप्ने, कति रोप्ने भनी अध्ययन हुन नसकेको उनले बताए ।

'प्रविधिको प्रयोग गरेर आधुनिक ढंगबाट यसको उत्पादनमा लाग्ने हो भने नेपालले यस क्षेत्रबाट प्रशस्त लाभ लिन सक्छ,' उनले भने, 'अलैंचीमा रोग लाग्ने समस्याले पनि यसको उत्पादनमा प्रभाव पारेको छ, उत्पादनका सम्बन्धमा अनुसन्धान हुनु पनि आवश्यक देखिएको छ ।'

नेपाल, भुटान र भारतमा उत्पादित अलैंचीले विश्व बजारमा राम्रो मूल्य पाइरहेका र यी मुलुकहरूले आपसी समन्वय गरेर उत्पादनमा लागे किसानहरू थप लाभान्वित हुने पनि छलफलमा बताइएको थियो । दक्षिण एसियाली मुलुकमा अलैंची खेतीको विकास र सम्भाव्यताबारे विश्व बैंकको आयोजनामा छलफल भएको हो ।

कार्यक्रममा दक्षिण एसियाली मुलुकका लगानीकर्ताले अलैंचीको बजारीकरणमा विशेष गरी महिला उद्यमीको भूमिकाबारे छलफल गरेका थिए । अलैंची खेतीबाट नेपालको ताप्लेजुङ जिल्लाका महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर बन्दै गएको प्रस्तुति कार्यक्रममा गरिएको थियो ।


## PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP
Empowered lives. Resilient nations.

The UNDP Nepal is soliciting proposals from interested firms/companies to provide the following goods/services.

**Reference No.:** Request for Quotation - **UNDP/RFQ/015/2019**
**Project:** Electoral Support Project (ESP)
**Purpose:** Refurbishment of Provincial EEIC at Biratnagar.
**Deadline for bid submission: 22 July 2019**
**Weblink: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html**

**Reference No.:** Request for Proposal - **UNDP/RFP/03/2019**
**Project:** Parliamentary Support Project (PSP)
**Purpose:** Enhancing Capacity of the MPs/MSAs representing Women and Disadvantaged groups via Skill Training on Use of Communication Tools.
**Deadline for bid submission: 29 July 2019**
**Weblink: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html**

**Who can apply:** National and international firms/companies
**How to apply:** As per the instructions in the detailed bidding document.


# केराको औसत उत्पादन दोब्बर

■ **गणेश चौधरी** (कैलाली)

टीकापुरमा केराको औसत उत्पादन दोब्बर पुगेको छ । राष्टिय औसत उत्पादन प्रतिहेक्टर १५ टन भए पनि टीकापुरमा भने प्रतिहेक्टर ३५ टन पुगेको छ ।


केराको राम्रो बीउ र जात, थोपा सिँचाइ प्रविधि र किसानको राम्रो अभ्यासका कारण टीकापुरमा केराको उत्पादन बढेको रानी-जमरा-कुलरिया सिँचाइ आयोजनाको कृषि तर्फको कार्यालयका प्रमुख भरत कँडेलले बताए । 'बगैंचा तथा मलखादको व्यवस्थापन राम्रो बनाउन सके यहाँ प्रतिहेक्टर ५० टन केरा उत्पादन गर्न सकिन्छ,' उनले भने ।

पछिल्लो समय टीकापुरका केरा किसान सबैले थोपा सिँचाइ प्रविधि अपनाएका छन् । नेपालमा झोल मल उपलब्ध छैन । दाना मल पानीमा राम्रोसित नघोलिँदा सिफारिसअनुसार सबै बोटले मल पानी नपाएकाले उत्पादन केही कम हुन गएको प्रमुख कँडेलले बताए ।

उनका अनुसार सरकारले झोल मल आयात गरेको छैन । केरा खेतीमा थोपा सिँचाइ प्रविधि प्रयोगमा ल्याएका किसानले झोल मल नभएर दानालाई पानीमा घोलेर प्रयोग गर्ने गरेका छन् । दाना मल पानीमा राम्रोसित नघोलिँदा पानी र मल दुवैको मात्रा केराको बोटलाई कम हुन जाने गरेको छ । केरा खेतीका लागि झोल मल नभई नहुने भएकाले औपचारिक तथा अनौपचारिक रूपमा झोल मल आयातका लागि कुरा गरिरहेको कँडेलले बताए ।

केरा खेतीमा आएको नवीनतम प्रविधिसँगै केरा खेतीतर्फ यहाँका किसान आकर्षित भएका छन् । केरा खेती विस्तार हुँदै गएपछि टीकापुर केराको हब बन्न थालेको छ । रानी-जमरा-कुलरिया सिँचाइ आयोजनाको कमान्ड एरियामा करिब ६ सय बढी हेक्टर क्षेत्रफलमा केरा खेती भएको आयोजनाले जनाएको छ ।

रानी-जमरा-कुलरिया कुलो सिँचाइ आयोजनाको सहयोगमा केरा खेती विस्तार हुँदै गएपछि केरा किसान टेकेन्द्र धामीले टिस्यु कल्चर प्रविधिबाट विलियम हाइब्रिड र जी ९ जातको केराको बेर्ना उत्पादन गरिरहेका छन् । उनले भने, 'यो ठाउँका लागि यही केराको बेर्ना माग बढी छ ।'



टिस्यु कल्चरबाट उत्पादित बेर्नाबाट लगाइएको केरामा रोग कम लाग्ने र ठूला परिमाणमा खेती गर्नका लागि ढुवानी पनि सजिलो हुने र प्रत्येक बोटले उत्पादन पनि सँगै दिने किसानहरू बताउँछन् । यो प्रविधिबाट उत्पादित केरा बेच्न पनि सजिलो हुने कोओर्डिनेटर कँडेलले बताए । 'टिस्यु कल्चरबाट उत्पादित बेर्नाको माग बढ्दै गएको छ,' उनले भने ।

अरू खेतीभन्दा सजिलो पनि भएको र फाइदा पनि बढी हुने भएकाले अन्नबालीभन्दा केरा खेतीमा लागेको केरा किसानहरू बताउँछन् । केरा फलका रूपमा मात्र नभई यसबाट विभिन्न खाले परिकार पनि बन्ने र यसबाट बनेका परिकारले आन्तरिक तथा बाह्य पर्यटक तान्दै गएपछि बजार समस्या नहुँदा किसानहरू यो खेतीमा आकर्षित हुँदै गएका हुन् । केरा खेतीबाट राम्रो आम्दानी हुने भएपछि अधिकांश व्यावसायिक किसानले जग्गा भाडामा लिएर केरा खेती गरेका छन् ।

यहाँको केरा छिमेकी जिल्लाहरू बर्दिया, बाँके, दाङ र बुटवललगायतका ठाउँमा जाने गरेको छ । नेपालमा करिब ५० प्रतिशत केरा भारतबाटै आउने भएकाले आयात रोकी केरामा आत्मनिर्भर बनाउन सहयोग होस् भनेर टीकापुरलाई केराको हबका रूपमा विकास गरिँदै छ ।


**नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड**
NALGAD HYDROPOWER COMPANY LIMITED

**नलगाड जलाशययुक्त जलविद्युत आयोजनाको सार्वजनिक सुनुवाई कार्यक्रम रद्द भएको सूचना**

मिति २०७६ असार २३ गते कान्तिपुरमा प्रकाशित नलगाड जलाशय युक्त जलविद्युत आयोजनामा विभिन्न मितिमा गरिने भनिएको सार्वजनिक सुनुवाइ कार्यक्रम रद्द भएको सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



**डिलर तथा बजार प्रतिनिधिको आवश्यकता**

नेपालमै नेचुरल पद्धतिद्वारा उत्पादित ग्राहकको खोजाइ र रोजाइमा रहेको ले ली वाइनका लागि **डिलरको आवश्यकता** साथै बजार प्रतिनिधिहरू चाहियो ।

**बजार प्रतिनिधि उपत्यकाको लागि १५ जना**
**बजार प्रतिनिधि उपत्यका बाहिरको लागि १० जना**

विशेष स्मार्ट लेडिज (महिलालाई) ग्राहयता दिईने छ ।
आफ्नै सवारी साधन भएकालाई विशेष ग्राहयता ।

लाइक नेचुरल ले ले वाइन उधोग, गोदावरी ५
सर्म्पक : ९८५१००४९३२ tpurna9@gmail.com



**FCA**

**Request for Quotation (RFQ) and Expression of Interest (EOI)**

FCA, the largest Finnish development cooperation organisation, a major humanitarian actor and member of ACT Alliance is calling for Request for Quotation (RFQ) an Expression of Interest (EOI) from the interested suppliers/service providers/Companies with experience of working in following services.

**Request for Quotation**
1. Air Ticketing service
2. Vehicle Hire
3. Office supplies
4. Computer and IT services
5. Office/residence security Services:
6. Hotel services
7. Visa Service

**Expression of Interest (EOI)**
1. Advertisement agencies
2. Translation and interpretation
3. Office furniture
4. IT equipment
5. General maintenance
6. Printing and publication

For details please visit
**https://www.jobsnepal.com/hotjob/rfq-eoi-from-vendors-suppliers-and-service-provider/115099**
The RFQ and/or EOI should be sent/posted or hand delivered to the following address by **24th July 2019.**
FCA Nepal, PO Box No. 23517, Baluwatar, Kathmanud, Nepal, Phone No. 977 – 1- 4000554,



**Habitat for Humanity® Nepal**

**Call for Expression of Interest (EOI)**

Habitat for Humanity Nepal's vision is a world where everyone has a decent place to live. Habitat Nepal operates as part of an international network with a common objective of reducing poverty and eliminating substandard housing and homelessness from the world. Habitat Nepal invites interested consultants to apply for the following:

1. Create the Community Impact Program Guidelines and Procedures Manual - Version 1.0
2. Conduct final evaluation of the "Chhana Program: Safe Shelter, Resilient Communities" project in eastern terai.

The terms of reference can be downloaded from our office website **www.habitatnepal.org.**

Interested consultants or firms are required to email proposals along with their CVs/Organizational Profiles at **procurement@habitatnepal.org** or drop hardcopies in our office by 5.00 PM July 15, 2019.

**Habitat for Humanity International - Nepal**
Sanepa Chowk, Lalitpur - 2
PO Box: 24037, Kathmandu, Nepal
Only shortlisted applicants will be notified



**श्री लालीगुराँस डेरी फार्म एण्ड रिसर्च सेन्टर**
चितवन जिल्ला खैरहनी न.पा. वडा नं.१२, कुमरोज ।

**गाईको दाना बनाउन प्रयोग हुने सामग्री आपूर्ति सम्बन्धी कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७६/०३/२६ गते, बिहिबार ।

श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित डेरी परियोजनामा पालिएका गाईहरुको लागि आवश्यक दाना बनाउन प्रयोग हुने कच्चा सामग्री आपूर्ति सम्बन्धी कार्य बोलपत्रको माध्यमबाट गर्न लागेको हुँदा, सामग्री आपूर्ति गर्न इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | गाईको दाना बनाउने कच्चा पदार्थ | वार्षिक खपत |
|---|---|---|
| १ | चोकर | १,१०,००० के.जी. |
| २ | मकैको दाना | १,००,००० के.जी. |
| ३ | धानको ढुटो | ७६,००० के.जी. |
| ४ | मोलासेस (उखुको भेली) | ५५,००० के.जी. |
| ५ | भटमासको पिना | ६५,००० के.जी. |
| ६ | तोरीको पिना | ५५,००० के.जी. |
| ७ | मिनरल्स् | ९,००० के.जी. |
| ८ | नुन | ७,००० के.जी. |

शर्तहरु:

१. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन बेलुकी ५:०० बजेभित्र श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्थाको मुख्य कार्यालय ललितपुर-३, पुल्चोक वा डेरी परियोजनाको कार्यालय खैरहनी-१२ कुमरोजमा नगद रु.२,०००/- (फिर्ता नहुने गरी) बुझाएको भौचर पेश गरेर मात्र बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र फारम खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नविकरण गरेको प्रतिलिपि, आर्थिक कारोबारको अभिलेख र स्थायी लेखा नम्बर संलग्न गरी प्रोप्राईटर स्वयं उपस्थित भई वा मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई बोलपत्र फारम खरिद गर्न सकिनेछ । बोलपत्रमा उल्लेख भए अनुसार अन्य कागजातहरु बोलपत्र निवेदन साथ बुझाउनु पर्नेछ ।
२. बोलपत्रमा तोकिएका समयभित्र अनिवार्य रुपमा आवेदन दर्ता गराइसक्नु पर्नेछ । म्याद भित्र आएका बोलपत्रहरु बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा यस संस्थामा खोलिनेछ । कारणवस बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
३. बोलपत्रदाताले आफूले कबोल गरेको प्रत्येक आईटमको दररेटलाई अङ्क र अक्षर दुवैमा अनिवार्य लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
४. बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।
५. बोलपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरेको, टिपेक्स लगाएको ठाउँमा सहिछाप नगरेको, बोलपत्र फारमको फोटोकपी गरी पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
६. कुनै पनि बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस डेरी फार्ममा निहित रहनेछ । म्याद नाघेको र रीत नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. यस सूचनामा छुट् हुन गएका अन्य कुराहरुको हकमा बोलपत्रमा उल्लेख भए अनुसार तथा संस्थाको "आर्थिक प्रशासन र सम्पत्ति तथा गैह्र बैंकिङ्ग सम्पत्ति खरिद बिक्रि गर्ने सम्बन्धी विनियमावली २०७२" अनुसार हुनेछ ।

**बोलपत्र खोलिने मिति, समय र स्थान:**

बोलपत्र खोल्ने मिति: २०७६/०४/१४ गते, मंगलबार । [30th July, 2019]
समय: दिनको २:०० बजे
स्थान: संस्थाको मुख्य कार्यालय, ललितपुर जिल्ला लपु.म.न.पा. वडा नं. ३, पुल्चोक ।

विस्तृत जानकारीको लागिः-

**श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालयः ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ३, पुल्चोक ।
फोन नं. ५५४६१८०, ५००९०१२, ५००९१०१, ५५३२८५५

**श्री लालीगुराँस डेरी फार्म एण्ड रिसर्च सेन्टर**
चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १२, कुमरोज ।
फोन नं. ०५६-५८२६८५, ०५६-६९५४३१

www.shreelaligurans.coop.np


# अनुदानमा आलु चिप्स उत्पादन

डडेल्धुरा (रासस)- जिल्ला सदरमुकाममा आलु चिप्स उद्योग सञ्चालनमा आएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आलु सुपर जोनको पूरक अनुदान सहयोगमा उद्योग सञ्चालनमा भएको हो ।

उत्पादन बढ्दै गएपछि आलु सुपरजोन बनाइएको डडेल्धुरामा खपतका लागि चिप्स उद्योग सञ्चालन गरिएको परियोजनाले जनाएको छ । परियोजनाको आठ लाख रुपैयाँ बराबरका उपकरण सहयोगमा उद्योग सञ्चालनमा ल्याएको सञ्चालक टेकराज पाण्डेयले बताए ।

आइतबार आलु चिप्स उत्पादन परीक्षण सार्वजनिक गर्दै सञ्चालक पाण्डेयले उद्योग सञ्चालन गरी आलु चिप्स बजारमा ल्याएको जानकारी दिए । सञ्चालक पाण्डेयले जीएस नामक उद्योगमार्फत यसअघि गोलभेंडा, 'मिक्स सस' र नमकिन बजारमा ल्याएको बताउँदै केही उपकरण आलु चिप्समा पनि काम लाग्ने भएकाले चिप्स पनि बजारमा ल्याएको जानकारी दिए । उद्योगका लागि आवश्यक भवन र स्थान पर्याप्त रहेको बताए ।

# निर्माण...

यो अन्तरदेशीय प्रसारण लाइन भारततर्फ १२० किलोमिटर र नेपालतर्फ २० किलोमिटर बनाउनुपर्छ । २०१६ मा गरिएको अध्ययनअनुसार प्रसारण लाइन निर्माणका लागि करिब १३ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । पोखरामा भएको बैठकमा नेपालले आफ्नो तर्फको प्रसारण लाइन आफैंले बनाउने र भारततर्फको प्रसारण लाइनमा दुवै देशले ५०-५० प्रतिशत लगानी गर्ने प्रस्ताव राखेको थियो ।

पोखरामा बसेको नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बैठकले नेपाल विद्युत् प्राधिकरण र भारतको केन्द्रीय विद्युत् प्राधिकरणले संयुक्त रूपमा तयार पारेको इनर्जी बैंकिङसम्बन्धी प्रस्तावलाई पनि स्वीकार गरेको थियो । भारतीय पक्षले इनर्जी बैंकिङको कार्यान्वयनका लागि नियमहरू जारी गर्न पनि सहमति जनाएको थियो ।

न्यु बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन दुई देशबीचको इनर्जी बैंकिङका लागि पनि महत्त्वपूर्ण पूर्वाधार हो । २०७३ असार १३ र १४ गते बसेको नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकले यो प्रसारण लाइन निर्माणमा सहमति जुटाएको थियो ।

अहिले नेपाल र भारतबीच ठूलो परिमाणमा ऊर्जा आदानप्रदान गर्ने विकल्प छैन । ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन अहिले २२० केभी क्षमतामा सञ्चालित छ । सन् २०१९ का अन्त्यसम्ममा यसलाई ४ सय केभी क्षमतामा स्तरोन्नति गर्ने गरी काम भइरहेको छ । हाल यो प्रसारण लाइनबाट करिब ३ सय मेगावाट विद्युत् आदानप्रदान गर्न सकिन्छ । ४ सय केभी क्षमतामा स्तरोन्नति भएपछि ६ सय मेगावाटसम्म विद्युत् आदानप्रदान गर्न सकिने अपेक्षा छ ।

## नेपाल स्टक एक्सचेन्ज

२५ असार २०७६ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ४०५ | ४०७ | २६३१३ | २ |
| आँखुखोला जलविद्युत् | ७४ | ७० | २०२० | -४ |
| अपी पावर | १४४ | १४४ | ९८३१ | ० |
| अरूण काबेली पावर | १९५ | १९५ | २६६६१ | ० |
| अरूणभ्याली हाइड्रोपावर | १०५ | १०६ | ९८०४ | १ |
| आशा लघुवित्त | ४०४ | ४०४ | ६१० | ० |
| एसियन लाइफ इन्स्योरेन्स | ३८२ | ३८२ | १०१५ | ० |
| बैंक अफ काठमाडौं लि. | २५८ | २५७ | २५७८० | -१ |
| बरूण हाइड्रोपावर | ९० | ९० | ५२० | ० |
| बेस्ट फाइनान्स | १०३ | १०२ | २७०० | -१ |
| बोटलर्स नेपाल (तराइ) लि. | ६८८५ | ६७४८ | १३० | -१३७ |
| बुटवल पावर क. लि. | ४१० | ४०७ | ५८३० | -३ |
| सेन्टल फाइनान्स | १२० | १२० | १७४९ | ० |
| सेन्चुरी कमर्सियल बैंक | १७८ | १७६ | ४८३६६ | -२ |
| छिमेक लघुवित्त विकास बैंक | ९४७ | ९५० | २९२५ | ३ |
| छ्याङ्दी हाइड्रोपावर | ९० | ९० | ३१० | ० |
| चिलिमे हाइड्रोपावर | ५१४ | ५०९ | ५७१७ | -५ |
| सिटिजन बैंक इन्टरनेशनल | २२० | २२२ | १०५५१ | २ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | २४३० | २४३९ | १६६५५ | ९ |
| सिटिजन म्युचुअल फन्ड-१ | ९.३३ | ९.३५ | २०० | ०.०२ |
| सिटी एक्सप्रेस फाइनान्स क. | १०० | १०२ | १८०० | २ |
| सिभिल बैंक | १५८ | १५७ | ४५७२७ | -१ |
| सिभिल लघुवित्त | ५४८ | ४९५ | २१३ | -५३ |
| कर्पोरेट डेभलपमेन्ट बैंक | १२५ | ११९ | ८२० | -६ |
| डिप्रोक्स डेभलपमेन्ट बैंक | ७१५ | ७२४ | १९२६ | ९ |
| देव विकास बैंक | १४२ | १४२ | ३२३१ | ० |
| दिव्यश्वरी हाइड्रोपावर | ७४ | ७३ | २४२ | -१ |
| एभरेष्ट बैंक लि. | ६५४ | ६५९ | ६५२२ | ५ |
| एभरेष्ट इन्स्योरेन्स | ३६० | ३७० | २२६ | १० |
| एक्सेल डेभलपमेन्ट बैंक | २८५ | २८३ | ८४ | -२ |
| फस्ट माइक्रोफाइनान्स | ३७५ | ३७७ | ३२८३२ | २ |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | १३१७ | १३१५ | १०१३ | -२ |
| गणपति माइक्रोफाइनान्स | ४३८ | ४४१ | ५७६ | ३ |
| गण्डकी विकास बैंक | २१३ | २१२ | १८६०० | -१ |
| गरिमा विकास बैंक | २२२ | २२२ | १०४६१ | ० |
| घलेम्दी हाइड्रोपावर | ८९ | ८६ | १६० | -३ |
| ग्लोबल आईएमई लघुवित्त | १२९७ | १२९७ | ६०३ | ० |
| गुणविल फाइनान्स | १३३ | १३४ | १११३ | १ |
| ग्रिन डेभलपमेन्ट बैंक | ११६ | ११५ | ८६६ | -१ |
| गुहेश्वरी मर्चेन्ट | १२७ | १२५ | २७३ | -२ |
| गुराश लघुवित्त | ४०२ | ३९२ | ४५० | -१० |
| गुराश लाइफ इन्स्योरेन्स | ४८० | ४८३ | २५६ | ३ |
| गोर्खा फाइनान्स | ११९ | १२१ | २१७१ | २ |
| हिमालयन ऊर्जा विकास | १४१ | १४० | १६१५ | -१ |
| हिमालयन बैंक | ५३२ | ५३५ | १६०० | ३ |
| हिमालय डिष्टिलरी | १६८० | १६५६ | ११२५ | -२४ |
| हिमालय जनरल इन्स्योरेन्स | ३५४ | ३४९ | १११४ | -५ |
| हिमालय पावर पार्टनर | १७४ | १७२ | २९२० | -२ |
| जलविद्युत लगानी तथा विकास क. | १६२ | १५९ | १६८३४ | -३ |
| आईसीएफसी फाइनान्स | १६४ | १६२ | २४०० | -२ |
| जानकी फाइनान्स | १७८ | १७८ | ९७० | ० |
| ज्योती विकास बैंक | १६२ | १६१ | ९४२४ | -१ |
| कालिका पावर कम्पनि | ९१ | ९१ | ८८९ | ० |
| कामना सेवा विकास बैंक | १५७ | १५९ | १९२६३ | २ |
| कन्चन डेभलपमेन्ट बैंक | १९७ | १८५ | ५२६ | -१२ |
| कर्णाली डेभलपमेन्ट बैंक | ११६ | ११७ | १६१९ | १ |
| खानीखोला हाइड्रोपावर | ७० | ६९ | १९० | -१ |
| कुमारी बैंक लि. | २१९ | २२० | ३०९५२ | १ |
| लक्ष्मी बैंक | २२६ | २२७ | १६८०० | १ |
| लक्ष्मी लघुवित्त | ६८४ | ६८५ | ८७३ | १ |
| लाइफ इन्स्योरेन्स | १६०१ | १६१९ | ३३०८ | १८ |
| लुम्बिनी विकास बैंक | १९१ | १९४ | ९५२५ | ३ |
| लुम्बिनी जनरल इन्स्योरेन्स क. लि. | ४३५ | ४३८ | ४४१ | ३ |
| माछापुच्छ्रे बैंक लि. | २६० | २६४ | २८५०८ | ४ |
| महालक्ष्मी विकास बैंक | १९७ | १९३ | ३६३८ | -४ |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ४५५ | ४४६ | ५५ | -९ |
| महुली सामुदायिक लघुवित्त | ८७८ | ८७८ | १६० | ० |
| मञ्जुश्री फाइनान्स | १३० | १२६ | १५८३ | -४ |
| मेगा बैंक | २११ | २१२ | ६१०९४ | १ |
| मेरो माइक्रोफाइनान्स | ५१४ | ५१६ | १४१८ | २ |
| मितेरी डेभलपमेन्ट बैंक | २३४ | २३५ | १६८४ | १ |
| मिथिला लघुवित्त | ४०० | ४०० | २५७ | ० |
| माउन्टेन हाइड्रो नेपाल | १०४ | १०५ | ५९० | १ |
| मुक्तिनाथ विकास बैंक | ३६१ | ३६२ | ११९०१ | १ |
| मल्टिप्रपोज फाइनान्स | १३५ | १४१ | ७६ | ६ |
| नबिल बैंक | ८०६ | ८११ | ९९३१ | ५ |
| नबिल इक्विटी फन्ड | ८.२५ | ७.८५ | ३७५२१ | -०.४० |
| नाडेप लघुवित्त | ४०८ | ४०२ | ३२०५ | -६ |
| नेशनल हाइड्रोपावर | ६५ | ६४ | १३८४५ | -१ |
| नेशनल लाइफ इन्स्योरेन्स | ५८० | ५७२ | १३६७६ | -८ |
| नेशनल माइक्रोफाइनान्स | १४०० | १४५३ | ६०२ | ५३ |
| नयाँ नेपाल लघुवित्त | ३९९ | ३९२ | ३३५ | -७ |
| नेको इन्स्योरेन्स | ४८० | ४८९ | १७६५ | ९ |
| नेपाल एग्रो लघुवित्त | ४९५ | ४९३ | ५०० | -२ |
| नेपाल बंगलादेश बैंक लि. | २१८ | २१९ | २५७२९ | १ |
| नेपाल बैंक लि. | ३३५ | ३३८ | ६६२१० | ३ |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | २४५ | २४५ | ३७३९२ | ० |
| नेपाल दुरसंचार कम्पनी | ६९४ | ६८६ | १८७२५ | -८ |
| नेपाल हाइड्रो डेभलपर्स | १२१ | १२६ | १५० | ५ |
| नेपाल इन्स्योरेन्स | ३५० | ३५३ | ७६७१ | ३ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ५१६ | ५१२ | १३८३९ | -४ |
| नेपाल इन्भेष्टमेन्ट बैंक प्र.से. | ४६९ | ४६८ | १४१४१ | -१ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ८९३ | ८९१ | ९४८८ | -२ |
| नेपाल एसबीआई बैंक | ४६२ | ४६० | ९९२८ | -२ |
| नेपाल सेवा लघुवित्त | ३८६ | ३९७ | १२० | ११ |
| नेरूडे लघुवित्त | ४८३ | ४८१ | ७३८ | -२ |
| न्याग्दी ग्रुप पावर | ११८ | ११९ | ५४ | १ |
| एनआईसी एसिया बैंक | ४४९ | ४४५ | ३७१७८ | -४ |
| एनआईसी एसिया ग्रोथ फन्ड | ९.३५ | ९.३५ | ११०० | ० |
| निर्धन उत्थान लघुवित्त | ८४२ | ८४२ | १२० | ० |
| एनएलजी इन्स्योरेन्स | ७२० | ७३० | ८५५ | १० |
| एनएमबी माइक्रोफाइनान्स | ९७६ | ९८८ | ७०५ | १२ |
| एनएमबी हाइब्रिड फन्ड | ९.५० | ९.३२ | ६८११ | -०.१८ |
| ओरियन्टेल होटल | ६१८ | ६१० | ४८९ | -८ |
| पञ्चकन्या माई हाइड्रोपावर | १०४ | १०२ | २४० | -२ |
| पाचथर पावर क. | १३९ | १३६ | २२६९ | -३ |
| पोखरा फाइनान्स | १४२ | १४१ | ६८३ | -१ |
| प्रभु बैंक | २६३ | २६० | ५८०२४ | -३ |
| प्रभु इन्स्योरेन्स | ३६६ | ३६४ | ५४५२ | -२ |
| प्रिमियर इन्स्योरेन्स | ४९४ | ४८४ | ६४८४ | -१० |
| प्राइम कमर्सियल बैंक | २७४ | २७४ | १६५१८ | ० |
| प्राइम लाइफ इन्स्योरेन्स | ४३२ | ४३३ | १२१४ | १ |

कुल कारोबार मूल्य : ५७३,४४७,५०९ | कारोबार संख्या : ५,२७२
सेयर संख्या : २,९९८,९४७ | नेप्से : १,२४९.१५ (-१.१२) ▼

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier
मुद्दती खातामा उच्चतम ब्याजदर ९.२५% + ०.५०%*
*शाखाको सिफारिसमा
बचत खातामा ६% सम्म ब्याजदर

गौतम बुद्ध विमानस्थल

# विद्युत् अभावमा निर्माण कार्य प्रभावित

■ **माधव ढुंगाना** (भैरहवा)

चौबीसै घन्टा विद्युत् उपलब्ध नहुँदा आगामी डिसेम्बरसम्म सञ्चालनको तयारी भइरहेको यहाँस्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना समस्यामा पर्न थालेको छ । डेडिकेटेड विद्युत् लाइन अभावमा आयोजनाको निर्माण कार्य प्रभावित हुन थालेको हो । आयोजनास्थलमा त्यस्तो विद्युत् कहिलेसम्म उपलब्ध हुने भन्ने यकिन छैन ।

आयोजनास्थलमा डेडिकेटेड विद्युत् लाइन पुर्‍याउन आवश्यक पोललगायतका संरचना निर्माण गरिएको छैन । विद्युत् प्राधिकरण र भैरहवा-लुम्बिनी-तौलिहवा सडक आयोजनाले यसबारे चासो देखाएका छैनन् । 'आयोजनास्थलमा डेडिकेटेड विद्युत् लाइन समयमा उपलब्ध गराइदिन बारम्बार अनुरोध गर्दासमेत कार्यान्वयनका लागि ध्यान पुग्न सकेको छैन,' गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना प्रमुख प्रवेश अधिकारीले भने, 'लाइन अभावले आयोजनाको काम प्रभावित हुन थालेको छ । समस्या आउन थालेको छ ।' आयोजनाका बाँकी काम उपकरण जडानसँग सम्बन्धित रहेकाले विद्युत् अपरिहार्य भएको उनले बताए ।

डेडिकेटेड विद्युत् लाइन जडानका लागि विमानस्थल आयोजनाले ०७३ पुस २५ गते विद्युत् प्राधिकरणको बैंक खातामा ४ करोड १४ लाख २१ हजार रुपैयाँ जम्मा गरिसकेको छ । रकम जम्मा गरेको यतिका समय बित्दा पनि लाइन जडानका लागि चासो नदेखाएको उनले बताए । त्यसपछि पटक-पटक पत्राचार र टेलिफोन सम्पर्क गरेर जडानका लागि अनुरोध गर्दै आएको अधिकारीले जनाए । प्राधिकरणले सडक किनारामा पोल गाड्ने जिम्मा भैरहवा-लुम्बिनी-तौलिहवा सडक योजनाको भएको दाबी गर्दै आएको छ । पोल गाडेपछि मात्र विद्युत् जडान गरिदिने जवाफ दिँदै आएको छ । सडक विस्तारका क्रममा पोल हटाइएको थियो । पोल गाड्ने जिम्मेवारी सडक योजनाको हो ।

> 'डेडिकेटेड विद्युत् लाइन उपलब्ध गराइदिन अनुरोध गर्दासमेत कार्यान्वयन भएको छैन'

विद्युत् प्राधिकरण भैरहवा वितरण शाखाका प्रमुख उमेश झाले आयोजनास्थलसम्म पोल गाड्ने र पोलभन्दा माथिको हाइटेन्सन लाइन तान्ने काम सडक योजनाको भएको बताए । त्यो काम पूरा हुनासाथ डेडिकेटेड फिडर तानिने उनले बताए । 'पटक-पटक सडक योजनालाई ताकेता गर्दा पनि पोल गाड्ने र तार तान्ने काम भएको छैन,' प्रमुख झाले भने, 'ताकेता गरेपछि साता-१५ दिनमा गर्ने भन्छन् । महिनौं बित्दा पनि प्रगति हुन सकेको छैन ।' सडक योजनाले आफ्नो जिम्मेवारीको काम पूरा गरेको तीन साताभित्र डेडिकेटेड लाइन जडानको काम सकिने उनले बताए ।

प्राधिकरणको खातामा रकम जम्मा गरेपछि पनि काम अगाडि नबढेपछि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सरोकारवाला निकायको बैठक बसेर काम छिटो गर्ने सहमति भएको थियो । ११ केभी क्षमताको डेडिकेटेड लाइन जडानका लागि विमानस्थलमा ट्रान्सफर्मर आइसकेको छ । विद्युत् जडान नहुँदा विगतमा विमानस्थल आयोजनाका ठेकेदारले २० लाख रुपैयाँको डिजेल खरिद गरी निर्माण कार्य गर्नुपरेको थियो ।

आयोजना प्रमुख अधिकारीले डेडिकेटेड लाइन अभावले विमानस्थल परिसरभित्र दोस्रो ठेक्काअन्तर्गत पावर सप्लाईको काम र कनेक्सन गर्न नसकिएको बताए । जसका कारण उपकरण जडान गर्न समस्या भइरहेको छ । पावर स्टेसनको निर्माण, वायरिङ, परीक्षणका काम रोकिएका छन् । दोस्रो ठेक्का विभिन्न मेसिनरी उपकरण जडानसँग सम्बन्धित छ । जसले भीओआर/डीएमई उपकरण, कन्ट्रोल टावरमाथि राख्ने उपकरण, मौसम पूर्वानुमान उपकरण, वारुणयन्त्रमा आवश्यक पर्ने लगायतका उपकरण जडान गर्नुपर्ने हुन्छ । सडक योजनाका प्रमुख प्रदीपराज शाक्यले भैरहवास्थित लुम्बिनी गेट आसपास केही स्थानीयले घरअगाडि पर्ने भन्दै पोल गाडन नदिएकाले कामलाई निरन्तरता दिन नसकिएको बताए ।

# बूढीगंगाको डीपीआर बनेन

■ **मेनुका ढुंगाना** (अछाम)

अछाममा निर्माण हुन थालेको बूढीगंगा जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन डीपीआर तथा वातावरणीय प्रभाव मूल्यांकन समेत तयार हुन सकेको छैन । गत माघमा जिल्लाका सरोकारवालासहितको बैठकमा २ महिनाभित्रै डीपीआर निर्माण भइसक्ने आयोजनाले बताएको थियो । आयोजना कार्यालयले बारम्बार डीपीआर निर्माणबारे गलत जानकारी दिने गरेको सरोकारवालाहरू बताउँछन् ।

डीपीआर तयार पार्ने जिम्मेवारी ०७२ असारमा अस्ट्रेलियन कम्पनी स्मेक इन्टरनेसनल प्राइभेट लिमिटेड र नेपालको उदय कन्सल्टेन्सीलाई दिइएको थियो । ती कम्पनीहरूले ०७३ पुसभित्र काम पूरा गर्ने गरी १९ करोड ९१ लाख ३३ हजारमा सम्झौता गरिएको थियो । म्याद सकिएको अढाइ वर्ष भइसक्दा पनि उनीहरूले डीपीआर तयार गरेका छैनन् ।

आयोजना प्रमुख सूर्यकुमार रिजालका अनुसार डीपीआर तयार गर्न अझै ६ महिना समय लाग्नेछ । 'काम लगभग अन्तिम चरणमा छ । वन तथा वातावरण मन्त्रालयबाट डीपीआर स्वीकृत हुनुपर्ने प्रावधान रहेकाले फाइल विभागमै छ ।' सबस्टेसन राख्ने ठाउँमा जग्गा अधिग्रहण गर्न बाँकी रहेको उनले बताए ।

सरकार आफैंले निर्माण गर्ने २० मेगावाट क्षमताको बूढीगंगा जलविद्युत् आयोजनाको निर्माणका लागि २०५२ सालदेखि नै अध्ययन सुरु भएको थियो । सन् १९९७ मा सम्पन्न सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनअनुसार ६ अर्ब अर्थात् ६० मिलियन अमेरिकी डलर लाग्ने अनुमान गरिएको थियो । आयोजना कार्यालयका अनुसार इन्जिनियरिङ डिजाइन र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गरी आयोजनाको निर्माण विकासका लागि २०१४ जुनमा साउदी फन्ड फर अरब डेभलपमेन्टसँग ६ अर्ब नेपाली रुपैयाँको ऋण सम्झौता भइसकेको छ । त्यसैगरी २०१२ जुलाईमा कुवेत फबड फर अरब इकोनोमिक डेभलपमेन्टसँग ५ मिलियन कुवेती दिनार (१ अर्ब ८ करोड) ऋण सम्झौता भइसकेको छ । बाँकी रकम नेपाल सरकारले बेहोर्ने उक्त ऋण सम्झौतामा उल्लेख छ ।

यस जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् सुदूरपश्चिम प्रदेशका जिल्लाहरूमा खपत हुने र बाँकी विद्युत् कैलालीको पहलमानपुरसम्म पुर्‍याएर केन्द्रीय प्रसारण लाइनमा जोड्ने लक्ष्य छ । ८ दशमलव ६४ हेक्टर क्षेत्रफल रहेको आयोजनाको मुख्य संरचनामा बाँध, इन्टेक, सेटलिङ, बेसिन, सुरुङ, सर्जट्यांक, विद्युत्गृह, टेलरेस, सबस्टेसन, प्रसारण लाइन आदि रहनेछन् ।

**भौतिक विकास हुँदै**

आयोजनाको कार्यालय आफ्नै भवनमा सारेपछि आयोजनाले अन्तरिक काम भने अघि बढाएको छ । भवन निर्माणको जिम्मा पाएको बीके ओल बिल्डर्स काठमाडौंलाई पटकपटक ताकेता गरेपछि सम्झौता भएको ३ वर्षमा ८ करोड ६८ लाखको लागतमा आयोजनाको कार्यालय र आवास भवन निर्माण भएको हो । आयोजनालाई आवश्यक पर्ने २९९ रोपनी जग्गासमेत अधिग्रहण गरेको साइट इन्चार्ज वीरबहादुर बोहोराले बताए ।

बोहोराका अनुसार बाँध क्षेत्रका लागि मेल्लेख गाउँपालिका ४ कुस्कोटमा करिब ३८ रोपनी र साँफेबगर नगरपालिका १३ बाब्लामा ३२ रोपनी जग्गा आयोजनाको नाममा सारिएको छ ।

# कर असुलीमा ढिलाइ

■ **जितेन्द्र साह** (विराटनगर)

रिचार्ज कार्डको कारोबारमा बिक्री बिल जारी नगरी विराटनगरका एक व्यवसायीले छलेको ८ करोड ६१ लाख ३४ हजार ८ सय ७१ रुपैयाँ कर अझै असुलिएको छैन । विराटनगर महानगरपालिका-७ शनिहाटस्थित जयबाबा सप्लायर्सका सञ्चालक ५४ वर्षीय सतीशकुमार जयसवालले २०६७ देखि २०७३ सम्म यति धेरै रकम कर छली गरेका हुन् ।

नियोजित रूपमा जयसवालले करोडौं रुपैयाँ कर छलेको निचोडमा पुगेको विराटनगरस्थित आन्तरिक राजस्व कार्यालयका प्रमुख दिलीपकुमार गौतमले कान्तिपुरलाई बताए । 'नगद, सुनचाँदी र घरजग्गा परिवारका अन्य सदस्यको नाउँमा राखेर कारोबार गर्नुले पनि उनको धोखाधडीको नियत रहेको प्रस्टिन्छ,' उनले भने, 'जति प्रयास गरे पनि सम्पर्कमा आउन खोज्दैनन् ।'

व्यवसायी जयसवालले छलेको रकममा अहिलेसम्मकै ब्याज थपिँदा मूल्य अभिवृद्धि कर (भ्याट) ५ करोड ६० लाख १९ हजार ६ सय ५४ रुपैयाँ र आयकर ३ करोड १ लाख १५ हजार २ सय १७ रुपैयाँ बक्यौता पुगेको हो । व्यावसायिक दस्तावेजको अनुसन्धानमा जयसवालले कर छली अपराध गरेको खुलासा भएपछि एक वर्षदेखि उक्त कार्यालयले ऐनबमोजिम चरणबद्ध असुली प्रक्रिया अघि बढाएको छ ।

'अब पनि जयसवालले राजस्व बुझाएनन् भने विभागलाई सम्पूर्ण फाइल जिम्मा लगाउने हो,' गौतमले भने ।

उक्त कार्यालयले विभिन्न व्यक्ति र फार्मबाट उठाउन बाँकी कर बक्यौतामध्ये जयसवालसँग उठाउनुपर्ने रकम १४.३५ प्रतिशत हुन आउँछ । २०५४ सालदेखि अहिलेसम्म मूल्य अभिवृद्धि कर, आयकर र अन्त: शुल्कबापत उक्त कार्यालयले व्यवसायी एवं संस्थाबाट करिब ६० करोड रुपैयाँ राजस्व उठाउन बाँकी छ ।

उक्त कार्यालयले १३ जेठमा ६२ व्यावसायिक फार्म र व्यापारीविरुद्ध जारी गरेको १५ दिनभित्र कर दाखिला गर्ने सूचनामा पनि स्थायी लेखा नम्बर ३०१६४३७०२ भएको जयसवालको नाम एक नम्बरमा छ । उनी यो सूचीमा गत वर्ष पनि एक नम्बरमै थिए । जयसवालले नेपाल टेलिकम र एनसेलबाट खरिद गरेको रिचार्ज कार्ड, सिम एवं अन्य विविध सामग्रीलाई बिलबिनै बिक्री गर्दै आएका थिए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
विगत १६ वर्षदेखि प्राविधिक शिक्षामा समर्पित यस कान्तिपुर कलेज अफ मेडिकल साइन्स मा निम्न स्वास्थ्य तर्फको प्राविधिक विषयहरूमा भर्ना खुल्यो ।

| Faculty | Duration |
|---|---|
| Diploma in Pharmacy (DPH) | 3 years |
| Lab Technician (CMLT) | 3 years |
| General Medicine (HA) | 3 years |

फाराम भर्ने अन्तिम मिति: २०७६ श्रावण १२ गते, प्रवेश परीक्षा: २०७६ श्रावण २२ गते, विहान ७ बजे
कान्तिपुर कलेज अफ मेडिकल साइन्स
सितापाइला, काठमाडौं, फोन नं ०१-४२७९७२३, ४०३८३१७

छात्रवृत्ति सहित भर्ना खुल्यो !
CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा प्राविधिक शिक्षाका निम्न कोर्षहरुमा शैक्षिक शत्र २०७६/०७७ को लागि छात्रवृत्ति तथा बिशेष छुट सहित भर्ना खुल्यो ।
बिषय विज्ञहरुद्धारा धमाधम नि:शुल्क तयारी कक्षाहरु संचालन भईरहेको छ ।
मेडिकल ल्याब असिस्टेण्ट · भेटनेरी जे.टि.ए./पशु स्वास्थ्य · कृषि जे.टि.ए./बाली विज्ञान · सिभिल सब-ओभरसियर
योग्यता: SLC उर्तिर्ण वा SEE मा जुनसुकै ग्रेड आएका वा SLC/SEE माथीका सम्पूर्णले पढ्न पाउने ।
हाम्रा विशेषताहरू: १. CTEVT को परीक्षाफलमा देशभरीकै सर्वोत्कृष्ट अंक सहित धेरै विद्यार्थी पास गर्न सफल, २. देशकै ख्यातिप्राप्त अनुभवी र दक्ष प्रशिक्षकहरुबाट अध्यापन गराईने, ३. प्रयोगशालामा भरपुर प्रयोगात्मक सामाग्रीको व्यवस्था, ४. प्रोजेक्टरबाट पठनपाठन गराइने, ५. नि:शुल्क पुस्तकालय, इन्टरनेट र वाईफाईको सुविधा, ६. न्युनतम शुल्कमा होस्टलको व्यवस्था, ७. O.J.T. मा पठाउँदा खाना, बस्न र तलबकोलागि संस्थाद्धारा पहल गरिने, ८. अध्ययन पश्चात देशभित्र वा देश बाहिर रोजगारीको लागि संस्थाद्धारा पहल गरिने ।
EVENT परियोजनाको रू. ५०,०००।- र CTEVT को रू. १००,०००।- तथा NGO/INGO बाट प्रदान हुने छात्रवृत्तिको फारम धमाधम भराईदैछ ।
सिंह टेक्निकल कलेज
गोंगबुचोक, काठमाडौं, नेपाल
सम्पर्क: ०१-४३८२०२२, ९८५१२८२०२२, ९८४१४६५९०९, ९८४३३००७९२, ९८२३१४५७७८ (गोंगबुचोक र रेडनपुल बिचमा)
कलेज खुल्ने समय: बिहान ६ बजे देखि बेलुका ८ बजे सम्म (शनिबार र सार्वजनिक विदाको दिन पनि कलेज खुल्ने) ।

कक्षा ११ मा भर्ना खुल्यो !!
विज्ञान
व्यवस्थापन (व्यवसाय)
कानून
विशेष आकर्षण :
- राष्ट्रकै दक्ष विषयविज्ञ, लेखक तथा लामो शिक्षण अनुभव भएका अध्यापकहरू ।
- International Standard को सुविधा सम्पन्न विज्ञान प्रयोगशाला ।
- आफ्नै क्रिकेट एकेडेमी/आफ्नै फुटसल/आकर्षक बास्केटबल कोर्ट/ ब्याडमिन्टन कोर्ट ।
- अपाङ्गमैत्री तथा लिफ्ट सहितको सुविधा सम्पन्न भवन ।
प्रवेश परीक्षा :
मिति : २०७६ आषाढ २९ गते आइतबार
समय : बिहान ११ बजे
स्थान : नाइटिङ्गेल कलेज (+2) "ई" ब्लक
केही सिमित सिट खाली भएकाले समयमै फारम भर्नको लागि सुचित गरिन्छ ।
नाइटिङ्गेल कलेज (+2)
कोपुण्डोल, ललितपुर
०१-५५३०७४४
०१-५५३५६६३

CTEVT को प्राविधिक शिक्षामा भर्ना खुल्यो
★ भेटनरी जेटिए
★ सिभिल सव-ओभरसियर
SEE मा E ग्रेडमा पास भए पनि भर्ना हुन पाउने
फारम बुझाउने अन्तिम मिति: २०७६/०४/१५ गते
प्रवेश परीक्षा मिति: २०७६/०४/२५ गते
भिक्टोरिया टेक्निकल कलेज
कोटेश्वर चौक, काठमाडौं
फोन नं. ०१-४६००३१६,९८२३०७१०९२
नेपोली कलेज
(नेपाल पोलिटेक्निक इन्स्टिच्यूट)
★ सिभिल सव-ओभरसियर
★ इलेक्ट्रीकल सव ओभरसियर
फारम बुझाउने अन्तिम मिति: २०७६/०४/१५ गते
प्रवेश परीक्षा मिति: २०७६/०४/२५ गते
नरेफाँट कोटेश्वर, काठमाडौं
फोन नं. ०१-५१४९५८८, ९८०८३९२९४३

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
CTEVT बाट सम्बन्धन प्राप्त यस क्याम्पसमा शैक्षिक शत्र २०७६/७७ को लागि निम्न कार्यक्रममा भर्ना खुल्यो ।
Staff Nurse - 40 Seats
फर्म भर्ने अन्तिम मिति: २०७६ श्रावण १२ गते आइतबार सम्म
प्रवेश परीक्षा मिति: २०७६ साउन २२ गते बुधबार बिहान ७:०० बजे



विस्तृत जानकारीका लागि:
काठमाण्डौ नर्सिङ क्याम्पस
काठमाण्डौ-३, बसुन्धरा, फोन नं. ०१-४०१६७५९, ९८५७६२१३१४

छात्रवृत्ति सहित रोजगारीमूलक प्राविधिक शिक्षा हासिल गर्ने सुवर्ण अवसर
यस कलेजले विगतमा झै यस वर्ष पनि रोजगारीमूलक प्राविधिक शिक्षा हासिल गर्न चाहाने, छात्रवृति, नि:शुल्क र सशुल्क कोटामा अध्ययन गर्न इच्छुक SEE/SLC वा सो भन्दा माथिको शैक्षिक योग्यता भएका दुर्गम पहाडी क्षेत्रका, दलित महिला/पुरूष, जनजाती, गरिब, विपन्न, असहाय, जेहेन्दार र अन्य छात्र/छात्राहरूलाई समेत छात्रवृति दिलाउने उद्धेश्यले नि:शुल्क प्रवेश परिक्षा तयारीकक्षा संचालन गर्न लागेको हुदा मौकाको फाइदा उठाउन सम्बन्धित व्यक्तिले तु.सम्पर्क राख्नुहोस् ।
नोट: नेपाल सरकारको EVENT Project बाट दिईने रू ५०,०००|- र १,५०,०००|- को छात्रवृत्तिको PMT फारम समेत नि:शुल्क भराईन्छ ।
सम्पर्क :- कान्तिपुर टेक्निकल कलेज
बालाजु-१६(गंगा हल अगाडी),काठमाडौ । फोन नं:०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म ।
(शनिवार र सार्वजनिक विदाको दिनमा समेत कलेज खुल्ला हुनेछ ।)

बिद्यार्थी भर्ना सम्वन्धी सूचना
नेको नेपालद्धारा सञ्चालित तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्वन्धन प्राप्त यस कलेजमा PCL Radiography , Medical Laboratory Technology, Pharmacy, General Medicine (H.A) & Nursing ( Staff Nurse) कार्यक्रमहरुमा भर्ना हुन इच्छुक बिद्यार्थीहरुका लागि दरखास्त आव्हान गरिन्छ । साथै बिद्यार्थीहरुको हितलाई ध्यानमा राखि निशुल्क तयारी कक्षाहरु सञ्चालन भैरहेका छन ।
१. आवेदन फाराम पाइने र बुझाउने स्थान : मनमोहन मेमोरियल इन्ष्टिच्यूट अफ हेल्थ साइन्सेज्
२. फर्म बुझाउने अन्तिम मिति : २०७६।०४।१२ गते आइतवार
३. प्रवेश परीक्षा मिति : २०७६ श्रावण २२ गते बुधवार (बिहान ७:०० बजे)
मनमोहन मेमोरियल इन्ष्टिच्यूट अफ हेल्थ साइन्सेज्
सोल्टीमोड,काठमाण्डौ
फोन नं : ०१-४०३०७८१, ८२, ८३, ८४ फ्याक्स न. : ०१-४०३०७८५
email: info@mmihs.edu.np, mmiohs@gmail.com
Website : www.mmihs.edu.np

"इवामुरा" ADMISSION OPEN "इवामुरा"
CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा शैक्षिक शत्र २०७६/७७ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो ! भर्ना खुल्यो !!

| | |
|---|---|
| Staff Nurse | 40 Seats |
| Dip. in Pharmacy | 40 Seats |
| General Medicine (HA) | 40 Seats |
| Lab Technician | 30 Seats |
| Radiography | 30 Seats |

फर्म भर्ने अन्तिम मिति: २०७६ श्रावण १२ गते आइतबार सम्म
प्रवेश परीक्षा मिति: २०७६ साउन २२ गते बुधबार बिहान ७:०० बजे
इवामुरा कलेज अफ हेल्थ साइन्स (डा. इवामुरा हस्पिटल)
सल्लाघारी, भक्तपुर, फोन नं. ६६१४८१६, ६६१६८१६, ६६१९८१६

छात्रवृत्ति सहित भर्ना खुल्यो
नेपाल सरकार / CTEVT बाट सम्बन्धन प्राप्त गरी सर्वोत्कृष्ट नतिजा हासिल गर्दै आएको यस कलेजमा शैक्षिक शत्र ०७६/०७७ मा तपसिल बमोजिमको रोजगारी, स्वरोजगारी र व्यवासायमूलक प्राविधिक शैक्षिक कार्यक्रमहरूमा छात्रवृत्ति सहित भर्ना खुल्यो । S.L.C./S.E.E. मा जुनसुकै श्रेणी र ग्रेडमा उत्तिर्ण हुनेहरूले समेत फारम भर्न र अध्ययन गर्न पाइने छ । तालिम पछि स्वदेश तथा विदेशमा समेत रोजगारीको लागी पहल गरीनेछ । शिक्षा मन्त्रालयको Event project ले दिने रू ५०,०००/- को छात्रवृत्तिको PMT फारम समेत नि:शुल्क भराईन्छ ।
तालिमहरू:
१. भेटेरीनरी जे.टि.ए. / पशु विज्ञान (Veterinary J.T.A.) - १८ महिना
२. कृषि जे.टि.ए. / वाली विज्ञान (Agriculture/Plant J.T.A.)- १८ महिना
फारम भर्ने अन्तिम मिति:- २०७६/०४/१५ गते
छात्रवृत्ति प्रवेश परीक्षा मिति:-२०७६/०४/२५ गते बिहान ८:०० बजे
पूर्ण शुल्किय कोटा प्रवेश परीक्षा मिति:-२०७६/०४/२५ गते दिउँसो २:०० बजे
नोट: नि:शुल्क प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन हुँदैछ ।
सम्पर्क:- कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि. (कान्तिपुर टेक्निकल कलेज)
बालाजु १६-गंगा हल अगाडी),काठमाडौ ।
फोन नं:०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म ।
(शनिवार पनि कलेज खुल्ला हुनेछ ।)

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
CTEVT बाट सम्बन्धन प्राप्त र सम्बन्धित Professional Council बाट मान्यता प्राप्त
यस अल नेपाल कलेज अफ टेक्निकल एजुकेशनमा शैक्षिक शत्र २०७६/०७७ का लागि भर्ना खुल्यो !
कार्यक्रमहरु:
डिप्लोमा तथा प्रमाण-पत्र तर्फ
- General Medicine (H.A.)
- Diploma In Pharmacy (DPh)
फारम भर्ने अन्तिम मिति: २०७६ श्रावण १२ गते सम्म
प्रवेश परीक्षा मिति: २०७६ साउन २२ गते, बिहान ७:०० बजे
प्राविधिक एस.एल.सी. (TSLC) तर्फ
- बालि विज्ञान (PJTA) - (१८ महिने)
- पशु विज्ञान (VJTA) - (१८ महिने)
फारम भर्ने अन्तिम मिति: २०७६ श्रावण १५ गते सम्म
प्रवेश परीक्षा मिति: २०७६ साउन २५ गते
पूर्णशुल्कीय तर्फ: दिउँसो २:०० बजे
छात्रवृति तर्फ: बिहान ७:०० बजे
नोट: सबै कार्यक्रममा आवेदन दिने विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि २०७६ असार ३१ गते सम्म ईभेन्ट परियोजनाको PMT फारम भर्ने व्यवस्था मिलाईएको छ ।
कलेज शनिबार पनि खुल्ला रहने छ ।
विस्तृत जानकारीका लागि:
अल नेपाल कलेज अफ टेक्निकल एजुकेशन
गौशाला, काठमाण्डौ-९ (द्वारीका होटल पछाडीको गेट सगै)
०१-४४७०२०५, ४४७०९०६ ९८५११५१३१४, ९८५१०६२६९१

Kathmandu University
DEPARTMENT OF GEOMATICS ENGINEERING
B.E. in Geomatics Engineering
(In collaboration with Land Management Training Centre)
SCHOLARSHIP IN GEOMATICS ENGINEERING
The Department of Geomatics Engineering in collaboration with Land Management Training Centre (LMTC), Ministry of Land Management, Cooperatives and Poverty Alleviation offers scholarship for students pursuing admission in Bachelor of Engineering in Geomatics Engineering as listed below:

| SN | Description | Quota | Scholarship |
|---|---|---|---|
| 1 | Employees of Nepal Government | 4 | 100% |
| 2 | Inclusive quota (3 from each province):<br>• Female -1<br>• Adibasi Janjati/ Dalit/ Madhesi-1<br>• Backward region/ Economically deprived -1 | 21 | 35% |
| 3 | Provincial Open Merit (3 from each Province) | 21 | - |
| 4 | Open Merit | 8 | - |

The scholarship is awarded based on KUCAT ranking of Geomatics Engineering candidates from each Province. The candidates are requested to fill the provincial criteria as per the citizenship certificate. Any migration (shifting of residence, बसाई सराई) certificate issued should be dated before July 8, 2019. Falsification of the above information will lead in cancellation of the candidate's scholarship and admission.
Students receiving this scholarship will also be eligible for other scholarship provided by KU as per criteria stated in the admission call.
For Further Details, Please Contact at:
Kathmandu University, School of Engineering, Dhulikhel, Kavre, Nepal. Phone: +977-11-415100, Fax: +977-11-415011, P.O. Box: 6250
Land Management Training Centre, Dhulikhel, Kavre, Nepal. Phone: +977-011-415055 / 51, Fax: +977-011-415078
Detail of registration for CBT & admision process is available at www.ku.edu.np

सर्लाही घटना

# क्षतिपूर्ति कुर्दै परिवार

सर्लाही (कास)- प्रहरीको गोली लागेर मृत्यु भएका ईश्वरपुर-१३, गौरीशंकरका देवन भनिने सरोजनारायण महतोको परिवारले क्षतिपूर्ति पाएको छैन। घटनाको १० दिन बित्दा किरिया खर्च मात्र पाएको परिवारजनले गुनासो गरेका छन्।

गौरीशंकरका १२ वर्षीय बालक अमित रायको बाँके खोलाको खाल्डोमा डुबेर मृत्यु भएपछि पूर्व-पश्चिम राजमार्गमा प्रदर्शन गर्ने क्रममा स्थानीय र प्रहरीबीच झडप हुँदा महतोको मृत्यु भएको थियो। दुवै घटनापछि आन्दोलनमा उत्रेका स्थानीयसँग ईश्वरपुर नगरपालिकाले छलफल गरी गोली लागेर मृत्यु भएका सरोजनारायणलाई सहिद घोषणा गर्न सिफारिस गर्ने, मृतककी पत्नीलाई वडा कार्यालयमा रोजगारी उपलब्ध गराउने, खोलामा डुबेर मृत्यु भएका अमितका परिवारलाई राहतस्वरूप ५ लाख रुपैयाँ उपलब्ध गराउने, प्रहरीको गोलीले घाइते स्थानीय राजकुमार महरालाई औषधोपचारका लागि ५० हजार नगद दिने लगायतका १४ बुँदे सहमति गरेको थियो। सहमति भएको एक साता बित्दासमेत किरिया खर्च मात्र पाएको मृतक महतोका दाजु मनोज सिंहको गुनासो छ। 'किरिया खर्च पनि हिजो मात्र पाएँ,' उनले भने, '२५ हजारमा किरिया सम्भव छैन।'

खोलामा क्रसरले बनाएको खाल्डोमा डुबेर मृत्यु भएका बालक र प्रहरीको गोली लागेर मृत्यु भएका महतोको परिवारलाई ईश्वरपुर नगरपालिकाले मंगलबार किरिया खर्चबापत २५-२५ हजार रुपैयाँ दिएको हो। घाइते महरालाई औषधोपचारका लागि पनि २५ हजार रुपैयाँ दिइएको नगरपालिकाले जनाएको छ। बाँकी रकम चाँडै दिने नगरका मेयर मनोज देवकोटाले बताए। उनले गोली लागेर मृत्यु भएकाको हकमा मन्त्रिपरिषदको निर्णयअनुसार क्षतिपूर्ति पाउने हुनाले आफूले पहल गरिरहेको जानकारी दिए।

**छानबिन माग**

प्रहरी कारबाहीमा असार ५ गते मारिएका नेत्रविक्रम चन्द समूहका जिल्ला इन्चार्ज कुमार पौडेलका आफन्तले निष्पक्ष छानबिनको माग गर्दै आएका छन्। पौडेलका आफन्तले कुमारले नभई प्रहरीले नियन्त्रणमा लिएर मारेको आरोप लगाउँदै आएको छ।

प्रहरीले भने भिडन्तमा कुमारको मृत्यु भएको दाबी गर्दै आएको छ। राज्यले चन्द समूहको गतिविधिमाथि प्रतिबन्ध लगाएकाले कुमारको परिवारले क्षतिपूर्तिसमेत पाउन सकेको छैन।

# 'मलाई भनिएन...

'लुकेको कुरा थाहा नहुँदा मैले आएको छैन (पत्र) भनें। त्यसबाट मैले कहीं जनतालाई अल्मल्याउन खोजेको त होइन भन्ने भ्रम पर्ने अवस्था र विरोधीहरूले भएको कुरालाई हैन भन्यो भनेर प्रचार गर्ने मौका पाए,' प्रधानमन्त्री ओलीले भने, 'मलाई त्यसमा कुनै त्यो एउटा तथ्यलाई अर्को ढंगले भन्नुपर्ने र त्यसो भन्दा लाभ हुने अवस्था होइन र थिएन।'

परीक्षणका लागि तयारी नपुगेको र त्यसअनुसारको संरचना पनि नभएको पाएपछि केही समयका लागि रोक्ने निर्णय आफैंले गरेको ओलीले दाबी गरे। 'त्यो चासो सरोकार जनाएको कुरा पनि मसम्म आएको थिएन। मैले त आफैं तयारी पुगेको छैन भनेर रोकेको हुँ' प्रधानमन्त्री ओलीले भने, 'भित्रभित्रै कुरा भएको रहेछ। विभिन्न ठाउँमा राजदूतले नै भेटेर भनेको आदि पाइयो। यो कुरा त मलाई कसैले बताएन। मैले त हाम्रो तयारी पुगेन भनेर केही समयका लागि तयारी गर्नका लागि रोक्ने निर्देशन गरेको हो।'

उनले विषादी परीक्षण कुनै देशसँग लक्षित नरहेको बताए। 'यो कुनै देशसँग लक्षित होइन। सामान्य ढंगले हामीले आयात गर्ने खाद्यपदार्थ शुद्ध हुनुपर्छ भन्ने कुरा हो,' उनले भने, 'यो कुनै देशका विरुद्ध होइन, हामी धेरै देशबाट खाद्य सामग्री आयात गर्छौं, बंगलादेश, थाइल्यान्ड, ब्राजिल, अमेरिकाबाट गर्छौं तर अलिक ठूलो भोल्युममा भएकाले त्यसले अलिक चासो सरोकार जनायो होला।' प्रधानमन्त्री ओलीले अहिले पनि सम्पूर्ण रूपमा परीक्षण नरोकिएको दाबी गरे। छिटो परीक्षणका लागि छिटो काम भइरहेको र अन्य मित्रराष्ट्रहरूलाई पनि परीक्षण गरेको प्रमाणपत्रसहित पठाउनुहोस् भनेर आग्रह गरेको प्रधानमन्त्रीले जानकारी दिए। अहिले आफूले नै परीक्षणको काम सुरु गरेको र केही समय तयारीका लागि रोक्दा 'कोहोहोलो' मच्चाइएको भन्दा आक्रोश पोखे। 'यसअघि अमृतै अमृत आउँथ्यो? छानबिन गर्नु पर्दैनथ्यो, बहुमत राम्रो कुरा मात्र हुन्थ्यो? यतिबेला चाहिँ हल्ला भएको छ। विषादीयुक्त चीज खाने भनेर? तबसम्म किन नबोलेका जबसम्म म बोलिनँ? किन नबोलेको हो? अहिले मैले छानबिन गरिरहेको छु र मित्रराष्ट्रहरूलाई आफ्ना परीक्षण गरेको प्रमाणपत्र दिएर सामान पठाउनु भनेको छु,' प्रधानमन्त्री ओलीले भने।

जनशक्ति र यन्त्रहरू पनि पर्याप्त नरहेको अवस्थामा परीक्षण गर्न सकिन्छ भन्ने खालको प्रस्ताव मन्त्रालयबाट किन आयो भन्नेमा पनि प्रधानमन्त्रीले आशंका व्यक्त गरेका छन्। 'अब भयो (परीक्षण गर्ने क्षमता) भनेर प्रस्ताव किन ल्यायो? तर प्रस्ताव त्यसरी आयो जसबाट म अलिकति झुक्किएँ,' प्रधानमन्त्री ओलीले भने। उनले यो प्रकरणमा प्रतिक्रिया दिनेहरूप्रति आपत्ति जनाए। 'यसलाई बहुतै देशभक्त पल्टिएर र जनताका स्वास्थ्यमा बहुतै सजग पल्टिएर कोही चिकित्सकहरू कराउने, कोही कुन संस्था कराउने? एकैचोटि जुन यो हुइँया मच्चिएको छ, यो हुइँयाको सजगताका लागि धन्यवाद छ,' प्रधानमन्त्री ओलीले भने, 'यसअघि किन चुँ पनि गरिएन? म सरकारमा आएपछि त सजगता अपनाएँ। तयारी गर्नुपर्ने ठाउँमा तयारी गरें। अलिकति तयारी नपुगेको रहेछ, घोषणा हतारोसाथ भएछ, त्यसैले केही समयलाई रोकेको हो।

"आत्मनिर्भरताको लागि आजै देखि सोचौं, SEE पछि नै प्राविधिक शिक्षा रोजौं"

**CTEVT को ३ वर्षे डिप्लोमा ईन्जिनियरिङ विषयमा भर्ना खुल्यो**

**CTEVT बाट सम्बन्धन प्राप्त सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) अन्तर्गत काठमाडौं उपत्यकाका निम्न लिखित सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०७६/७७ का लागि डिप्लोमा तहमा छात्रवृत्ति सहित भर्ना खुल्यो।**

न्यूनतम शैक्षिक योग्यता : SLC/SEE मा गणित तथा विज्ञानमा 'C' ग्रेड र अंग्रेजीमा 'D+' ग्रेड र GPA 1.6
फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १२ गते सम्म
प्रवेश परीक्षा : २०७६ श्रावण २२ गते, विहान ७:०० बजे

| S.N. | Name of College | Address & Contact No. | Programme | Seat |
|---|---|---|---|---|
| 1. | Budhanilkantha Secondary School | Budhanilkantha-3, Ktm 4372300, 9851207430 | Civil Engineering<br>Computer Eng. | 48<br>48 |
| 2. | Gamvir Samudra Setu Sec. School | Imadol, Lalitpur 5204323, 9851045530 | Civil Engineering | 48 |
| 3. | Lubhu Secondary School | Mahalaxmi-8, Lalitpur 5580118, 9841505673 | Civil Engineering | 48 |
| 4. | Mahendra Adarsha Sec. School | Mahalaxmi-4, Lalitpur 9841308345, 9851064878 | Civil Engineering | 48 |
| 5. | Phutung Secondary School | Tarkeshowr-7, Ktm 9849624326, 5189140 | Civil Engineering | 48 |
| 6. | Shramik Shanti Secondary School | Chyasal-9, Lalitpur 5526456, 9851206496 | Civil Engineering | 48 |
| 7. | Tilingatar Secondary School | Tokha-7, Ktm 4371878, 4374863 | TSLC (Computer)<br>Civil Engineering | 40<br>48 |

हाम्रा विशेषताहरुः
- न्यूनतम मूल्यमा गुणस्तरीय प्राविधिक शिक्षा
- विषयगत Field Visit
- यथेष्ठ प्रयोगात्मक सामाग्री तथा सुविधा सम्पन्न प्रयोगशाला
- विषयगत विज्ञ (Engineers) हरुबाट अध्यापन

## Invitation for Bids

***Agricultural Development Bank Ltd.***

***Invitation for Bids for the Civil Construction Work, Renovation and Maintenance works***

Contract Identification No: ADBL/CS/13/2075/76
Date of publication: 2076/3/26 (July 11, 2019 )

1. *Agricultural Development Bank Ltd.* invites electronic bids only from Nepalese eligible bidders for the construction of *Civil Construction Work, Renovation, Dismantle, Electrical Works and Other Related interior Works for Pokhara, 9-Nayabajar, Kaski* under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 14081663.95 ( Fourteen Million Eighty One Thousand Six Hundred Forty Three Rupees and Ninety-Five paisa only) inclusive VAT.and 0.45% insurance**
2. Eligible Bidders may obtain further information and inspect at the office of *Agricultural Development Bank Ltd, General Service Division, Ramshhapath, Kathmandu* or may visit PPMO website www.bolpatra.gov.np/egp. Eligible Bidders Have Only Option To submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost upon payment of a non-refundable fee of *Rs.5,000.00 (Rupees Five Thousand only) till 2076/04/26 (Aug 11, 2019)* during office hours. of bidding document in the Project's Bank account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   *Information to deposit the cost of bidding document in Bank:*
   Name of the Bank: *Agricultural Development Bank Ltd Corporate Banking, Ramshhapath, Kathmandu*
   Name of Office: *Agricultural Development Bank Ltd, Finance and Account Division, Ramshhapath, Kathmandu*
   Office Account no.: *0100200114555025*
3. Electronic bids must be submitted to the office *Agricultural Development Bank Ltd, General Service Division, Ramshhapath, Kathmandu* through PPMO website www.bolpatra.gov.np/egp on or before *12.00 Hrs on 2076/04/27 (Aug12, 2019).* Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *14.00 Hrs on 2076/04/27 (Aug 12, 2019)* at the office of *Agricultural Development Bank Ltd, General Service Division, Ramshhapath, Kathmandu.* Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of *Rs. 3,80,000.00(Rupees Three Hundred Eighty Thousand only)* from "A" class Commercial Bank except Agricultural Development Bank , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. *120 Days).*
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever.
   a) Any amendments to this notice shall be published in the notice board of General Service Division and on the ADBL website www.adbl.gov.np.
   b) The matter not specified in this notice and the Bidding Document, follows the prevailing laws (Public Procurement Act,2063 & ADBL Financial Administration By Laws 2064).

***Agricultural Development Bank Ltd.***
*General Service Division, Head Office,*
*Ramshahpath, Kathmandu*
*Phone No. 01-4262613*

# 'अर्गानिक प्रदेश' मा भारतीय तरकारी निर्वाध

■ **चाँदनी कठायत** (वीरेन्द्रनगर)

कर्णाली सरकारले अर्गानिक प्रदेश बनाउने मुख्य नीति अगाडि सारे पनि निर्वाध रूपमा भारतीय तरकारी तथा फलफूल भित्रिने क्रम बढ्दो छ। प्रदेश राजधानी सुर्खेतमा आयात हुने तरकारीको झन्डै तीन चौथाइ हिस्सा भारतीय तरकारीले ओगटेको छ।

फलफूल तथा तरकारी व्यवसायी संघ, सुर्खेतका अनुसार माघदेखि जेठसम्म ४३ हजार ३ सय १६ क्विन्टल तरकारी भित्रिएकामा ३१ हजार ७ सय ७५ क्विन्टल भारतबाट आएको छ। 'सरकारले अर्गानिक प्रदेश बनाउने भनेको छ तर हामी नै उपभोक्तालाई विषादीयुक्त तरकारी बेच्न बाध्य छौं,' संघका अध्यक्ष टोपेन्द्रजंग शाहीले भने, 'उपभोक्ताले भान्सामा विष पकाइरहेका छन्, नियमन गर्ने निकाय मौन छन्।'

**बनेन विषादी परीक्षण केन्द्र**

विशेषगरी भारतबाट आउने तरकारीको विषादी परीक्षण गर्न प्रदेश सरकारले सुर्खेतको हर्रे र सल्यानको कालिमाटीमा विषादी परीक्षण तथा द्रुत प्रयोगशाला केन्द्र स्थापना गर्ने निर्णय गरेको छ। यसका लागि चालु आर्थिक वर्षमा १ करोड रुपैयाँ विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षमा पनि बजेट छुट्याइएको छ।

केन्द्र स्थापनाको कामले भने गति लिन सकेको छैन। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता हरिप्रसाद पण्डितले कपुरकोटमा केही काम भए पनि हर्रेमा जग्गा नै व्यवस्था हुन नसकेको बताए। उनका अनुसार कपुरकोटमा कृषि उपज बजार सञ्चालक समितिले पूर्वाधारको काम गरिरहेको छ। साविकको जिल्ला कृषि विकास कार्यालय रहेको स्थानमा प्रयोगशाला बन्दै गरेको हो। कपुरकोट कृषि उपज बजार सञ्चालक समितिका सचिव तिलक शर्माले दुई तलाको भवन निर्माणाधीन रहेको जानकारी दिए। बजेट अभावमा ल्याब भने नबन्ने उनले बताए। 'ल्याब बनिहाले पनि सञ्चालनका लागि तालिमप्राप्त व्यक्ति बाहिरबाट ल्याउनुपर्छ,' उनले भने, 'यसले थप जटिलता हुने देखिन्छ।'



भारतीय बजारबाट बोरामा प्याक गरेर सुर्खेत ल्याइएको तरकारी। तस्बिर : ज्योति कटुवाल/कान्तिपुर

हर्रे कर्णालीमा भारतीय तरकारी आयात हुने प्रमुख नाका हो। रुपैडिया, नेपालगन्ज हुँदै तरकारी आइपुग्छ। हर्रेमा विषादी परीक्षण जरुरी रहे पनि जग्गा उपलब्ध नहुँदा चालु आवमा पूर्वाधार निर्माण हुन नसक्ने भएको छ। प्रदेश सरकारले विभिन्न सहकारीसँग कुरा गरे पनि जग्गाको व्यवस्था नभएको मन्त्रालयले जनाएको छ। 'नगरपालिकासँग पनि मौखिक कुरा भएको हो,' प्रवक्ता पण्डितले भने, 'सार्वजनिक जग्गा भाडामा लिने ठाउँ पनि भएन। आगामी वर्ष नगरपालिकासँग समन्वय गरेर काम गर्छौं।' उनले वीरेन्द्रनगरमा पनि विषादी परीक्षण प्रयोगशाला केन्द्र स्थापनाका लागि आगामी आर्थिक वर्षदेखि काम गर्ने बताए। फलफूल तथा तरकारी व्यवसायी संघ अध्यक्ष शाहीले सरकारले विषादी प्रयोगशाला केन्द्र बनाउन ढिलाइ गर्दा उपभोक्ता विषादीयुक्त तरकारी खान बाध्य भएको बताए।

अर्गानिक प्रदेशका लागि सबैभन्दा पहिला सरकारले भारतबाट आउने तरकारी रोकी विषादीरहित उत्पादनमा जोड दिनुपर्ने उनको भनाइ छ। 'परीक्षण केन्द्र राखेर मात्र हुँदैन, किसानलाई अर्गानिक तरकारी उत्पादनमा प्रोत्साहित गरिनुपर्छ,' उनले भने।

**भारतीय उत्पादनको वर्चस्व**

भारतसँग सीमा नजोडिएको प्रदेश भए पनि कर्णालीको बजारमा भारतीय तरकारी र फलफूलको वर्चस्व छ। संघका अनुसार पछिल्ला पाँच महिनामा भित्रिएको ३८ हजार १ सय ४ क्विन्टल फलफूलमध्ये भारतबाट मात्रै २७ हजार ३ सय ३ क्विन्टल (७१.६५ प्रतिशत) आएको छ। भारतबाट मसलादार कृषि उपज अझ बढी मात्रामा भित्रिने गरेको छ। पाँच महिनामा ३ हजार ५ सय क्विन्टल मसलादार तरकारी भित्रिएकामा ९२ प्रतिशत भारतबाट आएको अध्यक्ष शाहीले बताए।

प्रदेश सरकारले अर्गानिक प्रदेश बनाउने निर्णय गरेको थियो। यसका लागि भारतबाट आयात हुने तरकारीको विषादी परीक्षण गर्ने र प्रदेशमा अर्गानिक तरकारी उत्पादनमा जोड दिने नीति तय गरिएको छ। त्यहीअनुसार चालु आर्थिक वर्षमा अर्गानिक प्रोत्साहनका लागि २ करोड, प्रांगारिक मल उत्पादनका लागि २ करोड, अर्गानिक बजारीकरणका लागि १ करोड ५० लाख बजेट विनियोजन गरेर काम गरिएको मन्त्रालयको भनाइ छ।

# 'परीक्षण नरोक्नू...

अदालतले कुनै परीक्षण गरिएको भए सोसम्बन्धी तथ्यांक एवं फलफूल र तरकारीको नेपालमा आयात गर्नुपूर्व परीक्षण गरिएको भए सो सम्बन्धित तथ्यांक एवं फलफूल र तरकारीको नेपालमा आयात गर्नुपूर्व परीक्षण गरिएको विषय खुल्ने कागजातसमेत झिकाएको छ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले सर्वोच्चले देखाएको बाटो तत्काल लागू गर्नुपर्ने बताए। 'अदालतको आदेश सबैले परिपालना गर्नुपर्छ। सर्वोच्चको आदेश तत्काल कार्यान्वयन हुनुपर्छ,' बानियाँले भने, 'अदालतको आदेश पालना नभए मानहानि मुद्दामा जान्छौं।' तरकारी परीक्षणमा कडाइ भएपछि भारतीय दूतावासका अधिकारीले दैनिक कृषि तथा पशुपन्छी मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दैनिक दबाब दिएका थिए। दूतावासले पत्रको बोधार्थ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव केदारबहादुर अधिकारी, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव युवकध्वज जीसी, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकाल र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी कार्यवाहक महानिर्देशक मतिना वैद्य जोशीलाई समेत दिएको थियो।

पत्रमा भारतको राष्ट्रिय वनस्पति संरक्षण संस्था तथा कृषि तथा प्रशोधित खाद्य पदार्थ निर्यात विकास प्राधिकरणले नेपालमा निर्यात हुने यस्ता सामग्रीलाई 'फाइटोस्यानिटरी प्रमाणपत्र' प्रदान गर्ने गरेको र ती प्रमाणपत्र नेपाली निकायहरूलाई स्वीकार्य रहेको उल्लेख छ। यसरी स्वीकार्य भइसकेको विषयलाई किन पुनर्परीक्षण गर्नुपर्‍यो भन्ने दूतावासको पत्रको आशय छ। दूतावासले सरकारको यो निर्णयले भारतीय निर्यातकर्तालाई ठूलो घाटा लाग्ने कुरा उल्लेख गरेको छ।

'भारतीय निर्यातकर्तालाई ठूलो घाटा लाग्ने गरी भएको गैरकर अवरोधको तत्काल कार्यान्वयनका लागि कुनै तत्त्व जिम्मेवार भए आवश्यक सूचना तथा कागजातसहित औचित्य पुष्टि गर्नका लागि राजदूतावास सम्मानित मन्त्रालयलाई आग्रह गर्दछ,' पत्रमा भनिएको छ। दूतावासले धम्कीपूर्ण पत्राचार गरेपछि सरकारले विषादी परीक्षण गर्ने निर्णय स्थगित गरेको थियो। प्रधानमन्त्री केपी शर्मा ओली, वाणिज्य तथा आपूर्तिमन्त्री मात्रिका यादव र कृषिमन्त्री चक्रपाणि खनालले दबाब नआएको दाबी गरेको थिए। मन्त्री खनालले वाणिज्य मन्त्रालयले मन्त्रिपरिषदको बैठकमा प्रस्ताव गरेपछि विषादी परीक्षण गर्न स्थगित भएको बताएका थिए। मन्त्री यादवले पनि विषादी परीक्षण गर्ने प्रयोगशाला अभाव भएको बताएका थिए। उनले पत्रकार सम्मेलन गरेर दबाब नभई केन्द्रमा एउटा मात्रै ल्याब भएकाले अन्तर्राष्ट्रियस्तरको ल्याब भएपछि पुनः कडाइका साथ कार्यान्वयन गर्ने बताएका थिए। प्रयोगशालाको तयारीबिना परीक्षण गर्दा भन्सारमा फलफूल तथा तरकारी बोकेका गाडी रोकिएका थिए। हाल मुलुकमा बर्सेनि अर्बौं रुपैयाँको विषादी भित्रिन्छ। भान्सामा विषादीजन्य तरकारी तथा फलफूल प्रयोग भइरहेको छ। आयातितसँगै स्वदेशमा उत्पादित तरकारी तथा फलफूलको पनि परीक्षण हुन सकेको छैन। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग केन्द्रमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ल्याब भए पनि प्रयोग हुन सकेको छैन।

प्लान्ट क्वारेन्टाइन एवं विषादी व्यवस्थापन केन्द्रका अनुसार मुलुकभित्र करिब २९ ग्रुपका विषादी प्रयोग भइरहेका छन्। फलफूल तथा तरकारीमा दर्जन ग्रुपका विषादी प्रयोग गरिन्छन्। केन्द्रमा ७ वटा प्रयोगशाला छ। तीमध्ये नेपाली प्रयोगशालाबाट दुई ग्रुप (कार्बामाइट र अर्गानोफोस्पेट) को मात्र परीक्षण हुन्छ। तीबाहेक अन्य ग्रुपका विषादी स्वदेशी प्रयोगशालाले यकिन गर्न सक्दैन। विषादी परीक्षणबाहेक विषादीको अवशेष मात्रा पनि निर्धारण गरिएको छैन। दक्ष कर्मचारीको अभावमा भएका ल्याबबाट पनि दुई ग्रुपका विषादी परीक्षण हुन सकेको छैन।

**भर्ना खुल्यो !**

न्यूनतम शैक्षिक योग्यता SEE उत्तिर्ण (गणित र विज्ञान विषयमा न्यूनतम C Grade र अंग्रेजीमा D+ Grade प्राप्त)

**for Diploma in Engineering \Overseer**
**Civil**
नोटः प्रवेश परीक्षाको लागि तयारी कक्षा सञ्चालन
**Architecture Engineering**

फारम भर्ने अन्तिम मिति २०७६ श्रावण १२ गते
प्रवेश परिक्षा मिति २०७६ श्रावण २२ गते बिहान ७ बजे

**ASIAN ENGINEERING COLLEGE (AEC)**
Gwarko, Lalitpur, Nepal, Tel/Fax: 01-5202726, 5200144
E-mail: info.aec.np@gmail.com www.asianengcollege.edu.np

**IMMEDIATELY WANTED**

**United College** is seeking to appoint qualified, experienced, and dedicated candidate for the post of :

**CO-ORDINATOR**
*(BBS/BBM/BCA/MBS Program)*

**Salary:** *Very Attractive (Negotiable)*
Send updated C.V. and a cover letter with expected salary at: **unitedacademyab@gmail.com**

**अकुपञ्चर स्वास्थ्य विषयमा भर्ना खुल्यो**

CTEVT को सम्बन्धनमा ३ वर्षे PCL अकुपञ्चर स्वास्थ्य विज्ञान विषयमा दक्षता हासिल गर्ने सुवर्ण अवसर

-न्यूनतम शैक्षिक योग्यता SEE पास -छात्रवृत्तिको पनि सुविधा छ

फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १२ गतेसम्म

नेपालमा अकुपञ्चर स्वास्थ्य विषयमा पढाइ हुने एकमात्र कलेज

**ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र**
जोरपाटी, दक्षिणढोका, काठमाडौं
सम्पर्क नं. : ९८४१२५९९१७, ९८४१२८५७२०, ९८०८५०८०३५

**सब-ओभरसियर/ असिसटेन्ट सब इन्जिनियर / अमिनमा भर्ना खुल्यो**
**TSLC in Civil/Electrical/Basic Surveying**

- SLC/SEE मा जुनसुकै ग्रेडले अध्यन गर्न पाउने
- अध्यन पश्चात रोजगारीको सुनिश्चितता
- निशुल्क प्रवेश परीक्षा तयारी कक्षाको व्यवस्था
- EVENT को फाराम भराइदिने व्यवस्था

कलेज खुल्ने समय : बिहान ७ बजेबाट ५ बजे सम्म
छात्रवृति र पूर्णशुल्किय फारम भर्ने अन्तिम मिति : श्रावण १४ गते

**हिमालय इन्ष्टिच्युट अफ टक्नोलोजी**
(CTEVT बाट सम्बन्धन प्राप्त)
च्यासल, ललितपुर, श्रमीक शान्ति क्याम्पस भवन
फोन नं. : ०१-५५३३४२३, ९८१००१९२६५
इमेल : himalaya.hit@gmail.com

# घोडा नचढे ...

'घोडामा चडेर भुइँको खादामा राखेको पैसा टिपेको अहिलेको यार्तुङमा विशेष बन्यो,' उनले भने, 'मनाङीले टिप्न सकेनन्।' यार्तुङको घोडा दौड हेर्न पाउँदा स्वदेशी विदेशी पर्यटक रमाएका थिए।

मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेका अनुसार पर्वले मनाङीमा खुसी ल्याएको छ। वर्षायाम सकिँदै गर्दा माथिल्लो मनाङका बासिन्दाले यो पर्व मनाउँछन्। 'बाली लगाएपछिको थकान मेटाउन र रमाइलो गर्न बर्सेनि यार्तुङ मनाइन्छ,' उनले भने। यसपटक यार्तुङको पहिलो, दोस्रो र तेस्रो दिन घोडा दौड गरिएको उनले बताए। चौथो दिन घोडचढीले पोचो गुम्बा गएर पूजा गर्नुका साथै रोटी र सगुन खाएर नाचगान गरेका थिए। अन्तिम दिन घोडा दौडाएपछि मनाङ गुम्बामा गई पूजा गरी फर्केर लामाबाट वाङ (अभिषेक) थापेर पर्वको समापन गरिएको थियो। स्थानीयले मनाङ र भ्राकाको सिमानामा घोडा दौडाएका थिए। यार्तुङ पर्वका लागि सुरुमा गाउँ भेला गरेर 'नन्दी' तोकिएको हुन्छ। नन्दी भनेको पर्वको संयोजक हो। यो वर्ष मनाङ डिस्याङ गाउँपालिका-७ टंकी गाउँबाट टसी गुरुङ र ८ को मनाङ गाउँबाट पेम्बा गुरुङ नन्दी छानिएका थिए। उनीहरूले पर्वको व्यवस्थापन गरेका थिए। 'गाउँ कोषको पैसाले नपुगे आफैंले पनि खर्च गर्नुपर्ने हुन्छ। तैपनि बर्सेनि नन्दी बस्छन्,' मनाङ गाउँका पूर्वम्हिथेवा (गाउँले प्रमुख) कर्मा गुरुङले भने। मनाङसँगै भ्राका, पिसाङ र चामेलगायत गाउँमा पनि यार्तुङ मनाइन्छ। सुरुमा मनाङ गाउँमा यार्तुङ मनाएपछि मात्रै अन्य गाउँमा यो पर्व मनाइने गरिन्छ। चामेमा भने फरक समयमा मनाउने गरिन्छ। मनाङ जिल्ला ३ हजार ५ सय ४० मिटर उचाइमा पर्छ।

NISSAN
THE INTELLIGENT NISSAN KICKS - MADE OF MY STUFF
PARTICIPATE AND WIN
NissanNep nissan_nepal
क्रिकेट विश्वकप
ICC CRICKET WORLD CUP ENGLAND & WALES 2019
OFFICIAL CAR OF ICC CRICKET WORLD CUP 2019
NISSAN INTELLIGENT MOBILITY



# दाबेदार भारत न्युजिल्यान्डसँग स्तब्ध

म्यानचेस्टर (एएफपी)- भारतलाई अविश्वसनीय हार चखाउँदै न्युजिल्यान्ड लगातार दोस्रोपल्ट एकदिवसीय विश्वकपको फाइनल पुगेको छ। बुधबार ओल्ड ट्राफोर्डमा इनिङ्सको अन्त्यतिर रवीन्द्र जडेजाको विष्फोटक ब्याटिङ झेलेको न्युजिल्यान्डले १८ रनको जित हासिल गरेको हो।

विश्वकपको 'अन्डरडग' टिम न्युजिल्यान्डको समग्र प्रदर्शन सानदार थियो। लिग चरणको अन्तिम ३ खेलमा पाकिस्तान, अस्ट्रेलिया र इंग्ल्यान्डसँग लगातार पराजित भए पनि नेट रनरेटको आधारमा चौथो स्थानमा रहेर न्युजिल्यान्डले सेमिफाइनलमा स्थान बनाएको थियो। १० टोलीसम्मिलित विश्वकपको राउन्ड रोबिन लिग चरणमा २ खेलमात्र हारेको भारत शीर्षस्थानमा रहेर अन्तिम चारमा पुगेको हो।

न्युजिल्यान्डले उपाधिका लागि बिहीबार बर्मिङ्घममा हुने साबिक विजेता अस्ट्रेलिया र घरेलु टोली इंग्ल्यान्डबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। सन् २०१५ को फाइनलमा न्युजिल्यान्डलाई पराजित गर्ने अस्ट्रेलियाले पहिलोपल्ट विश्वकप जित्ने अभियानमा रहेको इंग्ल्यान्डविरुद्ध खेल्नेछ। विश्वकपको फाइनल आइतबार लर्ड्समा हुनेछ।

'हामीलाई थुप्रै प्रश्नको जवाफ एकैपल्ट दिनु थियो। हामी के कुरामा निश्चित थियौं भने यदि हामीले लगातार दबाब बनाउन सक्यौं भने हामीलाई अवसर हुनेछ। किनभने यो पिचमा स्कोर गर्नु सजिलो काम होइन,' म्यान अफ द म्याच न्युजिल्यान्डका म्याट हेनरीले भने, 'हामी हाम्रो क्षमताप्रति गर्व गर्छौं। उनीहरूसँग विश्वस्तरीय फिनिसरहरू थिए। तर हामीलाई थाहा थियो कि खेल जित्न उनीहरूलाई आउट गर्नुपर्छ। आइतबार लर्ड्समा विशेष दिन हुनेछ।'

दुईपल्टको विश्व विजेता भारतले आफ्ना महत्त्वपूर्ण ब्याट्सम्यान रोहित शर्मा, लोकेश राहुल र कप्तान विराट कोहलीलाई समान १ रनको व्यक्तिगत स्कोरमा गुमाएको थियो। २ सय ४० रनको लक्ष्य पछ्याएको भारतले ५ रन बनाउँदा उनीहरू आउट भइसकेका थिए। दिनेश कार्तिक चौथो विकेटका रूपमा ६ रन बनाएर आउट हुँदा भारतले १० ओभरमा २४ रन जोडेको थियो। न्युजिल्यान्डका तीव्र गतिका बलर म्याट हेनरी (३७-३) र ट्रेन्ट बोल्ट (४२-२) ले नयाँ बलमार्फत शीर्षक्रम ध्वस्त पारेका हुन्।

भारतीय कप्तान कोहलीले टिमले निराशाजनक सुरुआतको मूल्य चुकाउनुपरेको बताए। '४५ मिनेटको खराब क्रिकेटले हामीलाई प्रतियोगिताबाट बाहिर पुर्‍याइदिएको छ। स्वीकार गर्न कठिन छ तर न्युजिल्यान्ड यसको हकदार थियो। उनीहरूले हामीमाथि दबाब बढाए र महत्त्वपूर्ण समयमा विकेट लिन सफल रहे,' कोहलीले भने, 'हाम्रा ब्याट्सम्यानको शट छनोट अझै राम्रो हुन सक्थ्यो। त्यसबाहेक हामीले राम्रो क्रिकेट खेल्यौं र जसरी खेल्यौं त्यसमा मलाई गर्व छ।'

मुख्य दाबेदारमध्ये एक भारतले ९२ रन बनाउँदा ६ विकेट गुमायो। त्यसपछि रवीन्द्र जडेजा र भेट्रान खेलाडी तथा पूर्व कप्तान महेन्द्रसिंह धोनी ब्याटिङ गर्न आए। उनीहरूले कीर्तिमानी १ सय १६ रनको सातौं विकेट साझेदारी गरी भारतको आस जगाएका हुन्। अलराउन्डर जडेजा विष्फोटक ब्याटिङ गरी ७७ रनमा आउट भए। ३९ बलमा अर्धशतक प्रहार गर्ने क्रममा जडेजाले जिम्मी निसम र देब्रेहाते अफ स्पिनर मिचेल सान्टनरको बलमा छक्का प्रहार गरेका थिए।

भारतलाई १० ओभरको खेल बाँकी हुँदा १ सय ५० रन आवश्यक थियो। इनिङ्सको अन्तिम ६० बलमा ९० रन आवश्यक भयो। लोकी फर्गुसनको बलमा अफसाइडमा छक्का प्रहार गरी जडेजाले रनअन्तर कम गर्ने प्रयास गरे। भारतलाई अन्तिम ५ ओभरमा ५२ रन आवश्यक थियो। तर सानदार जितको रेखा कोरेको भारत जडेजाको अप्रत्यासित विकेट पतनसँगै लड् खडाउन पुग्यो। ठूलो शट खेल्न खोज्दा ट्रेन्ट बोल्टको बलमा लङअफमा कप्तान केन विलियम्सनको हातबाट क्याचआउट हुनुअघि जडेजा ५९ बलमा ४ चौका र ४ छक्का प्रहार गरे।

पूर्व भारतीय ब्याट्सम्यान सञ्जय मान्जेरकरले टीटरमार्फत एक औसत खेलाडीको आरोप लगाएका जडेजाले आफूलाई फेरि प्रमाणित त गरे तर टिमलाई जितसम्म पुर्‍याउन नसक्दा उनको प्रदर्शन निरर्थक रह्यो। बायाँहाते अफ स्पिनर जडेजाले बलिङतर्फ ३४-१ को उत्कृट प्रर्दशन गरेका थिए।

२ ओभरमा ३१ रन आवश्यक हुँदा लोकी फर्गुसनको अन्तिम ओभरको पहिलो बलमा धोनीले छक्का प्रहार गर्दा रंगशालामा उपस्थित र टेलिभिजन हेरिरहेका लाखौं भारतीय समर्थकमाझ खुसियाली छायो। तर स्ट्राइक आफूसँगै लिने चक्करमा २ रन लिन खोज्दा सन् २०११ को विश्वविजेता भारतीय टोलीका कप्तान धोनी मार्टिन गुप्टिलद्वारा रनआउट भए। उनले ७२ बलमा ५० रन प्रहार गरे।

भारतलाई अन्तिम ओभरमा २३ रन आवश्यक थियो। पहिलो बलमा युजभेन्द्र चहलले जिम्मी निसमलाई चौका प्रहार गरे। तर इनिङ्सको ३ बल बाँकी हुँदैमा भारत अलआउट भयो। न्युजिल्यान्डले अविस्मरणीय जित हासिल गर्‍यो।

जारी विश्वकपमा ५ शतक प्रहार गरी कीर्तिमान रचेका भारतीय ओपनर रोहित शर्मा हेनरीको बलमा कट बिहाइन्ड भएसँगै भारतको विकेट पतन सुरु भएको हो। बायाँहाते तीव्र गतिका बलर ट्रेन्ट बोल्टले सानदार इनस्वीङ बलिङमार्फत कप्तान विराट कोहलीलाई एलबीडब्लू धरापमा पारे। कोहलीले भिडियो रिभ्यूको माग गरे। थर्ड अम्पायर रिचार्ड इलिङवर्थले अम्पायरको निर्णयलाई सदर गरिदिए। हेनरीकै बलमा लोकेश राहुललाई विकेटकिपर टम लाथमले सानदार डाइभिङ क्याचमार्फत आउट गरेपछि भारत ५-३ को कमजोर स्थितिमा पुगेको थियो। त्यस समयमा भारतले १० बलमा १ रन जोड्दा ३ विकेट गुमाएको थियो।

हेनरीकै बलमा निसमले प्वाइन्ट क्षेत्रमा उत्कृष्ट एकहाते क्याच लिएपछि दिनेश कार्तिक पनि लामो समय क्रिजमा बस्न पाएनन्। ऋषभ पन्त ३२ रन बनाएर आउट भए। सान्टनरको बलमा डिप मिडविकेट क्षेत्रमा कोलिन डी ग्रान्डहोमले क्याचआउट गराएका हुन्। हार्दिक पान्डेय पनि ३२ रन बनाएरै आउट भएपछि भारतलाई अर्को झट्का लाग्यो। सान्टनरले उनलाई मिडविकेट क्षेत्रमा कप्तान विलियम्सनको हातबाट आउट गराएका हुन्।

मंगलबार वर्षाले स्थगित भएपछि बुधबार खेलाइएको खेलमा २३ बलको बाँकी इनिङ्समा न्युजिल्यान्डले २८ रन जोडेर २३९-८ को योगफल खडा गरेको थियो। मंगलबार खेल स्थगित हुँदा ६७ रन बनाएर क्रिजमा रहेका रस टेलर ७४ रन बनाएर आउट भए। मंगलबार टस जितेर ब्याटिङ रोजेको न्युजिल्यान्डका लागि कप्तान विलियम्सनले कठिन कन्डिसनमा ६७ रनको महत्त्वपूर्ण इनिङ्स खेलेका थिए। भारतका भुवनेश्वर कुमारले ३ विकेट लिए।



रोयटर्स
खेल सकिएपछि दुई कप्तान भारतका विराट कोहली र न्युजिल्यान्डका केन विलियम्सन।

**स्कोर कार्ड**

| न्युजिल्यान्ड | | भारत |
|---|---|---|
| ५० ओभर २३९/८ | | ४९.३ ओभर-२२१/१० |
| रस टेलर-७४ | न्युजिल्यान्ड १८ रनले विजयी | रविन्द्र जडेजा-७७ |
| केन विलियम्सन-६७ | | महेन्द्र सिंह धोनी-५० |
| हेनरी निकोल्स-२८ | | ऋषभ पन्त-३२ |
| भुवनेश्वर कुमार ३/४३ | | म्याट हेनरी ३/३७ |
| जसप्रित बुमराह १/३९ | | मिचेल सान्टनर २/३४ |

जापानको सर्वोत्कृष्ट HEALTHY HOME PAINTS अब नेपालमा
KNP IMPRESSIONS 24 CARAT PREMIUM LUXURY EMULSION
LOW VOC & LEAD FREE HEALTHY HOME PAINTS
KNP Japan Pvt. Ltd.
A SUBSIDIARY OF KANSAI NEROLAC PAINTS


Himalaya MEN
HIMALAYA GEL-तपाईंको कपाललाई स्टाइलका साथै दिन्छ पोषण पनि

IndianOil SERVO 4T ENGINE OILS
100% PERFORMANCE. EVERYTIME.
SCOOTOMATIC 4ST FOR SCOOTER

World Class Bitumen from Indian Oil
IndianOil DURAPAVE
High-Performance Bitumen Products
Available in
H H & Co. Pvt. Ltd., Contact No.: 01-4444555

HONGSHI शक्तिशाली खेलाडी
HONGSHI CEMENT
नेपालमा उत्पादित
INTERNATIONAL QUALITY

## प्लेयर्स टु वाच



**मिचेल स्टार्क** (अस्ट्रेलिया)

तीव्र गतिका बलर स्टार्कले ९ खेलमा ८३.२ ओभर बलिङ गर्दै यो विश्वकपमा अहिलेसम्मकै सर्वाधिक २६ विकेट लिएका छन्, जुन दोस्रो स्थानमा रहेका बंगलादेशी मुस्ताफिजुर रहमानको भन्दा ६ विकेट बढी हो। २९ वर्षीय उनले लर्डसमा न्युजिल्यान्ड र नटिङघममा वेस्ट इन्डिजसँग ५-५ विकेट लिएका थिए। उनले सेमिफाइनलमा इंग्ल्यान्डलाई पनि धरापमा पार्न सक्छन्।

**जोनी बेरिस्टो** (इंग्ल्यान्ड)

घरेल टोली इंग्ल्यान्डलाई २७ वर्षपछि सेमिफाइनल पुर्‍याउन निर्णायकजस्तै मानिएका पछिल्ला दुई खेलमा शतक प्रहार गर्दै महत्त्वपूर्ण योगदान गरेका प्रारम्भिक ब्याटसम्यान हुन् बेरिस्टो। उनले भारतविरुद्ध १११ र न्युजिल्यान्डविरुद्ध १०६ रन बनाएका थिए। यो विश्वकपका ९ खेलमा उनले दुई शतक र दुई अर्धशतकसहित ४ सय ६२ रन बनाएका छन्।



शक्तिको प्रतीक
HONGSHI Portland Pozzolana Cement PPC
HONGSHI Ordinary Portland Cement OPC
www.hongshinepal.com /Nepal.Hongshi

# परम्परागत प्रतिद्वन्द्वी भिड्दै

म्यानचेस्टर (एएफपी)- लगातार चार वर्षको योजना र कठिन मिहिनेतको वास्तविक परीक्षा हुने बेला भएको छ, जति बेला इंग्ल्यान्डले विश्वकपको दोस्रो सेमिफाइनलमा बिहीबार अस्ट्रेलियाको सामना गर्नेछ। सन् २०१५ को विश्वकपमा इंग्ल्यान्डको खराब प्रदर्शनपछि टिमको एकदिवसीय क्रिकेटप्रतिको सोचमै पुनर्विचार गरिएको थियो र त्यसैअनुसार काम पनि भयो। त्यस क्रममा इंग्ल्यान्डले एकदिवसीयलाई पनि टेस्ट क्रिकेटजत्तिकै महत्त्व दिएको थियो।


अभ्यासमा अस्ट्रेलियाका खेलाडी।

अस्ट्रेलियाली प्रशिक्षक ट्रेभर बेयलिसले इंग्ल्यान्डलाई एकदिवसीय विश्वकपको उपाधि दिन सबैखाले योजना बुनेका हुन्। त्यसको नतिजा आखिरमा राम्रो पनि रह्यो, इंग्ल्यान्ड नम्बर एक टिम बन्यो नै। इयान मोर्गनको नेतृत्वलाई सबैले प्रशंसा पनि गरे। इंग्ल्यान्डको यो उत्थानका प्रमुख विशेषता रहेको छ, आक्रामक रूपमा रन बटुल्ने। इंग्ल्यान्डका लागि अहिले प्रारम्भिक ब्याट्सम्यान जोडी जोनी बेरिस्टो र जेसन रोयले यस्तै प्रदर्शन गरिरहेका छन्।

इंग्ल्यान्डले आफ्नो सबैभन्दा पुरानो प्रतिद्वन्द्वीलाई हराउने हो भने त्यो जितमै मात्र पनि सीमित हुने छैन, त्यसको धेरै फरक अर्थ हुनेछ। प्रतियोगिताको प्रत्यक्ष प्रसारण अधिकार पाएको स्काईले इंग्ल्यान्ड फाइनलमा पुग्छ भने त्यसको प्रसारण बेलायतमा निःशुल्क गर्ने घोषणा गरेको छ। क्रिकेटको जन्मथलो इंग्ल्यान्डमै पैसा तिरेर क्रिकेट हेर्नेको संख्या घटेपछि स्काईले यस्तो प्रस्ताव राखेको हो। तय छ इंग्ल्यान्ड फाइनल पुग्यो भने जित इंग्लिस क्रिकेटकै हुनेछ। तर यो काम सजिलो भने हुने छैन। अस्ट्रेलियालाई लिएर एउटा तथ्य के भने यो टिम जति पटक सेमिफाइनल पुगेको छ, सबै अवसरमा विजयी रहेको छ, त्यसो भनेको सात पल्ट। त्यसमध्ये एक अवसरमा भने अस्ट्रेलियाले २० वर्षअगाडि एजबास्टनमै भएको खेलमा दक्षिण अफ्रिकासँग टाइ खेलेको थियो। त्यति बेला राम्रो नेट रनरेटका कारण अस्ट्रेलिया फाइनल पुगेको थियो। यसपल्ट समूह चरणमै पनि अस्ट्रेलियाले इंग्ल्यान्डलाई लर्डसमा गत महिना ४६ रनले हराएको थियो।

त्यस खेलमा जेसन बिहरेन्डफ र माइकल स्टार्कले मिलेर एकापसमा ९ विकेट लिए। कप्तान आरोन फिन्चले शतकीय इनिङ्स खेले अनि इंग्ल्यान्डका बलर अस्ट्रेलियाली ब्याटिङ आक्रमणसामु फिक्का देखिए। त्यस खेलमा खेल्न नपाएका रोय भने संयोगले फेरि इंग्ल्यान्ड टिममा फर्केका छन्। उनले भारत र न्युजिल्यान्डविरुद्ध राम्रो पनि गरेका छन्। अस्ट्रेलियाविरुद्ध एउटा तथ्य खराब पनि छ। यो हो एजबास्टन मैदानमा सन् २००१ यता अस्ट्रेलियाले केही पनि जितेको छैन। टेस्टदेखि ट्वान्टी-२० क्रिकेटसम्म नै।

यही मैदानमा अस्ट्रेलिया पछिल्लोपल्ट दक्षिण अफ्रिकासँग पनि लिग चरणको खेलमा १० रनले पराजित रहेको थियो। इंग्ल्यान्डलाई एकातर्फ बलिङमा स्टार्कलाई रोक्नुपर्नेछ भने अर्कोतर्फ अस्ट्रेलियाको माथिल्लो क्रमका आक्रामक ब्याटिङ क्रम पनि निस्तेज पार्ने चुनौती हुनेछ। इंग्लिस पेसम्यान लिएम प्लुन्केट भन्छन्, आफ्नो टिम सेमिफाइनल जस्तो ठूलो अवसरमा आफूलाई सिद्ध गर्न तयार छ। उनी दाबी गर्छन्, 'हामी पहिले इंग्लिस टिम जस्तो होइनौं, हामी वास्तवमै फरक छौं।'

TVS NTORQ 125
POWERFUL / STYLISH / SMART

EverestCollege Center for excellence
4231460 4266652
Thapathali Kathmandu
+2 (mgmt.) BBA BBM BBS BCA MBS
Affiliated to Tribhuvan University
Scholarship Available

**आजको खेल**

**अस्ट्रेलिया-इंग्ल्यान्ड**
समय : १५:१५ बजे, बर्मिङ्घम

Where Excellence Prevails
PENTAGON INTERNATIONAL COLLEGE ESTD. 2009
Tinkune, Kathmandu, Nepal
4112324, 4112325
E-mail:info@pentagonintl.com
www.pentagon.edu.np, www.pentagonintl.com
+2 SCIENCE MANAGEMENT HUMANITIES
BBS | BASW

**सर्वाधिक रन**

| ब्याट्सम्यान | खेल | रन | औसत | स्ट्राइक रेट |
|---|---|---|---|---|
| रोहित शर्मा/भारत | ९ | ६४८ | ८१.०० | ९८.३३ |
| डेविड वार्नर/अस्ट्रेलिया | ९ | ६३८ | ७९.७५ | ८९.४८ |
| सकिब अल-हसन/बंगलादेश | ८ | ६०६ | ८६.५७ | ९६.०३ |
| केन विलियम्सन/न्युजिल्यान्ड | ९ | ५४८ | ९१.३३ | ७६.३२ |

**सर्वाधिक विकेट**

| बलर | खेल | विकेट | औसत | इकोनोमी |
|---|---|---|---|---|
| मिचेल स्टार्क/अस्ट्रेलिया | ९ | २६ | १६.६१ | ५.१८ |
| मुस्ताफिजुर रहमान/बंगलादेश | ८ | २० | २४.२० | ६.७० |
| लोकी फर्गुसन/न्युजिल्यान्ड | ८ | १८ | १९.९४ | ४.८७ |
| जसप्रित बुमराह/भारत | ९ | १८ | २०.६१ | ४.४१ |

# तीन निर्णायक तत्त्व

बर्मिङ्घम (एएफपी)- आयोजक इंग्ल्यान्डले बिहीबार विश्वकपको दोस्रो सेमिफाइनलमा डिफेन्डिङ च्याम्पियन अस्ट्रेलियाको सामना गर्दै छ। इयान मोर्गनको इंग्ल्यान्डले लिग चरणका ९ मध्ये ६ खेल जितेर आफूलाई बलियो साबित गरेको छ। अस्ट्रेलिया पनि अन्तिम चारमा स्थान बनाउने पहिलो टिम थियो। यिनै दुई टिम एजबास्टनमा भिड्दा दोस्रो सेमिफाइनलका तीन निर्णायक हुनेछन्, यी तत्त्व :

### मोर्गनविरुद्ध फिन्च

एकदिवसीय क्रिकेटमा इंग्ल्यान्डको पुनरुत्थानयता नेतृत्वमा छन् इयान मोर्गन। यसबीचमा इंग्ल्यान्ड एकदिवसीय वरीयताको शीर्षस्थानमा मात्र पुगेन, यसपल्टको विश्वकपको सेमिफाइनल पुगेर २७ वर्षे खडेरी पनि तोड्यो। लिग चरणमा केही खराब प्रदर्शनपछि ३२ वर्षीय मोर्गनले आफ्ना घरेलु समर्थक र खेलका पण्डितलाई के निश्चित पारेका छन् भने अब इंग्लिस टिम अब दबाबमा झुकेर खेल्ने टिम रहेन। त्यसैक्रममा हो त इंग्ल्यान्डले भारत र न्युजिल्यान्डलाई लगातार हराएर देखाएको। आरोन फिन्चले पनि कुराभन्दा आफ्नो ब्याट नै बढी चलाएका छन्। उनकै केही उत्कृष्ट प्रदर्शनमा टिकेर अस्ट्रेलिया विश्वकपका पछिल्ला सातमध्ये छैटौंपल्ट सेमिफाइनल पुग्न सफल भएको छ। यी प्रारम्भिक ब्याट्सम्यानले यस विश्वकपमा ५ सय ७ रन जोडिसकेका छन्।

त्यसमा दुई शतक र दुई अर्धशतक सामेल छ। पाँचपल्टको विश्वकप विजेताले लिग चरणका ९ खेलमध्ये ७ मा जित निकालेको छ। १० टिमसम्मिलित प्रतियोगितामा दोस्रो भएको छ। अबको प्रश्न हो, के मोर्गनले इंग्ल्यान्डलाई एक अर्को जितका लागि प्रेरित गर्न सक्छन् कि अस्ट्रेलियाले लिग चरणमा जस्तै आफ्नो पुरानो प्रतिद्वन्द्वीमाथि सजिलो जित निकाल्ने छ?

### बेरिस्टोविरुद्ध वार्नर

इंग्ल्यान्डको पुनरुत्थानका एक महत्त्वपूर्ण पात्र हुन् जोनी बेरिस्टो। उनकै खेलले इंग्ल्यान्ड अन्त्यतिरका प्रमुख खेलमा विजयी रह्यो। उनले दुई प्रभावशाली शतक प्रहार गरिसकेका छन्। त्यसै कारण इंग्ल्यान्ड सेमिफाइनल पुगेको पनि हो। भारतविरुद्ध १ सय ११ बनाएयता बेरिस्टोले न्युजिल्यान्डविरुद्ध अर्को शतक पनि बनाए।

जेसन रोयसँग फेरि प्रारम्भिक विकेटका लागि साझेदारी गर्ने मौका पाएका बेरिस्टो अस्ट्रेलियाका लागि एजबास्टनमा ठूलो चुनौती हुन सक्छन्। बायाँहाते ब्याट्सम्यान डेविड वार्नर सन् २०१९ को आईपीएलमा बेरिस्टोसँगै सनराइजर्स हैदराबादमा थिए। दुवै उत्तिकै राम्रो खेले। त्यसयता वार्नरले अन्तर्राष्ट्रिय क्रिकेटमा पुनरागमन गरेका छन्।

उनी त्यसअगाडि बल टेम्परिङमा एक वर्षको प्रतिबन्धमा फसेका थिए। वार्नरले ६ सय ३८ रन बनाइसकेका छन् र त्यसमा तीन/तीन शतक र अर्धशतक सामेल छ। इंग्ल्यान्डलाई राम्रोसँग थाहा छ, यी वार्नर कति घातक खेलाडी हुनसक्छन् भनेर। उनलाई सस्तोमै आउट गर्न सकिएन भने निकै महँगो साबित हुने खेलाडी हुन् यिनी।

### स्टार्कविरुद्ध आर्चर

यस विश्वकपमा अस्ट्रेलियाका लागि सबैभन्दा घातक प्रमुख अस्त्र साबित भएका छन् मिचेल स्टार्क। उनले १९.२ को औसतले २६ विकेट लिइसकेका छन्। यी बायाँहाते बलर इनिङ्सको सुरुमै विकेट लिन माहिर छन्। यसले विपक्षी टिमको रन बनाउने क्रमलाई रोक्न पनि निर्णायक साबित भएको छ।

स्टार्क उत्तिकै घातक साबित हुने हो भने त्यसले इंग्ल्यान्डको माथिल्लो क्रममा समस्या पर्न सक्छ। जोफ्रा आर्चर २४ वर्षका भए र उनले क्रिस वोक्ससँग मिलेर इंग्लिस बलिङ आक्रमणको जिम्मा लिइरहेका छन्। नयाँ बलमा यी दुई सटिक देखिन्छन्। बार्बाडोसमा जन्मेर इंग्ल्यान्डका लागि खेलिरहेका स्टार्कले १७ विकेट लिइसकेका छन्। निकै सटिक पेसमा उनी लगातार बलिङ गर्न माहिर छन्। त्यसैले उनी मोर्गनका लागि प्रमुख खेलाडी हुन्। यिनैको बलिङविरुद्ध वार्नर, फिन्च र स्टिभ स्मिथले कसरी खेल्नेछन् त्यसले खेलको मोड तय गर्नेछ।

GOLDENGATE INT'L COLLEGE (T.U. AFFILIATED)
+2 SCIENCE MANAGEMENT HUMANITIES
B.A. B.B.S. B.Sc. B.B.M. B.C.A. B.Tech B.H.M. M.A. M.B.S. M.Sc.
Wisdom Tower, Trikuti Colony, Old Baneshwor, Battisputali, KTM
4479434/4479435/4477082/4466795/4495165

# बजेट सक्न बर्खामा मुख्यमन्त्री कप





जलमग्न विराटनगरस्थित सहिद मैदान। यस मैदानमा बिहीबारदेखि मुख्यमन्त्री कप प्रदेश लिग गर्ने तयारी थियो। *तस्बिर : लीलाबल्लभ घिमिरे/कान्तिपुर*

## सहिद मैदान जलमग्न भएपछि धरान सारियो

**विनोद भण्डारी** (विराटनगर)

बजेट सक्न मुलुकभर असारे विकासका काम धमाधम भइरहँदा आलोचना बढिरहेको छ। प्रदेश १ मा पनि बजेट सिध्याउनकै लागि असारे विकास मात्र नभएर खेलकुदमा मुख्यमन्त्री कप प्रदेश लिग फुटबल प्रतियोगिता भइरहेको छ।

प्रतियोगिताको लागि प्रदेश सरकारले १ करोड र अखिल नेपाल फुटवल संघ (एन्फा) ले ३३ लाख रुपैयाँ आयोजक समितिलाई दिएको छ। आयोजक समितिले यो बजेट असार मसान्तसम्म सिध्याउनै पर्नेछ।

बजेट सिध्याउनै आयोजकले असार १६ देखि प्रदेशका १४ जिल्लाका १४ क्लबबीच पहिलो चरणको लिग आयोजना गर्‍यो। गाईघाटमा असार १६, धरानमा असार १७ र इलाममा असार १८ देखि पहिलो चरणको लिग सकेर दोस्रो चरणको लिगका लागि ६ टिम छनोट गरेको छ।

दोस्रो चरणका लागि छनोट भएका धरान फुटबल क्लब सुनसरी, बौद्धिक विकास समाज समिति धनकुटा, बेलबारी फुटबल क्लब मोरङ, सैनिक युथ क्लव झापा, बाक्सिला फुटबल क्लव खोटाङ र रेडहर्स फुटबल क्लब इलामबीचको सुपर सिक्स बिहीबारदेखि विराटनगरस्थित सहिद रंगशालामा गर्ने आयोजकको तयारी थियो।

तर मंगलबार रातिको भारी वर्षाले सहिद रंगशालामा बुधबार एक फिटभन्दा बढी पानी जमेपछि शुक्रबारदेखि धरानमा खेलाइने निर्णय आयोजकले गरेको छ। सहिद मैदानमा खेल सञ्चालन गर्न आयोजकले करिब डेढ लाख रुपैयाँ मैदान मर्मतमा खर्च गरेको थियो।

प्रदेश सरकारले कार्यविधि ढिलो तयार गर्दा प्रतियोगिता मध्य असारमा गर्नुपरेको आयोजक समितिका अध्यक्ष एवं एन्फाका प्रवक्ता किरण राईको भनाइ छ।

'प्रतियोगिता नगर्दा बजेट नै फ्रिज हुने भयो,' प्रवक्ता राईले कान्तिपुरसँग भने, 'त्यसैले बजेट फ्रिज हुन नदिन प्रतिकूल मौसममा पनि प्रतियोगिता गर्नैपर्‍यो।' मौसमले प्रतियोगितालाई खासै प्रभाव नपारेको राईको दाबी छ। 'बर्खा हो पानी पर्छ नै,' उनले भने, 'पहिलो चरणको लिगबाट छनोट ६ टिमबीचको लिग विराटनगरमा गर्ने तयारी थियो। तर मैदानमा पानी जमेकाले धरानमा गर्ने निर्णय गरिएको हो।' उनले यो प्रतियोगितालाई असारे विकाससँग दाँज्न नमिल्ने बताउँदै प्रतिकूल मौसममा पनि प्रतियोगिता गर्नु खेलकुदमा गौरव विषय भएको बताए।

> विराटनरको सहिद मैदानमा खेल सञ्चालन गर्न आयोजकले करिब डेढ लाख रुपैयाँ मैदान मर्मतमा खर्च गरेको थियो तर धरान सार्नुपरेको छ।

उनका अनुसार आगामी वर्षदेखि प्रतियोगिता अनुकूल मौसममा आयोजना गरिने छ। प्रतिकूल मौसमकै कारण यस वर्ष आयोजना गर्ने भनिएको मुख्यमन्त्री अन्तर्राष्ट्रिय नकआउट फुटबल प्रतियोगिता भदौ-असोजमा सारिएको छ। राईले भने, 'पैसा सक्न प्रतियोगिता गरिएको भए मुख्यमन्त्री अन्तर्राष्ट्रिय नकआउट फुटबल पनि अहिले नै हुन्थ्यो त।'

प्रतियोगिताका लागि प्रदेश सरकारको १ करोड र एन्फाको ३३ लाख बजेटबाट १४ टिमलाई खानबस्न र यातायातका लागि ३३ लाख, टिम तयारी खर्च ७ लाख, १४ टिमलाई १५ थानका दरले बल उपलब्ध गराउँदा ५ लाख, चार स्थानको खेलस्थल मर्मतका लागि १२ लाख, प्रचारप्रसार, स्वयंसेवक परिचालन, आकस्मिक स्वास्थ्य र मसलन्द खर्चमा ५ लाख, पुरस्कारतर्फ २० लाख, रेफ्री र अन्य प्राविधिक परिचालनमा १० लाख, पदाधिकारी यातायात र परिचालनमा ५ लाख र अतिथि सत्कारमा ३ लाख रुपैयाँ विनियोजन गरिएको अध्यक्ष राईले बताए।

पहिलो चरणको लिग म्याचमा गाईघाटमा मोरङ, खोटाङ, उदयपुर, ओखलढुङगा र सोलुखुम्बु, धरानमा सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभा तथा इलाममा झापा, इलाम, पाँचथर र ताप्लेजुङले प्रतिस्पर्धा गरेका थिए।

पहिलो चरणबाट छनोट ६ टिमबीचको सुपर सिक्सको पहिलो र दोस्रो स्थानमा रहने टिमबीच असार ३१ मा फाइनल गरिने खेलतालिका छ। प्रतियोगितामा सबै विधामा गरी २० लाख रुपैयाँ पुरस्कार वितरण गरिने छ। उत्कृष्ट खेलाडीले एक लाख, उत्कृष्ट डिफेन्स, फरवार्ड, गोलकिपर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट प्रशिक्षकले जनही २५ हजार रुपैयाँ पुरस्कार पाउने छन्। लिग विजेताले ५ लाख र ४ किलो चाँदीको रनिङ कप जित्ने छन्।

विम्बल्डन ओपन

# सेरेना उपाधितर्फ केन्द्रित

लन्डन (एएफपी)- सेरेना विलियम्स बिनापीडा राम्रो अवस्थामा रहेकाले विम्बल्डन ओपनको उपाधि जित्न शतप्रतिशत केन्द्रित रहेको उनका प्रशिक्षक प्याट्रिक मोउराताेग्लोउले बुधबार बताएका छन्।

बच्चा जन्माएपछि ३७ वर्षीया सेरेना कडा मिहिनेत गर्दै पुनरागमन गरिरहेकी छन्। थुप्रै चोटको समस्याबाट गुज्रिएकी उनी प्रशिक्षकका अनुसार मार्गरेट कोर्टको कीर्तिमान २४ ग्रान्डस्लाम उपाधि बराबरी गर्ने लक्ष्यमा रहेकी छन्। अमेरिकी खेलाडीको 'ट्रेडमार्क' शैलीको खेल चाखलाग्दो रूपमा अर्को तहमा फर्किएको छ। उनले फेरि पनि आफ्नो लय समातेको प्रशिक्षकले बताए।

११ औं वरीयताकी सेरेनाले सेमिफाइनलमा बिहीबार ५४ औं विश्व वरीयताकी चेक गणतन्त्रकी बारबोरा स्ट्रेकोभाको सामना गर्नेछिन्। 'यो क्षणमा उनी राम्रो अवस्थामा छिन्। उनी खुसी छन्,' प्याट्रिकले भने, 'उनका पति यहाँ छन्। उनका छोरी यहाँ छिन्। उनी अहिले तीन साताका लागि पीडारहित अवस्थामा छिन्।'

'हरेक दिन पीडामा केन्द्रित हुँदा प्रतियोगितामा तयारी गर्नका लागि धेरै कठिन हुन्छ,' प्रशिक्षक प्याट्रिकले भने, 'पीडासहित प्रतिस्पर्धा गरेको अवस्थामा खेलमा केन्द्रित हुन गाह्रो हुन्छ किनभने पीडित भएको अवस्थामा हुन्छ। अब अवस्थामा फरक छ। जब उनले खेलिरहेकी हुन्छिन्, त्यस बेला उनी खेल र जितप्रति शतप्रतिशत केन्द्रित भइरहेकी हुन्छिन्। उनले आफ्नो स्तर आवश्यक भएको बेला उकासेकी छन्। त्यो उनको ट्रेडमार्क हो। उनी फर्किएकी छिन्। त्यसैले सबथोक सकारात्मक छ।'

४९ वर्षीय यी ग्रिक-फ्रेन्च प्रशिक्षकले सेरेनासँग सन् २०१२ यता निरन्तर सहकार्य गरिरहेका छन्। यो सहकार्यले अमेरिकी खेलाडीको ग्रान्डस्लामको सिंगल्समा २३ उपाधिमध्ये १० वटा हात पारेको छ। अस्ट्रेलियाली महान् खेलाडी कोर्टले सन् १९६० देखि १९७३ सम्मको अवधिमा २४ ग्रान्डस्लाम जितेकी थिइन्।

प्याट्रिकले सेरेना सुरुबाटै बिम्बल्डन जित्दै कोर्टको सफलतालाई उछिन्नेमा केन्द्रित भएकी बताएका छन्। 'त्यसैका लागि उनी बच्चा जन्माएर स्वास्थ्यमा थुप्रै समस्या बाबजुद पनि टेनिस खेल्न फर्किएकी हुन्। उनी जसरी ऊर्जा लगाएकी छन्, यस्तो मैले कहिल्यै देखेको थिएन। त्यो स्तरमा फर्किन उनले गरेको कठिन मिहिनेतबारे तपाईलाई कुनै आइडिया छैन। उनी त्यसैका लागि फर्किएकी हुन्। यो उनका लागि सम्भवत् धेरै हुनेछ, जब सफलता पाउने छिन्।'

सातपल्टकी बिम्बल्डन च्याम्पियन सेरेनाले घुँडाको समस्याको कारण फ्रेन्च ओपन गुमाएकी थिइन्। त्यसका लागि उनले पेरिसका चिकित्सकसँग निश्चित गरेकी थिइन्। प्रशिक्षकले उनलाई खेलको अभ्यास कम भएर पनि बिम्बल्डनका लागि तयार गरेको हुनसक्छ। 'उनी राम्रो तयारीमै रहेकी भए पनि उनले पहिलो खेलमा राम्रो टेनिस खेलेकी छैनन्। उनी धेरै समय लय समात्नै संघर्षरत थिइन्,' प्रतिद्वन्द्वीहरू बाहिरिइरहेकोबारे उनले भने, 'हरेक खेलपछि मलाई त्यो थाह छ। उनी राम्रोमाथि राम्रो भइरहेकी छन्।'



आफ्नै देशकी एलिसन रिस्केलाई विम्बल्डन टेनिसको क्वाटरफाइनलमा हराएपछि अमेरिकी सेरेना विलियम्स। *तस्बिर : एपी*

बिहीबारै अर्को सेमिफाइनलमा सातौं वरीयताकी सिमोना हालेपले आठौं स्थानकी एलिना स्भितोलिनाविरुद्ध प्रतिस्पर्धा गर्दै छिन्।

# कर्मचारीसँग वाचा

काठमाडौं (कास)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) का नवनियुक्त सदस्यसचिव रमेश सिलवालले वर्षौंदेखि करार र अस्थायी रूपमा कार्यरत कर्मचारीको समस्या छिटै समाधान हुने आश्वासन दिएका छन्।

परिषदमा दशकदेखि कार्यरत करार तथा अस्थायी कर्मचारीले स्थायीको माग राख्दै आन्दोलन गरिरहेका छन्। बुधबार राखेप करार तथा अस्थायी कर्मचारी संघले गरेको नयाँ सदस्यसचिवको स्वागत र निवर्तमान सदस्यसचिव केशवकुमार विष्टको बिदाइ कार्यक्रममा सिलवालले एक वर्षभित्र समस्या समाधान गरी कर्मचारीको संघर्ष समिति भंग गर्ने उद्घोष गरे।

'तपाईहरूको स्थायी हुनुपर्ने मागका विषयमा धेरै लामो समय कुर्नुपर्दैन। मैले समस्याबारेमा विभागीय प्रमुखसँग छलफल गरिसकेको छु। यसै वर्षभित्र समस्या हल गरेर स्थायी हुनुपर्ने माग राख्दै गठन गरेको संघर्ष समिति भंग गर्नेछौं,' उनले भने।

सदस्यसचिव सिलवालले आफूलाई भेट्न आउँदा समस्या मात्र नभई त्यसको उपाय पनि सँगै लिएर आउन निर्देश गर्दै कर्मचारीको उचित सुझाव भए धाउनुपर्ने ठाउँमा आफू स्वयं धाउने प्रतिबद्धता जनाए।

निवर्तमान सदस्य-सचिव विष्टले करार कर्मचारीलाई स्थायी गर्ने प्रक्रिया पूरा गर्न आफूले चार समिति गठन गरेको जानकारी दिँदै नयाँ सदस्यसचिवले प्रक्रिया पूरा गर्ने विश्वास व्यक्त गरे। साथै उनले पदमा नरहे पनि खेलकुदबाट टाढा नभएको प्रस्ट पारे। 'खेलकुदभन्दा बाहिर जान्न। यही क्षेत्रमा योगदान दिन प्रयासरत रहन्छु,' विष्टले भने, 'शिर ठाडो पारेर आएको थिएँ, त्यसैगरी जाँदै छु। ४ वर्षमा मैले पूरा गर्न नसकेका काम नयाँ सदस्यसचिवले फत्ते गर्नुहुनेछ।'

राखेप करार तथा अस्थायी कर्मचारी संघका अध्यक्ष काजीमान श्रेष्ठले स्थायी हुनुपर्ने लामोदेखिको माग वर्तमान सदस्यसचिवको कार्यकालमा पूरा हुने विश्वास व्यक्त गरे।

# मोरेनो स्पेन फर्किए

लन्डन (बीबीसी)- भिलारिएलले लिभरपुलका पूर्व डिफेन्डर अल्बर्टो मोरेनोलाई अनुबन्ध गरेको छ। मोरेनोले स्पेनी टिमसँग पाँचवर्षे सम्झौता गरेका हुन्। स्पेनबाट पाँच अन्तर्राष्ट्रिय खेल खेलेका २७ वर्षीय उनलाई एन्फिल्डमा पाँच सिजन बिताएपछि गत महिना लिभरपुलले फुकुवा गरेको थियो। उनले लिभरपुलका लागि १ सय ४१ खेल खेले। उनी अगस्ट २०१४ मा सेभियाबाट एनफिल्ड पुगेका थिए। दुई सिजन लेफ्ट ब्याकको पहिलो रोजाइमा रहेका उनले आफ्नो स्थान जेम्स मिल्नरलाई गुमाएका थिए र त्यसपछि एन्डी रोबर्टसनले त्यो स्थान लिए। उनले पछिल्लो सिजन पाँच खेलमात्र खेले। योर्गन क्लोपको टिमले च्याम्पियन्स लिग फाइनलमा टोटेनहमलाई पराजित गर्दा उनी सब्स्टिच्युट खेलाडी सूचीमा थिए। म्याड्रिडमा सफलता हात पार्दै लिभरपुल छैटौंपल्ट युरोपेली च्याम्पियन भएको थियो।

**लेस्टरमा युरी**

लेस्टरले बेल्जियन मिडफिल्डर युरी टिलेमेन्सलाई मोनाकोबाट चारवर्षे सम्झौतामा भित्र्याएको छ। रकम सार्वजनिक नगरिए पनि उनको स्थानान्तरण क्लबको कीर्तिमान ४ करोड पाउन्ड भएको अनुमान गरिएको छ। २२ वर्षीय टिलेमेन्सले गत सिजन लोनमा प्रिमियर लिग लेस्टरबाटै खेलेका थिए। उनले १३ खेलमा ३ गोल गर्दै ४ गोलमा पास दिएका थिए। उनले एन्डरलेचबाट करिअर सुरु गरेका हुन्। त्यस क्लबमा उनी च्याम्पियन्स लिग खेल्ने सबैभन्दा कम उमेर (१६ वर्ष १४८ दिनको छँदा ओलम्पियकोसविरुद्ध अक्टोबर २०१३) का बेल्जियन खेलाडी बनेका थिए। चार सिजन खेल्दा दुईपल्ट बेल्जियन लिगको उपाधि जितेपछि उनी करिब २ करोड २० लाख पाउन्डमा २०१७ मा मोनाको पुगेका थिए। उनले लिग वान टिमका लागि ६५ खेलमा ६ गोल गरे। विश्वकपसहित बेल्जियमका लागि २३ क्याप जितेका उनी यो स्थानान्तरणमा लेस्टरमा आबद्ध हुने तेस्रो खेलाडी हुन्।


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभागको

**Vehicle & Consignment Tracking System**
**लागू गर्ने सम्बन्धी सूचना**

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३ग को उपदफा १ को व्यवस्था वमोजिम एक स्थानबाट अर्को स्थानमा व्यवसायिक प्रयोजनका मालसामान ओसारपसार गर्नुपूर्व सो सम्बन्धी विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा २०७६ श्रावण १ गतेदेखि प्रविष्टि गरेर मात्र ओसारपसार गर्नुपर्ने गरी ऐनको दफा १३ग को उपदफा ५ वमोजिम नेपाल राजपत्रमा मिति २०७६/०३/२३ गते सूचना प्रकाशित भएको छ। व्यवसायिक प्रयोजनका मालसामानको आन्तरिक ओसारपसार गर्ने आयात-निर्यातकर्ता, भन्सार एजेन्ट, ढुवानी व्यवसायी, उद्योग, वितरक तथा थोक विक्रेताले मालसामान थोकस्तरमा विक्रि वितरण गर्दा विभागको वेबसाइट www.dri.gov.npमा रहेको Vehicle & Consignment Tracking System (VCTS) मा २०७६ श्रावण १ गतेदेखि ढुवानी साधन तथा मालसामानको संक्षिप्त विवरण प्रविष्टि गरेर मात्र ढुवानी गर्नुहुन जानकारी गराइन्छ। VCTS को User Manual विभागको Website मा राखिएको छ। यो प्रणाली प्रयोग गर्दा कुनै द्विविधा वा जिज्ञासा भएमा निम्न फोन नम्बर तथा e-mali ठेगानामा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

**सम्पर्क व्यक्ति तथा फोन नम्बरः**

| | |
|---|---|
| राजिव पोखरेल ९८४१२७२१३८ | पवन वस्नेत ९८४१२०१८८५ |
| टंकप्रसाद पाण्डेय ९८५१०१७३३४ | सुरेश वसौला ९८४९४०२५३० |
| रामप्रसाद रेग्मी ९८५११२६५५७ | e-mail :info@dri.gov.np |


# पाँचथरमा मुवाँथाई सुरु

पाँचथर (कास)- पाँचथरमा प्रदेश नम्बर १ स्थरीय प्रथम मुवाँथाई प्रतियोगिता बुधबार सुरु भएको छ। असार २७ सम्म फिदिममा हुने प्रतियोगितामा प्रदेश १ का १ सय खेलाडीले भाग लिएका छन्। त्यसमा महिला २० महिला खेलाडी छन्।

मुवाँथाई एसोसिएसन अफ पाँचथरले गरेको प्रतियोगिता पहिलोपल्ट भएको अध्यक्ष विक्रम राईले बताए। मुवाँथाईका प्रशिक्षक रमा राईका अनुसार यो मार्सल आर्टसम्बन्धी खेल हो। यो थाइल्यान्डको राष्ट्रिय खेल पनि हो। मिक्स मार्सल आर्टमा आधारित छ। यो खेल रिङ बनाएर खेलिन्छ। यसमा उमेर समूह र तौलमा खेलाडीलाई विभाजन गराएर खेल खेलाइन्छ। बकिसङ र रेस्लिङजस्तै गरी खेलिन्छ।

बुधबार सात खेलाडी फाइनल पुगेका छन्। त्यसमा ६ पुरुष र एक महिला छन्। उद्घाटन प्रदेश १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले गरेका थिए।

# ईश्वर र आइसा उत्कृष्ट

म्याग्दी (कास)- बेनी नगरपालिकास्थित न्यु वेस्ट प्वाइन्ट आवासीय माविले सर्वाधिक पदक जित्दै विद्यालयस्तरीय पाँचौं राष्ट्रपति सिल्ड उचालेको छ। बुधबार सम्पन्न प्रतियोगितामा १३ स्वर्ण, ३ रजत, ११ कांस्य पदकसहित वेस्ट प्वाइन्टले सिल्ड हात पारेको हो। १० स्वर्ण, २ रजत, ९ कांस्यसहित बेनीका माउन्ट एभरेस्ट आमावि दोस्रो र प्रकाश माविले ७ स्वर्ण, १ रजत र २ कांस्यसहित तेस्रो स्थानमा चित्त बुझाए। ४ स्वर्ण र १ कांस्यसहित वेस्ट प्वाइन्टका ईश्वर सेन्चुरी र वेस्टकै आइसा केसी ३ स्वर्णसहित उत्कृष्ट खेलाडी भए। स्पर्धामा छात्र/छात्रा भलिबल, एथलेटिक्स र मार्सल आर्टसका विभिन्न खेल समावेश थियो। पहिलो, दोस्रो र तेस्रो स्कुलले क्रमशः १५, १२ र ९ हजार रुपैयाँ पाए।


**प्राविधिक शिक्षामा छात्रवृत्ति सहित भर्ना खुल्यो।**

**१. कृषि/बाली विज्ञान जे.टी.ए. (Agriculture J.T.A.)**
**२. भेटेरिनरी/पशु विज्ञान जे.टी.ए. (Veterinary J.T.A.)**
**योग्यता: SLC/SEE मा कुनै पनि ग्रेड ल्याएका छात्र/छात्राहरू**

- **फाराम भर्ने अन्तिम मिति: २०७६/04/१५ गते सम्म**
- **छात्रवृत्ति तर्फ प्रवेश परीक्षा मिति: २०७६/04/२५ गते बिहान ८ बजे**
- **पुर्ण शुल्कीय प्रवेश परीक्षा मिति: २०७६/04/२५ दिउसो २ बजे**

EVENT बाट गत बर्षमा ३६ जना विधार्थीहरुलाई रु ५०,०००/- का दरले यस इन्स्टिच्युटबाट ८ जना विधार्थीहरुलाई निःशुल्क छात्रवृत्ति प्रदान गरीएकोले यस शैक्षिक सत्रमा पनि प्रदान गरीने छात्रवृत्तिको फारम सहित आवेदन फारम खुल्ला गरिएको छ।

**TTRI** Kumaripati, Lalitpur 01-5537549, 9841628152





कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email: kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **नारायण वाग्ले**









नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १४३ विराटनगर | २६ असार २०७६ बिहीबार आषाढ शुक्लपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, July 11, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ

# सँगै चियापान, अनि गोली हानाहान

## चन्द समूहका ओखलढुंगा इन्चार्ज र एक प्रहरी जवान मारिए

एलिसा श्रेष्ठ (भोजपुर)

सदरमुकाम मुख्य बजारको पश्चिमतिर रहेको पान्धारे नामको होटलमा बुधबार बिहान सादा पोसाकका प्रहरी र चन्द समूहका जिल्ला नेता एउटै टेबुलमा बसेर चिया खाइरहेका थिए। दुवै जनाबीच पहिलेदेखि नै चिनजान थियो। भेट हुनासाथ हात मिलाए र चिया पिउन सुरु गरे। चन्द समूहका ओखलढुंगा जिल्ला इन्चार्ज नीरकुमार राई र सादा पोसाकका प्रहरी जवान सञ्जीव राई चियाको चुस्कीसँगै गफिँदै थिए।

प्रत्यक्षदर्शीका अनुसार नीरकुमार दुई दिनयता चिया पसलमा आउने/जाने गरिरहेका थिए। बुधबार पनि बिहानै आएर अरू मान्छेसँग 'हेलोहाई' गरिरहेका थिए। करिब साढे ८ बजे सञ्जीव आइपुगे। दुवैले 'दाइभाइ' को साइनो पनि लगाए। अभिवादन साटासाट गरे। सञ्जीव सुराकीका लागि चिया पसल छिरेका थिए। गफकै क्रममा नीरकुमारले सञ्जीवलाई भने, 'विप्लवको पार्टीमा लाग्यो भन्दैमा मलाई किन खेदो गर्छौ ? पार्टीमा लाग्नु आस्थाको कुरा हो।' सञ्जीवले सहज ढंगले उत्तर फर्काए, 'हामी दुवै राई भएकाले भाइभाइ हो। के गर्नु र ?'

सञ्जीवले यति भनेपछि नीरकुमार पिसाब गर्न जाने भन्दै पसलबाट निस्कन खोजे। सञ्जीवले नीरकुमारको पाखुरा समाते। 'गफ गरौं, तपाईं कहाँ जान लागेको ? अहिले नजानुस्, अरू साथी आउँदै छन्,' सञ्जीवको भनाइ उद्धृत गर्दै प्रत्यक्षदर्शीले कान्तिपुरलाई सुनाए। दुवै जनाबीच तानातान भयो। चन्द समूहका हतियार बोकेका कार्यकर्ता दगुर्दै होटल अघिल्तिर आए। बाँकी पृष्ठ १२



प्रहरी र चन्द समूहका कार्यकर्ताबीच बुधबार गोली हानाहान भएको भोजपुर नगरपालिका-७ मा रहेको हाट क्षेत्र। *तस्बिर : अर्जुन बस्नेत/कान्तिपुर टेलिभिजन*

## प्रतिबन्धपछि चन्द समूहका ८ मारिए

काठमाडौं (कास)- सरकारले नेत्रविक्रम चन्द समूहलाई प्रतिबन्ध लगाएपछिको द्वन्द्वका क्रममा चन्द समूहका ८ नेता-कार्यकर्ता मारिएका छन्। चन्द समूहको आक्रमणमा एक सर्वसाधारण र एक प्रहरी जवानको पनि ज्यान गएको छ। पछिल्लोपल्ट बुधबार भोजपुरमा ओखलढुंगा इन्चार्ज नीरकुमार राई र प्रहरी जवान सञ्जीव राई मारिएका हुन्। भोजपुरमा दुई, सर्लाहीमा एक, काठमाडौं विस्फोटमा ५ गरी चन्द समूहका ८ जना मारिएका हुन्। काठमाडौं विस्फोटमा एक सर्वसाधारणको पनि ज्यान गएको थियो। प्रतिबन्धयताको अवधिमा दुई प्रहरीसहित ९ जना घाइते छन्।

नेकपा संसदीय दलको चैत ११ को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले चैत महिनाभित्र नेत्रविक्रम चन्द समूहलाई सरकारले निस्तेज पारिसक्ने दाबी गरेका थिए। प्रधानमन्त्रीको यस्तो दाबीपछिका चार महिनामा पटकपटक चन्द समूह र प्रहरीबीच देशका विभिन्न स्थानमा भिडन्तको अवस्था सिर्जना भएको देखिन्छ।

फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले चन्द समूहको गतिविधिमा प्रतिबन्ध लगाएपछि उक्त समूहका नेता तथा कार्यकर्तामाथि निगरानी बढाउन, सार्वजनिक रूपमा कार्यक्रम गर्न नदिन सुरक्षा निकायलाई परिचालन गरिएको थियो। सरकारी निर्णयपछि प्रहरीले देशैभर चन्द समूहका नेता तथा कार्यकर्ता पक्राउ तीव्र पारेको थियो।

१० चैतमा गृह मन्त्रालयले चन्द समूहलाई प्रत्यक्ष-परोक्ष सहयोग पुऱ्याउने व्यक्ति, संस्था वा समूहलाई समेत कारबाहीको दायरामा ल्याइने भन्दै सार्वजनिक सूचना जारी गरेको थियो। बाँकी पृष्ठ १२

# 'परीक्षण नरोक्नू'

राजु चौधरी (काठमाडौं)



सीमामा विषादी परीक्षण रोक्ने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ।

न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले विषादी परीक्षण यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो। अब अदालतको अर्को आदेश नहुँदासम्म विषादी परीक्षण गरेर मात्र आयात गर्नुपर्नेछ। सरकारले असार २ गते राजपत्रमा प्रकाशित गरेर भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण अनिवार्य गरेको थियो। यो कदमले भारतीय व्यवसायीलाई अप्ठ्यारो परेपछि असार १४ मा भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो। फलफूल तथा तरकारी रोकेको जनाउँदै भारतीय दूतावासले दबाब दिएपछि असार १८ गते परीक्षण गर्ने निर्णयबाट सरकार पछि हटेको थियो। सरकारले पर्याप्त प्रयोगशाला नभएका देखाउँदै आयातित तरकारी र फलफूलमा विषादी परीक्षण स्थगित गरेको हो। सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित स्वागत नेपाल र उपभोक्ता हित संरक्षण मञ्चले छुट्टाछुट्टै रिट दायर गरेका थिए।



न्यायाधीश भट्टराईको इजलासले गुणस्तरीय सेवा तथा वस्तुको अधिकारका साथै खाद्य, स्वास्थ्य र सुरक्षित मातृत्वको अधिकारसमेत यो निवेदनसँग सरोकार राख्ने प्रकृतिको रहेको भनेको छ। हानिकारक रसायन अनि अखाद्य पदार्थ नियन्त्रणबारे असार २ गतेको राजपत्रको सूचना जारी भएकामा दुई सातापछि त्यसलाई रोक्न गरिएको निर्णयबारे प्रश्न उठेको भन्दै त्यसबारे छलफल हुनुपर्ने भन्दै सर्वोच्च अदालतले दुवै पक्षलाई आगामी सोमबार छलफलका लागि झिकाएको छ।

'मुलुकी अपराध संहिता २०७४ को दफा १०७ ले हानिकारक रासायनिक पदार्थ वा अखाद्य पदार्थ बिक्री, वितरण पैठारीसमेतको कार्यलाई निषेधित आपराधिक कार्य मानेको अवस्थासमेत हुँदा यस सन्दर्भमा २०७६ असार २ को राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना विपरीत हुने गरी सोही मन्त्रीस्तरीयबाट २०७६ असार १८ मा गरिएको निर्णय संविधान र कानुनका यी समस्त व्यवस्थाहरूको के कति अनुकूल हुन्छ भन्ने प्रश्न उत्पन्न भएको छ,' आदेशमा भनिएको छ। बाँकी पृष्ठ १६

# 'मलाई भनिएन'

'पछि मात्र थाहा भयो, त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ'



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी परीक्षण रोक्नका लागि भारतीय दूतावासले पठाएको पत्रबारे आफूलाई सरकारी निकायले 'अनभिज्ञ' राखेको बताएका छन्।

भारतीय दूतावासले विभिन्न संवाद गर्दै हिँडेको र पत्र पठाएको बारे २३ गते मात्र जानकारी प्राप्त गरेको प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन्।

'मलाई पछि मात्र थाहा भयो र त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ। त्यो कुराबाट पनि मलाई अनभिज्ञ नै राखियो। तसर्थ मेरो जानकारीमा नभएको हुनाले मैले पत्र आएको छैन भनें। तर २३ गते बेलुका मात्र मैले पत्र आएकोबारे जानकारी पाएँ। म त्यसबाट अत्यन्त दुखित छु,' प्रधानमन्त्री ओलीले बुधबार जनतासँग प्रधानमन्त्री कार्यक्रममा विषादी प्रकरणबारे स्पष्टीकरण दिँदै भने, 'र, मलाई जसले जानेर भ्रममा राख्यो वा अन्जानमा बताउन भुल्यो, जेसुकै होस्, मसँग त्यो कुरा आएन र मैले प्रधानमन्त्रीको हैसियतमा त्यो जानकारी पाउनुपर्थ्यो। एउटा यथार्थ मबाट लुकेको रहेछ।'

प्रधानमन्त्रीको यो अभिव्यक्तिले मुलुकको कार्यकारी व्यक्ति नै कति गुमराहमा छन् भन्ने प्रश्न उब्जिएको छ। प्रधानमन्त्री ओलीले २१ गते नेकपाको संसदीय दलमा 'कस्तो पत्र कसले पठाएको पत्र ?' भन्दै सांसदहरूमाथि आक्रोश पोखेका थिए। उनले पत्रै नआएको दाबी गरेका थिए। प्रधानमन्त्री ओलीले त्यसो भनेको दुई दिनपछि (२३ गते) भारतीय दूतावासले असार १४ मा नै परराष्ट्र मन्त्रालयलाई सम्बोधन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय र खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई बोधार्थ दिँदै लेखेको पत्र सार्वजनिक भएको थियो। प्रधानमन्त्री ओलीले आफूबाट लुकेको कुरा थाहा नपाउँदा जे हो त्यही अभिव्यक्ति दिएको बताए। बाँकी पृष्ठ १६

# घोडा नचढे जरिवाना



हिमालपारिको जिल्ला मनाङको मनाङ गाउँमा यार्तुङ पर्वमा घोडा दौडाउँदै युवा। *तस्बिर सौजन्य : विनायक जय मल्ल*

आश गुरुङ (लमजुङ)

माथिल्लो मनाङमा मोटरबाटो नपुग्दासम्म स्थानीयको सवारीसाधन घोडा थियो। बाटो बिस्तार सुरु भएयता मनाङीले घोडा बेच्दै मोटरसाइकल किन्न थाले।

यसको असर मनाङ गाउँ र टंकीले मिलेर मनाउने परम्परागत यार्तुङ पर्वमा पऱ्यो। घोडा दौड गरेर मनाइने यो पर्वका सहभागी घटे। यसपटक दुवै गाउँका अगुवाले जरिवानाको नियम बनाए। 'यार्तुङमा सहभागी नहुनेलाई तीन हजार रुपैयाँ जरिवाना तोकिएको थियो,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'पर्वमा युवा सहभागिता अनिवार्य होस् भन्नका लागि जरिवानाको नियम बनाइएको हो।'

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने दुवै गाउँले मिलेर मनाउँदै आएको यार्तुङ हिमाल पारिका जिल्लाको ठूलो पर्व हो। मनाङीका अनुसार तिब्बती भाषामा 'यार' को अर्थ बर्खा र 'तो' को घोडा हुन्छ। 'यार्तो' बाट अपभ्रंश भएर 'यार्तुङ' रहन गएको मानिन्छ। बर्खायाममा मनाइने पर्व कृषि कर्ममा हुने दुःख र परिश्रमका थकान मेटाउनका लागि भएको स्थानीय बताउँछन्।

यसपटक गाउँका अधिकांश युवा यार्तुङमा सहभागी भएर पाँच दिनसम्म घोडा दौडाए। १६ देखि ५५ वर्ष उमेर समूहका पुरुषले घोडा दौडाएका थिए। शनिबार सुरु भएको यार्तुङ बुधबार सम्पन्न भएको छ। यसपटक करिब सय जनाले घोडा दौडाएको गुरुङले बताए।

मनाङमा घोडा दौडाउन यस पटक पर्यटकीय पदमार्ग ५ हजार १६ मिटरको थोराङला भन्ज्याङ पास गरेर मुस्ताङबाट १३ जना युवा पुगेका थिए। 'छिमेकी जिल्लाबाट पनि घोडा लिएर आएको देखेर यहाँका युवा हौसिए। यार्तुङ निकै रोमाञ्चक बन्यो,' उनले भने। मुस्ताङीले खादामा पैसा बाँधेर भुइँमा राखेर घोडा दौडाई टिपेका थिए। बाँकी पृष्ठ १६






# बालबालिकाको आवासीय खर्च निकासा भएन



आवासीय सुविधामा अध्ययन गरिरहेका ताप्लेजुङको घुन्सा आधारभूत विद्यालयका बालबालिका। *तस्बिर सौजन्य : लीलाचक्र गुरुङ*

■ **आनन्द गौतम** (ताप्लेजुङ)

घुन्सा आधारभूत विद्यालयले आवासीय सुविधामा ४० जना विद्यार्थीलाई पठनपाठनको व्यवस्था गरेको छ।

हिमाली क्षेत्रका विद्यार्थीलाई आवासीय सुविधा उपलब्ध गराएवापत विद्यालयले चालु वर्ष ८ लाख रुपैयाँ पाउनु पर्ने हो। तर, आर्थिक वर्ष सकिनै लाग्दा समेत विद्यालयले रकम प्राप्त गरेको छैन। प्रधानाध्यापक लीलाचक्र गुरुङ आफ्ना बालबालिकाले पाउने सुविधाको माग गर्दै सरोकारवाला निकायमा धाइरहेका छन्। विद्यालयको खातामा जम्मा हुनपर्ने रकमा नआएपछि उनले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा असार २२ गते निकासाका लागि लिखित निवेदन पठाएका छन्। असार २५ गते साँझसम्म पनि पैसा आएको छैन।

यो विद्यालयमा २० जना विद्यार्थीलाई जनही मासिक ४ हजारका दरले १० महिनाको रकम उपलब्ध गराउनु पर्छ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष हिमाली चुङदा २० को कोटामा ४० जना विद्यार्थी आएकाले सबैलाई आवासीय सुविधा दिएको बताउँछन्। 'आएका विद्यार्थीलाई फर्काउनु भएन,' हिमालीले भने, 'टाढा टाढादेखिका विद्यार्थी आएका छन्, उनीहरूलाई समान व्यवहार गरेर राखेका छौं।'

गाउँपालिका हुँदै आउनुपर्ने रकम चौमासिक रूपमा विद्यालयलाई भुक्तानी हुनुपर्ने हो। तर, वर्षको अत्यसम्म पनि नआउँदा पैसा खोज्न हिंड्नुपर्ने बाध्यता रहेको गुरुङ बताउँछन्। 'केन्द्रबाट जिल्लामा पठाइएको छ कि छैन भनेर काठमाडौं बस्दै आउनु भएका मिङमाडण्डु शेर्पाले केन्द्रको कार्यालयमै गएर बुझ्नुभयो,' गुरुङले भने, 'केन्द्रले पठाएको छ भन्छ, विद्यालयको खातामा जम्मा भएको छैन।'

गाउँपालिका अध्यक्ष सरोज एभेङ कोष तथा लेखा नियन्त्रण (कोलेनिका) को कार्यालयाबाट केही रकम निकासा हुन बाँकी रहेकाले त्यहीं रहेको हुनसक्ने बताउँछन्। त्यो रकम निकासा हुनासाथ विद्यालयको खातामा जम्मा गरिदिने एभेङले बताए। कोलेनिकाका अनुसार गाउँपालिकाले बुझाउने प्रतिवेदन नमिलेकाले केही रकम निकासा हुन बाँकी रहेको छ।

# हटेनन् पुराना सवारी

## वैज्ञानिक ढंगले अनुगमन गर्न नसक्दा ०७४ चैत १ को निर्णय प्रभावकारी कार्यान्वयनमा समस्या

■ **सुम्निमा चाम्लिङ** (इटहरी)

सवारी दुर्घटना र प्रदूषण न्यूनीकरणका लागि सरकारले २०७४ चैत १ गतेदेखि २० वर्ष पुराना सार्वजनिक सवारीसाधन गुड्न नपाउने निर्णय गरेको थियो। यद्यपि प्रदेश १ मा भने प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

प्रदेश १ मा २ हजार २ सय ५४ वटा २० वर्ष पुराना सवारीसाधन गुडिरहेको तथ्यांकले देखाएको छ। जसमध्ये १८ वटा सवारी साधनको मात्र लगत कट्टा गरिएको छ। प्राविधिक शाखाका अनुसार कुल ३९ वटा सवारीको लगत कट्टा गरिएको छ। जसमध्ये, २० वर्ष बढी पुगेका सवारी १८, आगजनिमा परेका ५, दुर्घटनामा परेका ६ र १५ वर्षभन्दा कमका सवारी १० वटा रहेका छन्।

सरकारी निर्णयअनुसार दुई दशक पुराना सवारीधनीले लगत कट्टा बुझाएर मात्र सवारीका पार्टपूर्जा बेच्न सक्ने प्रावधान छ। यातायात व्यवस्था कार्यालय प्रमुख भीम गौतमले २० वर्ष पुराना सवारीधनी सम्पर्कमा नआएका कारण लगत कट्टा हुन नसकेको बताए। '२० वर्षभन्दा बढी पुराना सवारीको तथ्यांक नहुँदा सम्बन्धित व्यक्तिलाई जानकारी गराउन सकेका छैनौं,' उनले भने, 'सवारीधनीले समेत १५ वर्ष पुग्नुअघि निजी सवारीमा नामसारी गर्ने चलन छ।'

कार्यालयले समेत समयमा अनुगमन गर्न नसक्दा लगत कट्टामा समस्या आएको उनले बताए। कार्यालयले हालसम्म २० वर्षभन्दा बढी चलेका तीनवटा सवारी जफत गरेको छ। 'जफत भएका सवारी कहाँ राख्ने भन्ने समस्या छ,' उनले भने, 'जफत भएका सवारी लिलाम गर्न र पत्रु गर्न पाइने व्यवस्था छैन। जसले गर्दा स्थानको अभाव छ।'

सूचना अधिकृत हरिप्रसाद लामिछानेले स्रोत, साधन र जनशक्तिको अभावमा २० वर्ष पुगेका सवारीको अनुगमन गर्न नसकेको बताए। 'अनुगमनका लागि छुट्टै युनिट चाहिन्छ। प्रदेश सरकारले अनुगमनका लागि विशेष कमिटी बनाएर अनुगमन द्रुत बनाउन सक्नुपर्छ,' उनले भने। २० वर्ष पुराना सवारी सडकमा नरहेको दाबी गर्दै उनले भने, 'पहाडि क्षेत्र वा ट्राफिकको पहुँच कम भएका स्थानमा पुराना सवारी सञ्चालन भएको हुन सक्छ।' सवारी कर तिरे नतिरेको हेर्ने कुनै संयन्त्र नभएको बताउँदै उनले भने, 'नीतिगत रूपमा समस्या छ। विशेष छुट प्रदान गर्न सके लगत कट्टाको दायरामा ल्याउन सकिने थियो।'



सुनसरीको इटहरीस्थित यातायात व्यवस्था कार्यालयले जफत गरेका सवारी साधन। *तस्बिर : सुम्निमा/कान्तिपुर*

नेपाल यातायात राष्ट्रिय व्यवसायी संघ १ नं प्रदेशका संयोजक सरोज श्रेष्ठले २० वर्ष पुराना सवारीको विषयमा सरकारले गरेको निर्णय अवैज्ञानिक भएको बताए। 'सवारी साधनको जाँच वैज्ञानिक ढंगबाट गरेर मात्र हटाइनुपर्छ,' उनले भने, 'कुनै पनि सवारी प्रदूषण मापदण्ड विपरीत भए १० वर्षमा समेत हटाउन सकिन्छ। तर २० वर्ष पुराना भएको आधारमा हटाउनु उचित व्यावहारिक हुँदैन।'

नयाँ सवारी आयातकर्ताहरूको प्रलोभनमा परी सरकारले यस्तो निर्णय गरेको उनको आरोप छ। लगत कट्टामा सरकारले छुट प्रदान गर्न सके सवारीधनीलाई दायरामा ल्याउन सकिने उनको भनाइ छ। 'महंगो जरिवाना तिरेर लगत कट्टाका लागि सवारी धनी आउन चाहँदैन। त्यसैले सरकारले विशेष व्यपस्था गर्नुपर्छ,' उनले भने।

यातायात व्यवस्था कार्यालय सवारी कार्यालय प्राविधिक शाखा प्रमुख राजकुमार गुप्ताले मासिक रूपमा अनुगमन गरेको बताए। 'भौतिक पूर्वाधार तयार नभई अनुगमन गर्न समस्या छ।' उनले भने, 'प्रविधिबिना कसरी नापजाँच गर्नु ? त्यसैले निश्चित मापदण्ड र प्रविधि आवश्यक छ।' यता, १ नं प्रदेश ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक भीमबहादुर दाहालले २० वर्ष पुराना सवारीका कारण दुर्घटना नभएको बताए।

ट्राफिक कार्यालयले अनुगमनका क्रममा २० वर्ष पुराना ४३ वटा सवारी नियन्त्रणमा लिई लगत कट्टाका लागि यातायात व्यवस्था कार्यालय पठाएको छ। जसमध्ये ट्रक १२, जिप ८, भेन ८, पिकअप ६, ट्यांकर ३ र बस ६ वटा सवारी जफत गरेका थिए। सडकमा २० वर्ष पुराना सवारी नरहेको बताउँदै एसपी दाहालले भने, 'यदि लुकिछिपी चलाएको पाइए कारबाही हुनेछ।'

# कृषि, शिक्षा र स्वास्थ्यलाई प्राथमिकता

इटहरी (कास)- इटहरी उपमहनगरपालिकाको ०७६/७७ का लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम पारित भएको छ। असार १० गते बसेको पाचौं नगरसभामा बजेट नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो। उपमहानगरले बुधबार पत्रकार सम्मेलनमार्फत ०७६/७७ का लागि १ अर्ब ८५ करोड ५० लाख बजेट विनियोजन गरेको जनाएको छ।

मेयर द्वावारिकलाल चौधरीका अनुसार चालुतर्फ ७९ करोड ४ लाख ५५ हजार र पुँजीगत तर्फ १ अर्ब ५ करोड ४५ हजार बजेट रहेको छ। चालु वर्षको तुलनामा यस वर्ष ३४ करोड ६० लाख ९६ हजार रुपैयाँ बढी बजेट छ।

बजेट नीति तथा कार्यक्रमले पूर्वाधार विकास, कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण, पशुपंक्षी विकास, शिक्षा तथा स्वास्थ्यमा सुधार, पर्यटन प्रवर्द्धन क्षेत्रमा जोड, प्राकृतिक विपद व्यवस्थापन, खेलकुद, उद्योग व्यापार, सामाजिक विकासलाई मुख्य प्राथमिकतामा राखेको छ। इटहरी अस्पतालमा २४ सै घण्टा सेवा प्रदान गर्ने व्यवस्था मिलाइने भएको छ।

विपन्न परिवारलाई सुत्केरी गराउन आउँदा नि:शुल्क एमबुलेन्स सेवा उपलब्ध हुनेछ। यस्तै, इटहरीमा पत्रकार महासंघको सहकार्यमा सञ्चारग्राम निर्माण प्रारम्भ हुने र आगामी वर्षबाट पत्रकारिता पुरस्कार प्रदान गरिनेछ।

## करेन्टले २ को मृत्यु

विराटनगर (कास)- मोरङ र सुनसरीमा करेन्ट लागेर बुधबार दुईजनाको मृत्यु भएको छ। मोरङको रंगेली नगरपालिका ५ आपगाछीमा ढलेको बिजुलीको खम्बाबाट तारमा प्रवाह भएको करेन्ट लाग्दा स्थानीय १२ वर्षीय प्रमोद ऋषिदेवको मृत्यु भएको प्रहरीले जनाएको छ।

यसैगरी सुनसरीको धरानमा रेडियो बजाउनका लागि बिजुलीको प्लकमा तार जोड्न खोज्दा करेन्ट लागेर स्थानीय ६७ वर्षीय बिर्खबहादुर राईको मृत्यु भएको प्रहरीले जनाएको छ।

## पति हत्या आरोपमा पक्राउ

विराटनगर (कास)- धारिलो हतियार प्रहार गरी श्रीमान्को हत्या गरेको आरोपमा प्रहरीले सुनसरी इनरुवा नगरपालिका ७ खिरखिरिया मुसहरी टोलकी २४ वर्षीया विमला ऋषिदेवलाई पक्राउ गरेको छ। वैशाख ८ गते राति श्रीमान् २४ वर्षीय मुकेश ऋषिदेवको उनले हत्या गरेको प्रहरीको भनाई छ।

# डिजेल प्लान्ट शवदाह गृह तयार

**कान्तिपुर संवाददाता** (सुनसरी)

धरानमा झिगु समाजले डिजेल प्लान्टबाट सञ्चालन हुने आधुनिक शवदाह गृह बनाएको छ। साउन पहिलो सातादेखि प्रयोगमा ल्याउन लागिएको डिजेल प्लाण्टको शव गृह धरान ३ सेउती किनारस्थित खत्रीधारामा बनाइएको हो।

विद्युतीय शव दाह गृह खर्चिलो प्रविधि भएकाले विकल्पमा डिजेलबाट सञ्चालन हुने शव दाह गृह बनाइएको हो। निर्माण समितिका अध्यक्ष मोहनकाजी शाक्यले भने, '०६६ सालमा धरान उपमहानगरपालिकाले १० कट्टा जमिन उपलब्ध गराएपछि झिगु समाजले दाहसंस्कार स्थल निर्माण सुरु गरेको हो।'

यसमा बढीमा आधा घण्टामा शव खरानी बन्ने गरी डिजाइन गरिएको छ। प्लान्टको मात्र कुल लागत १० लाख रुपैयाँ भए पनि अन्य सबै भौतिक पूर्वाधार तयार गर्न १ करोड ६० लाख रुपैयाँको गुरु योजना बनाइएको शाक्यले बताए।

सुविधायुक्त शवदाह स्थल धरानमा नभएकाले झिगु समाजले प्रयास गरेको उनले बताए। जनसहभागिताबाट करिब ६० लाख रुपैयाँ संकलन भएको थियो। समाजले १ करोड ६० लाख रुपैयाँको गुरुयोजना बनाएको थियो। गुरु योजनाअनुसार धरान औद्योगिक क्षेत्रको सूर्य मेटल प्रालिका सञ्चालक इन्जिनियर उत्तम ताम्राकार र रोहित ताम्राकारले डिजाइन गरेर करिब १० लाख रुपैयाँ बराबरको डिजल प्लाण्ट सहयोग गरेका छन्।

समाजलाई नि:शुल्क डिजल प्लान्ट उपलब्ध गराएका सूर्य मेटल प्रालिका सञ्चालक उत्तम ताम्राकारले १ घण्टामा कम्तीमा चारसय किलो तामा पित्तल पगाल्ने डिजल प्लान्ट भट्टी शव दाह गृहमा प्रयोग भएको बताए। उनले भारतका विभिन्न ठाउँमा डिजल प्लान्टबाट शवदाह गृह सञ्चालन गरेको थाहा पाएपछि आफूसँग रहेको प्लान्ट झिगु समाजलाई दिएको बताए।

विद्युत् वा जनेरेटरले हाइप्रेसर र ताप उत्पन्न गरेको च्याम्बरमा ट्यांकीबाट सुरक्षित पाइपलाइनमार्फत गएको डिजेल जलेसँगै शव आधा घण्टामा जल्ने गरी डिजाइन गरिएको समाजका अध्यक्ष सुरेन्द्र स्थापितले बताए। उनले आफन्तजनको शव पुर्नलाई जमिनको अभाव, जलाउनलाई काठ दाउरा महँगो र अभाव, मलामीले लामो समय पर्खिरहनु पर्ने, झरी पानी परेका बेला समस्या हुने आदिकारणले डिजल प्लान्टको अवधारणा बनाएको बताए।



धरानमा रहेका डिजेल प्लान्टबाट सञ्चालित शवदाह गृह। *तस्बिर : प्रदीप मेन्याङ्बो/कान्तिपुर*

उनकाअनुसार शवदाह गृहसम्म जान सडक विभागले काठेपुलदेखि जाने ५ सय ५० मिटर सडक ग्राभल गरिदिएको छ। धरान उपमहानगरपालिकाले १५ लाख रुपैयाँ, संघीय सरकारले १० लाख रुपैयाँ लागतमा क्रियापुत्रीका लागि कपडा फेर्ने कोठा निर्माण गरिदिएको छ। दाउरा र टायर प्रयोग गर्दा वातावारण समेत प्रदूषित हुने भएकाले डिजेल प्लाण्ट उपयुक्त हुने निष्कर्ष निकालिएको उनले बताए। डिजेल प्लान्टमा दाहसंस्कार गर्दा बढीमा पाँच हजार रुपैयाँमात्र शुल्क राखिएको छ।


भर्ना खुल्यो ! भर्ना खुल्यो !!

सुनसरी टेक्नीकल कलेज, धरानमा SLC / SEE उर्तीण हुने विद्यार्थीहरूकालागी निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो !

1. Health Assistant (HA)
2. Diploma in Pharmacy
3. Diploma in Lab Technician
4. Diploma in Civil Engineering
5. Diploma in Computer Engineering
6. Diploma in Radiography (x-Ray Technician)

फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १२ गते सम्म

नोट : नि:शुल्क प्रवेश परिक्षा तयारी कक्षा सञ्चालन भईरहेको छ।

विस्तृत जानकारीकालागि :

सुनसरी टेक्निकल कलेज

लक्ष्मी सडक, धरान-१

मोबाईल : ९८५२०२०६१५,९८४१४२९७१३,९८०४३३६६८९



भर्ना खुल्यो

CTEVT बाट सम्बन्धन प्राप्त

गोल्डेन पार्क कलेज, विराटनगरमा

एस. ई.ई. उत्तीर्ण तथा पुरक परीक्षा दिने विद्यार्थीहरुका लागि छात्रबृत्ति तथा पूर्ण शुल्कमा

Diploma in Civil Engineering (३ बर्षे)

Diploma in Computer Engineering (३ बर्षे)

फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १२ गते सम्म

प्रवेश परीक्षा: श्रावण २२ गते विहान ७ बजे

गोल्डेन पार्क कलेज विराटनगर

०२१-४६२३४४, ९८४२०५०४१६



ENJOY DOLBY ATMOS SOUND — BIG Movies

NOW SHOWING

KABIR SINGH : 8:00 AM, 11:15 AM, 1:45 PM, 5:15 PM, 8:30 PM
APPA : 8:30 AM, MALAAL : 2:30 PM, 5:00 PM
3D : SPIDER-MAN : FAR FROM HOME : 7:30 AM, 10:00 AM, 12:45 PM, 3:30 PM, 6:00 PM, 8:45 PM, 2D : SPIDER-MAN : FAR FROM HOME : 11:00 AM, 7:45 PM

4011643/45, 01-2112233 | NLIC City Centre Kamalpokhari, Kathmandu | www.bigmovies.com.np | facebook/bigmoviesnepal | Wednesday & Thursdays | At Rs. 185* | * Conditions apply



QFX cinemas NEXT CHANGE

For booking and updated info:
Kathmandu: 01-4442220, 4433275
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

Sano Mann — A FILM BY SUYOG GURUNG — in cinemas असार 27/12th JULY

सुपर 30



BG Mall — BSR MOVIES — FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND

For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com

NEXT CHANGE: Super 30, Sano Mann

CURRENT SHOWTIME

| MOVIES | ATMOS 1 | ATMOS 2 |
| --- | --- | --- |
| SPIDER-MAN : FAR FROM HOME (3D) | 8:30 AM<br>11:00 AM<br>2:00 PM<br>5:00 PM<br>8:00 PM | |
| KABIR SINGH | | 8:00 AM<br>2:30 PM<br>8:30 PM |
| MALAAL | | 11:30 AM |
| APPA | | 6:00 PM |

XTENDED SUPER 2 DAYS — TUESDAY & WEDNESDAY — -190 ALL DAY LONG

BSR owns the rights to change the show time



गोपी कृष्ण — Showing Time 8:20, 11:20, 2:20, 5:20

GUNA GROUP — गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.

• Kabir Singh • प्रेम दिवस
• Bharat • भविष्य • जात्रैजात्रा
• विर बिक्रम २ • दाल भात तरकारी

• Kabir Singh • प्रेम दिवस
• विर बिक्रम २ • भविष्य
• दालभात तरकारी
• जात्रैजात्रा • Bharat


## तपाईंको आज

| | | | |
| --- | --- | --- | --- |
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | वैभव प्राप्ति | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकांक्षा पूर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | द्विविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | कान्ति क्षय | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल असार २७ गते शुक्रबार तदनुरुप १२ जुलाइ २०१९ असार शुक्लपक्ष एकादशी तिथि रात्रिको २:१७ बजेसम्म उप्रान्त द्वादशी तिथि, विशाखा नक्षत्र दिनको ६:३८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, साध्य योग प्रात: ९:४९ बजेसम्म उप्रान्त शुभ योग, भद्रा करण रात्रिको २:१७ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:४५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। **ज्यो. रामप्रसाद सिटौला**

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
| --- | --- |
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
| --- | --- |
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्ट्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**दमकल**

| | |
| --- | --- |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |

**एम्बुलेन्स**

| | |
| --- | --- |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |

**प्रहरी**

| | |
| --- | --- |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
| --- | --- |
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
| --- | --- |
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
| --- | --- |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# सञ्चालन भएन विषादी प्रयोगशाला

■ सम्झना रसाइली (तनहुँ)

तरकारीको विषादी परीक्षण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुंगामा स्थापना गरेका विषादी मापन प्रयोगशाला सञ्चालनमा आउनै सकेका छैनन् ।

गत वैशाख ७ गते आँबुखैरेनी गाउँपालिका-३ तनहुँ र चैत १५ गते स्याङ्जाको मालुंगा रामदीमा प्रयोगशाला कार्यालय स्थापना गरी उद्घाटन गरिएको थियो । आवश्यक पूर्वाधार, मेसिन र विषादी मापन गर्न आवश्यक पर्ने रसायनको व्यवस्था नगरी उद्घाटन गरिएका कार्यालयमा अहिले बोर्ड झुन्ड्याउनेबाहेक कुनै काम हुन सकेको छैन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत तरकारीको पकेट क्षेत्रका रूपमा विकास गरिएको आँबुखैरेनी गाउँपालिका प्रदेशको प्रवेश नाका हो । प्रयोगशालाका विषयमा भने स्थानीय सरकार र कृषकसमेत जानकार छैनन् ।

आँबुखैरेनी-२ मार्किचोक तिलबारीमा व्यावसायिक तरकारी खेती गर्दै आएका तुलबहादुर गुरुङ भन्छन्, 'गाउँपालिकाभित्र प्रदेश सरकारले प्रयोगशाला स्थापना गरेको सुनेको छु तर सञ्चालनमा आएको छ/छैन थाहा छैन, हामी पनि सेवा लिन गएका छैनौं ।'

**अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएका छैनन्**

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले पनि प्रयोगशाला सञ्चालनबारे अनभिज्ञता जनाए । 'प्रदेश सरकारले खोलेको प्रयोगशाला के-कसरी सञ्चालन गरिँदै छ, कुनै जानकारी छैन,' उनले भने ।

प्रदेश सरकारले नाकाबाट भित्रिने तरकारी तथा फलफूल र पशुपन्छीको रोगसमेत परीक्षण गर्ने नीतिसहित प्रयोगशाला खोलेको थियो । भाडाका तीनवटा कोठामा बोर्ड झुन्डयाएर राख्नेबाहेक उपलब्धि भएको छैन । उदघाटनपछि गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानकी छोरी रजनी चुमान कार्यालय सहायकका रूपमा कार्यरत छिन् । 'प्रयोगशालाका लागि आवश्यक पर्ने रसायन ल्याइएको छ तर परीक्षणका लागि आवश्यक पर्ने ल्याब आउन बाँकी छ,' उनले भनिन् ।

प्रयोगशालाका लागि अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएको छैन । नयाँ बजेटले ल्याब, केमिकलका साथै प्रयोगशाला सञ्चालनमा ल्याउन आवश्यक पर्ने सामग्री खरिद तथा व्यवस्थापन गरिने कार्यालय सहायक चुमानले बताइन् ।

आँबुखैरेनी गाउँपालिकाको कृषि एकाइका प्रमुख खितकुमार श्रेष्ठ भन्छन्, 'प्रदेश सरकारले प्रयोगशाला सञ्चालनमा ल्याउने भन्दै तामझामसाथ कार्यालय उद्घाटन त गर्‍यो तर कहिलेबाट सञ्चालनमा आउँछ, कुनै ठेगाना छैन ।'

# दन्तकाली मन्दिरमा पित्तलको छानो

सुनसरी (कास)- विजयपुर-१४ स्थित शक्तिपीठ मानिएको दन्तकाली मन्दिरमा पित्तलको छानो लगाउने काम अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारको ३० लाख रुपैयाँ र स्थानीयबाट ३ लाख ७६ हजार रुपैयाँ गरी ३३ लाख ७६ हजारमा छानो लगाइएको दन्तकाली मन्दिर व्यवस्थापन समितिका सचिव पुजारी विश्वराज खनालले बताए ।

यो मन्दिर कसले निर्माण गरेको हो कतै उल्लेख नभए पनि ५ सय वर्षअघि बंगालका शासकले जीर्णोद्धार गरेको इतिहास छ । यसअघि मन्दिरमा राजस्थानबाट मगाइएको ग्रेनाइटको छानो आधा लगाइएको थियो तर पुरातत्त्व विभागले मन्दिरले थाम्न नसक्ने जनाएपछि पित्तलको छानो लगाइएको छ । खनालका अनुसार पहिले मन्दिरको छानो झिँगटीको प्यागोडा शैलीको थियो । विसं १९९० को महाभूकम्पले क्षतिग्रस्त बनाएपछि गुम्बज शैलीमा निर्माण गरिएको थियो । त्यो छानो पनि ०४५ सालको भूकम्पले भत्काएपछि फेरि प्यागोडा शैलीको छानो लगाइएको थियो ।

पौराणिक कालमा सतीदेवीले शिवजीलाई मन पराए पनि दक्ष प्रजापतिले उनलाई मन नपराएपछि यज्ञस्थलमा आत्मदाह गरेकी थिइन् । आत्मदाह गरेको शरीर बोकेर आत्मविह्वल हुँदै शिवजी संसारभर डुल्दा विजयपुरको डाँडामा सतीदेवीको दाँत झरेको विश्वास गरिन्छ ।

**प्रदेश सरकार र स्थानीयद्वारा ३३ लाख ७६ हजार लगानी**

भारत, बंगलदेश, भुटानबाट समेत पूजाअर्चना गर्न आउने तीर्थयात्रीका लागि दन्तकाली मन्दिर प्रमुख शक्तिपीठ मानिन्छ । उक्त मन्दिर व्यवस्थापन गर्न सेनकालमा गोर्खाबाट पुजारी ल्याइएका थिए । खनालका अनुसार विसं १८५६ मा गीर्वाणयुद्ध विक्रम शाहले रामचन्द्र खनाल र उनका सहोदर भाइ तुलारामलाई दन्तकालीमा पूजा गर्न ताम्रपत्रसमेत दिएका थिए । तिनै खनालका सन्ततिको नवौं पुस्ताका रूपमा हालका खनाल त्यहाँ पुजारीका रूपमा रहेका छन् ।

मन्दिरको नाममा सुनसरीको साविक हासपोसा हाल इटहरी उपमहानगरपालिका, मोरङको भाथिगछ र झापाको गौरीगन्जस्थित ठेकितोलमा गुठी जग्गा रहेको खनालले बताए । उनले भने, 'तर ती गुठी जग्गा सबै रैकर गुठीमा परिणत भएका छन् । के कति जग्गा हो, त्यो सबै गुठीलाई मात्र थाहा छ ।'

ऐतिहासिक, पौराणिक मन्दिर भए पनि सरकारले संरक्षण सञ्चालनका लागि आर्थिक सहयोग नगरेको तर गुठीले वार्षिक ४० हजार रुपैयाँ मात्र दिने गरेकाले मन्दिर व्यवस्थापन गर्न मुस्किल भएको पनि उनले सुनाए ।

HIMALAYAN WHITEHOUSE INTERNATIONAL COLLEGE

कक्षा ११ मा भर्ना तथा छात्रवृत्तिबारे सूचना

प्लस टु
पछि तपाईंको लक्ष्य
Medicine वा Engineering
नै हो भने कलेज छान्न
सकस किन ?



Prominant faculty members of NAME at WhiteHouse College, Tinkune

**Physics**- Dipak Bhattarai I Gajendra Singh I Bijaya Upadhyay I Ram Tiwari I Milan Pandey I Santosh Thakur I SS Mandal
**Chemistry**- Amardip Pandit I Birendra Thapa I Mahesh Paudel I Binod kumar Yadav I Rajesh kumar Shah I Santosh Lamichhane
**Botany**- Ramsaran Dani I Keshav Raj Pokhrel I Dr. Basudev Pokhrel I K.K. Gupta I Kabir Pokhrel I Drona Pokhrel
**Zoology**- Dr. Milan Gaihre I Dr. nirajan Neupane I B.K Khatri I Kamal Nepal I Madhav Rijal
**Mathematics**- Yam Narayan Pokhrel I Pradip Bahadur Thapa I Er Saroj Uprety I Balkrishna Bhurtel

General Admission cum Super 40 Scholarship Test
Ashad 30 (15th July, 2019) I 2:00pm onwards

नेपालकै प्रसिद्ध संस्था NAME सँगको सहकार्यमा Entrance Preparation का सबै हस्ती Himalayan WhiteHouse International College मा मात्र ।

हाम्रो समूहले २ वर्ष मात्र होइन, तपाईंलाई लक्ष्यमा नपुगुन्जेल सहयोग गर्नेछ ।

HIMALAYAN
WHITE HOUSE
INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32, Nepal
Tel.: 01-5199456 / 57 I 9801204300 / 301 / 302
Email: mailreply@whitehouse.edu.np
Website: www.whitehouse.edu.np

ONEPLUS

OnePlus 7
Go Beyond Speed




Camera
48 MP Dual Camera + OIS
UltraShot

Performance
Snapdragon 855
256 GB UFS3.0 + RAM Boost
Play while charging

Sound
Dual Speaker
Dolby Atmos

System
Zen Mode
Intelligent Clean
Screen Recorder

PRE-BOOK NOW
First 100 customers will get Anker 5000 mAh power bank free*

RAM 8GB | ROM 256 GB | MRP: Rs. 66,999

Insurance Partner:
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
1 year insurance*

Distributed By:
iHub Pvt. Ltd.

i Hub Pvt. Ltd, Basant Marg-351, Babarmahal, Kathmandu, Nepal, 0977-9801016186, 9851244009, Authorized Service Center: Tamrakar Complex, 5th Floor, New Road, Kathmandu
Oliz Store, Basant Marg-351, Babarmahal. Opp. NTC Building, Kathmandu, Phone : 01-4230314, 01-5705246


भारतको हार
विश्वकप क्रिकेट । १७

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

विम्बल्डन टेनिस
सेरेना उपाधिलाई केन्द्रित । १८


वर्ष २७ अंक १४३ जनकपुर | २६ असार २०७६ बिहीबार आषाढ शुक्लपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, July 11, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


# सँगै चियापान, अनि गोली हानाहान

## चन्द समूहका ओखलढुंगा इन्चार्ज र एक प्रहरी जवान मारिए

■ **एलिसा श्रेष्ठ** (भोजपुर)

सदरमुकाम मुख्य बजारको पश्चिमतिर रहेको पान्धारे नामको होटलमा बुधबार बिहान सादा पोसाकका प्रहरी र चन्द समूहका जिल्ला नेता एउटै टेबुलमा बसेर चिया खाइरहेका थिए। दुवै जनाबीच पहिलेदेखि नै चिनजान थियो। भेट हुनासाथ हात मिलाए र चिया पिउन सुरु गरे। चन्द समूहका ओखलढुंगा जिल्ला इन्चार्ज नीरकुमार राई र सादा पोसाकका प्रहरी जवान सञ्जीव राई चियाको चुस्कीसँगै गफिँदै थिए।

प्रत्यक्षदर्शीका अनुसार नीरकुमार दुई दिनयता चिया पसलमा आउने/जाने गरिरहेका थिए। बुधबार पनि बिहानै आएर अरू मान्छेसँग 'हेलोहाई' गरिरहेका थिए। करिब साढे ८ बजे सञ्जीव आइपुगे। दुवैले 'दाइभाइ' को साइनो पनि लगाए। अभिवादन साटासाट गरे। सञ्जीव सुराकीका लागि चिया पसल छिरेका थिए। गफकै क्रममा नीरकुमारले सञ्जीवलाई भने, 'विप्लवको पार्टीमा लाग्यो भन्दैमा मलाई किन खेदो गर्छौ ? पार्टीमा लाग्नु आस्थाको कुरा हो।' सञ्जीवले सहज ढंगले उत्तर फर्काए, 'हामी दुवै राई भएकाले भाइभाइ हो। के गर्नु र ?'

सञ्जीवले यति भनेपछि नीरकुमार पिसाब गर्न जाने भन्दै पसलबाट निस्कन खोजे। सञ्जीवले नीरकुमारको पाखुरा समाते। 'गफ गरौं, तपाईं कहाँ जान लागेको ? अहिले नजानुस्, अरू साथी आउँदै छन्,' सञ्जीवको भनाइ उद्धृत गर्दै प्रत्यक्षदर्शीले कान्तिपुरलाई सुनाए। दुवै जनाबीच तानातान भयो। चन्द समूहका हतियार बोकेका कार्यकर्ता दगुर्दै होटल अघिल्तिर आए। बाँकी पृष्ठ १२


**प्रहरी र चन्द समूहका कार्यकर्ताबीच बुधबार गोली हानाहान भएको भोजपुर नगरपालिका-७ मा रहेको हाट क्षेत्र।** *तस्बिर : अर्जुन बस्नेत/कान्तिपुर टेलिभिजन*

## प्रतिबन्धपछि चन्द समूहका ८ मारिए

काठमाडौं (कास)- सरकारले नेत्रविक्रम चन्द समूहलाई प्रतिबन्ध लगाएपछिको द्वन्द्वका क्रममा चन्द समूहका ८ नेता-कार्यकर्ता मारिएका छन्। चन्द समूहको आक्रमणमा एक सर्वसाधारण र एक प्रहरी जवानको पनि ज्यान गएको छ। पछिल्लोपल्ट बुधबार भोजपुरमा ओखलढुंगा इन्चार्ज नीरकुमार राई र प्रहरी जवान सञ्जीव राई मारिएका हुन्। भोजपुरमा दुई, सर्लाहीमा एक, काठमाडौं विस्फोटमा ५ गरी चन्द समूहका ८ जना मारिएका हुन्। काठमाडौं विस्फोटमा एक सर्वसाधारणको पनि ज्यान गएको थियो। प्रतिबन्धयताको अवधिमा दुई प्रहरीसहित ९ जना घाइते छन्।

नेकपा संसदीय दलको चैत ११ को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले चैत महिनाभित्र नेत्रविक्रम चन्द समूहलाई सरकारले निस्तेज पारिसक्ने दाबी गरेका थिए। प्रधानमन्त्रीको यस्तो दाबीपछिका चार महिनामा पटकपटक चन्द समूह र प्रहरीबीच देशका विभिन्न स्थानमा भिडन्तको अवस्था सिर्जना भएको देखिन्छ।

फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले चन्द समूहको गतिविधिमा प्रतिबन्ध लगाएपछि उक्त समूहका नेता तथा कार्यकर्तामाथि निगरानी बढाउन, सार्वजनिक रूपमा कार्यक्रम गर्न नदिन सुरक्षा निकायलाई परिचालन गरिएको थियो। सरकारी निर्णयपछि प्रहरीले देशैभर चन्द समूहका नेता तथा कार्यकर्ता पक्राउ तीव्र पारेको थियो।

१० चैतमा गृह मन्त्रालयले चन्द समूहलाई प्रत्यक्ष-परोक्ष सहयोग पुर्‍याउने व्यक्ति, संस्था वा समूहलाई समेत कारबाहीको दायरामा ल्याइने भन्दै सार्वजनिक सूचना जारी गरेको थियो। बाँकी पृष्ठ १२

# 'परीक्षण नरोक्नू'

■ **राजु चौधरी** (काठमाडौं)



सीमामा विषादी परीक्षण रोक्ने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ।

न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले विषादी परीक्षण यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो। अब अदालतको अर्को आदेश नहुँदासम्म विषादी परीक्षण गरेर मात्र आयात गर्नुपर्नेछ। सरकारले असार २ गते राजपत्रमा प्रकाशित गरेर भन्सार बिन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण अनिवार्य गरेको थियो। यो कदमले भारतीय व्यवसायीलाई अप्ठ्यारो परेपछि असार १४ मा भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो। फलफूल तथा तरकारी रोकेको जनाउँदै भारतीय दूतावासले दबाब दिएपछि असार १८ गते परीक्षण गर्ने निर्णयबाट सरकार पछि हटेको थियो। सरकारले पर्याप्त प्रयोगशाला नभएका देखाउँदै आयातित तरकारी र फलफूलमा विषादी परीक्षण स्थगित गरेको हो। सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित स्वागत नेपाल र उपभोक्ता हित संरक्षण मञ्चले छुट्टाछुट्टै रिट दायर गरेका थिए।



न्यायाधीश भट्टराईको इजलासले गुणस्तरीय सेवा तथा वस्तुको अधिकारका साथै खाद्य, स्वास्थ्य र सुरक्षित मातृत्वको अधिकारसमेत यो निवेदनसँग सरोकार राख्ने प्रकृतिको रहेको भनेको छ। हानिकारक रसायन अनि अखाद्य पदार्थ नियन्त्रणबारे असार २ गतेको राजपत्रको सूचना जारी भएकामा दुई सातापछि त्यसलाई रोक्न गरिएको निर्णयबारे प्रश्न उठेको भन्दै त्यसबारे छलफल हुनुपर्ने भन्दै सर्वोच्च अदालतले दुवै पक्षलाई आगामी सोमबार छलफलका लागि झिकाएको छ।

'मुलुकी अपराध संहिता २०७४ को दफा १०७ ले हानिकारक रासायनिक पदार्थ वा अखाद्य पदार्थ बिक्री, वितरण पैठारीसमेतको कार्यलाई निषेधित आपराधिक कार्य मानेको अवस्थासमेत हुँदा यस सन्दर्भमा २०७६ असार २ को राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना विपरीत हुने गरी सोही मन्त्रीस्तरीयबाट २०७६ असार १८ मा गरिएको निर्णय संविधान र कानुनका यी समस्त व्यवस्थाहरूको के कति अनुकूल हुन्छ भन्ने प्रश्न उत्पन्न भएको छ,' आदेशमा भनिएको छ। बाँकी पृष्ठ १६

# 'मलाई भनिएन'

'पछि मात्र थाहा भयो, त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ'



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी परीक्षण रोक्नका लागि भारतीय दूतावासले पठाएको पत्रबारे आफूलाई सरकारी निकायले 'अनभिज्ञ' राखेको बताएका छन्।

भारतीय दूतावासले विभिन्न संवाद गर्दै हिँडेको र पत्र पठाएको बारे २३ गते मात्र जानकारी प्राप्त गरेको प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन्।

'मलाई पछि मात्र थाहा भयो र त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ। त्यो कुराबाट पनि मलाई अनभिज्ञ नै राखियो। तसर्थ मेरो जानकारीमा नभएको हुनाले मैले पत्र आएको छैन भनें। तर २३ गते बेलुका मात्र मैले पत्र आएकोबारे जानकारी पाएँ। म त्यसबाट अत्यन्त दुखित छु,' प्रधानमन्त्री ओलीले बुधबार जनतासँग प्रधानमन्त्री कार्यक्रममा विषादी प्रकरणबारे स्पष्टीकरण दिँदै भने, 'र, मलाई जसले जानेर भ्रममा राख्यो वा अन्जानमा बताउन भुल्यो, जेसुकै होस्, मसँग त्यो कुरा आएन र मैले प्रधानमन्त्रीको हैसियतमा त्यो जानकारी पाउनुपर्थ्यो। एउटा यथार्थ मबाट लुकेको रहेछ।'

प्रधानमन्त्रीको यो अभिव्यक्तिले मुलुकको कार्यकारी व्यक्ति नै कति गुमराहमा छन् भन्ने प्रश्न उब्जिएको छ। प्रधानमन्त्री ओलीले २१ गते नेकपाको संसदीय दलमा 'कस्तो पत्र कसले पठाएको पत्र ?' भन्दै सांसदहरूमाथि आक्रोश पोखेका थिए। उनले पत्रै नआएको दाबी गरेका थिए। प्रधानमन्त्री ओलीले त्यसो भनेको दुई दिनपछि (२३ गते) भारतीय दूतावासले असार १४ मा नै परराष्ट्र मन्त्रालयलाई सम्बोधन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय र खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई बोधार्थ दिँदै लेखेको पत्र सार्वजनिक भएको थियो। प्रधानमन्त्री ओलीले आफूबाट लुकेको कुरा थाहा नपाउँदा जे हो त्यही अभिव्यक्ति दिएको बताए। बाँकी पृष्ठ १६

# घोडा नचढे जरिवाना


**हिमालपारिको जिल्ला मनाङको मनाङ गाउँमा यार्तुङ पर्वमा घोडा दौडाउँदै युवा।** *तस्बिर सौजन्य : विनायक जय मल्ल*

■ **आश गुरुङ** (लमजुङ)

माथिल्लो मनाङमा मोटरबाटो नपुग्दासम्म स्थानीयको सवारीसाधन घोडा थियो। बाटो बिस्तार सुरु भएयता मनाङीले घोडा बेच्दै मोटरसाइकल किन्न थाले।

यसको असर मनाङ गाउँ र टंकीले मिलेर मनाउने परम्परागत यार्तुङ पर्वमा पर्‍यो। घोडा दौड गरेर मनाइने यो पर्वका सहभागी घटे। यसपटक दुवै गाउँका अगुवाले जरिवानाको नियम बनाए। 'यार्तुङमा सहभागी नहुनेलाई तीन हजार रुपैयाँ जरिवाना तोकिएको थियो,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'पर्वमा युवा सहभागिता अनिवार्य होस् भन्नका लागि जरिवानाको नियम बनाइएको हो।'

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने दुवै गाउँले मिलेर मनाउँदै आएको यार्तुङ हिमाल पारिका जिल्लाको ठूलो पर्व हो। मनाङीका अनुसार तिब्बती भाषामा 'यार' को अर्थ बर्खा र 'तो' को घोडा हुन्छ। 'यार्तो' बाट अपभ्रंश भएर 'यार्तुङ' रहन गएको मानिन्छ। बर्खायाममा मनाइने पर्व कृषि कर्ममा हुने दुःख र परिश्रमका थकान मेटाउनका लागि भएको स्थानीय बताउँछन्।

यसपटक गाउँका अधिकांश युवा यार्तुङमा सहभागी भएर पाँच दिनसम्म घोडा दौडाए। १६ देखि ५५ वर्ष उमेर समूहका पुरुषले घोडा दौडाएका थिए। शनिबार सुरु भएको यार्तुङ बुधबार सम्पन्न भएको छ। यसपटक करिब सय जनाले घोडा दौडाएको गुरुङले बताए।

मनाङमा घोडा दौडाउन यस पटक पर्यटकीय पदमार्ग ५ हजार १६ मिटरको थोराङला भन्ज्याङ पास गरेर मुस्ताङबाट १३ जना युवा पुगेका थिए। 'छिमेकी जिल्लाबाट पनि घोडा लिएर आएको देखेर यहाँका युवा हौसिए। यार्तुङ निकै रोमाञ्चक बन्यो,' उनले भने। मुस्ताङीले खादामा पैसा बाँधेर भुइँमा राखेर घोडा दौडाई टिपेका थिए। बाँकी पृष्ठ १६







## किशोरी बलात्कार आरोपमा दुई पक्राउ

धनुषा (कास)- किशोरीलाई बलात्कार गरेको आरोपमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । सबैला नगरपालिका-८ की १४ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा स्थानीय ३० वर्षीय मविक राइन र ३६ वर्षीय मजिबुल राइनलाई इलाका प्रहरी कार्यालय सबैलाले पक्राउ गरेको प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताए । मंगलबार राति १० बजे पानी कलमा आएकी किशोरीलाई दुवैजनाले जबरजस्ती नियन्त्रणमा लिएर बलात्कार गरेको कार्कीले बताए । प्रहरीका अनुसार उनीहरूले ज४प ४३०२ मोटरसाइकलमा राखेर घरबाट १ किलोमिटर पर लगेर किशोरीलाई बलात्कार गरेका थिए । दुवै जनालाई बुधबार दिउँसो पक्राउ गरिएको छ । प्रहरीका अनुसार बुधबार दिउँसो मात्रै प्रहरीमा उजुरी आएको थियो । पीडितको उजुरीलगतै किशोरी र बलात्कार गर्ने दुवैको स्वास्थ्य परीक्षण गरिएको छ । पक्राउ परेका दुवैजनालाई धनुषा जिल्ला अदालतबाट जबरजस्ती करणी मुद्दामा म्याद थप गराएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## महिलाकै कारण बाल विवाह बढ्दै

धनुषा (कास)- प्रदेश २ का सामाजिक विकास मन्त्री नवल किशोर साहले आमाकै कारण छोरीको हत्या हुने गरेको बताएका छन् । 'छोरीको सानै उमेरमा विवाह गराएर आमाले नै हत्या गराउँछन्,' मन्त्री साहले भने, 'बालविवाहले छोरी परिपक्व हुन पाउँदैनन् । बाल विवाहले बालिकाको ज्यान खतरामा पर्छ ।' सामाजिक विकास मन्त्रालयले बुधबार जनकपुरमा आयोजना गरेको प्रादेशिक लैंगिक सवाल तथा लैंगिक नीति तर्जुमा कार्यक्रममा मन्त्री साहले प्रदेश २ बाल विवाह, दाइजो र घुंघट प्रथाले पछाडि परेको बताए । प्रदेश सरकार महिला अधिकारप्रति गम्भीर रहेको उनले बताए । लैंगिक समानताका लागि महिला र पुरुषबीचको विभेद अन्त्य गर्नुपर्ने मन्त्री साहले बताए । सामाजिक विकास राज्यमन्त्री अभिराम शर्माले महिलामैत्री कानुन बनाए पनि कार्यान्वयन नहुँदा महिला अन्यायमा परेको बताए । कार्यक्रममा नेकपाका सांसद दिलिप साह, समाजवादी पार्टीका सांसद अशोक यादव, कांग्रेसका सांसद शिवचन्द्र चौधरी, राजपाका सांसद जैनुल राइन, रानी शर्मा तिवारीलगायतका सहभागी थिए ।

## कम्प्युटर चलाउन सिक्दै

पर्सा (कास)- कक्षा १० की छात्रा रुबी कुमारी चौधरी जीवनमै पहिलोपटक कम्प्युटर चलाउन पाउँदा दंग छिन् । १८ वर्षको उमेरमा पहिलोपटक कम्प्युटर छोएकी उनी अहिले वर्ड, एक्सेल चलाउन सक्ने भएकी छन् । 'कम्प्युटरबारे सुनेको र देखेको भए पनि चलाउन भने पाएकी थिइन,' उनले भनिन्, 'अहिले धेरैथोक चलाउन सिके ।' उनका सहपाठी आनन्द चौधरीले पनि पहिलो पटक कम्प्युटर चलाउन पाएका हुन् । उनले अब पावर प्वाइन्ट र इमेल इन्टरनेट चलाउने विधि सिक्न मात्र बाँकी छ । 'कम्प्युटरको आधारभुत पक्ष बारे जानकारी भयो,' उनले भने, 'अब इमेल इन्टरनेट अनि पावर प्वाइन्ट सिक्न बाँकी छ, भविष्यमा कम्प्युटर क्षेत्रमै जागिर खाने मेरो योजना छ ।' कम्प्युटर सिक्ने इच्छा भएका तर आर्थिक अभाव तथा अन्य कारणले कम्प्युटरको पहुँचमा पुग्न नसकेका स्थानीय ४० किशोर किशोरीलाई लक्षित गरी वीरगन्जस्थित सूर्य इन्स्टिच्युट अफ टेक्नोलोजीले गाउँमै ३ महिने तालिम सञ्चालन गरेपछि ग्रामीण भेगका किशोर किशोरीलाई कम्प्युटर सर्वसुलभ भएको हो । तालिम सञ्चालन गर्न सखुवा प्रसौनी गाउँपालिकाले सहयोग गरेको छ । गाउँपालिका अध्यक्ष प्रदीप जैसवालले गाउँपालिकाका किशोर किशोरी तथा युवाहरूलाई गाउँमै बसेर कम्प्युटर चलाउन दक्ष बनाउने तालिम आयोजन गरिएको बताए ।



बाराको कलैया उपमहानगरपालिका ४ अदालतरोडको सडकमा जमेको पानी छल्दै यात्रु । सडकमा जमेको पानी र हिलोका कारण दैनिक दुर्घटना हुने गरेको छ । *तस्बिर : पवन यादव/कान्तिपुर*

# असारे विकासको अनुगमन

### आर्थिक वर्ष सकिन लाग्दा गुणस्तरहीन काममा मनलाग्दी खर्च गरेर बजेट सक्ने प्रपञ्चलाई टोलीको अनुगमनले निरूत्साहित गर्ने



सिरहाको सखुवनान्कारकट्टी गाउँपालिकाले चालु वर्षमा गरेका विकास योजनाको अवलोकन गर्दै जिल्ला समन्वय समिति सिरहाका प्रमुख रामचन्द्र ठाकुरसहितको टोली । *तस्बिर : भरत/कान्तिपुर*

**भरत जर्घामगर** (सिरहा)

जिल्ला समन्वय समितिको नेतृत्वमा प्रशासनसहितको टोलीले सिरहाका स्थानीय तहले गरेका योजनाको अनुगमन सुरु गरेको छ । जिल्ला स्थानीय तहले आर्थिक वर्ष समाप्ती हुन लाग्दासमेत विकास योजनाका काम जारी राखेको गुनासो बढेको बेला टोलीले अनुगमन थालेको हो । जिल्ला समन्वय समिति सिरहाका प्रमुख रामचन्द्र ठाकुर, उप प्रमुख सरोजकुमार यादव, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, प्राविधिक सहितको टोलीले जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिकाले चालु वर्षका विकास योजनाको अवलोकन गरेको छ । टोलीले चालु वर्षमा सम्पन्न आरसीसी ढलान सडक, पुल, कालोपत्रे सडक लगायत पूर्वाधार निर्माणका कामको स्थलगत अवलोकन गरेको थियो ।

टोलीले सखुवानन्कारकट्टी-३ स्थित सरन्चिया, महादेवा, वडा ४ स्थित गाउँपालिका केन्द्र जोड्नका लागि ६०/६० लाख रुपैयाँ लगानीका ४ सयमिटर लम्बाईका आरसीसी ढलान सडकको अवलोकन गरेको थियो । त्यसैगरी टोलीले ४ करोड ९२ लाख रुपैयाँ लागतमा ८० प्रतिशत निर्माण भइसकेको कटनिया खोलाको पुल, मिर्जापुर चौकदेखि सरन्चियासम्मको ३८ लाख ५० हजार रुपैयाँ लागतमा निर्मित २ सय मिटर कालोपत्रे, रिटेनिङ पर्खाल, कल्भर्टको अवलोकन गरेको छ । डेढ करोड रुपैयाँ लागतमा निर्माण थालिएको नमुना उन्मुख विद्यालयको ४ कोठे पक्की भवनसहित चारैतिर वाउन्ड्री वालको टोलीले अवलोकन गऱ्यो ।

अवलोकनका क्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जिल्लाका स्थानीय तहहरूले माटो पुर्ने, ग्राभेल भर्ने काममा रकम खर्चने प्रवृत्ति रहेका बेला त्यसलाई निरुत्साहित गर्दै सखुवानन्कारकट्टी गाउँपालिकाले आरसीसी ढलान, कालोपत्रे, विद्यालय भवनलगायत पूर्वाधार विकास जस्ता ठोस काममा खर्च गरेको बताए ।

'गाउँपालिकाले ठोस योजनामा काम गरेको देखियो,' उनले भने, 'जिल्ला समन्वय समितिको नेतृत्वमा अन्य स्थानीय तहमा भएका योजनाको अवलोकन थाल्छौं ।' योजनाको अवलोकनले स्थानीय तहमा हुने अपारदर्शी खर्च रोक्न र सच्याउन सहयोग पुग्ने भएकाले यसको थालनी गरिएको टोलीमा संलग्न पदाधिकारीको भनाइ छ ।

अवलोकन टोलीका नेतृत्व एवं जिल्ला समन्वय समिति सिरहाका प्रमुख रामचन्द्र ठाकुरले स्थानीय तहलाई पारदर्शी र ठोस विकास योजनामा बजेट खर्चन सहयोग पुगोस भन्ने हेतुले अनुगमन सुरु गरिएको बताए ।

सखुवानन्कारकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादवका अनुसार विनियोजित बजेटमध्ये अधिकांश आरसीसी ढलान सडक, कालोपत्रे, पुल, विद्युतीकरण, खानेपानीलगायत ठूला विकास पूर्वाधारका योजनामा बजेट विनियोजन गरेको थियो । 'अधिकांश विकास योजनाका काम सम्पन्न भइसकेका छन्,' उनले भने 'क्रमागतरूपमा रहेका योजनाको काम मात्र बाँकी छन्, ती योजनाका काम समेत सूचारु छन् ।'

# 'रामायण सर्किटमा पूर्वाधार विकास'

**कान्तिपुर संवाददाता** (जनकपुर)

मुख्यमन्त्री लालबाबु राउतले रामायण सर्किटको पूर्वाधार विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले बुधबार जनकपुरमा आयोजना गरेको रामायण सर्किटको पूर्वाधार विकाससम्बन्धी कार्यक्रममा मुख्यमन्त्री राउतले यसक्षेत्रको पर्यटकीय विकासमा कोसेढुंगा सावित हुने सम्भावना बोकेको रामायण सर्किटको पूर्वाधार विकासमा प्रदेश सरकार लगानी गर्न तयार रहेको बताए ।

'रामायण सर्किट धार्मिक पर्यकीय क्षेत्र त छँदै हो,' मुख्यमन्त्री राउतले भने, 'नेपाल-भारतबीचको सम्बन्धका साथै त्रेता युगिन सम्भयता झल्कने भएकाले दुवै देशका केन्द्रीय सरकारलाई पनि अग्रसर हुन आग्रह गर्छु ।' नेपाल र भारतको सम्बन्ध राजनीतिक मात्र नभई परापूर्वकालदेखि चल्दै आएको जनजनको सम्बन्ध रहेको चर्चा गर्दै राउतले यसलाई राजनीति सीमाले छेक्ने काम कहिकतैबाट हुनु नपर्नेमा जोड दिए ।

हिन्दुको आस्थाको केन्द्र जानकी मन्दिरका साथै यस क्षेत्रको विकासमा केन्द्र सरकारले अझै ध्यान दिन नसकेको गुनासो गर्दै राउतले प्रदेश सरकारले आफ्नो बुताले भ्याएसम्म जानकी मन्दिरलाई विश्वमा चिनाउने कामलाई अघि बढाएको बताए ।

कार्यक्रममा उद्योग पर्यटन वन तथा वातावरणमन्त्री रामनरेश रायले जनकपुर क्षेत्रको विकासका साथै धनुषाधामको विकासमा भारत सरकारलाई सहयोग गर्न आग्रह गरे । भारत सरकारका पूर्वमन्त्री डा. संजय पासवानले मिथिला क्षेत्रको विकासमा रामायण सर्किटको भूमिका महत्त्वपूर्ण रहेको चर्चा गरे ।

# विद्यालय तोडफोडले विद्यार्थीको रुवाबासी



वीरगन्ज महानगर २३ प्रसौतीबिर्ताको नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा मंगलबार राति गरिएको तोडफोडबाट भाँचिएका फर्निचर । *तस्बिर : शंकर/कान्तिपुर*

**शंकर आचार्य** (पर्सा)

नेपाल राष्ट्रिय आधारभूत विद्यालय प्रसौनी विर्ताको कक्षा ६ की छात्रा सरिनाकुमारी पासवान बुधबार विद्यालय पुग्दा मन थाम्न सकिनन् । कक्षा कोठाको डेक्स-बेन्च भाँच्चिएको देखेपछि उनी रुन थालिन् ।

विद्यालयमा अज्ञात समूहले विध्वंश मच्चाएको देखेर उनी भक्कानिएकी थिइन् । 'ससाना नानी पढ्ने विद्यालयको कसैले के नै बिगारेको छ र ?,' उनले भनिन्, 'हाम्रो कक्षाको डेक्स-बेन्च भाच्ने गरी कसले रिस पोख्यो होला ?'


कक्षा ४ की छात्रा १२ वर्षीया रुपा कुमारी दासको आँखा पनि आफ्नो कक्षाको कन्तविजोग देखेर रसाएका थिए । विद्यार्थी बस्ने डेस्क बेन्च कामै नलाग्ने गरी भाँचेको देख्दा उनको मनमा डर पनि पसेको बताइन् । वीरगन्ज महानगरपालिका वडा नं २३ मा रहेको यो विद्यालयमा मंगलबार राति अज्ञात समूह पर्खाल नाघेर माथिल्लो तल्लामा रहेका कक्षा कोठाका ३ दर्जनभन्दा बढी डेस्क बेन्च भाँचेपछि बुधबार विद्यालयको पठन पाठन प्रभावित भयो । यस घटनाले विद्यार्थीहरू त्रस्त मानसिकतामा थिए । कोही रुने कोही टोलाउने गरिरहेका देखिन्थे ।


भौतिक पूर्वाधारको चरम अभाव रहेको यो विद्यालयमा यसै वर्ष माथिल्लो तल्लाका कक्षामा डेस्क र बेन्चको व्यवस्था गरिएको थियो । भुइँमा बसेर पढने विद्यार्थीहरू बेन्चमा बसेर पढन पाएका थिए । विद्यालय व्यवस्थापन समितिले यसै वर्ष आफ्नै लगानीमा उक्त डेक्स बेन्च बनाएको थियो । अर्थ अभावका कारण माथिल्लो तल्लाका कक्षामा ढोका समेत हालिएको थिएन ।

विना कुनै विवाद र झैझगडा विद्यालयको भौतिक सम्पत्ति नष्ट गरिएको यो घटनाले सबैलाई चकित बनाएको छ । स्थानीय अनिशकान्त कुशवाहाले विद्यालयमा गरिएको आक्रमणले स्थानीय अभिभावकलाई चिन्तित बनाएको बताए । 'कल्पनै गर्न नसकिने घटना हुन पुग्यो,' उनले भने, 'सभ्य र शिक्षित समाजमा आफ्ना नानी पढ्ने विद्यालयलाई सक्दो संरक्षण गरिन्छ, तर यहाँ त ठीक उल्टो पो हुन पुग्यो ।' यो विद्यालयमा अधिकांश विपन्न, दलित तथा सीमान्तकृत समुदायका बालबालिका पढ्ने गरेको उनले बताए ।

वडाध्यक्ष अवधकिशोर कुशवाहाले घटनाको प्रकृति हेर्दा एक दुई जना मात्र नभई आठ दश जनाकै समूह विद्यालयमा प्रवेश गरेको जस्तो देखिएको बताए । 'काठले बनाइएका महगा डेस्क बेन्च कक्षा कोठामा तोडफोड गरेर बर्बाद मात्रै गरिएको छैन माथिबाट विद्यालयको चौरमा समेत फालिएको छ,' उनले भने, 'शिक्षा क्षेत्रमा आक्रमणको यो घटना केवल आतंक मच्चाउने काम मात्र हो ।'










## तपाईंको आज

| | |
|---|---|
| मेष | प्रियजन भेट |
| वृष | वैभव प्राप्ति |
| मिथुन | मनोकांक्षा पूर्ण |
| कर्कट | द्विविधा बढ्ने |
| सिंह | शत्रु नाश |
| कन्या | कान्ति क्षय |
| तुला | कार्य सिद्धि |
| वृश्चिक | अधिक खर्च |
| धनु | नयाँ कार्य आरम्भ |
| मकर | कर्म प्राप्ति |
| कुम्भ | भाग्य वृद्धि |
| मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल असार २७ गते शुक्रबार तदनुरुप १२ जुलाइ २०१९ असार शुक्लपक्ष एकादशी तिथि रात्रिको २:१७ बजेसम्म उप्रान्त द्वादशी तिथि, विशाखा नक्षत्र दिनको ६:३८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, साध्य योग प्रात: ९:४९ बजेसम्म उप्रान्त शुभ योग, भद्रा करण रात्रिको २:१७ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:४५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गार हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२९६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# सञ्चालन भएन विषादी प्रयोगशाला

■ सम्झना रसाइली (तनहुँ)

तरकारीको विषादी परीक्षण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुंगामा स्थापना गरेका विषादी मापन प्रयोगशाला सञ्चालनमा आउनै सकेका छैनन् ।

गत वैशाख ७ गते आँबुखैरेनी गाउँपालिका-३ तनहुँ र चैत १५ गते स्याङ्जाको मालुंगा रामदीमा प्रयोगशाला कार्यालय स्थापना गरी उद्घाटन गरिएको थियो । आवश्यक पूर्वाधार, मेसिन र विषादी मापन गर्न आवश्यक पर्ने रसायनको व्यवस्था नगरी उद्घाटन गरिएका कार्यालयमा अहिले बोर्ड झुन्ड्याउनेबाहेक कुनै काम हुन सकेको छैन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत तरकारीको पकेट क्षेत्रका रूपमा विकास गरिएको आँबुखैरेनी गाउँपालिका प्रदेशको प्रवेश नाका हो । प्रयोगशालाका विषयमा भने स्थानीय सरकार र कृषकसमेत जानकार छैनन् ।

आँबुखैरेनी-२ मार्किचोक तिलबारीमा व्यावसायिक तरकारी खेती गर्दै आएका तुलबहादुर गुरुङ भन्छन्, 'गाउँपालिकाभित्र प्रदेश सरकारले प्रयोगशाला स्थापना गरेको सुनेको छु तर सञ्चालनमा आएको छ/छैन थाहा छैन, हामी पनि सेवा लिन गएका छैनौं ।'

**अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएका छैनन्**

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले पनि प्रयोगशाला सञ्चालनबारे अनभिज्ञता जनाए । 'प्रदेश सरकारले खोलेको प्रयोगशाला के-कसरी सञ्चालन गरिँदै छ, कुनै जानकारी छैन,' उनले भने ।

प्रदेश सरकारले नाकाबाट भित्रिने तरकारी तथा फलफूल र पशुपन्छीको रोगसमेत परीक्षण गर्ने नीतिसहित प्रयोगशाला खोलेको थियो । भाडाका तीनवटा कोठामा बोर्ड झुन्डयाएर राख्नेबाहेक उपलब्धि भएको छैन । उदघाटनपछि गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानकी छोरी रजनी चुमान कार्यालय सहायकका रूपमा कार्यरत छिन् । 'प्रयोगशालाका लागि आवश्यक पर्ने रसायन ल्याइएको छ तर परीक्षणका लागि आवश्यक पर्ने ल्याब आउन बाँकी छ,' उनले भनिन् ।

प्रयोगशालाका लागि अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएको छैन । नयाँ बजेटले ल्याब, केमिकलका साथै प्रयोगशाला सञ्चालनमा ल्याउन आवश्यक पर्ने सामग्री खरिद तथा व्यवस्थापन गरिने कार्यालय सहायक चुमानले बताइन् ।

आँबुखैरेनी गाउँपालिकाको कृषि एकाइका प्रमुख खितकुमार श्रेष्ठ भन्छन्, 'प्रदेश सरकारले प्रयोगशाला सञ्चालनमा ल्याउने भन्दै तामझामसाथ कार्यालय उद्घाटन त गर्‍यो तर कहिलेबाट सञ्चालनमा आउँछ, कुनै ठेगाना छैन ।'

# दन्तकाली मन्दिरमा पित्तलको छानो

सुनसरी (कास)- विजयपुर-१४ स्थित शक्तिपीठ मानिएको दन्तकाली मन्दिरमा पित्तलको छानो लगाउने काम अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारको ३० लाख रुपैयाँ र स्थानीयबाट ३ लाख ७६ हजार रुपैयाँ गरी ३३ लाख ७६ हजारमा छानो लगाइएको दन्तकाली मन्दिर व्यवस्थापन समितिका सचिव पुजारी विश्वराज खनालले बताए ।

यो मन्दिर कसले निर्माण गरेको हो कतै उल्लेख नभए पनि ५ सय वर्षअघि बंगालका शासकले जीर्णोद्धार गरेको इतिहास छ । यसअघि मन्दिरमा राजस्थानबाट मगाइएको ग्रेनाइटको छानो आधा लगाइएको थियो तर पुरातत्त्व विभागले मन्दिरले थाम्न नसक्ने जनाएपछि पित्तलको छानो लगाइएको छ । खनालका अनुसार पहिले मन्दिरको छानो झिँगटीको प्यागोडा शैलीको थियो । विसं १९९० को महाभूकम्पले क्षतिग्रस्त बनाएपछि गुम्बज शैलीमा निर्माण गरिएको थियो । त्यो छानो पनि ०४५ सालको भूकम्पले भत्काएपछि फेरि प्यागोडा शैलीको छानो लगाइएको थियो ।

पौराणिक कालमा सतीदेवीले शिवजीलाई मन पराए पनि दक्ष प्रजापतिले उनलाई मन नपराएपछि यज्ञस्थलमा आत्मदाह गरेकी थिइन् । आत्मदाह गरेको शरीर बोकेर आत्मविह्वल हुँदै शिवजी संसारभर डुल्दा विजयपुरको डाँडामा सतीदेवीको दाँत झरेको विश्वास गरिन्छ ।

**प्रदेश सरकार र स्थानीयद्वारा ३३ लाख ७६ हजार लगानी**

भारत, बंगलदेश, भुटानबाट समेत पूजाअर्चना गर्न आउने तीर्थयात्रीका लागि दन्तकाली मन्दिर प्रमुख शक्तिपीठ मानिन्छ । उक्त मन्दिर व्यवस्थापन गर्न सेनकालमा गोर्खाबाट पुजारी ल्याइएका थिए । खनालका अनुसार विसं १८५६ मा गीर्वाणयुद्ध विक्रम शाहले रामचन्द्र खनाल र उनका सहोदर भाइ तुलारामलाई दन्तकालीमा पूजा गर्न ताम्रपत्रसमेत दिएका थिए । तिनै खनालका सन्ततिको नवौं पुस्ताका रूपमा हालका खनाल त्यहाँ पुजारीका रूपमा रहेका छन् ।

मन्दिरको नाममा सुनसरीको साविक हासपोसा हाल इटहरी उपमहानगरपालिका, मोरङको भाथिगछ र झापाको गौरीगन्जस्थित ठेकितोलमा गुठी जग्गा रहेको खनालले बताए । उनले भने, 'तर ती गुठी जग्गा सबै रैकर गुठीमा परिणत भएका छन् । के कति जग्गा हो, त्यो सबै गुठीलाई मात्र थाहा छ ।'

ऐतिहासिक, पौराणिक मन्दिर भए पनि सरकारले संरक्षण सञ्चालनका लागि आर्थिक सहयोग नगरेको तर गुठीले वार्षिक ४० हजार रुपैयाँ मात्र दिने गरेकाले मन्दिर व्यवस्थापन गर्न मुस्किल भएको पनि उनले सुनाए ।

HIMALAYAN WHITEHOUSE INTERNATIONAL COLLEGE

कक्षा ११ मा भर्ना तथा छात्रवृत्तिबारे सूचना

प्लस टु पछि तपाईंको लक्ष्य Medicine वा Engineering नै हो भने कलेज छान्न सकस किन ?



Prominant faculty members of NAME at WhiteHouse College, Tinkune

Physics- Dipak Bhattarai I Gajendra Singh I Bijaya Upadhyay I Ram Tiwari I Milan Pandey I Santosh Thakur I SS Mandal
Chemistry- Amardip Pandit I Birendra Thapa I Mahesh Paudel I Binod kumar Yadav I Rajesh kumar Shah I Santosh Lamichhane
Botany- Ramsaran Dani I Keshav Raj Pokhrel I Dr. Basudev Pokhrel I K.K. Gupta I Kabir Pokhrel I Drona Pokhrel
Zoology- Dr. Milan Gaihre I Dr. nirajan Neupane I B.K Khatri I Kamal Nepal I Madhav Rijal
Mathematics- Yam Narayan Pokhrel I Pradip Bahadur Thapa I Er Saroj Uprety I Balkrishna Bhurtel

General Admission cum Super 40 Scholarship Test
Ashad 30 (15th July, 2019) I 2:00pm onwards

नेपालकै प्रसिद्ध संस्था NAME सँगको सहकार्यमा Entrance Preparation का सबै हस्ती Himalayan WhiteHouse International College मा मात्र ।

हाम्रो समूहले २ वर्ष मात्र होइन, तपाईंलाई लक्ष्यमा नपुगुन्जेल सहयोग गर्नेछ ।

HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32, Nepal
Tel.: 01-5199456 / 57 I 9801204300 / 301 / 302
Email: mailreply@whitehouse.edu.np
Website: www.whitehouse.edu.np

ONEPLUS

OnePlus 7
Go Beyond Speed




Camera
48 MP Dual Camera + OIS
UltraShot

Performance
Snapdragon 855
256 GB UFS3.0 + RAM Boost
Play while charging

Sound
Dual Speaker
Dolby Atmos

System
Zen Mode
Intelligent Clean
Screen Recorder

PRE-BOOK NOW
First 100 customers will get Anker 5000 mAh power bank free*
RAM 8GB | ROM 256 GB MRP: Rs. 66,999

Insurance Partner:
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
1 year insurance*

Distributed By: iHub Pvt. Ltd.
i Hub Pvt. Ltd, Basant Marg-351, Babarmahal, Kathmandu, Nepal, 0977-9801016186, 9851244009, Authorized Service Center: Tamrakar Complex, 5th Floor, New Road, Kathmandu
Oliz Store, Basant Marg-351, Babarmahal. Opp. NTC Building, Kathmandu, Phone : 01-4230314, 01-5705256

भारतको हार
विश्वकप क्रिकेट । १७



विम्बल्डन टेनिस
सेरेना उपाधिलाई केन्द्रित । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १४३ पोखरा | २६ असार २०७६ बिहीबार आषाढ शुक्लपक्ष नवमी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, July 11, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ

# सँगै चियापान, अनि गोली हानाहान

## चन्द समूहका ओखलढुंगा इन्चार्ज र एक प्रहरी जवान मारिए

■ **एलिसा श्रेष्ठ** (भोजपुर)

सदरमुकाम मुख्य बजारको पश्चिमतिर रहेको पान्धारे नामको होटलमा बुधबार बिहान सादा पोसाकका प्रहरी र चन्द समूहका जिल्ला नेता एउटै टेबुलमा बसेर चिया खाइरहेका थिए । दुवै जनाबीच पहिलेदेखि नै चिनजान थियो । भेट हुनासाथ हात मिलाए र चिया पिउन सुरु गरे । चन्द समूहका ओखलढुंगा जिल्ला इन्चार्ज नीरकुमार राई र सादा पोसाकका प्रहरी जवान सञ्जीव राई चियाको चुस्कीसँगै गफिँदै थिए ।

प्रत्यक्षदर्शीका अनुसार नीरकुमार दुई दिनयता चिया पसलमा आउने/जाने गरिरहेका थिए । बुधबार पनि बिहानै आएर अरू मान्छेसँग 'हेलोहाई' गरिरहेका थिए । करिब साढे ८ बजे सञ्जीव आइपुगे । दुवैले 'दाइभाइ' को साइनो पनि लगाए । अभिवादन साटासाट गरे । सञ्जीव सुराकीका लागि चिया पसल छिरेका थिए । गफकै क्रममा नीरकुमारले सञ्जीवलाई भने, 'विप्लवको पार्टीमा लाग्यो भन्दैमा मलाई किन खेदो गर्छौ ? पार्टीमा लाग्नु आस्थाको कुरा हो ।' सञ्जीवले सहज ढंगले उत्तर फर्काए, 'हामी दुवै राई भएकाले भाइभाइ हो । के गर्नु र ?'

सञ्जीवले यति भनेपछि नीरकुमार पिसाब गर्न जाने भन्दै पसलबाट निस्कन खोजे । सञ्जीवले नीरकुमारको पाखुरा समाते । 'गफ गरौं, तपाईं कहाँ जान लागेको ? अहिले नजानुस्, अरू साथी आउँदै छन्,' सञ्जीवको भनाइ उद्धृत गर्दै प्रत्यक्षदर्शीले कान्तिपुरलाई सुनाए । दुवै जनाबीच तानातान भयो । चन्द समूहका हतियार बोकेका कार्यकर्ता दगुर्दै होटल अघिल्तिर आए ।

बाँकी पृष्ठ १२



प्रहरी र चन्द समूहका कार्यकर्ताबीच बुधबार गोली हानाहान भएको भोजपुर नगरपालिका-७ मा रहेको हाट क्षेत्र । *तस्बिर : अर्जुन बस्नेत/कान्तिपुर टेलिभिजन*

## प्रतिबन्धपछि चन्द समूहका ८ मारिए

काठमाडौं (कास)- सरकारले नेत्रविक्रम चन्द समूहलाई प्रतिबन्ध लगाएपछिको द्वन्द्वका क्रममा चन्द समूहका ८ नेता-कार्यकर्ता मारिएका छन् । चन्द समूहको आक्रमणमा एक सर्वसाधारण र एक प्रहरी जवानको पनि ज्यान गएको छ । पछिल्लोपल्ट बुधबार भोजपुरमा ओखलढुंगा इन्चार्ज नीरकुमार राई र प्रहरी जवान सञ्जीव राई मारिएका हुन् । भोजपुरमा दुई, सर्लाहीमा एक, काठमाडौं विस्फोटमा ५ गरी चन्द समूहका ८ जना मारिएका हुन् । काठमाडौं विस्फोटमा एक सर्वसाधारणको पनि ज्यान गएको थियो । प्रतिबन्धयताको अवधिमा दुई प्रहरीसहित ९ जना घाइते छन् ।

नेकपा संसदीय दलको चैत ११ को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले चैत महिनाभित्र नेत्रविक्रम चन्द समूहलाई सरकारले निस्तेज पारिसक्ने दाबी गरेका थिए । प्रधानमन्त्रीको यस्तो दाबीपछिका चार महिनामा पटकपटक चन्द समूह र प्रहरीबीच देशका विभिन्न स्थानमा भिडन्तको अवस्था सिर्जना भएको देखिन्छ ।

फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले चन्द समूहको गतिविधिमा प्रतिबन्ध लगाएपछि उक्त समूहका नेता तथा कार्यकर्तामाथि निगरानी बढाउन, सार्वजनिक रूपमा कार्यक्रम गर्न नदिन सुरक्षा निकायलाई परिचालन गरिएको थियो । सरकारी निर्णयपछि प्रहरीले देशैभर चन्द समूहका नेता तथा कार्यकर्ता पक्राउ तीव्र पारेको थियो ।

१० चैतमा गृह मन्त्रालयले चन्द समूहलाई प्रत्यक्ष-परोक्ष सहयोग पुर्‍याउने व्यक्ति, संस्था वा समूहलाई समेत कारबाहीको दायरामा ल्याइने भन्दै सार्वजनिक सूचना जारी गरेको थियो ।

बाँकी पृष्ठ १२

# 'परीक्षण नरोक्नू'

■ **राजु चौधरी** (काठमाडौं)



सीमामा विषादी परीक्षण रोक्ने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले विषादी परीक्षण यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो । अब अदालतको अर्को आदेश नहुँदासम्म विषादी परीक्षण गरेर मात्र आयात गर्नुपर्नेछ । सरकारले असार २ गते राजपत्रमा प्रकाशित गरेर भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण अनिवार्य गरेको थियो । यो कदमले भारतीय व्यवसायीलाई अप्ठ्यारो परेपछि असार १४ मा भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो । फलफूल तथा तरकारी रोकेको जनाउँदै भारतीय दूतावासले दबाब दिएपछि असार १८ गते परीक्षण गर्ने निर्णयबाट सरकार पछि हटेको थियो । सरकारले पर्याप्त प्रयोगशाला नभएका देखाउँदै आयातित तरकारी र फलफूलमा विषादी परीक्षण स्थगित गरेको हो । सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित स्वागत नेपाल र उपभोक्ता हित संरक्षण मञ्चले छुट्टाछुट्टै रिट दायर गरेका थिए ।



न्यायाधीश भट्टराईको इजलासले गुणस्तरीय सेवा तथा वस्तुको अधिकारका साथै खाद्य, स्वास्थ्य र सुरक्षित मातृत्वको अधिकारसमेत यो निवेदनसँग सरोकार राख्ने प्रकृतिको रहेको भनेको छ । हानिकारक रसायन अनि अखाद्य पदार्थ नियन्त्रणबारे असार २ गतेको राजपत्रको सूचना जारी भएकामा दुई सातापछि त्यसलाई रोक्न गरिएको निर्णयबारे प्रश्न उठेको भन्दै त्यसबारे छलफल हुनुपर्ने भन्दै सर्वोच्च अदालतले दुवै पक्षलाई आगामी सोमबार छलफलका लागि झिकाएको छ ।

'मुलुकी अपराध संहिता २०७४ को दफा १०७ ले हानिकारक रासायनिक पदार्थ वा अखाद्य पदार्थ बिक्री, वितरण पैठारीसमेतको कार्यलाई निषेधित आपराधिक कार्य मानेको अवस्थासमेत हुँदा यस सन्दर्भमा २०७६ असार २ को राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना विपरीत हुने गरी सोही मन्त्रीस्तरीयबाट २०७६ असार १८ मा गरिएको निर्णय संविधान र कानुनका यी समस्त व्यवस्थाहरूको के कति अनुकूल हुन्छ भन्ने प्रश्न उत्पन्न भएको छ,' आदेशमा भनिएको छ ।

बाँकी पृष्ठ १६

# 'मलाई भनिएन'

'पछि मात्र थाहा भयो, त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ'



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी परीक्षण रोक्नका लागि भारतीय दूतावासले पठाएको पत्रबारे आफूलाई सरकारी निकायले 'अनभिज्ञ' राखेको बताएका छन् ।

भारतीय दूतावासले विभिन्न संवाद गर्दै हिँडेको र पत्र पठाएको बारे २३ गते मात्र जानकारी प्राप्त गरेको प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन् ।

'मलाई पछि मात्र थाहा भयो र त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ । त्यो कुराबाट पनि मलाई अनभिज्ञ नै राखियो । तसर्थ मेरो जानकारीमा नभएको हुनाले मैले पत्र आएको छैन भनें । तर २३ गते बेलुका मात्र मैले पत्र आएकोबारे जानकारी पाएँ । म त्यसबाट अत्यन्त दुखित छु,' प्रधानमन्त्री ओलीले बुधबार जनतासँग प्रधानमन्त्री कार्यक्रममा विषादी प्रकरणबारे स्पष्टीकरण दिँदै भने, 'र, मलाई जसले जानेर भ्रममा राख्यो वा अन्जानमा बताउन भुल्यो, जेसुकै होस्, मसँग त्यो कुरा आएन र मैले प्रधानमन्त्रीको हैसियतमा त्यो जानकारी पाउनुपर्थ्यो । एउटा यथार्थ मबाट लुकेको रहेछ ।'

प्रधानमन्त्रीको यो अभिव्यक्तिले मुलुकको कार्यकारी व्यक्ति नै कति गुमराहमा छन् भन्ने प्रश्न उब्जिएको छ । प्रधानमन्त्री ओलीले २१ गते नेकपाको संसदीय दलमा 'कस्तो पत्र कसले पठाएको पत्र ?' भन्दै सांसदहरूमाथि आक्रोश पोखेका थिए । उनले पत्रै नआएको दाबी गरेका थिए । प्रधानमन्त्री ओलीले त्यसो भनेको दुई दिनपछि (२३ गते) भारतीय दूतावासले असार १४ मा नै परराष्ट्र मन्त्रालयलाई सम्बोधन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय र खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई बोधार्थ दिँदै लेखेको पत्र सार्वजनिक भएको थियो । प्रधानमन्त्री ओलीले आफूबाट लुकेको कुरा थाहा नपाउँदा जे हो त्यही अभिव्यक्ति दिएको बताए ।

बाँकी पृष्ठ १६

# घोडा नचढे जरिवाना



हिमालपारिको जिल्ला मनाङको मनाङ गाउँमा यार्तुङ पर्वमा घोडा दौडाउँदै युवा । *तस्बिर सौजन्य : विनायक जय मल्ल*

■ **आश गुरुङ** (लमजुङ)

माथिल्लो मनाङमा मोटरबाटो नपुग्दासम्म स्थानीयको सवारीसाधन घोडा थियो । बाटो बिस्तार सुरु भएयता मनाङीले घोडा बेच्दै मोटरसाइकल किन्न थाले ।

यसको असर मनाङ गाउँ र टंकीले मिलेर मनाउने परम्परागत यार्तुङ पर्वमा पर्‍यो । घोडा दौड गरेर मनाइने यो पर्वका सहभागी घटे । यसपटक दुवै गाउँका अगुवाले जरिवानाको नियम बनाए । 'यार्तुङमा सहभागी नहुनेलाई तीन हजार रुपैयाँ जरिवाना तोकिएको थियो,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'पर्वमा युवा सहभागिता अनिवार्य होस् भन्नका लागि जरिवानाको नियम बनाइएको हो ।'

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने दुवै गाउँले मिलेर मनाउँदै आएको यार्तुङ हिमाल पारिका जिल्लाको ठूलो पर्व हो । मनाङीका अनुसार तिब्बती भाषामा 'यार' को अर्थ बर्खा र 'तो' को घोडा हुन्छ । 'यार्तो' बाट अपभ्रंश भएर 'यार्तुङ' रहन गएको मानिन्छ । बर्खायाममा मनाइने पर्व कृषि कर्ममा हुने दुःख र परिश्रमका थकान मेटाउनका लागि भएको स्थानीय बताउँछन् ।

यसपटक गाउँका अधिकांश युवा यार्तुङमा सहभागी भएर पाँच दिनसम्म घोडा दौडाए । १६ देखि ५५ वर्ष उमेर समूहका पुरुषले घोडा दौडाएका थिए । शनिबार सुरु भएको यार्तुङ बुधबार सम्पन्न भएको छ । यसपटक करिब सय जनाले घोडा दौडाएको गुरुङले बताए ।

मनाङमा घोडा दौडाउन यस पटक पर्यटकीय पदमार्ग ५ हजार १६ मिटरको थोराङला भन्ज्याङ पास गरेर मुस्ताङबाट १३ जना युवा पुगेका थिए । 'छिमेकी जिल्लाबाट पनि घोडा लिएर आएको देखेर यहाँका युवा हौसिए । यार्तुङ निकै रोमाञ्चक बन्यो,' उनले भने । मुस्ताङीले खादामा पैसा बाँधेर भुइँमा राखेर घोडा दौडाई टिपेका थिए ।

बाँकी पृष्ठ १६







# बन्यो नौमती बाजा पार्क



कास्कीको माछापुच्छ्रे गाउँपालिका-६ डाँडापोखरीमा बनाइएको नौमती बाजा पार्क । तस्बिर : लालप्रसाद शर्मा/कान्तिपुर

**कान्तिपुर संवाददाता** (पोखरा)

अग्रभागमा २ ठूला सनई छन् । पछाडि दाइनेतर्फ ट्याम्को, दमाहा र झ्याली । देब्रेतर्फ ढोलकी, दमाहा र झ्याली रहेका छन् । अन्तिममा २ वटा नरसिंगा राखिएको छ । सबै बाजालाई सहज रूपमा अवलोकनका लागि सिँढी बनाइएको छ । संरक्षणका लागि तारजालीले बेरिएको छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-६ डाँडापोखरीमा परम्परागत नौमती (पञ्चे) बाजा पार्कको दृश्य हो यो । सुरुमा कर्नाल मात्रै राख्ने योजना बनेकोमा संघीय सरकारले आवश्यक बजेट उपलब्ध गराएपछि गाउँपालिकाले नौमतीका सबै बाजा राखेर पार्क बनाएको हो । नेपाली परम्परागत बाजा र संस्कृति झल्काउने उद्देश्य यसको छ । 'ग्रामीण पर्यटकीय स्थलको रूपमा विकास हुँदै गएको गाउँमा पर्यटन प्रवर्द्धनमा थप सहयोग पुर्‍याउन पार्क बनाएका हौं,' वडाध्यक्ष हरिश्चन्द्र ढुंगानाले भने, 'पार्कलाई विस्तार गरी ढिकीजाँतो, उखु, निबुवा पेल्ने कोल पनि राख्ने योजनामा छौं ।' सांस्कृतिक संग्रहालयका रूपमा विकास गर्ने योजना रहेको उनले सुनाए । धितालमा दमाई समुदायको बसोबास छ । उनीहरूले नौमती बाजा पनि बजाउँछन् । यहाँका बाजा 'राम्रो' भनेर देशैभरि चर्चित छ । गाउँको पहिचान नौमती बाजा पनि भएकाले पार्क बनाउने निर्णय गरिएको ढुंगानाले बताए । पार्क निर्माण समितिका अध्यक्ष सुनील दाहालका अनुसार ३ सय किलोग्राम तामाको प्रयोगबाट ९ वटा बाजा बनाएर राखिएको छ । यसका लागि संघीय सरकारको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट १५ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो । 'मुस्ताङबाट कालीगढ ल्याएर बाजा बनाइएको हो,' उनले भने, 'पार्क आन्तरिक तथा बाह्य पर्यटकका लागि एउटा 'प्रोडक्ट' बनेको छ । यसले पर्यटकको बसाइ लम्बिने विश्वास लिएका छौं ।' पार्क निर्माणका लागि गाउँपालिकाले प्राविधिक सहयोग उपलब्ध गराएको थियो ।

गाउँमा पार्क बन्दा खुसी लागेको र यसले परम्परागत बाजाप्रतिको सम्मान गरेको स्थानीय राजु परियारले बताए । बाजा र आफ्नो पेसाप्रति हीनताबोध गर्दै आएको बेला पार्क बनाएर बाजा राख्नाले बाजा र पेसाको महत्त्व बुझाउने काम भएको उनको भनाइ थियो । 'परम्परागत बाजा र पेसा लोप हुँदै गएका बेला नौमती बाजाको पार्कले समुदायमा मनोबल बढाउन प्रोत्साहन गरेको छ,' उनले भने, 'अब गाउँपालिकालगायत निकायले पुराना पुस्ताका वाद्यवादकलाई सम्मान गरे अझै हौसला बढ्ने थियो ।' सीप र कला भएकामा हीनताबोध भएको र नयाँ पुस्ता आकर्षण नभएका बेला पार्कले संस्कृति संरक्षण गर्नुपर्छ भन्ने युवामा सूचना प्रवाह गरेको उनले बताए ।

उक्त स्थान ट्रेकिङ रुट पनि पर्छ । गाउँमा होमस्टे र होटलसमेत सञ्चालनमा छन् । आन्तरिक र बाह्य पर्यटकको पनि चहलपहल हुन्छ । ग्रामीण जनजीवन, संस्कृति, हिमशृंखलाको दृश्यावलोकन, शान्त र रमणीय गाउँमा पार्क बनेर थप पहिचान भएको स्थानीय सुन्दर गुरुङले बताए । 'नेपाली परम्परागत बाजा र संस्कृतिको विषयमा जान्ने मौका पनि यसले दिएको छ,' उनले भने, 'अब व्यापार व्यवसाय पनि फस्टाउने देखिन्छ ।' पार्क बनेपछि हेर्नकै लागि पर्यटक आउन थालेको स्थानीयले बताए । करिब दुई रोपनी सार्वजनिक जग्गामध्ये ४ आनामा बाजा राखिएको छ । अरू जग्गामा सांस्कृतिक संग्रहालय बनाउने योजनामा स्थानीय छन् ।

# जनप्रतिनिधिको पारिश्रमिक बढ्यो

**प्रतीक्षा काफ्ले** (गण्डकी)

गण्डकी प्रदेशभित्रका स्थानीय तहका जनप्रतिनिधिको पारिश्रमिक बढेको छ । वडा सदस्यदेखि सांसदसम्मको सेवासुविधा बढाइएको हो ।

गण्डकी प्रदेश मन्त्रिपरिषदको बुधबारको बैठकले जनप्रतिनिधिको सेवासुविधा बढाउने निर्णय गरेको सरकारका प्रवक्ता भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले जानकारी दिए । स्थानीय तहका पदाधीकारी तथा सदस्यहरूको सेवासुविधा ऐन २०७४ को दफा ८ मा एउटा मात्र सुविधा लिने भनिएकोमा त्यसलाई संशोधन गरिएको उनले बताए । सरकारी जागिरबाट निवृत्त जनप्रतिनिधिले समेत दोहोरो सुविधा पाउने निर्णय गरेको हो । मन्त्रिपरिषदको यो निर्णयसँगै सरकारी पेन्सन खाँदै आएका जनप्रतिनिधिलाई दोहोरो सुविधा पाउने भएका हुन् । 'जनप्रतिनिधिले पाउने मासिक सेवासुविधासँगै पहिले पाउँदै आएको पेन्सन पनि पाउने निर्णय भएको छ,' मन्त्री बस्नेतले भने, 'प्रदेशसभामा पेस गरेर पारित गरिनेछ ।' दोहोरो सुविधाका लागि पहल गर्ने गण्डकी प्रदेश देशमै पहिलो हो । बैठकले सत्ता र प्रतिपक्षमा २/२ जना प्रमुख सचेतक राख्ने निर्णय गरेको छ । अहिले सत्तासीन नेकपामा एक प्रमुख सचेतक र एक सचेतक थिए भने प्रमुख प्रतिपक्ष कांग्रेसमा एकजना सचेतक मात्र थिए । उनीहरूको सेवासुविधा पनि बढाइको छ । यसअघि ४७ हजार पाउने सचेतकले अब ४९ हजार पाउनेछन् । प्रमुख सचेतकको संख्या थपिए पनि सचेतक भने एउटै रहनेछन् । यसैगरी प्रदेशसभाका सदस्यहरूको पारिश्रमिक सुविधासम्बन्धी ऐन २०७४ को अनुसूची पनि हेरफेर हुने भएको छ । अबदेखि प्रदेश सांसदले एकजना नायब सुब्बासरहको स्वकीय सचिव राख्न पाउने छन् । सभामुख, उपसभामुख, मुख्यमन्त्री र मन्त्रीहरूले भने शाखा अधिकृतसरहको १ र नासुसरहका १ गरी २ स्वकीय सचिव राख्न पाउनेछन् ।

मन्त्रिपरिषद् बैठकले कार्यपालिका र वडा सदस्य तथा प्रदेशसभामा प्रत्यक्ष निर्वाचित र समानुपातिक सांसदको फरकफरक सेवासुविधा भएकाले एउटै बनाउने निर्णय गरेको छ । गाउँपालिकाका वडाध्यक्षको १८ हजार, नगरपालिकाको वडाध्यक्षको २० हजार र महानगरपालिकामा २५ हजार रुपैयाँ मासिक पारिश्रमिक रहेकोमा अब केही बढ्ने मन्त्री बस्नेतले बताए । मासिक ९ हजार रुपैयाँ पाउँदै आएका कार्यपालिका सदस्यका लागि १८ हजार र ६ हजार पाउँदै आएका गापा सदस्यलाई ९ हजार रुपैयाँ दिइने व्यवस्था गरिएको छ । कार्यपालिकाको सदस्यहरूमा महिला, दलीत, सीमांकृतलगायतको प्रतिनिधित्व भएकाले समान स्टाटस बनाउन खोजिएको प्रवक्ता बस्नेतले बताए ।

यसैगरी प्रदेश विकास परिषद् गठन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । १ सय २१ सदस्य रहने समितिमा १९ जना प्रदेश सांसद, ३३ स्थानीय तहका प्रतिनिधि र २८ विज्ञ रहने छन् भने बाँकी प्रदेश सदस्य रहनेछन् । परिषद्ले समग्र प्रदेशको विकास निर्माण र समृद्धि कसरी तयार गर्ने भन्ने विषयमा सल्लाह सुझाव दिनेछ ।

बैठकले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको पारिश्रमिक र सेवासुविधा केही प्रदेशलाई संशोधन गर्नुपर्ने विधेयकको मस्यौदा स्वीकृत गरि प्रदेशसभामा पेस गर्ने गरी प्रस्ताव तय गरेको छ । यसरी नै बैठकमा बिमामा असमान भएको भन्दै बिमाको रकम समान् गरेको छ । यसभन्दा अघि दुर्घटना बिमामा मेयरका लागि १० लाख र सदस्यका लागि ५ लाख रुपैयाँ छुट्याइएको थियो । बैठकले मेयरलगायत सबै सदस्यका लागि दुर्घटना बिमा १०/१० लाख रुपैयाँ पाउने व्यवस्था गरेको छ ।

# आचार्य र बोहरालाई पत्रकारिता पुरस्कार

बागलुङ (कास)- नेपाल पत्रकार महासंघ बागलुङले दिने नन्दहरि सिर्जनशील पत्रकारिता पुरस्कारबाट यहाँका दुई पत्रकार पुरस्कृत भएका छन् । शाखाको १९ औं स्थापना दिवसका अवसरमा बुधबार २०७४ सालको पुरस्कार नेपाल टेलिभिजनका पत्रकार किरण आचार्य र २०७५ को पुरस्कार ढोरपाटन दैनिकका पत्रकार रामकृष्ण बोहरालाई दिइएको हो ।

बागलुङका पूर्वअध्यक्ष हरिनारायण गौतमले माता नन्दकली र पिता हरिलालको स्मृतिमा पुरस्कार स्थापना गरेका हुन् । पुरस्कारको राशि १५ हजार छ ।

# शुक्लागण्डकीको बजेट ८६ करोड

तनहुँ (कास)- शुक्लागण्डकी नगरपालिकाको आगामी आर्थिक वर्षका लागि ८५ करोड ६८ लाख १२ हजार ८ सय ७५ रुपैयाँको बजेट सार्वजनिक गरेको छ । पाँचौं नगरसभाले शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारलाई प्राथमिकतामा राख्दै बजेट पारित गरेको हो ।

नगरपालिकाले आन्तरिक स्रोततर्फ राजस्व संकलनबाट १० करोड ८ लाख रुपैयाँ आम्दानी गर्ने अनुमान गरेको छ । राजस्व बाँडफाँडबाट १२ करोड ८३ लाख ७३ हजार ८७५, संघ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १४ करोड ७१ लाख, ससर्त अनुदानतर्फ २५ करोड ९३ लाख रुपैयाँ रहेका नगर प्रवक्ता खिमबहादुर कुमालले जनाए ।

यस्तै, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ १ करोड २७ लाख ३९ हजार, समपूरक अनुदानमा ३ करोड ६० लाख, सर्शत अनुदानमा ३० लाख रुपैयाँ रहेको छ । जिल्ला समन्वय समितिबाट १ करोड ८० लाख, सामाजिक सुरक्षा भत्ता १२ करोड, सडक बोर्ड नेपालबाट ४० लाख र अघिल्लो वर्षको मौज्दात २ करोड ७० लाख रुपैयाँ आम्दानी हुने कुमालले बताए ।

वडा कार्यालयसहित नगर कार्यपालिका सञ्चालन चालुतर्फको खर्च ८ करोड २६ लाख ७२ हजार ३ सय ७५, ससर्त खर्चमा ४४ करोड ८ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

# विकास पर्खंदै छिम्केश्वरी

**सम्झना रसाइली** (तनहुँ)

जिल्लाकै उच्च स्थानमा रहेको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय महत्त्वको छिम्केश्वरी क्षेत्र यतिबेला बिकासको पर्खाइमा छ । उच्च पहाडी भू-धरातल भएका कारण यो क्षेत्रमा विकासका गतिविधि न्यून हुँदा अहिले ओझेलमा परेको छ ।

ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने २१३४ मिटर उचाइको छिम्केश्वरी पुज्य र आराध्य स्थलको रूपमा मानिन्छ । धार्मिक तथा सांस्कृतिक पदयात्राबाट परिचित यस क्षेत्रको तीनैतिरबाट त्रिशूली, मर्स्याङ्दी र सेती नदी बगेका छन । छिम्केश्वरीलाई गोरखा मनकामना मन्दिरको दिदीका रुपमा पुजिन्छ । 'छिम्केश्वरी माई र यस क्षेत्रको विकासका लागि स्थानीयले आवाज उठाउन नसक्दा ओझेलमा परेको हो,' छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष तिलबहादुर गुरुङले भने । उच्च भूभागका कारण सडक, खानेपानी, सञ्चार र बिजुली जस्ता आधारभूत पूर्वाधारबाट पनि यो क्षेत्र पछाडि परेको छ । 'खानेपानीको लागि आकासे पानीको भर पर्नुको विकल्प छैन,' गुरुङले भने, 'मन्दिर क्षेत्र वरपर सहज रूपमा पानी नपाउँदा पूर्वाधार निर्माणको कामले पनि गति लिन सकेको छैन । छिम्केश्वरी माईकी बहिनीहरू मनकामना र गोरखकाली धेरै अघि पुगिसके, यस क्षेत्रको विकास र यस मन्दिरको महिमाबारे प्रचार गराउन चासो नदेखाउँदा ओझेलमा पर्‍यो ।'

मन्दिर क्षेत्रको पुनर्निर्माण तथा पहुँच मार्ग निर्माणका लागि स्थानीय र प्रदेश सरकारले चासो देखाएपछि स्थानीयमा केही आशा जगाएको छ । पुरानो ढुंगाले छाएको मन्दिरलाई भत्काएर २ महिनायता नयाँ पक्की मन्दिर निर्माणको काम अगाडि बढाइएको छ । आँबुखैरेनी गाउँपालिकाले चालु आर्थिक वर्षमा उपलब्ध गराएको २० लाख रुपैयाँले मन्दिर, परिसरको पूर्वाधार निर्माण कार्य थालिएको मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष तुलबहादुर गुरुङले बताए । 'आगामी वर्षका लागि २५ लाख बजेट विनियोजन गरेको छ,' उनले भने, 'पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने सामग्री ल्याउन सहज नभएका कारण बजेटको आधाभन्दा बढी रकम ढुवानीमै खर्च हुने गरेको छ ।'



तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित छिम्केश्वरी मन्दिर जाने पैदलमार्ग निर्माण गर्दै स्थानीय । तस्बिर : सम्झना/कान्तिपुर


अहिलेसम्म मन्दिर पुग्ने सहज बाटो बनेको छैन । आँबुखैरेनी बजारदेखि करिब १९ किलोमिटरसम्म कच्ची सडक विस्तार भएको छ । त्यहाँबाट करिब ५ किलोमिटरमाथि डाँडामा रहेको मन्दिरमा निर्माण सामग्री लग्न मानिसले नै बोक्नुपर्ने बाध्यता छ । मन्दिर पुग्ने सिँढी निर्माणका लागि प्रदेश सरकारले ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । उक्त रकमले मन्दिर परिसरबाट ५ सय मिटर पैदलमार्ग निर्माण थालिएको छ ।


गाउँपालिकाका विभिन्न पर्यटकीय गन्तव्यको प्रचार र संरक्षणका लागि गुरुयोजना बनाए पनि त्यसअनुसार चल्न नसकिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीकृष्ण पौडेलले बताए । उनले भने, 'गाउँपालिकाको योजना अनुसार बन्दीपुरमा केवलकार बनिसकेपछि त्यहाँ आउने पर्यटकलाई पैदलयात्रा मार्फत छिम्केश्वरी ल्याउने हो ।' बन्दीपुरबाट हिलेखर्कसम्म करिब १५ किलोमिटर कच्चीसडक (बाह्रै महिना चल्ने) रहेको र त्यसपछि करिब ३ घण्टा पदयात्रा गरेपछि छिम्केश्वरी पुग्न सकिन्छ । अर्को आँबुखैरेनीबाट लाब्दीसम्म १९ किमि कच्ची सडकमा जिप यात्रा र त्यसपछि करिब १ घण्टा पदयात्रा गरे छिम्केश्वरी पुग्न सकिन्छ । आसपासका गाउँमा होमस्टे सुरु भएकाले खान बस्नको असुविधा हुँदैन ।

लहरै हिमशृंखला, खोलानाला, हरियाली फाँट, डाँडाकाँडा यहाँबाट देख्न सकिन्छ । मन्दिरमा प्रत्येक वैशाख १, फागु पूर्णिमा, पुस १५ (तमु ल्होसार), माघी र वसन्तपञ्चमी यस क्षेत्र भ्रमणका विशेष दिन हुन् । यहाँ विभिन्न प्रजातिका लालीगुराँस, चराचुरुङ्गी, वन्यजन्तु, जडीबुटीको अध्ययन, अवलोकन, अनुसन्धानका लागि उपयुक्त स्थानका रूपमा पनि लिन सकिन्छ ।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | वैभव प्राप्ति | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकांक्षा पूर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | द्विविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | कान्ति क्षय | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल असार २७ गते शुक्रबार तदनुरुप १२ जुलाइ २०१९ असार शुक्लपक्ष एकादशी तिथि रात्रिको २:१७ बजेसम्म उप्रान्त द्वादशी तिथि, विशाखा नक्षत्र दिनको ६:३८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, साध्य योग प्रात: ९:४९ बजेसम्म उप्रान्त शुभ योग, भद्रा करण रात्रिको २:१७ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:४५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हल्दार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि १११९/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा वारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२१९ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# सञ्चालन भएन विषादी प्रयोगशाला

■ सम्झना रसाइली (तनहुँ)

तरकारीको विषादी परीक्षण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुंगामा स्थापना गरेका विषादी मापन प्रयोगशाला सञ्चालनमा आउनै सकेका छैनन् ।

गत वैशाख ७ गते आँबुखैरेनी गाउँपालिका-३ तनहुँ र चैत १५ गते स्याङ्जाको मालुंगा रामदीमा प्रयोगशाला कार्यालय स्थापना गरी उद्घाटन गरिएको थियो । आवश्यक पूर्वाधार, मेसिन र विषादी मापन गर्न आवश्यक पर्ने रसायनको व्यवस्था नगरी उद्घाटन गरिएका कार्यालयमा अहिले बोर्ड झुन्ड्याउनेबाहेक कुनै काम हुन सकेको छैन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत तरकारीको पकेट क्षेत्रका रूपमा विकास गरिएको आँबुखैरेनी गाउँपालिका प्रदेशको प्रवेश नाका हो । प्रयोगशालाका विषयमा भने स्थानीय सरकार र कृषकसमेत जानकार छैनन् ।

आँबुखैरेनी-२ मार्किचोक तिलबारीमा व्यावसायिक तरकारी खेती गर्दै आएका तुलबहादुर गुरुङ भन्छन्, 'गाउँपालिकाभित्र प्रदेश सरकारले प्रयोगशाला स्थापना गरेको सुनेको छु तर सञ्चालनमा आएको छ/छैन थाहा छैन, हामी पनि सेवा लिन गएका छैनौं ।'

**अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएका छैनन्**

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले पनि प्रयोगशाला सञ्चालनबारे अनभिज्ञता जनाए । 'प्रदेश सरकारले खोलेको प्रयोगशाला के-कसरी सञ्चालन गरिँदै छ, कुनै जानकारी छैन,' उनले भने ।

प्रदेश सरकारले नाकाबाट भित्रिने तरकारी तथा फलफूल र पशुपन्छीको रोगसमेत परीक्षण गर्ने नीतिसहित प्रयोगशाला खोलेको थियो । भाडाका तीनवटा कोठामा बोर्ड झुन्डयाएर राख्नेबाहेक उपलब्धि भएको छैन । उदघाटनपछि गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानकी छोरी रजनी चुमान कार्यालय सहायकका रूपमा कार्यरत छिन् । 'प्रयोगशालाका लागि आवश्यक पर्ने रसायन ल्याइएको छ तर परीक्षणका लागि आवश्यक पर्ने ल्याब आउन बाँकी छ,' उनले भनिन् ।

प्रयोगशालाका लागि अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएको छैन । नयाँ बजेटले ल्याब, केमिकलका साथै प्रयोगशाला सञ्चालनमा ल्याउन आवश्यक पर्ने सामग्री खरिद तथा व्यवस्थापन गरिने कार्यालय सहायक चुमानले बताइन् ।

आँबुखैरेनी गाउँपालिकाको कृषि एकाइका प्रमुख खितकुमार श्रेष्ठ भन्छन्, 'प्रदेश सरकारले प्रयोगशाला सञ्चालनमा ल्याउने भन्दै तामझामसाथ कार्यालय उद्घाटन त गऱ्यो तर कहिलेबाट सञ्चालनमा आउँछ, कुनै ठेगाना छैन ।'

# दन्तकाली मन्दिरमा पित्तलको छानो

सुनसरी (कास)- विजयपुर-१४ स्थित शक्तिपीठ मानिएको दन्तकाली मन्दिरमा पित्तलको छानो लगाउने काम अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारको ३० लाख रुपैयाँ र स्थानीयबाट ३ लाख ७६ हजार रुपैयाँ गरी ३३ लाख ७६ हजारमा छानो लगाइएको दन्तकाली मन्दिर व्यवस्थापन समितिका सचिव पुजारी विश्वराज खनालले बताए ।

यो मन्दिर कसले निर्माण गरेको हो कतै उल्लेख नभए पनि ५ सय वर्षअघि बंगालका शासकले जीर्णोद्धार गरेको इतिहास छ । यसअघि मन्दिरमा राजस्थानबाट मगाइएको ग्रेनाइटको छानो आधा लगाइएको थियो तर पुरातत्त्व विभागले मन्दिरले थाम्न नसक्ने जनाएपछि पित्तलको छानो लगाइएको छ । खनालका अनुसार पहिले मन्दिरको छानो झिँगटीको प्यागोडा शैलीको थियो । विसं १९९० को महाभूकम्पले क्षतिग्रस्त बनाएपछि गुम्बज शैलीमा निर्माण गरिएको थियो । त्यो छानो पनि ०४५ सालको भूकम्पले भत्काएपछि फेरि प्यागोडा शैलीको छानो लगाइएको थियो ।

पौराणिक कालमा सतीदेवीले शिवजीलाई मन पराए पनि दक्ष प्रजापतिले उनलाई मन नपराएपछि यज्ञस्थलमा आत्मदाह गरेकी थिइन् । आत्मदाह गरेको शरीर बोकेर आत्मविह्वल हुँदै शिवजी संसारभर डुल्दा विजयपुरको डाँडामा सतीदेवीको दाँत झरेको विश्वास गरिन्छ ।

**प्रदेश सरकार र स्थानीयद्वारा ३३ लाख ७६ हजार लगानी**

भारत, बंगलदेश, भुटानबाट समेत पूजाअर्चना गर्न आउने तीर्थयात्रीका लागि दन्तकाली मन्दिर प्रमुख शक्तिपीठ मानिन्छ । उक्त मन्दिर व्यवस्थापन गर्न सेनकालमा गोर्खाबाट पुजारी ल्याइएका थिए । खनालका अनुसार विसं १८५६ मा गीर्वाणयुद्ध विक्रम शाहले रामचन्द्र खनाल र उनका सहोदर भाइ तुलारामलाई दन्तकालीमा पूजा गर्न ताम्रपत्रसमेत दिएका थिए । तिनै खनालका सन्ततिको नवौं पुस्ताका रूपमा हालका खनाल त्यहाँ पुजारीका रूपमा रहेका छन् ।

मन्दिरको नाममा सुनसरीको साविक हासपोसा हाल इटहरी उपमहानगरपालिका, मोरङको भाथिगछ र झापाको गौरीगन्जस्थित ठेकितोलमा गुठी जग्गा रहेको खनालले बताए । उनले भने, 'तर ती गुठी जग्गा सबै रैकर गुठीमा परिणत भएका छन् । के कति जग्गा हो, त्यो सबै गुठीलाई मात्र थाहा छ ।'

ऐतिहासिक, पौराणिक मन्दिर भए पनि सरकारले संरक्षण सञ्चालनका लागि आर्थिक सहयोग नगरेको तर गुठीले वार्षिक ४० हजार रुपैयाँ मात्र दिने गरेकाले मन्दिर व्यवस्थापन गर्न मुस्किल भएको पनि उनले सुनाए ।

HIMALAYAN WHITEHOUSE INTERNATIONAL COLLEGE

कक्षा ११ मा भर्ना तथा छात्रवृत्तिबारे सूचना

प्लस टु पछि तपाईंको लक्ष्य Medicine वा Engineering नै हो भने कलेज छान्न सकस किन ?



Prominant faculty members of NAME at WhiteHouse College, Tinkune

**Physics**- Dipak Bhattarai I Gajendra Singh I Bijaya Upadhyay I Ram Tiwari I Milan Pandey I Santosh Thakur I SS Mandal
**Chemistry**- Amardip Pandit I Birendra Thapa I Mahesh Paudel I Binod kumar Yadav I Rajesh kumar Shah I Santosh Lamichhane
**Botany**- Ramsaran Dani I Keshav Raj Pokhrel I Dr. Basudev Pokhrel I K.K. Gupta I Kabir Pokhrel I Drona Pokhrel
**Zoology**- Dr. Milan Gaihre I Dr. nirajan Neupane I B.K Khatri I Kamal Nepal I Madhav Rijal
**Mathematics**- Yam Narayan Pokhrel I Pradip Bahadur Thapa I Er Saroj Uprety I Balkrishna Bhurtel

General Admission cum Super 40 Scholarship Test
Ashad 30 (15th July, 2019) I 2:00pm onwards

नेपालकै प्रसिद्ध संस्था NAME सँगको सहकार्यमा Entrance Preparation का सबै हस्ती Himalayan WhiteHouse International College मा मात्र ।

हाम्रो समूहले २ वर्ष मात्र होइन, तपाईंलाई लक्ष्यमा नपुगुन्जेल सहयोग गर्नेछ ।

HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32, Nepal
Tel.: 01-5199456 / 57 I 9801204300 / 301 / 302
Email: mailreply@whitehouse.edu.np
Website: www.whitehouse.edu.np

ONEPLUS

OnePlus 7
Go Beyond Speed




Camera
48 MP Dual Camera + OIS
UltraShot

Performance
Snapdragon 855
256 GB UFS3.0 + RAM Boost
Play while charging

Sound
Dual Speaker
Dolby Atmos

System
Zen Mode
Intelligent Clean
Screen Recorder

PRE-BOOK NOW
First 100 customers will get Anker 5000 mAh power bank free*

RAM 8GB | ROM 256 GB | MRP: Rs. 66,999

Insurance Partner:
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
1 year insurance*

Distributed By: iHub
i Hub Pvt. Ltd, Basant Marg-351, Babarmahal, Kathmandu, Nepal, 0977-9801016186, 9851244009, Authorized Service Center: Tamrakar Complex, 5th Floor, New Road, Kathmandu
Oliz Store, Basant Marg-351, Babarmahal. Opp. NTC Building, Kathmandu, Phone : 01-4230314, 01-5705246







नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १४३ बुटवल | २६ असार २०७६ बिहीबार आषाढ शुक्लपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, July 11, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


# सँगै चियापान, अनि गोली हानाहान

## चन्द समूहका ओखलढुंगा इन्चार्ज र एक प्रहरी जवान मारिए

■ **एलिसा श्रेष्ठ** (भोजपुर)

सदरमुकाम मुख्य बजारको पश्चिमतिर रहेको पान्धारे नामको होटलमा बुधबार बिहान सादा पोसाकका प्रहरी र चन्द समूहका जिल्ला नेता एउटै टेबुलमा बसेर चिया खाइरहेका थिए। दुवै जनाबीच पहिलेदेखि नै चिनजान थियो। भेट हुनासाथ हात मिलाए र चिया पिउन सुरु गरे। चन्द समूहका ओखलढुंगा जिल्ला इन्चार्ज नीरकुमार राई र सादा पोसाकका प्रहरी जवान सञ्जीव राई चियाको चुस्कीसँगै गफिँदै थिए।

प्रत्यक्षदर्शीका अनुसार नीरकुमार दुई दिनयता चिया पसलमा आउने/जाने गरिरहेका थिए। बुधबार पनि बिहानै आएर अरू मान्छेसँग 'हेलोहाई' गरिरहेका थिए। करिब साढे ८ बजे सञ्जीव आइपुगे। दुवैले 'दाइभाइ' को साइनो पनि लगाए। अभिवादन साटासाट गरे। सञ्जीव सुराकीका लागि चिया पसल छिरेका थिए। गफकै क्रममा नीरकुमारले सञ्जीवलाई भने, 'विप्लवको पार्टीमा लाग्यो भन्दैमा मलाई किन खेदो गर्छौ ? पार्टीमा लाग्नु आस्थाको कुरा हो।' सञ्जीवले सहज ढंगले उत्तर फर्काए, 'हामी दुवै राई भएकाले भाइभाइ हो। के गर्नु र ?'

सञ्जीवले यति भनेपछि नीरकुमार पिसाब गर्न जाने भन्दै पसलबाट निस्कन खोजे। सञ्जीवले नीरकुमारको पाखुरा समाते। 'गफ गरौं, तपाईं कहाँ जान लागेको ? अहिले नजानुस्, अरू साथी आउँदै छन्,' सञ्जीवको भनाइ उद्धृत गर्दै प्रत्यक्षदर्शीले कान्तिपुरलाई सुनाए। दुवै जनाबीच तानातान भयो। चन्द समूहका हतियार बोकेका कार्यकर्ता दगुर्दै होटल अघिल्तिर आए।

बाँकी पृष्ठ १२ ▸▸


प्रहरी र चन्द समूहका कार्यकर्ताबीच बुधबार गोली हानाहान भएको भोजपुर नगरपालिका-७ मा रहेको हाट क्षेत्र। *तस्बिर : अर्जुन बस्नेत/कान्तिपुर टेलिभिजन*

## प्रतिबन्धपछि चन्द समूहका ८ मारिए

काठमाडौं (कास)- सरकारले नेत्रविक्रम चन्द समूहलाई प्रतिबन्ध लगाएपछिको द्वन्द्वका क्रममा चन्द समूहका ८ नेता-कार्यकर्ता मारिएका छन्। चन्द समूहको आक्रमणमा एक सर्वसाधारण र एक प्रहरी जवानको पनि ज्यान गएको छ। पछिल्लोपल्ट बुधबार भोजपुरमा ओखलढुंगा इन्चार्ज नीरकुमार राई र प्रहरी जवान सञ्जीव राई मारिएका हुन्। भोजपुरमा दुई, सर्लाहीमा एक, काठमाडौं विस्फोटमा ५ गरी चन्द समूहका ८ जना मारिएका हुन्। काठमाडौं विस्फोटमा एक सर्वसाधारणको पनि ज्यान गएको थियो। प्रतिबन्धयताको अवधिमा दुई प्रहरीसहित ९ जना घाइते छन्।

नेकपा संसदीय दलको चैत ११ को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले चैत महिनाभित्र नेत्रविक्रम चन्द समूहलाई सरकारले निस्तेज पारिसक्ने दाबी गरेका थिए। प्रधानमन्त्रीको यस्तो दाबीपछिका चार महिनामा पटकपटक चन्द समूह र प्रहरीबीच देशका विभिन्न स्थानमा भिडन्तको अवस्था सिर्जना भएको देखिन्छ।

फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले चन्द समूहको गतिविधिमा प्रतिबन्ध लगाएपछि उक्त समूहका नेता तथा कार्यकर्तामाथि निगरानी बढाउन, सार्वजनिक रूपमा कार्यक्रम गर्न नदिन सुरक्षा निकायलाई परिचालन गरिएको थियो। सरकारी निर्णयपछि प्रहरीले देशैभर चन्द समूहका नेता तथा कार्यकर्ता पक्राउ तीव्र पारेको थियो।

१० चैतमा गृह मन्त्रालयले चन्द समूहलाई प्रत्यक्ष-परोक्ष सहयोग पुर्‍याउने व्यक्ति, संस्था वा समूहलाई समेत कारबाहीको दायरामा ल्याइने भन्दै सार्वजनिक सूचना जारी गरेको थियो।

बाँकी पृष्ठ १२ ▸▸

# 'परीक्षण नरोक्नू'

■ **राजु चौधरी** (काठमाडौं)



सीमामा विषादी परीक्षण रोक्ने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ।

न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले विषादी परीक्षण यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो। अब अदालतको अर्को आदेश नहुँदासम्म विषादी परीक्षण गरेर मात्र आयात गर्नुपर्नेछ। सरकारले असार २ गते राजपत्रमा प्रकाशित गरेर भन्सार बिन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण अनिवार्य गरेको थियो। यो कदमले भारतीय व्यवसायीलाई अप्ठ्यारो परेपछि असार १४ मा भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो। फलफूल तथा तरकारी रोकेको जनाउँदै भारतीय दूतावासले दबाब दिएपछि असार १८ गते परीक्षण गर्ने निर्णयबाट सरकार पछि हटेको थियो। सरकारले पर्याप्त प्रयोगशाला नभएका देखाउँदै आयातित तरकारी र फलफूलमा विषादी परीक्षण स्थगित गरेको हो। सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित स्वागत नेपाल र उपभोक्ता हित संरक्षण मञ्चले छुट्टाछुट्टै रिट दायर गरेका थिए।



न्यायाधीश भट्टराईको इजलासले गुणस्तरीय सेवा तथा वस्तुको अधिकारका साथै खाद्य, स्वास्थ्य र सुरक्षित मातृत्वको अधिकारसमेत यो निवेदनसँग सरोकार राख्ने प्रकृतिको रहेको भनेको छ। हानिकारक रसायन अनि अखाद्य पदार्थ नियन्त्रणबारे असार २ गतेको राजपत्रको सूचना जारी भएकामा दुई सातापछि त्यसलाई रोक्न गरिएको निर्णयबारे प्रश्न उठेको भन्दै त्यसबारे छलफल हुनुपर्ने भन्दै सर्वोच्च अदालतले दुवै पक्षलाई आगामी सोमबार छलफलका लागि झिकाएको छ।

'मुलुकी अपराध संहिता २०७४ को दफा १०७ ले हानिकारक रासायनिक पदार्थ वा अखाद्य पदार्थ बिक्री, वितरण पैठारीसमेतको कार्यलाई निषेधित आपराधिक कार्य मानेको अवस्थासमेत हुँदा यस सन्दर्भमा २०७६ असार २ को राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना विपरीत हुने गरी सोही मन्त्रीस्तरीयबाट २०७६ असार १८ मा गरिएको निर्णय संविधान र कानुनका यी समस्त व्यवस्थाहरूको के कति अनुकूल हुन्छ भन्ने प्रश्न उत्पन्न भएको छ,' आदेशमा भनिएको छ।

बाँकी पृष्ठ १६ ▸▸

# 'मलाई भनिएन'

'पछि मात्र थाहा भयो, त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ'



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी परीक्षण रोक्नका लागि भारतीय दूतावासले पठाएको पत्रबारे आफूलाई सरकारी निकायले 'अनभिज्ञ' राखेको बताएका छन्।

भारतीय दूतावासले विभिन्न संवाद गर्दै हिँडेको र पत्र पठाएको बारे २३ गते मात्र जानकारी प्राप्त गरेको प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन्।

'मलाई पछि मात्र थाहा भयो र त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ। त्यो कुराबाट पनि मलाई अनभिज्ञ नै राखियो। तसर्थ मेरो जानकारीमा नभएको हुनाले मैले पत्र आएको छैन भनें। तर २३ गते बेलुका मात्र मैले पत्र आएकोबारे जानकारी पाएँ। म त्यसबाट अत्यन्त दुखित छु,' प्रधानमन्त्री ओलीले बुधबार जनतासँग प्रधानमन्त्री कार्यक्रममा विषादी प्रकरणबारे स्पष्टीकरण दिँदै भने, 'र, मलाई जसले जानेर भ्रममा राख्यो वा अन्जानमा बताउन भुल्यो, जेसुकै होस्, मसँग त्यो कुरा आएन र मैले प्रधानमन्त्रीको हैसियतमा त्यो जानकारी पाउनुपर्थ्यो। एउटा यथार्थ मबाट लुकेको रहेछ।'

प्रधानमन्त्रीको यो अभिव्यक्तिले मुलुकको कार्यकारी व्यक्ति नै कति गुमराहमा छन् भन्ने प्रश्न उब्जिएको छ। प्रधानमन्त्री ओलीले २१ गते नेकपाको संसदीय दलमा 'कस्तो पत्र कसले पठाएको पत्र ?' भन्दै सांसदहरूमाथि आक्रोश पोखेका थिए। उनले पत्रै नआएको दाबी गरेका थिए। प्रधानमन्त्री ओलीले त्यसो भनेको दुई दिनपछि (२३ गते) भारतीय दूतावासले असार १४ मा नै परराष्ट्र मन्त्रालयलाई सम्बोधन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय र खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई बोधार्थ दिँदै लेखेको पत्र सार्वजनिक भएको थियो। प्रधानमन्त्री ओलीले आफूबाट लुकेको कुरा थाहा नपाउँदा जे हो त्यही अभिव्यक्ति दिएको बताए।

बाँकी पृष्ठ १६ ▸▸

# घोडा नचढे जरिवाना


हिमालपारिको जिल्ला मनाङको मनाङ गाउँमा यार्तुङ पर्वमा घोडा दौडाउँदै युवा। *तस्बिर सौजन्य : विनायक जय मल्ल*

■ **आश गुरुङ** (लमजुङ)

माथिल्लो मनाङमा मोटरबाटो नपुग्दासम्म स्थानीयको सवारीसाधन घोडा थियो। बाटो बिस्तार सुरु भएयता मनाङीले घोडा बेच्दै मोटरसाइकल किन्न थाले।

यसको असर मनाङ गाउँ र टंकीले मिलेर मनाउने परम्परागत यार्तुङ पर्वमा पर्‍यो। घोडा दौड गरेर मनाइने यो पर्वका सहभागी घटे। यसपटक दुवै गाउँका अगुवाले जरिवानाको नियम बनाए। 'यार्तुङमा सहभागी नहुनेलाई तीन हजार रुपैयाँ जरिवाना तोकिएको थियो,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'पर्वमा युवा सहभागिता अनिवार्य होस् भन्नका लागि जरिवानाको नियम बनाइएको हो।'

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने दुवै गाउँले मिलेर मनाउँदै आएको यार्तुङ हिमाल पारिका जिल्लाको ठूलो पर्व हो। मनाङीका अनुसार तिब्बती भाषामा 'यार' को अर्थ बर्खा र 'तो' को घोडा हुन्छ। 'यार्तो' बाट अपभ्रंश भएर 'यार्तुङ' रहन गएको मानिन्छ। बर्खायाममा मनाइने पर्व कृषि कर्ममा हुने दुःख र परिश्रमका थकान मेटाउनका लागि भएको स्थानीय बताउँछन्।

यसपटक गाउँका अधिकांश युवा यार्तुङमा सहभागी भएर पाँच दिनसम्म घोडा दौडाए। १६ देखि ५५ वर्ष उमेर समूहका पुरुषले घोडा दौडाएका थिए। शनिबार सुरु भएको यार्तुङ बुधबार सम्पन्न भएको छ। यसपटक करिब सय जनाले घोडा दौडाएको गुरुङले बताए।

मनाङमा घोडा दौडाउन यस पटक पर्यटकीय पदमार्ग ५ हजार १६ मिटरको थोराङला भन्ज्याङ पास गरेर मुस्ताङबाट १३ जना युवा पुगेका थिए। 'छिमेकी जिल्लाबाट पनि घोडा लिएर आएको देखेर यहाँका युवा हौसिए। यार्तुङ निकै रोमाञ्चक बन्यो,' उनले भने। मुस्ताङीले खादामा पैसा बाँधेर भुइँमा राखेर घोडा दौडाई टिपेका थिए।

बाँकी पृष्ठ १६ ▸▸







# नसुन्ने विद्यार्थी मर्कामा

'धेरै बस हुइँकिन्छन् । रोक्दैनन्, चढाइहाले दुर्व्यवहार गर्छन् ।'




भैरहवास्थित बहिरा बाल माध्यमिक विद्यालयका विद्यार्थी नयाँ बस पाएपछि खुसी हुँदै । *तस्बिर : अमृता/कान्तिपुर*

■ **अमृता अनमोल** (बुटवल)

कक्षा ८ मा अध्ययनरत यहाँकी एलिना खातुन बोल्न र सुन्न सक्दिनन् । सांकेतिक भाषामा पढ्न नजिकमा विद्यालय छैन । भैरहवास्थित बहिरा बाल माविमा जानुपर्छ । २५ किलोमिटर टाढा आउजाउ गर्न कठिन छ । सरकारले यस्ता विद्यार्थीलाई निःशुल्क यातायात सेवा दिनुपर्ने नियम बनाएको छ । यस्तो नियमका कारण सार्वजनिक बसमा उनीहरूलाई चढाउन मान्दैनन् । 'धेरै बस हुइँकिन्छन् । रोक्दैनन्,' उनले भनिन्, 'चढाइहाले दुर्व्यवहार गर्छन् ।'

शंकरनगरकी मीना शर्मा कक्षा ९ की विद्यार्थी हुन् । दैनिक विद्यालय आउजाउ गर्छिन् । 'भरसक बस रोक्दैनन् । सिटमा बस्न त कहिल्यै पाउँदैनौं,' उनले भनिन्, 'उभिन सबैभन्दा कुनोमा जानुपर्छ । त्यसो गर्दा सहचालक रिसाउँछन् ।' सुस्त श्रवणशक्तिकालाई सार्वजनिक यातायातका साधन प्रयोगमा पूर्ण छुट छ । अनुगमन नगर्दा त्यो पूर्ण कार्यान्वयनमा आउन सकेको छैन । यसको मारमा श्रवण शक्ति कमजोर रहेका विद्यार्थी परेका छन् । मीना र खातुनजस्ता ८४ जना यस्ता विद्यार्थी पढ्नैका लागि दैनिक बुटवल-भैरहवा आउजाउ गर्छन् । उनीहरू सबैलाई सधैं सवारी साधनको समस्या पर्छ । तर्क गर्न सक्ने विद्यार्थीले सांकेतिक रूपमा तर्क गर्छन् । नसक्ने भाडा दिएरै आउजाउ गरेका हुन्छन् ।

बुटवलबाहिरका रुटमा भाडा समस्या अझ धेरै छ । भाडा छुट मागे सहचालकहरूले बीच बाटोमै झारी दिन्छन् । विपन्न परिवारका बालबालिकालाई दैनिक भाडा तिरेर आउजाउ गर्न पनि समस्या छ । यही समस्याका कारण घरबाट आउजाउ गर्न सक्ने धेरै श्रवण शक्ति कमजोर विद्यार्थी विद्यालयकै आवास गृहमा बस्न बाध्य छन् ।

भैरहवास्थित बहिरा बाल माविमा २६ जिल्लाका १ सय ८९ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयकी प्रधानाध्यापक दिलमाया थापाले समस्या नै भए पनि सबै विद्यार्थीलाई आवास सुविधा दिन नसकिने बताउँछिन् । पश्चिम नेपाल बस व्यवसायी संघ (प्रालि) का उपाध्यक्ष जीवनकुमार बन्जाडे आफू मातहतका बसमा छुट दिन आग्रह गरेको बताए । तर, एकैपटक धेरै त्यस्ता विद्यार्थी चढ्दा समस्या हुने भएकाले बाँडिएर बस्न उनले आग्रह गरे ।

पछिल्लो पटक कम्पनीमार्फत धेरै बस सञ्चालन भएका छन् । उनीहरूले भने छुट नै दिँदैनन् । श्रवण शक्ति कमजोर विद्यार्थी कल्पना ढकालले छुट माग्दा सरकारसित माग भनेर हप्काउने गरेको बताइन् ।

**प्रदेशले दियो स्कुल बस**

श्रवण शक्ति कमजोर विद्यार्थीलाई विद्यालय आउजाउमै समस्या परेपछि विद्यालयले १० वर्ष अघिदेखि विभिन्न सरकारी र गैरसरकारी निकायसँग सवारी साधन माग गरेको थियो । विद्यालयको मागअनुसार अहिले प्रदेशको सामाजिक विकास मन्त्रालयले बस उपलब्ध गराएको छ । मंगलबार प्रदेशका सामाजिक विकास मन्त्री सुदर्शन बरालले विद्यालय व्यवस्थापन समितिलाई स्कुल बस हस्तान्तरण गरे । अब बुटवल रुटका विद्यार्थी विद्यालयकै बसमा आउजाउ गर्ने छन् । अन्य क्षेत्रबाट आउनेका विद्यार्थीका लागि भने समस्या उस्तै हुनेछ । त्यसमा के गर्ने ? सामाजिक विकास मन्त्री बरालले बस व्यवसायीहरूसँग छुटको प्रावधानलाई लागू गर्न निर्देशन दिने बताए ।

प्रदेश ५ मा सुस्त श्रवण शक्ति भएका विद्यार्थीहरू पढ्ने ५१ वटा विद्यालय छन् । अन्य विद्यालयमा पनि त्यस्ता विद्यार्थी आउजाउमा यातायातको समस्या छ । आगामी वर्ष माग र आवश्यकताका आधारमा ती विद्यालयमा पनि सहयोग गर्ने मन्त्री बरालले बताए । '६/७ जना विद्यार्थी राखेर पनि सुस्त श्रवणका विद्यालय सञ्चालन भएका छन्,' उनले भने, 'त्यस्ता विद्यालयलाई भने गाभेर नयाँ उत्कृष्ट विद्यालय निर्माण गर्ने योजना बनाएका छौं ।'

## उपभोक्ता सचेत नहुँदा ठगिँदै

पाल्पा (कास)- बजारमा वस्तु तथा सेवा उपभोग गर्दा उपभोक्ता सचेत नभएकाले ठगिएका छन् । तानसेन नगरपालिकाले मंगलबार राखेको उपभोक्ता अधिकार र उद्योगी तथा व्यवसायीको दायित्व विषय अन्तर्क्रियामा सहभागीले यस्तो बताएका हुन् ।

उनीहरूले उपभोक्ताले नै वस्तु तथा सेवाका विषयमा जानकारी नलिएकाले ठगिनुपरेको बताए । बजारमा सामान खरिद गर्दा मूल्य सूची नहुनु, पसलैपिच्छे फरक मूल्य हुनु, फेन्सी पसलको मनोमानी मूल्य, विद्युतीयलगायत अन्य सामग्रीमा मूल्य नराखिनुमा उपभोक्ता बढी ठगिने गरेका हुन् । अधिवक्ता शृङ्ऋषि काफ्लेले उपभोक्ता आफैं पनि सचेत हुन नसक्दा बजारमा मनोमानी बढेको बताए । 'पसलमा सामान किन्न जाँदा पसलैपिच्छे फरक मूल्य पाइन्छ,' उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सचिवसमेत रहेका उनले भने, 'यस विषयमा उपभोक्ताबाट आवाज उठाउनुपर्छ ।'

पाएको कानुनी अधिकार प्रयोग गरेर भए पनि यस्ता विषयमा बोल्न सक्यो भने मूल्य सूची पनि सही तवरबाट राख्न व्यापारी बाध्य हुने उनले बताए । तानसेन नगरपालिका प्रमुख अशोककुमार शाहीले बजारको मूल्यलगायत वस्तु तथा सेवाका विषयमा उपभोक्ता आफैं सचेत हुन सक्नुपर्ने बताए । उपभोक्ता अधिकार र उद्योगी तथा व्यवसायीहरूको दायित्व विषयक प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै नगर प्रमुख शाहीले गुणस्तरहीन सामग्री उपयोगले मानव स्वास्थ्य र मानव जीवनलाई समेत असर गर्ने बताए । वस्तु तथा सेवा गुणस्तरको हो कि होइन बुझ्ने, बिल माग्ने, उपभोग्य मिति हेर्ने, अधिकतम खुद्रा मूल्यभन्दा बढी लिएको छ कि हेर्ने गर्नुपर्नेमा उनले जोड दिए ।

उपभोक्ताहरूले अधिकार उपयोग गर्दै कर्तव्य पालना गर्नुपर्ने उपप्रमुख लक्ष्मीदेवी पाठकले बताइन् । व्यवसायी उपभोक्ता कम र व्यवसायी बढी भएर प्रस्तुत हुँदा समस्या आएको उनले बताइन् । जिल्लामा अनुगमन गर्ने निकाय र उपभोक्ता हितका सवालमा काम गर्नेहरूका बीचमा समन्वय, सहकार्य हुनुपर्ने उनले सुनाइन् । उद्योग वाणिज्य संघका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले नगरपालिकाले पाएको अधिकार प्रयोग गर्दै अनुगमन गर्नुपर्नेमा जोड दिए ।

## पुल जोखिममा

बर्दिया (कास)- कर्णाली नदीले धार परिवर्तन गरेपछि राजापुरलाई कैलालीसित जोड्ने पुल जोखिममा परेको छ । पुल बचाउन गरिएको तटबन्ध भासिन थालेको छ । बाढी आउनासाथ तटबन्ध बगाउने खतरा छ । नदीले कटान गरेपछि सडकसमेत बगाउने राजापुर नगरपालिकाका प्रमुख शिवप्रसाद चौधरीले बताए ।

पुलको लम्बाइ कम भएकाले पूर्वतर्फ कटान भइरहेको छ । पुल जोगाउन प्राविधिक टोलीले एक वर्षअघि थप एक पिलर (स्पान) निर्माण गर्नुपर्ने उल्लेख गरेर केन्द्रमा प्रतिवेदन पेस गरेको थियो । हुलाकी सडक आयोजनाले पुल निर्माण थालेको हो । यसलाई जोगाउन थप पिलर निर्माणका लागि २ करोड रुपैयाँ केन्द्रसँग माग गरेको थियो । एक वर्ष बितिसक्दा पनि बजेट निकासा भएको छैन । अतिरिक्त पिलर निर्माण नगरे पुल बग्ने चेतावनी आयोजनाले दिएको छ ।

आयोजना प्रमुख युवराज पोखरेलले थप एक पिलर निर्माणका लागि बजेट निकासा नभएको बताए । 'हुलाकी आयोजना निर्देशनालयबाट यसबारे कुनै प्रतिक्रिया आएको छैन,' उनले भने, 'पुल जोगाउन निर्माण गरिएको ग्याबिन भासिँदै गएको छ ।' कालिका-शर्मा-रसुवा जेभी निर्माण कम्पनीले करिब ४६ करोड रुपैयाँ लगानीमा ५ सय ३१ मिटर लामो उक्त पुल निर्माण गरेको थियो । २ वर्षअघि निर्माण भए पनि हस्तान्तरण भएको छैन ।

## पूर्ण सरसफाइ उन्मुख गाउँ घोषणा

रुकुम पूर्व (कास)- भूमे गाउँपालिका-३ का सीमा र मोराबाङलाई जिल्लामै पहिलो पूर्ण सरसफाइ उन्मुख गाउँ घोषणा गरिएको हो । गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरले बुधबार सांकेतिक रूपमा साबुनपानीले हात धोएर सीमा र मोराबाङलाई पूर्ण सरसफाइ उन्मुख गाउँ घोषणा गरे । वडा ३ मा संचालित खानेपानी, सरसफाइ तथा स्वच्छता रणनीतिक कार्ययोजनाअन्तर्गत दुई गाउँलाई पूर्ण सरसफाइ उन्मुख गाउँ घोषणा गरिएको हो ।

भूमेका ९ वटै वडामा गाउँपालिकाको आर्थिक सहयोग तथा रुकुमेली समाज विकास केन्द्रको सहजीकरणमा खानेपानी, सरसफाइ तथा रणनीतिक कार्ययोजना कार्यान्वन भइरहेको छ । पूर्ण सरसफाइका ७ वटा सूचक पूरा भएपछि यी दुई गाउँलाई पूर्ण सरसफाइ उन्मुख गाउँ घोषणा गरिएको हो । ९० प्रतिशत सूचक पूरा भएपछि पूर्ण सरसफाइ उन्मुख घोषणा गर्नुपर्ने कार्यविधि भए पनि सीमा र मोराबाङ गाउँमा भने ९३ प्रतिशत पूर्ण सरसफाइका सूचक पूरा भएको सरसफाइ अधिकृत संगम देवकोटाले बताए ।

पूर्ण सरसफाइ उन्मुख गाउँ घोषणाका लागि योजना तथा व्यवस्थापन, चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ पूरा भएको हुनुपर्छ । यसैगरी, सुरक्षित पानीमा पहुँच तथा प्रयोग, सुरक्षित खानाको प्रयोग, घरायसी एवं संस्थागत सरसफाइ र वातावरणीय सरसफाइ पूर्ण भएको हुनुपर्छ । सीमामा १ सय ४० घरधुरी छन् भने मोराबाङमा ८६ घरधुरी छन् । पूर्ण सरसफाइ उन्मुख घोषणापछि वडा ३ का वडाध्यक्ष दिलमान रोकाले स्थानीयवासीका तर्फबाट यसको कार्यान्वयन र निरन्तरताका लागि ७ बुँदे प्रतिबद्धता व्यक्त गरेका छन् ।

सिंगो भूमे गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउन रणनीतिक योजना बनाएर लागिपरेको गाउँपालिका अध्यक्ष बुढाले बताए । 'रणनीति तथा कार्यक्रम बनाएर नै हामी लागिपरेका छौं,' उनले भने, 'मानव स्वास्थ्य र सभ्यताका लागि पनि पूर्ण सरसफाइमा जोड दिएका हौं ।'

## हस्ताक्षर अभियान

पाल्पा (कास)- राष्ट्रिय जनमुक्ति पार्टीले भ्रष्टाचारविरुद्ध राष्ट्रिय अभियानका लागि हस्ताक्षर अभियान सञ्चालन गरेको छ । अभियानको जिल्ला समापन कार्यक्रममा मंगलबार पार्टीका उपमहासचिव टोप अस्लामीले भ्रष्टाचार छानबिनका लागि नागरिक आयोग गठन हुनुपर्ने बताए । उनले विगतदेखिकै भ्रष्टाचारीहरूको सम्पत्ति छानबिनका लागि नागरिक आयोग गठन गर्न दबाब दिनका लागि हस्ताक्षर अभियान चलाएको बताए ।

'पार्टीले अगाडि सारेको भ्रष्टाचारविरुद्ध राष्ट्रिय अभियानलाई नागरिक समाज, अन्य राजनीतिक दलले पनि साथ दिनुपर्छ,' उनले भने । पञ्चायतदेखि अहिलेसम्मको उच्चपदस्थहरूको सम्पत्ति छानबिन हुनुपर्नेमा उनले जोड दिए । हस्ताक्षर अभियानका प्रदेश ५ संयोजक होमाया गुरुङले भ्रष्टाचारीको सम्पत्ति राष्ट्रीयकरण गर्न संवैधानिक व्यवस्था हुनुपर्ने र भ्रष्टाचारीलाई देशद्रोही घोषणा गर्नुपर्ने बताइन् । प्रदेश ५ का अध्यक्ष झमबहादुर गुरुङले भ्रष्टाचार र भ्रष्टाचारीको छानबिनका लागि स्वायत्त नागरिक छानबिन आयोग हुनुपर्नेमा जोड दिए ।

## उपमहानगरद्वारा करको दायरा वृद्धि

नेपालगन्ज (कास)- नेपालगन्ज उपमहानगरले आर्थिक वर्ष ०७६/७७ का लागि करको दरमा परिमार्जन गरेको छ । नगरसभाले आर्थिक विधेयकलगायत अन्य विधेयक पारित गरेको छ । उपप्रमुख उमा थापामगरले हरेक वर्ष करको दायरा बढाउँदा असन्तुष्टि बढ्ने भएकाले सामान्य हेरफेर गरिएको बताइन् । यसपटक कर वृद्धि नगरी दायरा फराकिलो पारिएको र वैज्ञानिक तरिकाले निर्धारण गर्ने प्रयास गरिएको उनले बताइन् ।

वातावरणमैत्री, महिलाले र साना उद्यमीले सञ्चालन गर्ने उद्योगका लागि कर घटाइएको छ । नगरभित्रका सुर्ति उद्योगका लागि ४ सय प्रतिशतले कर वृद्धि गरिएको हो । चालु वर्ष ०७५/७६ मा त्यस्ता उद्योगमा वार्षिक कर ७ हजार ५ सय रुपैयाँ लगाउँदै आएकामा आगामी वर्ष ४ सय प्रतिशत वृद्धि गरेर ३० हजार रुपैयाँ पुऱ्याइएको छ । तम्बाखुजस्ता स्वास्थ्यका लागि हानिकारक मानिने वस्तुको उत्पादनलाई निरुत्साहित गर्ने नीतिसहित कर वृद्धि गरिएको उपमहानगरले जनाएको छ ।

खुद्रा सुर्तीजन्य पदार्थको बिक्रीवितरण गर्ने र पान पसलको हकमा भने कर यथावत् छ । खुद्रा पसलले वार्षिक २ हजार ५ सय रुपैयाँ कर बुझाउँदै आएका छन् । सम्पत्ति कर र शिक्षा क्षेत्रमा लाग्ने करमा हेरफेर गरिएको छ । प्राविधिक शिक्षालयमा १५ हजार रुपैयाँ वार्षिक कर लाग्दै आएकामा त्यसलाई वृद्धि गरेर २५ हजार रुपैयाँ पुऱ्याइएको छ । काठ मिलमा लाग्ने कर दोब्बर गरिएको छ । त्यस्ता मिललाई ७ हजार ५ सयबाट वृद्धि गरेर १५ हजार रुपैयाँ लगाउने निर्णय गरिएको छ ।

कंक्रिट, हलोब्लकजस्ता उद्योगका लागि १५ हजार रुपैयाँ पुऱ्याइएको छ । तम्बाखुलगायतका उद्योगलाई निरुत्साहित गरेको उपमहानगरपालिकाले सिलाइ मेसिन भएकालाई निश्चित संख्याका आधारमा कर छुट र अन्य उद्योग सिफारिस गर्दाको हकमा करको दायरा घटाएको छ । 'थोरै कुरामा वृद्धि भएको छ तर त्यसबाहेक अन्य कुरामा जनतालाई मर्का नपर्ने गरी वैज्ञानिक तरिकाले कर परिमार्जन गरिएको छ,' उपप्रमुख थापामगरले भनिन्, 'जनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकाले तम्बाखुजस्ता उद्योगमा कर वृद्धि गर्ने निर्णय भएको छ ।'

## आपतकालीन केन्द्र स्थापना

प्यूठान (कास)- विपद् व्यवस्थापनका लागि आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिएको छ । प्राकृतिक प्रकोप र अन्य विपत्तिका बेला तत्काल उद्धार, राहतलगायतका काम गर्न जिल्ला प्रशासन कार्यालय प्यूठानमा केन्द्र स्थापना गरिएको हो । केन्द्रले मंगलबारबाट कामको शुभारम्भ गरेको छ । केन्द्र स्थापनाले जिल्लामा आइपर्ने प्रकोप व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

चौबीसै घण्टा सेवा संचालनका लागि प्रदेश सरकारद्वारा उपलब्ध कर्मचारी र नेपाल प्रहरी, सशस्त्र प्रहरीका जवान खटिएका छन् । प्राकृतिक प्रकोप र महामारीका घटनापछि रोकथाम, क्षति न्यूनीकरण, पुनःस्थापना, स्थानान्तरणलगायत कार्यलाई प्रभावकारी बनाउन केन्द्रले सहयोग पुऱ्याउने प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले बताए । प्रदेश सरकारबाट प्रशासनलाई उद्धार सामग्री खरिद गर्न उपलब्ध गराएको ५ लाख रुपैयाँले उद्धारका सामान किनेर तयारी अवस्थामा राखिएको छ । केन्द्रमा पूर्वसूचना दिने संयन्त्रसमेत सञ्चालनमा ल्याइएको छ ।





जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रमा रहेको उद्धार सामग्री देखाउँदै प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रे । *तस्बिर : गिरुप्रसाद भण्डारी/कान्तिपुर*

केन्द्र स्थापनाले जिल्लामा आइपर्ने प्रकोप व्यवस्थापन, जनधनको क्षति न्यूनीकरण र मानवीय सहायता उपलब्ध गर्न योगदान मिल्ने अपेक्षा गरिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्यूठानका सभापति गुमानराज पुलामीले बताए । केन्द्रले जिल्लाभरबाट एकीकृत रूपमा सूचना संकलन गरी जिल्लामा आपतकालीन अवस्थामा निर्वाह गर्नुपर्ने खोज, उद्धार, राहतसहितको कार्ययोजना निर्माणलगायत त्यससम्बन्धी आवश्यक कार्य गर्न सहयोग पुग्नेछ ।

केन्द्रमा ३० प्रकारका विभिन्न उद्धार सामग्री राखिएका छन् । पूर्वसूचना उपलब्ध गराउने, तत्काल उद्धारका लागि टोली परिचालनमा समन्वय गर्ने, रिपोर्टिङ गर्ने, रेकर्ड राख्नेलगायत कार्य सञ्चालन हुने प्रजिअ गैह्रेले बताए । प्रशासनकै अगुवाइमा जिल्लामा विपद् पूर्वतयारी प्रतिकार योजनासमेत बनाइएको छ । योजनाअनुसार जिल्लामा रहेका १२ प्रहरी चौकीबाट ५/५ जना, ६ वटा इलाका प्रहरी कार्यालयबाट ७/७ जना, जिल्ला प्रहरी कार्यालयबाट २५ जना विपद्मा खटिनेछन् ।







### तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | वैभव प्राप्ति | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकांक्षा पूर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | द्विविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | कान्ति क्षय | मीन | आलस्यता |

### भोलिको पात्रो

विक्रम संवत् २०७६ साल असार २७ गते शुक्रबार तदनुरुप १२ जुलाइ २०१९ असार शुक्लपक्ष एकादशी तिथि रात्रिको २:१७ बजेसम्म उप्रान्त द्वादशी तिथि, विशाखा नक्षत्र दिनको ६:३८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, साध्य योग प्रातः ९:४९ बजेसम्म उप्रान्त शुभ योग, भद्रा करण रात्रिको २:१७ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:४५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

### कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

### रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

### अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१९८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१९८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०१२३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१९८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१९८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७००८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अञ्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

### प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

### शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# सञ्चालन भएन विषादी प्रयोगशाला

■ सम्झना रसाइली (तनहुँ)

तरकारीको विषादी परीक्षण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुंगामा स्थापना गरेका विषादी मापन प्रयोगशाला सञ्चालनमा आउनै सकेका छैनन् ।

गत वैशाख ७ गते आँबुखैरेनी गाउँपालिका-३ तनहुँ र चैत १५ गते स्याङ्जाको मालुंगा रामदीमा प्रयोगशाला कार्यालय स्थापना गरी उद्घाटन गरिएको थियो । आवश्यक पूर्वाधार, मेसिन र विषादी मापन गर्न आवश्यक पर्ने रसायनको व्यवस्था नगरी उद्घाटन गरिएका कार्यालयमा अहिले बोर्ड झुन्ड्याउनेबाहेक कुनै काम हुन सकेको छैन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत तरकारीको पकेट क्षेत्रका रूपमा विकास गरिएको आँबुखैरेनी गाउँपालिका प्रदेशको प्रवेश नाका हो । प्रयोगशालाका विषयमा भने स्थानीय सरकार र कृषकसमेत जानकार छैनन् ।

आँबुखैरेनी-२ मार्किचोक तिलबारीमा व्यावसायिक तरकारी खेती गर्दै आएका तुलबहादुर गुरुङ

### अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएका छैनन्

भन्छन्, 'गाउँपालिकाभित्र प्रदेश सरकारले प्रयोगशाला स्थापना गरेको सुनेको छु तर सञ्चालनमा आएको छ/छैन थाहा छैन, हामी पनि सेवा लिन गएका छैनौं ।'

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले पनि प्रयोगशाला सञ्चालनबारे अनभिज्ञता जनाए । 'प्रदेश सरकारले खोलेको प्रयोगशाला के-कसरी सञ्चालन गरिँदै छ, कुनै जानकारी छैन,' उनले भने ।

प्रदेश सरकारले नाकाबाट भित्रिने तरकारी तथा फलफूल र पशुपन्छीको रोगसमेत परीक्षण गर्ने नीतिसहित प्रयोगशाला खोलेको थियो । भाडाका तीनवटा कोठामा बोर्ड झुन्डयाएर राख्नेबाहेक उपलब्धि भएको छैन । उदघाटनपछि गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानकी छोरी रजनी चुमान कार्यालय सहायकका रूपमा कार्यरत छिन् । 'प्रयोगशालाका लागि आवश्यक पर्ने रसायन ल्याइएको छ तर परीक्षणका लागि आवश्यक पर्ने ल्याब आउन बाँकी छ,' उनले भनिन् ।

प्रयोगशालाका लागि अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएको छैन । नयाँ बजेटले ल्याब, केमिकलका साथै प्रयोगशाला सञ्चालनमा ल्याउन आवश्यक पर्ने सामग्री खरिद तथा व्यवस्थापन गरिने कार्यालय सहायक चुमानले बताइन् ।

आँबुखैरेनी गाउँपालिकाको कृषि एकाइका प्रमुख खितकुमार श्रेष्ठ भन्छन्, 'प्रदेश सरकारले प्रयोगशाला सञ्चालनमा ल्याउने भन्दै तामझामसाथ कार्यालय उद्घाटन त गर्‍यो तर कहिलेबाट सञ्चालनमा आउँछ, कुनै ठेगाना छैन ।'

# दन्तकाली मन्दिरमा पित्तलको छानो

सुनसरी (कास)- विजयपुर-१४ स्थित शक्तिपीठ मानिएको दन्तकाली मन्दिरमा पित्तलको छानो लगाउने काम अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारको ३० लाख रुपैयाँ र स्थानीयबाट ३ लाख ७६ हजार रुपैयाँ गरी ३३ लाख ७६ हजारमा छानो लगाइएको दन्तकाली मन्दिर व्यवस्थापन समितिका सचिव पुजारी विश्वराज खनालले बताए ।

यो मन्दिर कसले निर्माण गरेको हो कतै उल्लेख नभए पनि ५ सय वर्षअघि बंगालका शासकले जीर्णोद्धार गरेको इतिहास छ । यसअघि मन्दिरमा राजस्थानबाट मगाइएको ग्रेनाइटको छानो आधा लगाइएको थियो तर पुरातत्त्व विभागले मन्दिरले थाम्न नसक्ने जनाएपछि पित्तलको छानो लगाइएको छ । खनालका अनुसार पहिले मन्दिरको छानो झिँगटीको प्यागोडा शैलीको थियो । विसं १९९० को महाभूकम्पले क्षतिग्रस्त बनाएपछि गुम्बज शैलीमा निर्माण गरिएको थियो । त्यो छानो पनि ०४५ सालको भूकम्पले भत्काएपछि फेरि प्यागोडा शैलीको छानो लगाइएको थियो ।

पौराणिक कालमा सतीदेवीले शिवजीलाई मन पराए पनि दक्ष प्रजापतिले उनलाई मन नपराएपछि यज्ञस्थलमा आत्मदाह गरेकी थिइन् । आत्मदाह गरेको शरीर बोकेर आत्मविह्वल हुँदै शिवजी संसारभर

### प्रदेश सरकार र स्थानीयद्वारा ३३ लाख ७६ हजार लगानी

डुल्दा विजयपुरको डाँडामा सतीदेवीको दाँत झरेको विश्वास गरिन्छ ।

भारत, बंगलदेश, भुटानबाट समेत पूजाअर्चना गर्न आउने तीर्थयात्रीका लागि दन्तकाली मन्दिर प्रमुख शक्तिपीठ मानिन्छ । उक्त मन्दिर व्यवस्थापन गर्न सेनकालमा गोर्खाबाट पुजारी ल्याइएका थिए । खनालका अनुसार विसं १८५६ मा गीर्वाणयुद्ध विक्रम शाहले रामचन्द्र खनाल र उनका सहोदर भाइ तुलारामलाई दन्तकालीमा पूजा गर्न ताम्रपत्रसमेत दिएका थिए । तिनै खनालका सन्ततिको नवौं पुस्ताका रूपमा हालका खनाल त्यहाँ पुजारीका रूपमा रहेका छन् ।

मन्दिरको नाममा सुनसरीको साविक हासपोसा हाल इटहरी उपमहानगरपालिका, मोरङको भाथिगछ र झापाको गौरीगन्जस्थित ठेकितोलमा गुठी जग्गा रहेको खनालले बताए । उनले भने, 'तर ती गुठी जग्गा सबै रैकर गुठीमा परिणत भएका छन् । के कति जग्गा हो, त्यो सबै गुठीलाई मात्र थाहा छ ।'

ऐतिहासिक, पौराणिक मन्दिर भए पनि सरकारले संरक्षण सञ्चालनका लागि आर्थिक सहयोग नगरेको तर गुठीले वार्षिक ४० हजार रुपैयाँ मात्र दिने गरेकाले मन्दिर व्यवस्थापन गर्न मुस्किल भएको पनि उनले सुनाए ।

HIMALAYAN WHITEHOUSE INTERNATIONAL COLLEGE

कक्षा ११ मा भर्ना तथा छात्रवृत्तिबारे सूचना

प्लस टु
पछि तपाईंको लक्ष्य
Medicine वा Engineering
नै हो भने कलेज छान्न
सकस किन ?



Prominant faculty members of NAME at WhiteHouse College, Tinkune

Physics- Dipak Bhattarai I Gajendra Singh I Bijaya Upadhyay I Ram Tiwari I Milan Pandey I Santosh Thakur I SS Mandal
Chemistry- Amardip Pandit I Birendra Thapa I Mahesh Paudel I Binod kumar Yadav I Rajesh kumar Shah I Santosh Lamichhane
Botany- Ramsaran Dani I Keshav Raj Pokhrel I Dr. Basudev Pokhrel I K.K. Gupta I Kabir Pokhrel I Drona Pokhrel
Zoology- Dr. Milan Gaihre I Dr. nirajan Neupane I B.K Khatri I Kamal Nepal I Madhav Rijal
Mathematics- Yam Narayan Pokhrel I Pradip Bahadur Thapa I Er Saroj Uprety I Balkrishna Bhurtel

General Admission cum Super 40 Scholarship Test
Ashad 30 (15th July, 2019) I 2:00pm onwards

नेपालकै प्रसिद्ध संस्था NAME सँगको सहकार्यमा Entrance Preparation का सबै हस्ती Himalayan WhiteHouse International College मा मात्र ।

हाम्रो समूहले २ वर्ष मात्र होइन, तपाईंलाई लक्ष्यमा नपुगुन्जेल सहयोग गर्नेछ ।

HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32, Nepal
Tel.: 01-5199456 / 57 I 9801204300 / 301 / 302
Email: mailreply@whitehouse.edu.np
Website: www.whitehouse.edu.np

ONEPLUS

OnePlus 7
Go Beyond Speed




Camera
48 MP Dual Camera + OIS
UltraShot

Performance
Snapdragon 855
256 GB UFS3.0 + RAM Boost
Play while charging

Sound
Dual Speaker
Dolby Atmos

System
Zen Mode
Intelligent Clean
Screen Recorder

PRE-BOOK NOW
First 100 customers will get Anker 5000 mAh power bank free*

RAM 8GB | ROM 256 GB | MRP: Rs. 66,999

Insurance Partner:
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
1 year insurance*

Distributed By:
iHub
i Hub Pvt. Ltd, Basant Marg-351, Babarmahal, Kathmandu, Nepal, 0977-9801016186, 9851244009, Authorized Service Center: Tamrakar Complex, 5th Floor, New Road, Kathmandu
Oliz Store, Basant Marg-351, Babarmahal. Opp. NTC Building, Kathmandu, Phone : 01-4230314, 01-5705256





नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १४३ सुर्खेत | २६ असार २०७६ बिहीबार आषाढ शुक्लपक्ष नवमी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, July 11, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ

# सँगै चियापान, अनि गोली हानाहान

## चन्द समूहका ओखलढुंगा इन्चार्ज र एक प्रहरी जवान मारिए

■ **एलिसा श्रेष्ठ** (भोजपुर)

सदरमुकाम मुख्य बजारको पश्चिमतिर रहेको पान्धारे नामको होटलमा बुधबार बिहान सादा पोसाकका प्रहरी र चन्द समूहका जिल्ला नेता एउटै टेबुलमा बसेर चिया खाइरहेका थिए । दुवै जनाबीच पहिलेदेखि नै चिनजान थियो । भेट हुनासाथ हात मिलाए र चिया पिउन सुरु गरे । चन्द समूहका ओखलढुंगा जिल्ला इन्चार्ज नीरकुमार राई र सादा पोसाकका प्रहरी जवान सञ्जीव राई चियाको चुस्कीसँगै गफिँदै थिए ।

प्रत्यक्षदर्शीका अनुसार नीरकुमार दुई दिनयता चिया पसलमा आउने/जाने गरिरहेका थिए । बुधबार पनि बिहानै आएर अरू मान्छेसँग 'हेलोहाई' गरिरहेका थिए । करिब साढे ८ बजे सञ्जीव आइपुगे । दुवैले 'दाइभाइ' को साइनो पनि लगाए । अभिवादन साटासाट गरे । सञ्जीव सुराकीका लागि चिया पसल छिरेका थिए । गफकै क्रममा नीरकुमारले सञ्जीवलाई भने, 'विप्लवको पार्टीमा लाग्यो भन्दैमा मलाई किन खेदो गर्छौ ? पार्टीमा लाग्नु आस्थाको कुरा हो ।' सञ्जीवले सहज ढंगले उत्तर फर्काए, 'हामी दुवै राई भएकाले भाइभाइ हो । के गर्नु र ?'

सञ्जीवले यति भनेपछि नीरकुमार पिसाब गर्न जाने भन्दै पसलबाट निस्कन खोजे । सञ्जीवले नीरकुमारको पाखुरा समाते । 'गफ गरौं, तपाईं कहाँ जान लागेको ? अहिले नजानुस्, अरू साथी आउँदै छन्,' सञ्जीवको भनाइ उद्धृत गर्दै प्रत्यक्षदर्शीले कान्तिपुरलाई सुनाए । दुवै जनाबीच तानातान भयो । चन्द समूहका हतियार बोकेका कार्यकर्ता दगुर्दै होटल अघिल्तिर आए । **बाँकी पृष्ठ १२**



प्रहरी र चन्द समूहका कार्यकर्ताबीच बुधबार गोली हानाहान भएको भोजपुर नगरपालिका–७ मा रहेको हाट क्षेत्र । *तस्बिर : अर्जुन बस्नेत/कान्तिपुर टेलिभिजन*

## प्रतिबन्धपछि चन्द समूहका ८ मारिए

काठमाडौं (कास)- सरकारले नेत्रविक्रम चन्द समूहलाई प्रतिबन्ध लगाएपछिको द्वन्द्वका क्रममा चन्द समूहका ८ नेता-कार्यकर्ता मारिएका छन् । चन्द समूहको आक्रमणमा एक सर्वसाधारण र एक प्रहरी जवानको पनि ज्यान गएको छ । पछिल्लोपल्ट बुधबार भोजपुरमा ओखलढुंगा इन्चार्ज नीरकुमार राई र प्रहरी जवान सञ्जीव राई मारिएका हुन् । भोजपुरमा दुई, सर्लाहीमा एक, काठमाडौं विस्फोटमा ५ गरी चन्द समूहका ८ जना मारिएका हुन् । काठमाडौं विस्फोटमा एक सर्वसाधारणको पनि ज्यान गएको थियो । प्रतिबन्धयताको अवधिमा दुई प्रहरीसहित ९ जना घाइते छन् ।

नेकपा संसदीय दलको चैत ११ को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले चैत महिनाभित्र नेत्रविक्रम चन्द समूहलाई सरकारले निस्तेज पारिसक्ने दाबी गरेका थिए । प्रधानमन्त्रीको यस्तो दाबीपछिका चार महिनामा पटकपटक चन्द समूह र प्रहरीबीच देशका विभिन्न स्थानमा भिडन्तको अवस्था सिर्जना भएको देखिन्छ ।

फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले चन्द समूहको गतिविधिमा प्रतिबन्ध लगाएपछि उक्त समूहका नेता तथा कार्यकर्तामाथि निगरानी बढाउन, सार्वजनिक रूपमा कार्यक्रम गर्न नदिन सुरक्षा निकायलाई परिचालन गरिएको थियो । सरकारी निर्णयपछि प्रहरीले देशैभर चन्द समूहका नेता तथा कार्यकर्ता पक्राउ तीव्र पारेको थियो ।

१० चैतमा गृह मन्त्रालयले चन्द समूहलाई प्रत्यक्ष-परोक्ष सहयोग पुर्‍याउने व्यक्ति, संस्था वा समूहलाई समेत कारबाहीको दायरामा ल्याइने भन्दै सार्वजनिक सूचना जारी गरेको थियो । **बाँकी पृष्ठ १२**

# 'परीक्षण नरोक्नू'

■ **राजु चौधरी** (काठमाडौं)



सीमामा विषादी परीक्षण रोक्ने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले विषादी परीक्षण यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो । अब अदालतको अर्को आदेश नहुँदासम्म विषादी परीक्षण गरेर मात्र आयात गर्नुपर्नेछ । सरकारले असार २ गते राजपत्रमा प्रकाशित गरेर भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण अनिवार्य गरेको थियो । यो कदमले भारतीय व्यवसायीलाई अप्ठ्यारो परेपछि असार १४ मा भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो । फलफूल तथा तरकारी रोकेको जनाउँदै भारतीय दूतावासले दबाब दिएपछि असार १८ गते परीक्षण गर्ने निर्णयबाट सरकार पछि हटेको थियो । सरकारले पर्याप्त प्रयोगशाला नभएका देखाउँदै आयातित तरकारी र फलफूलमा विषादी परीक्षण स्थगित गरेको हो । सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित स्वागत नेपाल र उपभोक्ता हित संरक्षण मञ्चले छुट्टाछुट्टै रिट दायर गरेका थिए ।



न्यायाधीश भट्टराईको इजलासले गुणस्तरीय सेवा तथा वस्तुको अधिकारका साथै खाद्य, स्वास्थ्य र सुरक्षित मातृत्वको अधिकारसमेत यो निवेदनसँग सरोकार राख्ने प्रकृतिको रहेको भनेको छ । हानिकारक रसायन अनि अखाद्य पदार्थ नियन्त्रणबारे असार २ गतेको राजपत्रको सूचना जारी भएकामा दुई सातापछि त्यसलाई रोक्न गरिएको निर्णयबारे प्रश्न उठेको भन्दै त्यसबारे छलफल हुनुपर्ने भन्दै सर्वोच्च अदालतले दुवै पक्षलाई आगामी सोमबार छलफलका लागि झिकाएको छ ।

'मुलुकी अपराध संहिता २०७४ को दफा १०७ ले हानिकारक रासायनिक पदार्थ वा अखाद्य पदार्थ बिक्री, वितरण पैठारीसमेतको कार्यलाई निषेधित आपराधिक कार्य मानेको अवस्थासमेत हुँदा यस सन्दर्भमा २०७६ असार २ को राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना विपरीत हुने गरी सोही मन्त्रीस्तरीयबाट २०७६ असार १८ मा गरिएको निर्णय संविधान र कानुनका यी समस्त व्यवस्थाहरूको के कति अनुकूल हुन्छ भन्ने प्रश्न उत्पन्न भएको छ,' आदेशमा भनिएको छ । **बाँकी पृष्ठ १६**

# 'मलाई भनिएन'

'पछि मात्र थाहा भयो, त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ'



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी परीक्षण रोक्नका लागि भारतीय दूतावासले पठाएको पत्रबारे आफूलाई सरकारी निकायले 'अनभिज्ञ' राखेको बताएका छन् ।

भारतीय दूतावासले विभिन्न संवाद गर्दै हिँडेको र पत्र पठाएको बारे २३ गते मात्र जानकारी प्राप्त गरेको प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन् ।

'मलाई पछि मात्र थाहा भयो र त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ । त्यो कुराबाट पनि मलाई अनभिज्ञ नै राखियो । तसर्थ मेरो जानकारीमा नभएको हुनाले मैले पत्र आएको छैन भनें । तर २३ गते बेलुका मात्र मैले पत्र आएकोबारे जानकारी पाएँ । म त्यसबाट अत्यन्त दुखित छु,' प्रधानमन्त्री ओलीले बुधबार जनतासँग प्रधानमन्त्री कार्यक्रममा विषादी प्रकरणबारे स्पष्टीकरण दिँदै भने, 'र, मलाई जसले जानेर भ्रममा राख्यो वा अन्जानमा बताउन भुल्यो, जेसुकै होस्, मसँग त्यो कुरा आएन र मैले प्रधानमन्त्रीको हैसियतमा त्यो जानकारी पाउनुपर्थ्यो । एउटा यथार्थ मबाट लुकेको रहेछ ।'

प्रधानमन्त्रीको यो अभिव्यक्तिले मुलुकको कार्यकारी व्यक्ति नै कति गुमराहमा छन् भन्ने प्रश्न उब्जिएको छ । प्रधानमन्त्री ओलीले २१ गते नेकपाको संसदीय दलमा 'कस्तो पत्र कसले पठाएको पत्र ?' भन्दै सांसदहरूमाथि आक्रोश पोखेका थिए । उनले पत्रै नआएको दाबी गरेका थिए । प्रधानमन्त्री ओलीले त्यसो भनेको दुई दिनपछि (२३ गते) भारतीय दूतावासले असार १४ मा नै परराष्ट्र मन्त्रालयलाई सम्बोधन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय र खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई बोधार्थ दिँदै लेखेको पत्र सार्वजनिक भएको थियो । प्रधानमन्त्री ओलीले आफूबाट लुकेको कुरा थाहा नपाउँदा जे हो त्यही अभिव्यक्ति दिएको बताए । **बाँकी पृष्ठ १६**

# घोडा नचढे जरिवाना



हिमालपारिको जिल्ला मनाङको मनाङ गाउँमा यार्तुङ पर्वमा घोडा दौडाउँदै युवा । *तस्बिर सौजन्य : विनायक जय मल्ल*

■ **आश गुरुङ** (लमजुङ)

माथिल्लो मनाङमा मोटरबाटो नपुग्दासम्म स्थानीयको सवारीसाधन घोडा थियो । बाटो बिस्तार सुरु भएयता मनाङीले घोडा बेच्दै मोटरसाइकल किन्न थाले ।

यसको असर मनाङ गाउँ र टंकीले मिलेर मनाउने परम्परागत यार्तुङ पर्वमा पर्‍यो । घोडा दौड गरेर मनाइने यो पर्वका सहभागी घटे । यसपटक दुवै गाउँका अगुवाले जरिवानाको नियम बनाए । 'यार्तुङमा सहभागी नहुनेलाई तीन हजार रुपैयाँ जरिवाना तोकिएको थियो,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'पर्वमा युवा सहभागिता अनिवार्य होस् भन्नका लागि जरिवानाको नियम बनाइएको हो ।'

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने दुवै गाउँले मिलेर मनाउँदै आएको यार्तुङ हिमाल पारिका जिल्लाको ठूलो पर्व हो । मनाङीका अनुसार तिब्बती भाषामा 'यार' को अर्थ बर्खा र 'तो' को घोडा हुन्छ । 'यार्तो' बाट अपभ्रंश भएर 'यार्तुङ' रहन गएको मानिन्छ । बर्खायाममा मनाइने पर्व कृषि कर्ममा हुने दुःख र परिश्रमका थकान मेटाउनका लागि भएको स्थानीय बताउँछन् ।

यसपटक गाउँका अधिकांश युवा यार्तुङमा सहभागी भएर पाँच दिनसम्म घोडा दौडाए । १६ देखि ५५ वर्ष उमेर समूहका पुरुषले घोडा दौडाएका थिए । शनिबार सुरु भएको यार्तुङ बुधबार सम्पन्न भएको छ । यसपटक करिब सय जनाले घोडा दौडाएको गुरुङले बताए ।

मनाङमा घोडा दौडाउन यस पटक पर्यटकीय पदमार्ग ५ हजार १६ मिटरको थोराङला भन्ज्याङ पास गरेर मुस्ताङबाट १३ जना युवा पुगेका थिए । 'छिमेकी जिल्लाबाट पनि घोडा लिएर आएको देखेर यहाँका युवा हौसिए । यार्तुङ निकै रोमाञ्चक बन्यो,' उनले भने । मुस्ताङीले खादामा पैसा बाँधेर भुइँमा राखेर घोडा दौडाई टिपेका थिए । **बाँकी पृष्ठ १६**







# नगरपालिकाविरुद्ध यातायात व्यवसायी आन्दोलित

■ **ज्योति कटुवाल** (वीरेन्द्रनगर)

वीरेन्द्रनगर नगरपालिका कार्यालयमा ३ दिनदेखि यातायात व्यवसायीले गाडीसहित धर्ना दिएका छन् । यातायात व्यवसायीको धर्नाले सेवाग्राहीको कामकाजमा समेत असर परेको छ ।

नगरपालिकाले नियमविपरित संस्थाको प्रालि खोल्न अनुमति दिएको भन्दै काँक्रेबिहार बस यातायात व्यवसाय संघ आन्दोलित बनेको हो । २०६३ सालमा दर्ता भएको संघसँग समन्वय नै नगरी उक्त नाममा प्रालि खोल्न निर्देशन दिएको भन्दै व्यवसायीले धर्ना दिएका हुन् । 'लामो समयदेखि यातायात व्यवसायी संघमार्फत सवारी साधन सञ्चालन गर्दै आएका थियौं, तर नगरपालिकाका केही जनप्रतिनिधिको व्यक्तिगत स्वार्थले एउटै नाममा प्रालि र संघ खोल्न अनुमति दिँदा आन्दोलित हुन बाध्य भएका हौं,' संघका पूर्व सचिव रमेशकुमार सापकोटाले भने, 'प्रालि खोल्न २ व्यवसायीलाई जनप्रतिनिधिले नै निर्देशन दिएको पाइयो ।' नगरपालिकाविरुद्ध उच्च अदालतमा समेत मुद्दा दर्ता गरिएको उनको भनाइ छ । उनले माग पूरा नहुँदासम्म आन्दोलन जारी रहने बताए ।

नगरपालिकामा संघ मातहतका ८४ साना-ठूला गाडीले धर्ना दिइरहेका छन् । संघले दैनिक १० लाख रुपैयाँको कारोबारमा घाटा व्यहोर्नु परिरहेको जनाएको छ । बिहीबारसम्म मागको सुनुवाइ नभए कर्णाली प्रदेश र अन्य जिल्लामा चल्ने गाडीसहित नगरपालिका परिसरमा धर्ना दिने संघले जनाएको छ ।

संघमा अहिले १ सय १८ गाडी छन् । प्रालिमार्फत १६ गाडी सञ्चालन भइरहेका छन् । कर्णालीका विभिन्न जिल्लामा चल्ने गाडी धर्नामा प्रयोग भएपछि यात्रु मारमा परेको सवारी चालक कृष्णबहादुर बुढाले बताए । वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टीकाराम ढकालले व्यवसायीले उच्च अदालतमा दिएको रिटको सुनुवाइ नभएसम्म अन्य प्रक्रिया अघि नबढाउने जनाएका छन् ।

## छोटकरी

**हत्याको २० वर्षपछि पक्राउ**

सल्यान (कास)- आफ्नै छिमेकीको हत्या गरी फरार भएका कुपिण्डे नगरपालिका ७ मैदुका ४१ वर्षीय दिलबहादुर पुनलाई प्रहरीले २० वर्षपछि पक्राउ गरेको छ । २०५६ जेठ २२ गते स्थानीय लोकबहादुर यरीको हत्या गरी पुन फरार थिए । उनलाई कर्णाली प्रदेश प्रहरी कार्यालयको 'आईआरटी' टोलीले गाउँ नजिकैबाट पक्राउ गरेको हो । हत्याको कारण खुल्न नसकेको जिल्ला प्रहरी प्रमुख डिएसपी वीरेन्द्रबहादुर शाहीले बताए । उनका अनुसार सर्वोच्च अदालतले हत्याका प्रतिबादी पुनलाई १५ बर्ष कैद सजाय तोकेको थियो । पुनलाई सिधै जेल चलान गरिएको छ ।

**खोज पत्रकारिता तालिम**

मुगु (कास)- जिल्लामा कार्यरत संचारकर्मीलाई ७ दिने विकास तथा खोज पत्रकारिता तालिम दिइएको छ । छायाँनाथरारा नगरपालिका र सोरु गाउँपालिकाको सहयोगमा सञ्चारकर्मीलाई प्रशिक्षण दिइएको हो । नेपाल पत्रकार महासंघले आयोजना गरेको तालिममा ३ दर्जन सञ्चारकर्मी सहभागी थिए । गाउँ बस्तीमा ओझेलमा परेका समाचार संप्रेषणमा सहयोग पुऱ्याउने गरी तालिम आयोजना गरिएको महासंघका अध्यक्ष नृपेन्द्रबहादुर मल्लले बताए ।

# किसान–सरकार सँगसँगै

उपयुक्त ठानिएका आठबीसकोट र बाँफिकोटमा मौरी ब्लक कार्यक्रम सुरु



विप्लव



व्यावसायिक सुन्तला खेती गरिरहेका नेकपाका प्रदेश कमिटी सदस्य लोकबहादुर डाँगी आफ्नै सुन्तला बारीमा काम गर्दै (बायाँ) र रुकुम पश्चिमको आठबीसकोट नगरपालिका चिसापानीस्थित मौरीसहितका घार राख्दै किसान ।

■ **हरि गौतम** (रुकुम पश्चिम) **र विप्लव महर्जन** (सल्यान)

आठबीसकोट नगरपालिका ११, १२ र १४ का अधिकांश घरमा किसानले परम्परागत विधिबाट मौरीपालन गर्दै आएका थिए । यसअघि पनि मौरीपालन गरिएका ती वडामा यो वर्षदेखि आधुनिक मौरीघार थपिएका छन् । स्थानीय बासिन्दा र कर्णाली प्रदेश सरकारको साझेदारीमा मौरी ब्लक कार्यक्रम सुरु भएपछि हरेक घरमा मौरीपालन थालिएको हो ।

मौरी पालनमा स्थानीय बासिन्दा र सरकारको साझेदारी छ । मौरी पालनका लागि किसानले ५० प्रतिशत लगानी गरेका छन् भने कर्णाली प्रदेश भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ५० प्रतिशत अनुदान दिएको छ । मौरीपालनका लागि उपयुक्त क्षेत्र मानिएका ती वडामा सरकार र स्थानीयको साझेदारीमा यो वर्ष ५ सय घार मौरी थप गरिएको छ । 'हामीले किसानको तर्फबाट २५ लाख जम्मा गऱ्यौं,' मौरी ब्लक समूहका अध्यक्ष प्रेमवीर कामीले भने, 'कर्णाली प्रदेश सरकारले २५ लाख अनुदान दिएपछि यो कार्यक्रम सुरु भएको हो ।' कृषि ज्ञान केन्द्र र स्थानीयको ५० लाख रुपैयाँ लगानीमा ५ सय गोला सहितका मौरी घार खरिद गरिएको छ । ३ सय ६२ रित्ता घार, मौरीका लागि आवश्यक सामग्री, महका लागि चाहिने सामग्री तथा किसानका लागि आवश्यक तालिम पनि सोही बजेटबाट व्यवस्थापन गरिएको उनले जानकारी दिए । ५ सय मौरी घारमध्ये ७० घार मौरी चिसापानीको फारुलामा राखिएको छ भने ४ सय ३० घार मौरी किसानका घरमा राखिएको संयोजक कामीले जनाए । आगामी ३ वर्षमा ५ हजार घार मौरी बनाउने लक्ष्यसहित मौरीपालन थालिएको समूहले जनाएको छ । विशेषगरी ती वडामा मौरीको मुख्य चरणका रुपमा च्युरी, वनमारा र तोरी छ ।

बाँफिकोट गाउँपालिकामा पनि मौरी ब्लक कार्यक्रम सुरु भएको छ । गाउँपालिकाका १ देखि ५ नम्बर वडाका किसानले मौरी पालन गर्दै छन् । कृषि ज्ञान केन्द्रको २० लाख अनुदानमा किसानले २० लाख जम्मा गरी मौरी खरिदको तयारीमा लागेका छन् । हाल किसानबाट नगद संकलनको काम भइरहेको जनाइएको छ । मौरी ब्लकका संयोजक नरबहादुर चन्दले मौरीपालनका लागि किसानको तर्फबाट नगद संकलनको काम भइरहेको बताए । 'कृषि ज्ञान केन्द्रले २० लाख अनुदान दिएको छ,' उनले भने, 'हामीले पनि २० लाख जम्मा गर्न सकेपछि ५०/५० प्रतिशत साझेदारीमा यो कार्यक्रम हुनेछ ।' उनले अहिले किसानबाट नगद संकलन भइरहेको र संकलन भइसकेको रकमबाट मौरी खरिद गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी दिए । अहिलेसम्म १२ देखि १५ लाख सम्म किसानको तर्फबाट लगानी संकलन भएको र अरु पनि संकलन हुने क्रममा रहेको चन्दले जनाए ।

मौरीका लागि उपयुक्त ठानिएका आठबीसकोट र बाँफिकोटमा मौरी ब्लक कार्यक्रम सुरु गरिएको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख महेश आचार्यले बताए । मौरीका लागि उपयुक्तता र किसानको मागलाई मध्यनजर गरी मन्त्रालयले कार्यक्रम बनाएको र त्यो कार्यान्वनको चरणमा रहेको आचार्यको भनाइ छ । किसानबाट पनि आधा लगानी गराउँदा अपनत्व हुने र उत्पादनमा ध्यान जाने भएकाले ५०/५० प्रतिशतको मोडेलमा कार्यक्रम गरिएको कार्यालयले जनाएको छ ।

**राजनीतिसँगै सुन्तला खेती**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का प्रदेश कमिटी सदस्य लोकबहादुर डाँगीले ९ वर्षदेखि राजनीतिसँगै व्यवसायिक फलफूल खेती गरिरहेका छन् । एमालेका पूर्वजिल्ला अध्यक्षसमेत रहेका डाँगीले १६ रोपनी जग्गामा सुन्तला खेती गरिरहेका हुन् । सल्यानको बाग्चौर नगरपालिका ९, खोरबारेका डाँगीले व्यावसायिक सुन्तला खेतीसँगै नर्सरी व्यवसायलाई अगाडि बढाइरहेका हुन् । उनको नर्सरीमा कागतीका बेर्नाको उत्पादन सुरु भएको छ । उनको बारीमा १६ रोपनीमा ६ सय सुन्तलाका बोट छन् । यस वर्ष ४० हजार बढी कागतीका बिरुवा उत्पादन गर्ने गरी नर्सरी स्थापना गरिएको हो । नर्सरीबाटै २० रुपैयाँका दरले बिरुवा बिक्री भइराखेको उनले जानकारी दिए ।

२०६७ देखि सुन्तला खेती गर्दै आइरहेका उनले अहिलेसम्म ३५ लाखभन्दा बढी खर्च गरिसकेको जानकारी दिए । 'सुन्तलाले अझै उत्पादन दिन सुरु गरेका छैनन्,' उनले भने, 'नर्सरीबाट यस वर्षदेखि बेर्ना बिक्री गर्न सुरु भएको छ, त्यसबाट आएको आम्दानी पनि सुन्तला खेतीमै लगानी गर्ने योजना छ ।' उनले गाउँका अधिकांश व्यावसायिक सुन्तला खेतीमा लागेपछि आफूलाई यसतर्फ लाग्ने प्रेरणा मिलेको बताए । सबै सुन्तलाले २ वर्षभित्रमा उत्पादन दिने डाँगी बताउँछन् । सुन्तलाको राम्रो उत्पादन भए १ वर्षमै ४० लाख रुपैयाँ आम्दानी गर्ने उनको अपेक्षा छ । 'यस वर्ष नर्सरीमार्फत ८ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य लिएको छु,' उनले भने, 'गाउँमा सडक भर्खरै पुगेको छ, सुन्तलाले राम्रो बजार पाउने अपेक्षा छ ।' डाँगीकै पहलमा प्रदेश सरकारको सहयोगमा गाउँसम्म पुग्ने सडक निर्माण गरिएको हो ।

डाँगीले कागतीका बेर्नाको माग जिल्लामा अत्यधिक भएकाले नर्सरी सुरु गरेको जानकारी दिए । 'नर्सरीबाट उत्पादित कागतीका बेर्ना सल्यान, रुकुम, रोल्पा, गुल्मीलगायत जिल्लामा गइरहेको छ,' उनले भने, 'राजनीति र व्यवसायलाई सँगसँगै लैजाँदा आत्मसन्तुष्टि मिलेको छ ।' साँझ-बिहानको समयमा बगैचाको गोडमेल, काटछाटलगायत काममा व्यस्त हुने गरेको उनी बताउँछन् । परिवारकै ४ सदस्यले व्यवसायमा सघाइरहेको उनले जानकारी दिए ।

उनी मात्र होइन, डाँगीगाउँका अधिकांश किसानले व्यावसायिक फलफूलमा संलग्न छन् । कृषि ज्ञान केन्द्रका अनुसार व्यावसायिक सुन्तला खेतीबाट कोटमौलाका करिब ७ सय परिवार आत्मनिर्भर बनेका छन् । स्थानीय किसानले व्यावसायिक फलफूल खेतीमार्फत प्रतिपरिवार १० देखि २५ लाखसम्म आम्दानी गर्दै आइरहेको उनले जानकारी दिए ।

## प्रांगारिक जिल्लामै छैन मल

■ **एलपी देवकोटा** (जुम्ला)

जिल्लालाई प्रांगारिक जिल्ला घोषणा गरिएको दशक बितिसक्दा समेत जिल्लाका किसानले प्रांगारिक मल पाउन सकेका छैनन् । प्रांगारिक मल नपाइँदा किसानले गोठेमलको भरमा खेती गरिरहेका छन् ।

२०६५ सालको १४औं जिल्ला परिषदले जुम्लालाई प्रांगारिक जिल्लाका रुपमा घोषणा गरे पनि किसानले रासायनिक मलको विकल्पमा प्रांगारिक मल प्रयोग गर्न सकेका छैनन् । चन्दननाथ ७ की गीता शाही गोठेमलको प्रयोगबाट खेती गरिरहेको बताइन् । 'पहिले घरमा धेरै गाइवस्तु पालिन्थ्यो, गोठे मलले नै खेती गर्न पुग्थ्यो,' उनले भनिन्, 'अहिले गाइवस्तु चराउने मानिस र चरन क्षेत्रको अभावले गाईवस्तु पाल्न छोडेका छौं, पर्याप्त मल नहुँदा सोचेजस्तो उत्पादन बढाउन सकिएको छैन ।' सरकाले रासायनिक मलमा प्रतिबन्ध लगाए पनि प्रांगारिक मलको व्यवस्था नगर्दा किसानहरू समस्यामा परेको उनको भनाइ छ ।

गोठे मल उत्पादनमा कमी आएकाले प्रांगारिक मलको व्यवस्था गर्न विभिन्न निकायमा माग गरे पनि बेवास्ता भइरहेको स्थानीय किसान हर्ष रोकायाले बताए । 'जुम्लाको खेतीपाती भगवान भरोसामा चलिरहेको छ,' उनले भने, 'खेतमा पर्याप्त मल हाल्न सकिँदैन, कसरी उत्पादन बढाउने ?' उनले यसतर्फ सबै तहका सरकारको ध्यान जान जरुरी रहेको बताए । सरकारले की प्रांगारिक मल उपलब्ध गराउनुपर्ने कि रासायनिक मलको विकल्प दिनसक्नुपर्ने उनी बताउँछन् । आफ्नो कार्यक्रम सफल बनाउन सरकारले किसानलाई दुःख दिएको उनको आरोप छ । पछिल्लो समय किसानले पशु चौपाया पाल्न छोडेपछि प्रांगारिक मलको अभाव खडकिएको हो । केही ठूला किसानले जिल्ला बाहिरबाट प्रांगारिक मल खरिद गरी खेतमा प्रयोग गर्ने गरे पनि अधिकांश किसान मर्कामा परेका छन् । जिल्लाको हरेक उत्पादन प्रांगारिक भए पनि खेतीका लागि आवश्यक मलको व्यवस्था नहुँदा उत्पादनमा कमी आउने कृषि ज्ञान केन्द्रका अर्थविज्ञ बालकराम देवकोटाले वताए । 'सरकारले प्रांगारिक मलमा अनुदान दिएको छैन, त्यसैले हामीले जुम्लामा मल ल्याउन सकेका छैनौं,' उनले भने, 'जिल्लामा विद्युत् समस्या भएकाले प्रांगारिक मल उत्पादन गर्ने मेसिन भित्र्याउन सकिएको छैन, जसले किसानलाई केही समस्या भएको छ ।' विद्युतको व्यवस्था भए कृषि विभागले नै प्रांगारिक मल उत्पादन गर्ने मेसिन जडान गर्ने तयारी गरेको उनको भनाइ छ ।

किसानलाई घरबाट निस्कने फोहोर खाल्डोमा राखेर मल बनाउने र खेतबारीको झार पात कुवाएर कम्पोस्ट मल बनाउन कृषिविज्ञले सुझाव दिएका छन् । कर्णाली प्रदेश सरकारले कर्णालीलाई नै प्रांगारिक क्षेत्र बनाउने नीति तथा कार्यक्रम ल्याए पनि व्यवस्था भने मिलाउन नसकेको किसानको गुनासो छ । तिला गाउँपालिकाले कम्पोस्ट मल र गोठे मल उत्पादनका लागि किसानलाई सहयोग गर्ने कार्यक्रम आगामी वर्षका लागि समावेश गरेको गाउँपालिका उपाध्यक्ष विष्णु बुढाले बताइन् । 'जिल्ला नै प्रांगारिक घोषणा भइसकेपछि यसलाई टिकाइराख्न जरुरी छ,' उनले भनिन्, 'प्रांगारिक मल जुम्लामा आउँदैन, त्यसैले किसानले आफ्नो उत्पादनलाई बढावा दिन गोठेमलको प्रयोग गर्नुपर्ने बाध्यता छ ।' जुम्ला प्रांगारिक जिल्ला घोषणा भई प्रांगारिक प्रमाणीकरण भइसकेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# पहिरोको त्रास रातभर जागौं

■ **राजबहादुर शाही** (मुगु)

खत्याड गाउँपालिका ८, का ४५ वर्षीय धनबहादुर रोकाया बर्खा सुरु भएपछि सधैं चिन्तामा हुन्छन् । कम वर्षा हुँदासमेत गाउँ माथिबाट पहिरो खस्ने गरेकाले त्रासमा बस्नुपर्ने उनको बाध्यता छ । बढी वर्षा हुँदा उनलाई पहिरोको त्रासले रातभर जाग्राम बस्नुपर्छ ।

उनी मात्र होइन, रिघाका डेढ सय परिवार ठूलो वर्षा हुँदा रातभर जाग्राम बस्न बाध्य छन् । वर्षौंदेखि गाउँ पहिरोको जोखिममा रहे पनि नियन्त्रणका कुनै काम नहुँदा स्थानीयले सास्ती भोग्नु परेको हो । भूकम्पीय सुरक्षाको दृष्टिले पनि रिघा जोखिमयुक्त बस्ती हो । रिघासहित कम्फा, चराप, कालापाल्ता, रावलबाडा, भियालबाडा, माग्री, पूलु बजार, ढुमलगायत १२ गाउँ पहिरोको उच्च जोखिम रहेको जिल्ला दैवीप्रकोप उद्धार समितिले जनाएको छ । 'वर्षाको समयमा राति घरभित्र सुत्नै डर लाग्छ,' रिघा गाउँका मनोज गिरीले भने, 'ठूलो पानी पर्दा पहिरोको डरले स्थानीय बासिन्दा चौतारीमा जम्मा भएर रात कटाउन बाध्य छौं ।'

छायाँनाथ नगरपालिकास्थित भियालबाडामा पनि पहिरोको उस्तै जोखिम छ । गाउँका २१ घरधुरीमा यस वर्ष पनि पहिरोको जोखिम रहेको जिल्ला दैवीप्रकोप उद्धार समितिले जनाएको छ । माथिबाट पहिरो आउने र तलबाट मुगु कर्णालीले कटान गर्ने क्रम बढ्दै गएकाले स्थानीयलाई त्रासमा बस्नुपर्ने बाध्यता रहेको स्थानीय नन्दबहादुर नेपाली बताउँछन् । उनका अनुसार वर्षेनि खेतीयोग्य जमिन पहिरोले पुर्दै आएको छ । जथाभावी डोजरले सडक खनिएपछि पहिरोको जोखिम बढेको हो । पानी पर्दा गाउँ माथिबाट ढुंगा र पहिरो खस्ने सम्भावना उत्तिकै छ । ४२ घरधुरी रहेको कम्फाका बासिन्दा पहिरोकै त्रासले लेकका बस्तीमा बसाइँ सर्न थालेको स्थानीय धनरुप बडुवालले बताए । गत वर्ष ताल्चा विमानस्थलबाट बगेको भलले दर्जन घर बगाएको कालापाल्ताका बासिन्दा पनि वर्षा सुरु सँगै रातभर जाग्राम बस्छन् । कर्णाली प्रदेश सरकारले गत वर्ष १५ लाख रुपैयाँ विनियोजन गरी लेतेखोलामा तटबन्ध गरेको थियो । करिव ३ सय परिवास बस्ने माग्रीगाउँ मुनिबाट पनि पहिरो खस्न सुरु भएको छ । पहिरोको जोखिम रोक्न मुगमकार्मारोङ गाउँपालिकालाई अनुरोध गरे पनि बेवास्ता भएको स्थानीयको गुनासो छ ।

**रिघा, कम्फा, चराप, कालापाल्ता, भियालबाडा, माग्री, ढुमलगायत १२ गाउँ पहिरोको जोखिममा**

विपत् व्यवस्थापन समितिको बैठकमार्फत उच्च सतर्कता बढाइएको प्रजिअ जयकुमार घिमिरेले बताए । उनका अनुसार वर्षा भएसँगै जोखिमयुक्त स्थानको पहिचान गरिएको छ । 'हामीले समितिको बैठकमार्फत आवश्यक पूर्वतयारीको निर्णय गरिसकेका छौं,' उनले भने, 'अहिले स्थानीय तहसँगको सहकार्यमा योजना कार्यान्वयनको काम भइरहेको छ ।' जोखिमयुक्त बस्ती पहिचान गरी जोखिम न्यूनीकरणका लागि बजेट विनियोजन गरिएको छायाँनाथरारा नगरपालिका प्रमुख हरिजंग शाहीले बताए ।

# भवन भत्किएपछि पढाइमा समस्या



हिमपातले भत्किएको हुम्लास्थित मानसरोवर माविको भवन । *तस्बिर : छपाल लामा/कान्तिपुर*

हुम्ला (कास)- हिमपातले भत्किएको विद्यालय भवन पुनर्निर्माण नहुँदा पठनपाठनमा समस्या भएको छ । गत माघमा भएको भारी हिमपातले मानसरोवर माविको भवन भत्किएपछि विद्यार्थीलाई पठनपाठनमा समस्या भएको हो ।


विद्यालयले उक्त भवनलाई हलका रूपमा प्रयोग गर्दै आएको थियो । विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलाप, बैठक तथा अभिभावक भेला त्यही भवनमा हुने गरेका थिए । अतिरिक्त तथा प्रयोगात्मक क्रियाकलाप सञ्चालन हुने भवन भत्किएपछि विद्यार्थीले सास्ती भोग्नुपरेको छ । भवनमा जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले समेत कार्यक्रम गर्दै आएका थिए । हलमा ३ सय अटाउने क्षमता थियो ।


भवन भत्किएपछि अतिरिक्त क्रियाकलाप लामो समयदेखि रोकिएको शिक्षक शिव शर्मा पौडेलले बताए । उनका अनुसार भवन भत्किएपछि विद्यालयको आयस्रोत पनि घटेको छ । विद्यार्थी प्रयोगात्मक कार्य तथा अतिरिक्त क्रियाकलापबाट वञ्चित भएका छन् । 'पछिल्लो समय सैद्धान्तिकसँगै प्रयोगात्मक पठनपाठनमा जोड दिएका थियौं,' उनले भने, 'तर भवन भत्किएपछि पठनपाठनमा धेरै समस्या भएको छ ।'

भवन भत्किदा करिब ४० लाख रुपैयाँको क्षति भएको प्रधानाध्यापक अमरबहादुर शाहीले बताए । भवन भत्कँदा अन्य निकायलाई समेत सार्वजनिक कार्यक्रम गर्न समस्या भएको छ । भवन निमार्णका लागि प्रदेश सरकारलाई अनुरोध गरे पनि मर्मतका लागि २ लाख रुपैयाँ मात्र बजेट आएको शाहीको भनाइ छ । 'भवन पूर्ण भत्किएको छ, पुनर्निर्माणका लागि कम्तिमा ४० लाख रुपैयाँ लाग्ने अनुमान छ, गाउँपालिकाले समेत निर्माणमा ध्यान दिएको छैन,' उनले भने, 'हिमपातले भवन भत्किएपछि सुरक्षित रहेका काठ र ढुंगा भण्डारण गरी राखिएको छ, आवश्यक बजेट उपलब्ध भए पुनर्निर्माणको काम सुरु गरिनेछ ।'












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | वैभव प्राप्ति | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकांक्षा पूर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | द्विविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | कान्ति क्षय | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल असार २७ गते शुक्रबार तदनुरुप १२ जुलाइ २०१९ असार शुक्लपक्ष एकादशी तिथि रात्रिको २:१७ बजेसम्म उप्रान्त द्वादशी तिथि, विशाखा नक्षत्र दिनको ६:३८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, साध्य योग प्रातः ९:४९ बजेसम्म उप्रान्त शुभ योग, भद्रा करण रात्रिको २:१७ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:४५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गार हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्ट्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०१/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०५५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३०५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# सञ्चालन भएन विषादी प्रयोगशाला

■ सम्झना रसाइली (तनहुँ)

तरकारीको विषादी परीक्षण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुंगामा स्थापना गरेका विषादी मापन प्रयोगशाला सञ्चालनमा आउनै सकेका छैनन् ।

गत वैशाख ७ गते आँबुखैरेनी गाउँपालिका-३ तनहुँ र चैत १५ गते स्याङ्जाको मालुंगा रामदीमा प्रयोगशाला कार्यालय स्थापना गरी उद्घाटन गरिएको थियो । आवश्यक पूर्वाधार, मेसिन र विषादी मापन गर्न आवश्यक पर्ने रसायनको व्यवस्था नगरी उद्घाटन गरिएका कार्यालयमा अहिले बोर्ड झुन्ड्याउनेबाहेक कुनै काम हुन सकेको छैन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत तरकारीको पकेट क्षेत्रका रूपमा विकास गरिएको आँबुखैरेनी गाउँपालिका प्रदेशको प्रवेश नाका हो । प्रयोगशालाका विषयमा भने स्थानीय सरकार र कृषकसमेत जानकार छैनन् ।

आँबुखैरेनी-२ मार्किचोक तिलबारीमा व्यावसायिक तरकारी खेती गर्दै आएका तुलबहादुर गुरुङ भन्छन्, 'गाउँपालिकाभित्र प्रदेश सरकारले प्रयोगशाला स्थापना गरेको सुनेको छु तर सञ्चालनमा आएको छ/छैन थाहा छैन, हामी पनि सेवा लिन गएका छैनौं ।'

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले पनि प्रयोगशाला सञ्चालनबारे अनभिज्ञता जनाए । 'प्रदेश सरकारले खोलेको प्रयोगशाला के-कसरी सञ्चालन गरिँदै छ, कुनै जानकारी छैन,' उनले भने ।

प्रदेश सरकारले नाकाबाट भित्रिने तरकारी तथा फलफूल र पशुपन्छीको रोगसमेत परीक्षण गर्ने नीतिसहित प्रयोगशाला खोलेको थियो । भाडाका तीनवटा कोठामा बोर्ड झुन्डयाएर राख्नेबाहेक उपलब्धि भएको छैन । उदघाटनपछि गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानकी छोरी रजनी चुमान कार्यालय सहायकका रूपमा कार्यरत छिन् । 'प्रयोगशालाका लागि आवश्यक पर्ने रसायन ल्याइएको छ तर परीक्षणका लागि आवश्यक पर्ने ल्याब आउन बाँकी छ,' उनले भनिन् ।

**अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएका छैनन्**

प्रयोगशालाका लागि अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएको छैन । नयाँ बजेटले ल्याब, केमिकलका साथै प्रयोगशाला सञ्चालनमा ल्याउन आवश्यक पर्ने सामग्री खरिद तथा व्यवस्थापन गरिने कार्यालय सहायक चुमानले बताइन् ।

आँबुखैरेनी गाउँपालिकाको कृषि एकाइका प्रमुख खितकुमार श्रेष्ठ भन्छन्, 'प्रदेश सरकारले प्रयोगशाला सञ्चालनमा ल्याउने भन्दै तामझामसाथ कार्यालय उद्घाटन त गर्‍यो तर कहिलेबाट सञ्चालनमा आउँछ, कुनै ठेगाना छैन ।'

# दन्तकाली मन्दिरमा पित्तलको छानो

सुनसरी (कास)- विजयपुर-१४ स्थित शक्तिपीठ मानिएको दन्तकाली मन्दिरमा पित्तलको छानो लगाउने काम अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारको ३० लाख रुपैयाँ र स्थानीयबाट ३ लाख ७६ हजार रुपैयाँ गरी ३३ लाख ७६ हजारमा छानो लगाइएको दन्तकाली मन्दिर व्यवस्थापन समितिका सचिव पुजारी विश्वराज खनालले बताए ।

यो मन्दिर कसले निर्माण गरेको हो कतै उल्लेख नभए पनि ५ सय वर्षअघि बंगालका शासकले जीर्णोद्धार गरेको इतिहास छ । यसअघि मन्दिरमा राजस्थानबाट मगाइएको ग्रेनाइटको छानो आधा लगाइएको थियो तर पुरातत्त्व विभागले मन्दिरले थाम्न नसक्ने जनाएपछि पित्तलको छानो लगाइएको छ । खनालका अनुसार पहिले मन्दिरको छानो झिँगटीको प्यागोडा शैलीको थियो । विसं १९९० को महाभूकम्पले क्षतिग्रस्त बनाएपछि गुम्बज शैलीमा निर्माण गरिएको थियो । त्यो छानो पनि ०४५ सालको भूकम्पले भत्काएपछि फेरि प्यागोडा शैलीको छानो लगाइएको थियो ।

पौराणिक कालमा सतीदेवीले शिवजीलाई मन पराए पनि दक्ष प्रजापतिले उनलाई मन नपराएपछि यज्ञस्थलमा आत्मदाह गरेकी थिइन् । आत्मदाह गरेको शरीर बोकेर आत्मविह्वल हुँदै शिवजी संसारभर डुल्दा विजयपुरको डाँडामा सतीदेवीको दाँत झरेको विश्वास गरिन्छ ।

**प्रदेश सरकार र स्थानीयद्वारा ३३ लाख ७६ हजार लगानी**

भारत, बंगलदेश, भुटानबाट समेत पूजाअर्चना गर्न आउने तीर्थयात्रीका लागि दन्तकाली मन्दिर प्रमुख शक्तिपीठ मानिन्छ । उक्त मन्दिर व्यवस्थापन गर्न सेनकालमा गोर्खाबाट पुजारी ल्याइएका थिए । खनालका अनुसार विसं १८५६ मा गीर्वाणयुद्ध विक्रम शाहले रामचन्द्र खनाल र उनका सहोदर भाइ तुलारामलाई दन्तकालीमा पूजा गर्न ताम्रपत्रसमेत दिएका थिए । तिनै खनालका सन्ततिको नवौं पुस्ताका रूपमा हालका खनाल त्यहाँ पुजारीका रूपमा रहेका छन् ।

मन्दिरको नाममा सुनसरीको साविक हासपोसा हाल इटहरी उपमहानगरपालिका, मोरङको भाथिगछ र झापाको गौरीगन्जस्थित ठेकितोलमा गुठी जग्गा रहेको खनालले बताए । उनले भने, 'तर ती गुठी जग्गा सबै रैकर गुठीमा परिणत भएका छन् । के कति जग्गा हो, त्यो सबै गुठीलाई मात्र थाहा छ ।'

ऐतिहासिक, पौराणिक मन्दिर भए पनि सरकारले संरक्षण सञ्चालनका लागि आर्थिक सहयोग नगरेको तर गुठीले वार्षिक ४० हजार रुपैयाँ मात्र दिने गरेकाले मन्दिर व्यवस्थापन गर्न मुस्किल भएको पनि उनले सुनाए ।

HIMALAYAN WHITEHOUSE INTERNATIONAL COLLEGE

कक्षा ११ मा भर्ना तथा छात्रवृत्तिबारे सूचना

प्लस टु
पछि तपाईंको लक्ष्य
Medicine वा Engineering
नै हो भने कलेज छान्न
सकस किन ?



Prominant faculty members of NAME at WhiteHouse College, Tinkune

**Physics**- Dipak Bhattarai I Gajendra Singh I Bijaya Upadhyay I Ram Tiwari I Milan Pandey I Santosh Thakur I SS Mandal
**Chemistry**- Amardip Pandit I Birendra Thapa I Mahesh Paudel I Binod kumar Yadav I Rajesh kumar Shah I Santosh Lamichhane
**Botany**- Ramsaran Dani I Keshav Raj Pokhrel I Dr. Basudev Pokhrel I K.K. Gupta I Kabir Pokhrel I Drona Pokhrel
**Zoology**- Dr. Milan Gaihre I Dr. nirajan Neupane I B.K Khatri I Kamal Nepal I Madhav Rijal
**Mathematics**- Yam Narayan Pokhrel I Pradip Bahadur Thapa I Er Saroj Uprety I Balkrishna Bhurtel

General Admission cum Super 40 Scholarship Test
Ashad 30 (15th July, 2019) I 2:00pm onwards

नेपालकै प्रसिद्ध संस्था NAME सँगको सहकार्यमा Entrance Preparation का सबै हस्ती Himalayan WhiteHouse International College मा मात्र ।

हाम्रो समूहले २ वर्ष मात्र होइन, तपाईंलाई लक्ष्यमा नपुगुन्जेल सहयोग गर्नेछ ।

HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32, Nepal
Tel.: 01-5199456 / 57 I 9801204300 / 301 / 302
Email: mailreply@whitehouse.edu.np
Website: www.whitehouse.edu.np

ONEPLUS

OnePlus 7
Go Beyond Speed




Camera
48 MP Dual Camera + OIS
UltraShot

Performance
Snapdragon 855
256 GB UFS3.0 + RAM Boost
Play while charging

Sound
Dual Speaker
Dolby Atmos

System
Zen Mode
Intelligent Clean
Screen Recorder

PRE-BOOK NOW
First 100 customers will get Anker 5000 mAh power bank free*

RAM 8GB | ROM 256 GB | MRP: Rs. 66,999

Insurance Partner:
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
1 year insurance*

Distributed By:
iHub

i Hub Pvt. Ltd, Basant Marg-351, Babarmahal, Kathmandu, Nepal, 0977-9801016186, 9851244009, Authorized Service Center: Tamrakar Complex, 5th Floor, New Road, Kathmandu
Oliz Store, Basant Marg-351, Babarmahal. Opp. NTC Building, Kathmandu, Phone : 01-4230314, 01-5705246



**भारतको हार**
विश्वकप क्रिकेट । १७

**विम्बल्डन टेनिस**
सेरेना उपाधिलाई केन्द्रित । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १४३ गोदावरी | २६ असार २०७६ बिहीबार आषाढ शुक्लपक्ष नवमी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, July 11, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


# सँगै चियापान, अनि गोली हानाहान

## चन्द समूहका ओखलढुंगा इन्चार्ज र एक प्रहरी जवान मारिए

■ **एलिसा श्रेष्ठ** (भोजपुर)

सदरमुकाम मुख्य बजारको पश्चिमतिर रहेको पान्धारे नामको होटलमा बुधबार बिहान सादा पोसाकका प्रहरी र चन्द समूहका जिल्ला नेता एउटै टेबुलमा बसेर चिया खाइरहेका थिए। दुवै जनाबीच पहिलेदेखि नै चिनजान थियो। भेट हुनासाथ हात मिलाए र चिया पिउन सुरु गरे। चन्द समूहका ओखलढुंगा जिल्ला इन्चार्ज नीरकुमार राई र सादा पोसाकका प्रहरी जवान सञ्जीव राई चियाको चुस्कीसँगै गफिँदै थिए।

प्रत्यक्षदर्शीका अनुसार नीरकुमार दुई दिनयता चिया पसलमा आउने/जाने गरिरहेका थिए। बुधबार पनि बिहानै आएर अरू मान्छेसँग 'हेलोहाई' गरिरहेका थिए। करिब साढे ८ बजे सञ्जीव आइपुगे। दुवैले 'दाइभाइ' को साइनो पनि लगाए। अभिवादन साटासाट गरे। सञ्जीव सुराकीका लागि चिया पसल छिरेका थिए। गफकै क्रममा नीरकुमारले सञ्जीवलाई भने, 'विप्लवको पार्टीमा लाग्यो भन्दैमा मलाई किन खेदो गर्छौ? पार्टीमा लाग्नु आस्थाको कुरा हो।' सञ्जीवले सहज ढंगले उत्तर फर्काए, 'हामी दुवै राई भएकाले भाइभाइ हो। के गर्नु र?'

सञ्जीवले यति भनेपछि नीरकुमार पिसाब गर्न जाने भन्दै पसलबाट निस्कन खोजे। सञ्जीवले नीरकुमारको पाखुरा समाते। 'गफ गरौं, तपाईं कहाँ जान लागेको? अहिले नजानुस्, अरू साथी आउँदै छन्,' सञ्जीवको भनाइ उद्धृत गर्दै प्रत्यक्षदर्शीले कान्तिपुरलाई सुनाए। दुवै जनाबीच तानातान भयो। चन्द समूहका हतियार बोकेका कार्यकर्ता दगुर्दै होटल अघिल्तिर आए।

बाँकी पृष्ठ १२ ▸▸



**प्रहरी र चन्द समूहका कार्यकर्ताबीच बुधबार गोली हानाहान भएको भोजपुर नगरपालिका-७ मा रहेको हाट क्षेत्र।** *तस्बिर : अर्जुन बस्नेत/कान्तिपुर टेलिभिजन*

## प्रतिबन्धपछि चन्द समूहका ८ मारिए

काठमाडौं (कास)- सरकारले नेत्रविक्रम चन्द समूहलाई प्रतिबन्ध लगाएपछिको द्वन्द्वका क्रममा चन्द समूहका ८ नेता-कार्यकर्ता मारिएका छन्। चन्द समूहको आक्रमणमा एक सर्वसाधारण र एक प्रहरी जवानको पनि ज्यान गएको छ। पछिल्लोपल्ट बुधबार भोजपुरमा ओखलढुंगा इन्चार्ज नीरकुमार राई र प्रहरी जवान सञ्जीव राई मारिएका हुन्। भोजपुरमा दुई, सर्लाहीमा एक, काठमाडौं विस्फोटमा ५ गरी चन्द समूहका ८ जना मारिएका हुन्। काठमाडौं विस्फोटमा एक सर्वसाधारणको पनि ज्यान गएको थियो। प्रतिबन्धयताको अवधिमा दुई प्रहरीसहित ९ जना घाइते छन्।

नेकपा संसदीय दलको चैत ११ को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले चैत महिनाभित्र नेत्रविक्रम चन्द समूहलाई सरकारले निस्तेज पारिसक्ने दाबी गरेका थिए। प्रधानमन्त्रीको यस्तो दाबीपछिका चार महिनामा पटकपटक चन्द समूह र प्रहरीबीच देशका विभिन्न स्थानमा भिडन्तको अवस्था सिर्जना भएको देखिन्छ।

फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले चन्द समूहको गतिविधिमा प्रतिबन्ध लगाएपछि उक्त समूहका नेता तथा कार्यकर्तामाथि निगरानी बढाउन, सार्वजनिक रूपमा कार्यक्रम गर्न नदिन सुरक्षा निकायलाई परिचालन गरिएको थियो। सरकारी निर्णयपछि प्रहरीले देशैभर चन्द समूहका नेता तथा कार्यकर्ता पक्राउ तीव्र पारेको थियो।

१० चैतमा गृह मन्त्रालयले चन्द समूहलाई प्रत्यक्ष-परोक्ष सहयोग पुऱ्याउने व्यक्ति, संस्था वा समूहलाई समेत कारबाहीको दायरामा ल्याइने भन्दै सार्वजनिक सूचना जारी गरेको थियो।

बाँकी पृष्ठ १२ ▸▸

# 'परीक्षण नरोक्नू'

■ **राजु चौधरी** (काठमाडौं)



सीमामा विषादी परीक्षण रोक्ने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ।

न्यायाधीश आनन्दमोहन भट्टराईको इजलासले विषादी परीक्षण यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो। अब अदालतको अर्को आदेश नहुँदासम्म विषादी परीक्षण गरेर मात्र आयात गर्नुपर्नेछ। सरकारले असार २ गते राजपत्रमा प्रकाशित गरेर भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण अनिवार्य गरेको थियो। यो कदमले भारतीय व्यवसायीलाई अप्ठ्यारो परेपछि असार १४ मा भारतीय दूतावासले परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो। फलफूल तथा तरकारी रोकेको जनाउँदै भारतीय दूतावासले दबाब दिएपछि असार १८ गते परीक्षण गर्ने निर्णयबाट सरकार पछि हटेको थियो। सरकारले पर्याप्त प्रयोगशाला नभएका देखाउँदै आयातित तरकारी र फलफूलमा विषादी परीक्षण स्थगित गरेको हो। सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेसहित स्वागत नेपाल र उपभोक्ता हित संरक्षण मञ्चले छुट्टाछुट्टै रिट दायर गरेका थिए।



न्यायाधीश भट्टराईको इजलासले गुणस्तरीय सेवा तथा वस्तुको अधिकारका साथै खाद्य, स्वास्थ्य र सुरक्षित मातृत्वको अधिकारसमेत यो निवेदनसँग सरोकार राख्ने प्रकृतिको रहेको भनेको छ। हानिकारक रसायन अनि अखाद्य पदार्थ नियन्त्रणबारे असार २ गतेको राजपत्रको सूचना जारी भएकामा दुई सातापछि त्यसलाई रोक्न गरिएको निर्णयबारे प्रश्न उठेको भन्दै त्यसबारे छलफल हुनुपर्ने भन्दै सर्वोच्च अदालतले दुवै पक्षलाई आगामी सोमबार छलफलका लागि झिकाएको छ।

'मुलुकी अपराध संहिता २०७४ को दफा १०७ ले हानिकारक रासायनिक पदार्थ वा अखाद्य पदार्थ बिक्री, वितरण पैठारीसमेतको कार्यलाई निषेधित आपराधिक कार्य मानेको अवस्थासमेत हुँदा यस सन्दर्भमा २०७६ असार २ को राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना विपरीत हुने गरी सोही मन्त्रीस्तरीयबाट २०७६ असार १८ मा गरिएको निर्णय संविधान र कानुनका यी समस्त व्यवस्थाहरूको के कति अनुकूल हुन्छ भन्ने प्रश्न उत्पन्न भएको छ,' आदेशमा भनिएको छ।

बाँकी पृष्ठ १६ ▸▸

# 'मलाई भनिएन'

'पछि मात्र थाहा भयो, त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ'



काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी परीक्षण रोक्नका लागि भारतीय दूतावासले पठाएको पत्रबारे आफूलाई सरकारी निकायले 'अनभिज्ञ' राखेको बताएका छन्।

भारतीय दूतावासले विभिन्न संवाद गर्दै हिँडेको र पत्र पठाएको बारे २३ गते मात्र जानकारी प्राप्त गरेको प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन्।

'मलाई पछि मात्र थाहा भयो र त्यससम्बन्धमा भारतले कूटनीतिक प्रयासहरू र विभिन्न ठाउँमा संवादहरू अघि बढाएको रहेछ। त्यो कुराबाट पनि मलाई अनभिज्ञ नै राखियो। तसर्थ मेरो जानकारीमा नभएको हुनाले मैले पत्र आएको छैन भनें। तर २३ गते बेलुका मात्र मैले पत्र आएकोबारे जानकारी पाएँ। म त्यसबाट अत्यन्त दुखित छु,' प्रधानमन्त्री ओलीले बुधबार जनतासँग प्रधानमन्त्री कार्यक्रममा विषादी प्रकरणबारे स्पष्टीकरण दिँदै भने, 'र, मलाई जसले जानेर भ्रममा राख्यो वा अन्जानमा बताउन भुल्यो, जेसुकै होस्, मसँग त्यो कुरा आएन र मैले प्रधानमन्त्रीको हैसियतमा त्यो जानकारी पाउनुपर्थ्यो। एउटा यथार्थ मबाट लुकेको रहेछ।'

प्रधानमन्त्रीको यो अभिव्यक्तिले मुलुकको कार्यकारी व्यक्ति नै कति गुमराहमा छन् भन्ने प्रश्न उब्जिएको छ। प्रधानमन्त्री ओलीले २१ गते नेकपाको संसदीय दलमा 'कस्तो पत्र कसले पठाएको पत्र?' भन्दै सांसदहरूमाथि आक्रोश पोखेका थिए। उनले पत्रै नआएको दाबी गरेका थिए। प्रधानमन्त्री ओलीले त्यसो भनेको दुई दिनपछि (२३ गते) भारतीय दूतावासले असार १४ मा नै परराष्ट्र मन्त्रालयलाई सम्बोधन र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय र खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई बोधार्थ दिँदै लेखेको पत्र सार्वजनिक भएको थियो। प्रधानमन्त्री ओलीले आफूबाट लुकेको कुरा थाहा नपाउँदा जे हो त्यही अभिव्यक्ति दिएको बताए।

बाँकी पृष्ठ १६ ▸▸

# घोडा नचढे जरिवाना



**हिमालपारिको जिल्ला मनाङको मनाङ गाउँमा यार्तुङ पर्वमा घोडा दौडाउँदै युवा।**
*तस्बिर सौजन्य : विनायक जय मल्ल*

■ **आश गुरुङ** (लमजुङ)

माथिल्लो मनाङमा मोटरबाटो नपुग्दासम्म स्थानीयको सवारीसाधन घोडा थियो। बाटो बिस्तार सुरु भएयता मनाङीले घोडा बेच्दै मोटरसाइकल किन्न थाले।

यसको असर मनाङ गाउँ र टंकीले मिलेर मनाउने परम्परागत यार्तुङ पर्वमा पऱ्यो। घोडा दौड गरेर मनाइने यो पर्वका सहभागी घटे। यसपटक दुवै गाउँका अगुवाले जरिवानाको नियम बनाए। 'यार्तुङमा सहभागी नहुनेलाई तीन हजार रुपैयाँ जरिवाना तोकिएको थियो,' पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले भने, 'पर्वमा युवा सहभागिता अनिवार्य होस् भन्नका लागि जरिवानाको नियम बनाइएको हो।'

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने दुवै गाउँले मिलेर मनाउँदै आएको यार्तुङ हिमाल पारिका जिल्लाको ठूलो पर्व हो। मनाङीका अनुसार तिब्बती भाषामा 'यार' को अर्थ बर्खा र 'तो' को घोडा हुन्छ। 'यार्तो' बाट अपभ्रंश भएर 'यार्तुङ' रहन गएको मानिन्छ। बर्खायाममा मनाइने पर्व कृषि कर्ममा हुने दुःख र परिश्रमका थकान मेटाउनका लागि भएको स्थानीय बताउँछन्।

यसपटक गाउँका अधिकांश युवा यार्तुङमा सहभागी भएर पाँच दिनसम्म घोडा दौडाए। १६ देखि ५५ वर्ष उमेर समूहका पुरुषले घोडा दौडाएका थिए। शनिबार सुरु भएको यार्तुङ बुधबार सम्पन्न भएको छ। यसपटक करिब सय जनाले घोडा दौडाएको गुरुङले बताए।

मनाङमा घोडा दौडाउन यस पटक पर्यटकीय पदमार्ग ५ हजार १६ मिटरको थोराङला भन्ज्याङ पास गरेर मुस्ताङबाट १३ जना युवा पुगेका थिए। 'छिमेकी जिल्लाबाट पनि घोडा लिएर आएको देखेर यहाँका युवा हौसिए। यार्तुङ निकै रोमाञ्चक बन्यो,' उनले भने। मुस्ताङीले खादामा पैसा बाँधेर भुइँमा राखेर घोडा दौडाई टिपेका थिए।

बाँकी पृष्ठ १६ ▸▸







बुढीगंगा थुनिने जोखिम

# झरी परे निद्रै लाग्दैन

**कान्तिपुर संवाददाता** (बाजुरा)

द्वारी क्षेत्रमा बुढीगंगा नदी थुनिने जोखिम बढेको छ। वर्षौं अघिदेखि कैलाशमाण्डौको पैमा क्षेत्रबाट नदीमा खस्दै आएको पहिरो बढेपछि नदी थुनिने जोखिम बढेको हो।

कैलाशमाण्डौतर्फ पैमा, बुढीगंगा नगरपालिकाको अम्कोटतर्फबाट पहिरो खस्न थालेको छ। नदीमा खसेको पहिरोको बाँध बनेपछि द्वारीको तल पानी जम्मा भएर तालको आकार लिएको छ। पहिरो खस्ने क्रम नरोकिएकाले यतिबेला नदी वरपरका बासिन्दा त्रसित छन्। पैमाका बासिन्दा बढी जोखिममा छन्। कैलाशमाण्डौको पैमादेखि मौरेसम्मको करिब १० किमिमा वर्षौंदेखि पहिरो खस्दै आएको छ। पैमा क्षेत्रबाट खस्ने पहिरोको दबाबले अम्कोट क्षेत्रतर्फ पनि पहिरो सुरु भएको छ। 'दुबैतिरबाट पहिरो खस्न थालेपछि नदी थुनिने क्रम बढेको छ,' त्रिवेणी नगरपालिकाका कार्यकारी अधिकृत खगेन्द्रबहादुर साउँदले भने।

नदी थुनिन सक्ने देखिएकाले क्षतिबाट जोगिन नदी आसपासका बासिन्दालाई सजग रहन सार्वजनिक सूचना जारी गरिएको साउँदले बताए।

त्रिवेणी र बुढीगंगा नगरपालिकाको बीचबाट बुढीगंगा नदी बग्छ। नगर क्षेत्रभन्दा बढी जोखिम कैलाशमाण्डौ क्षेत्रका बस्तीमा छ। त्रिवेणी नगरपालिका ९ स्थित पैंमागाउँका करिब २५० रोपनी खेत र पाखो जग्गा पहिरोमा बगेर नदीमा झरिसकेको छ। ६५ परिवारका घरका छाना भत्किएका छन्। मालागाड लघुजलविद्युत् आयोजनासमेत अवरुद्ध छ। 'पैमा गाउँ अत्यधिक जोखिममा छ,' पैमाका नेत्रराज पाध्यायले भने, 'बुढीगंगा नदी जुनसुकै बेला पुरै थुनिने अवस्था छ।'

बडिमालिका जाने मुलबाटो पनि पहिरोले ढाकेको छ। वनजंगल पनि हरेक वर्ष विनास हुँदै गएको स्थानीय बताउँछन्। 'पहिरो प्रभावित ४५ परिवारलाई १० देखि ३० हजारसम्म राहत वितरण गरेको र वृक्षरोपण गर्न विरुवा खरिदका लागि थप २ लाख छुट्याएको त्रिवेणीका प्रमुख कार्यकारी अधिकृत साँउदले बताए।

यही पहिरोले साँफे-मार्तडी खण्डको करिब २ किमि सडक भासिएको छ। त्यसैगरी बिद्युतको राष्ट्रिय प्रसारण ३३ केभिएलाईनका पोल पनि ढलेका छन्।

बुढीगंगा नदी थुनिंदा बाजुराका बुढिगंगा र त्रिवेणी नगरपालिकालगायत अछामको साँफेबगर नगरपालिका पनि जोखिममा छ।



पहिरोले थुनिने खतरामा रहेको बुढीगंगा नदी। तस्बिर : संगीता तिमिल्सेना/कान्तिपुर

हावाहुरी पीडितका दुःख

# 'अझै पाइएन राहत'

## प्रमुख जिल्ला अधिकारी भन्छन्, 'बारम्बार ताकेता गर्दा पनि सम्बन्धित स्थानीय तहका कार्यालय राहत बुझ्न आएनन्'



हुरीले प्रभावित बनेको धनगढी उपमहानगरपालिका १, मिलनपुर शिविर पुनर्निर्माणपछि। तस्बिर : निर्मला/कान्तिपुर

**निर्मला खडायत** (धनगढी)

प्रदेश सरकार र स्थानीय तहले घोषणा गरेको राहत रकम हावाहुरी पीडितले अझै पाउन सकेका छैनन्। जेठ तेस्रो साता आएको हावाहुरीले धनगढी उपमहानगरका २ हजार २५० परिवारको घरमा क्षति पुगेको थियो। कैलालीभर ९ हजार ७४९ घरमा क्षति भएको थियो।

'हुरी आएको तेस्रो दिन वडा कार्यालयबाट स्थानीयले क्षतिको विवरण संकलन गरेका हुन्,' मिलनपुर मुक्त कमैया शिविरकी अगनीदेवी चौधरीले भनिन्, 'छिटै राहत पाइन्छ भन्थे, अहिलेसम्म कोही फर्केनन्।' उनले अधिकांश घरमा हुरीबतासले छाना उडाएर लिएको बताइन्। 'राहतको आश्वासन पाएकाले केही दिन कुरेर बस्यौं। तर कसैले सुनुवाइ नगरेपछि ऋण गरेरै मर्मत गर्‍यौं,' उनले भनिन्।

प्रदेश सरकारले पूर्ण क्षति भएका घरपरिवारलाई १० हजार र आंशिक क्षति भएकालाई ५ हजार दिने घोषणा गरेको थियो। घोषित रकम आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जिल्ला प्रशासनलाई उपलब्ध गराएको थियो। प्रशासनले स्थानीय तहलाई निकासा दिने प्रकृया मिलाइएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अधिकृत लक्ष्मण शाहले बताए। 'हामीले समयमै प्रशासनमा रकम पठाइसकेका हौं,' शाहले भने। जिल्ला प्रशासन कार्यालयले स्थानीय तहलाई रकम उपलब्ध गराउने प्रकृया निर्धारण गरेको थियो। प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराले स्थानीय तहले रकम लिने चासो नदेखाएको बताए। 'बारम्बार ताकेता गर्दा पनि सम्बन्धित स्थानीय तहका कार्यालय राहत लिन आएनन्,' उनले भने 'धनगढीलगायत पालिकाहरूले भर्खरै लिए, टीकापुर, चुरे, मोहन्याल र जानकीले अझै लिएका छैनन्।' भजनी गाउँपालिकाले आफ्नो क्षेत्रमा खासै क्षति नभएकाले राहत रकम लिन नमानेको उनले बताए। प्रदेश सरकारबाट ४ करोड ४१ लाख, १५ हजार उपलब्ध गराएको थियो।

धनगढी उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद सापकोटाले जिल्ला प्रशासन कार्यालयबाट प्रदेश सरकारले उपलब्ध गराएको १ करोड २२ लाख २६ हजार रकम प्राप्त भएको बताए। स्थानीय तहहरूले पनि राहत दिने घोषणा गरेका थिए। धनगढी उपमहानगरपालिकाले पूर्ण क्षतिलाई ६ हजार र आंशिकलाई ३ हजार राहत उपलब्ध गराउने निर्णय गरेको थियो। आफैंले घोषणा गरेको रकमसमेत कार्यालयले उपलब्ध गराएको छैन। 'साउनभित्र राहत रकम सबै पीडित परिवारलाई उपलब्ध गराउछौं,' प्रमुख प्रशासकीय अधिकृत सापकोटाले बताए। संकलित तथ्यांकमा ३ जना पूर्ण क्षति भएका छन् भने, अन्य आंशिकमा परेका उपमहानगरले जनाएको छ।

'हावाहुरीले घरको छानो उडाएपछि छिमेकीबाट जस्तापाता उधारोमा किनेर मर्मत गरेकी छु,' मिलनपुर शिविरकै हलिया चौधरीले भनिन्, 'घर पुनर्निर्माणका लागि नभए पनि मर्मतको उधारो तिर्न पुगे हुन्थ्यो।' नगरप्रमुख-उपप्रमुख बस्तीमै आएर राहत दिने आश्वासन दिए पनि अहिलेसम्म नपाएकोमा उनको गुनासो थियो।

हावाहुरीले जिल्लाभर ९ हजार ७४९ घरमा क्षति भएको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ। समितिकै समन्वयमा ३ हजार ९९४ परिवारलाई तत्काल पाल वितरण गरिएको प्रजिअ बोहराको भनाइ छ। हावाहुरीबाट ज्यान गुमाएका २ जनाका नजिकका हकदारलाई ६ लाख २५ हजार उपलब्ध गराइएको बोहराले बताए। मृत्यु भएका टिकापुरका लहानु डगौंराका हकदारलाई १ लाख र गोदावरीका वीरबहादुर चौधरीका परिवारलाई ५ लाख उपलब्ध गराएको उनले बताए। धनगढी उपमहानगरपालिका बाहेकका स्थानीय तहले हावाहुरी पीडितलाई १ करोड १८ लाख ५६ हजार राहत वितरण गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

हावाहुरीबाट पीडित भएका एकल महिला, सुत्केरी, विपन्न तथा असहायका परिवारलाई भने केही गैरसरकारी संघ-संस्था र युवा समूहहरूले घर पुनर्निर्माणमा सघाएको प्रजिअ बोहराले बताए। रोटरी क्लबले ४२ घरका लागि जस्तापाता दिएको र २ घरका लागि उद्योग वाणिज्य संघले जस्तापाता सहयोग गरेको बोहराले बताए। सशस्त्र प्रहरी र युवा संघले समेत घर मर्मतमा सघाएका थिए।

# कुतियाकवरमा बिजुली बल्यो

**भवानी भट्ट** (कञ्चनपुर)

नदीले तीनतिर घेरिएको बस्ती। महाकाली पारिको महाकाली नगरपालिकाको पनि टापु मानिने कुतियाकवरमा बिजुली पुगेको छ। यहाँका बासिन्दाको वर्षौंको दबाबपछि असार दोस्रो सातादेखि बस्तीमा बिजुली बलेको हो।

१ वर्षअघि गाडिएका पोलमा जेठ दोस्रो साता लाइन तानिए पनि मिटर नहुँदा घर(घरमा बिजुली पुगेको थिएन। लाइन तानिएपछि स्थानीयले मिटरका लागि विद्युत् कार्यालयमा निवेदन दिएका हुन्। 'पहिलो चरणमा ९ घरमा मिटर जडान भएर बिजुली बलेको छ,' कुतियाकवरका खडके बुढाले भने, 'बाँकी घर परिवारले पनि मिटरका लागि निवेदन दिएका छन्।'

महाकाली र जोगबुढा नदी दोभानमा रहेको कुतियाकवरमा ३५ परिवार बस्छन्। भारतसँग सीमा जोडिएको यो बस्तीमा विद्युत् नहुँदा सबैले सास्ती खेप्नुपरेको थियो। सीमावर्ती क्षेत्रमा चोर(डाँका आउने भएकाले यहाँका बासिन्दाले पटक(पटक विद्युत् सेवा उपलब्ध गराउन माग गर्दै नगरपालिकामा ज्ञापन पत्र बुझाएका थिए।

'अब धेरै सजिलो भएको छ, राति हिंडन पनि सहज भएको छ,' बुढाले भने, 'दशगजामै बस्ती छ, अध्याँरोमा को आउँछ के गर्छ केही थाहा हुदैन्थ्यो, अब त्यसका लागि पनि सजिलो भयो।' ६ महिनाअघि बुढाकै घर छेउमा एसएसबीले गोली चलाएका थिए। गोली लागेर मानविय क्षति नभए पनि स्थानीयमा अहिले पनि त्रास छ। एसएसबीका दुई जवानबीच विवाद हुँदा चलाएको गोलीका ठुटा बुढाको घर भित्रै पुगेका थिए। यहाँको बस्ती कटान र डुबानको पनि उच्च जोखिममा छ। बर्खा सुरु भएसँगै महाकाली र जोगबुढा दुवै नदीले कटान सुरु गर्छ। जोगबुढा नदीले त कुतियाकवरमा हिउँदमा समेत कटान गर्दै आएको छ। 'अब बाढी आएका बेला सुरक्षित ठाउँमा भाग्न पनि सजिलो हुनेछ,' महिला सशक्तीकरण समूहकी अध्यक्ष रितु सिँजापतिले भनिन्, 'विद्युत् भएपछि गर्मीमा पंखादेखि सिँचाइका लागि मोटर चलाउन सहज भएको छ।'



कञ्चनपुरको महाकाली नगरपालिका १०, कुतियाकवरमा विस्तार गरिएको विद्युत् लाइन। तस्बिर : कान्तिपुर

अधिकांश दलित र विपन्न समुदायका बसोबास रहेको यहाँका बासिन्दाले स्थानीय तह र प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका बेला पनि विद्युतकै माग गरेका थिए। स्थानीय तहको निर्वाचन लगत्तै यहाँ पोलहरू गाडिए पनि लाइन बिस्तार हुन सकेको थिएन। कुतियाकवरमा हुने जुनसुकै कार्यक्रममा पनि वडाध्यक्ष र नगर प्रमुख तथा उपप्रमुख समक्ष स्थानीयले यहि कुरा उठाउने गर्थे।

यहाँका अधिकांश युवा रोजगारीका लागि भारत पसेका छन्। सामान्य लेखपढसम्म मात्रै गरेका उनीहरू गुजरात, दिल्ली र बेंग्लोरलगायत सहरमा काम गरिरहेका छन्। यहाँका बासिन्दा नुनतेलदेखि सामान्य औषधि खरीदका लागि समेत सीमावर्ती बजारकै भरमा पर्छन्।

**तरकारी उत्पादनका लागि पकेट क्षेत्र**

कुतियाकवर तरकारी उत्पादनका लागि पकेट क्षेत्र मानिन्छ। सीमावर्ती क्षेत्रमा बंगाली बस्ती छ। उनीहरूले व्यावसायीक तरकारी खेती गर्दै आएका छन्। उनीहरूकै सिको गरी यहाँका बासिन्दा पनि तरकारी खेतीतर्फ आकर्षित भएका हुन्। खासगरि तरुल, परवल, खुर्सानी, मुला, करेला, भान्टा र बोडी यहाँका बेमौसमी उत्पादन हुन्।

यहाँ उत्पादित तरकारी नजिकैको सीमावती भारत उत्तराखण्डको खटीमा मण्डीसम्म पुग्ने गर्छ। कतिपयले २०/२५ किमि टाढा रहेको महेन्द्रनगर समेत पुर्‍याउने गरेका छन्। विगतमा विद्युत् अभावका कारण सिँचाइ सुविधा नहुँदा पनि राम्रो उत्पादन गरेका कृषकहरू यतिबेला धमाधम बोरिङद्वारा खेतमा पानी पुर्‍याइरहेका छन्। विद्युत् लाइन तानिएसँगै मोटरबाट पानी तानेर सिँचाई गर्ने उद्देश्यका साथ उनीहरू बोरिंग तर्फ आकर्षित भएका हुन्।

# दलालको कब्जामा सार्वजनिक यातायात

**डीआर पन्त** (डडेलधुरा)

'६ किलो सामान छ दाइ म यतावाट हिँडे,' कोहलपुरमा सवारी साधनका लागि यात्रु जुटाउने काम गर्ने शिव ओलीलाई सुर्खेतको छिन्चुवाट फोन आयो। लगत्तै महेन्द्रनगरका लागि छुट्न लागेको विंगर रोकियो। सिधै महेन्द्रनगर जाने ६ जना छन १० मिनेटमा पुग्छन् भन्दै रोकिएको विंगर २ घण्टा बित्दा पनि गुडेन। साँझ ५ वजे छुट्नुपर्ने गाडी राती ८ बजे मात्र कोहलपुरवाट छुट्यो। १० मिनेटमा सुर्खेतबाट आइपुग्ने भनेका यात्रु ३ घण्टा पछि आइपुगे। ८ बजे गन्तब्यमा पुग्नुपर्नेहरू रातीको १ बजे मात्र गन्तब्यमा पुगे।

सेनामा कार्यरत पति भेट्न २ बर्ष कि छोरी वोकेर रुपन्देहीवाट कैलाली आउँदै गरेकि शारदा क्षेत्री रातीको १२ बजे अत्तरीया पुगिन्। साँझ ७ बजे अत्तरीया पुग्नुपर्ने शारदालाइ उनका बुवाले राती जेनतेन घर पुर्‍याए। भारतको लखनउवाट उपचार गरेर फर्किएका प्राध्यापक नरेन्द्र भट्ट भने रातभरि अत्तरीयामै अलपत्र परे।

४ बजे कोहलपुरवाट छुटेको गाडी लम्कीमा आएपछि रोकियो। डडेलधुरा वहुमुखी क्याम्पसमा प्रध्यापन गरिरहेका भट्टले भने ७ बजेदेखि अर्को गाडीमा पठाउने भन्दा भन्दै ११ बजे मात्र लम्कीवाट हिंड्नुपर्‍यो। कोहलपुर चोक र अत्तरीयामा यात्रुको चाप हुने बिहान साँझको समयमा हेर्ने हो भने यस्ता सयौं उदाहरण भेटिन्छन्। सार्वजनिक यातायात प्रालि र ब्यवसायी भन्दा पनि सवारीसाधन र यात्रु दुवै दलालको कब्जामा परेको अनुमान गर्न सकिन्छ।

सरकारले सिण्डिकेट हटाउन खोज्यो। तर पूर्ण रुपले हटेन। कम्पनी दर्ता हुन थाले, कम्पनी अघोषित समितिमा परिणत भए। यात्रुले न यसको अनुभूति गर्न पाए, हिजोका दिनमा जुन सास्ती भोग्नुपर्थ्यो त्यो अहिले पनि कायम छ। घटेको छैन वढेको छ। 'समिति हटे, कम्पनी वने तर यातायात ब्यबस्थामा कुनै सुधार हुन सकेको छैन,' यातायात ब्यवसायी चन्द्रबहादुर खड्का भन्छन 'नियमनकारी निकाय, यातायात प्रालि र ब्यवसायीहरूले नयाँ किसिमले व्यबस्थालाइ सुचारु गर्न नसक्दा सर्वसाधारणले भोगिरहेको सास्ती कायमै रहेको हो।' 'नारायणी वारि महाकालीसम्म डेढ लाखभन्दा बढी यात्रुले दैनिक सार्वजनिक यातायातमा यात्रा गर्ने गरेको अनुमान गर्न सकिन्छ,' खडकाले भने 'समयमा गन्तब्यमा नपुग्नु, बिच वाटोमा अलपत्र पर्नु, एकठाउँ जाने यात्रुलाइ अर्कै ठाउँमा लगेर दोहोरो यात्रा गर्न वाध्य पार्नु, निर्धारित समयमा यात्रा नहुनु, ठाउँ ठाउँमा यातायातका साधन परिवर्तन गर्न वाध्य हुनुपर्ने जस्ता सास्ती सर्वसाधारणले भोगिरहेका छन।'

धनगढीवाट २ यात्रु वोकेर अत्तरीया पुगेको सवारी साधन दलालहरूले यात्रु खोजेर नभरिँदासम्म गन्तब्यमा जान सक्दैन। यस्तै स्थिति कोहलपुर चोकमा पनि हुन्छ। गाडी चालक र ब्यबसायीले समयमा गन्तब्यमा हिँड्न खोजेपनि दलालका कारण सम्भव हुँदैन। एक दशकदेखि महेन्द्रनगर हुँदै दैनिक नेपालगन्ज गाडी चलाउने रामसिंह ऐडी भन्छन, 'दलाललाइ वास्ता नगरेर हिँड्ने हो भने अर्को दिनदेखि खाली गाडी कुदाउन वाध्य हुनुपर्छ।'

'दलालहरूको संञ्जाल हाइवे भरि छ,' उनले भने, 'कोहलपुरदेखि चितवन सम्म र चितवन देखि महेन्द्रनगर सम्म हरेक स्टेशनमा उनीहरूको संञ्जालले काम गर्ने भएका कारण ब्यबसायीहरू पनि उनका अगाडी झुक्न वाध्य छन।' एउटा गाडी यात्रुले भरे बापत साना गाडीवाट २ सय देखि ५ सयसम्म र ठूला गाडीमा हजारसम्म दलालहरूले असुल्ने गरेका छन।

क्षेत्रीय ट्रफिक कार्यालय अत्तरीयाका अनुसार सुदूरपश्चिम प्रदेशमा मात्र दैनिक हजार वढी सार्वजनिक यातायातका साधन वाहिरिने र भित्रिने गर्छन। सुदूर वाहेक नारायणी वारी दैनिक चल्ने सवारी साधनको संख्या सुदूर भन्दा तेब्बरले वढी छ। कोहलपुरमा भेटिएका शिव ओली भन्छन, 'यात्रु खोजेर दिए बाफत सानो रकम लिएर गुजारा गर्नु अपराध होइन। कहिले काहीं निर्धारित समयमा गाडी छुटैन। त्यो वाहेक हामीले सास्ती दिने काम गरेका छैनौं।' तर दलालहरूले २ घण्टा गाडी रोक्दा यात्रुले गन्तब्यमा पुग्न कति सास्ती भोग्नुपर्छ भन्ने हेक्का कसैलाइ छैन।

नेपालभित्र मात्र होइन सुदूर र कर्णाली प्रदेशका बिभिन्न जिल्लावाट रोजगारीका लागि भारत जानेहरू नेपाली दलालहरूवाटै सीमाका भारतीय स्टेशनसम्म विक्री हुनुपर्ने वाध्यता छ। धनगढी, नेपालगंजको रुपैडिहा र कञ्चनपुरको गड्डाचौकी नाकाबाट भारत जाने अधिकांश यात्रु सीमा क्षेत्रमा चल्ने टांगावाल हुँदै पारि चल्ने निजी क्षेत्रका सवारी साधनका लागि नेपालकै दलालहरूले कमिशन लिएर पठाउने गरिएको छ।

उग्रतारा यातायात प्रालि डडेलधुराका निर्वतमान अध्यक्ष पदमराज जैसी सिण्डीकेट हटिसकेपछि पनि सार्वजनिक यातायातमा कुनै सुधार आउन नसकेको वताउँछन। उनी भन्छन, 'कानुनी ब्यबस्था फेरियो तर ब्यबहारमा परिवर्तन हुन नसक्दा सार्वजनिक यातायातको अवस्था हिजो भन्दा धेरै फरक हुन सकेको छैन।'

राजधानी काठमाडौं लगायत

**गाडीमा यात्रु ल्याइदिएवापत बिचौलियाद्वारा २५० देखि हजार रुपैयाँसम्म असुल**


पूर्वी क्षेत्रमा दलालहरूको कब्जावाट सार्वजनिक यातायात मुक्त गर्ने प्रयास सुरु भएपनि पश्चिम नेपालमा भने अझै यसको सुरु नभएको उनको गुनासो छ। बिगत भन्दा फरक स्थिति वनाउन समितिवाट प्रालिमा रुपान्तरण भएका कम्पनीहरूले प्रयास सुरु गरेको पनि उनले वताए। सार्वजनिक यातायातलाइ दलालहरूवाट मुक्त गर्न यस क्षेत्रका सवै प्रालिहरू मिलेर काम गर्नुको अर्को विकल्प नभएको पनि उनले वताए।


देशभरिमा यातायात ब्यवसायी महासंघमा दर्ता भएका २ सय ९२ समिति प्रालिमा दर्ता भइसकेका छन। जसमध्ये समिति छँदाको सम्पति पाउने प्रालिमा परिणत भएका १ सय २४ समिति छन् भने वाँकी सवैले आफ्नो सम्पत्ति प्रालिमा जानु अगावै ब्यबस्थापन गरिसकेका थिए। प्रालिमा दर्ता गरेर कानुनी दायरामा आएपनि पछिल्लो समय पुरानै किसिमले यातायात ब्यबस्था संचालन भइरहेको छ। सरकारले उपभोक्ताको हित संरक्षणका लागि प्रदेश स्तरमा निर्देशनालयको गठन गरिसकेको छ। यातायातको नियमनका लागि पहिले देखि नै यातायात ब्यबस्था बिभाग, ट्रफिक प्रहरीले काम गर्दै आए पनि यातायात क्षेत्रमा भने कुनै सुधार हुन नसकेको देखिएको छ। ट्रफिक प्रहरी र यातायात कार्यालयले पनि यसमा

यस क्षेत्रका ठूला प्रालिहरूले बिगतमा राजमार्गका बिभिन्न क्षेत्रमा भर्ना गरेका कर्मचारी हटाउने, काउण्टरमा टिकट काट्ने ब्यवस्था गर्ने, सवारी साधन भित्र टिकट काट्ने र क्षमता भन्दा निकै वढी यात्रु कोचेर लैजाने प्रवृतिलाइ निरुत्साहित नगर्ने हो भने सार्वजनिक यातायात दलालको कब्जावाट मुक्त हुन नसक्ने यातायात ब्यवसायीहरू नै वताउछन।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | प्रियजन भेट | तुला | कार्य सिद्धि |
| वृष | वैभव प्राप्ति | वृश्चिक | अधिक खर्च |
| मिथुन | मनोकांक्षा पूर्ण | धनु | नयाँ कार्य आरम्भ |
| कर्कट | द्विविधा बढ्ने | मकर | कर्म प्राप्ति |
| सिंह | शत्रु नाश | कुम्भ | भाग्य वृद्धि |
| कन्या | कान्ति क्षय | मीन | आलस्यता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल असार २७ गते शुक्रबार तदनुरुप १२ जुलाइ २०१९ असार शुक्लपक्ष एकादशी तिथि रात्रिको २:१७ बजेसम्म उप्रान्त द्वादशी तिथि, विशाखा नक्षत्र दिनको ६:३८ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, साध्य योग प्रातः ९:४९ बजेसम्म उप्रान्त शुभ योग, भद्रा करण रात्रिको २:१७ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:४५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर | ५:०० | कल कान्तिपुर रिलोडेड |
| ५:३० | राधे राधे | ६:०० | कान्तिपुर समाचार |
| ६:०० | जीवन विज्ञान | ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ६:३० | वास्तु मन्थन | ७:०० | सुमनसँग |
| ६:४० | गुडमर्निङ नेपाल | ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ७:०० | कान्तिपुर समाचार | ८:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ९:०० | सम्मी एडभेन्चर्स |
| ८:३० | कान्तिपुर न्युज | ९:३० | रजतपट |
| ९:०० | नेपाल स्पेल बी | १०:०० | दस बजे |
| १०:०० | कान्तिपुर समाचार | १०:३० | कान्तिपुर न्युज |
| १०:३० | दस बजे | ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:०० | कान्तिपुर न्युज | ११:३० | कान्तिपुर समाचार |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) | १२:०० | कल कान्तिपुर रिपिटेड |
| १२:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १२:३० | के आज घरमै | १:३० | एम एन्ड एस (इन्स्पायर) |
| १:३० | हर्के हलदार | २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | कान्तिपुर समाचार | २:३० | सुमनसँग |
| ३:०० | नेपाल स्पेल बी | ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ४:०० | कान्तिपुर न्युज | ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:३० | दस बजे | ४:०० | सम्मी एडभेन्चर्स |
| | | ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०६:१० | मुक्तिको आवाज | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १६:०५ | बी-स्कोप |
| ०७:०० | द हेडलाइनर्स | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०७:३० | शिक्षा संवाद | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:५५ | बाल गीत |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) | १७:५५ | सङ्स कलेक्सन |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:३० | कान्तिपुर डायरी |
| ०९:०० | कान्तिपुर डायरी | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१० | ट्राफिक अपडेट | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (रेमन) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (एलिसा) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल | ०४:०० | भजनहरु लगातार |
| १५:०० | कान्तिपुर डायरी | | |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००११ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५११० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# सञ्चालन भएन विषादी प्रयोगशाला

■ **सम्झना रसाइली** (तनहुँ)

तरकारीको विषादी परीक्षण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुंगामा स्थापना गरेका विषादी मापन प्रयोगशाला सञ्चालनमा आउनै सकेका छैनन् ।

गत वैशाख ७ गते आँबुखैरेनी गाउँपालिका-३ तनहुँ र चैत १५ गते स्याङ्जाको मालुंगा रामदीमा प्रयोगशाला कार्यालय स्थापना गरी उद्घाटन गरिएको थियो । आवश्यक पूर्वाधार, मेसिन र विषादी मापन गर्न आवश्यक पर्ने रसायनको व्यवस्था नगरी उद्घाटन गरिएका कार्यालयमा अहिले बोर्ड झुन्ड्याउनेबाहेक कुनै काम हुन सकेको छैन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत तरकारीको पकेट क्षेत्रका रूपमा विकास गरिएको आँबुखैरेनी गाउँपालिका प्रदेशको प्रवेश नाका हो । प्रयोगशालाका विषयमा भने स्थानीय सरकार र कृषकसमेत जानकार छैनन् ।

आँबुखैरेनी-२ मार्किचोक तिलबारीमा व्यावसायिक तरकारी खेती गर्दै आएका तुलबहादुर गुरुङ भन्छन्, 'गाउँपालिकाभित्र प्रदेश सरकारले प्रयोगशाला स्थापना गरेको सुनेको छु तर सञ्चालनमा आएको छ/छैन थाहा छैन, हामी पनि सेवा लिन गएका छैनौं ।'

**अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएका छैनन्**

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले पनि प्रयोगशाला सञ्चालनबारे अनभिज्ञता जनाए । 'प्रदेश सरकारले खोलेको प्रयोगशाला के-कसरी सञ्चालन गरिँदै छ, कुनै जानकारी छैन,' उनले भने ।

प्रदेश सरकारले नाकाबाट भित्रिने तरकारी तथा फलफूल र पशुपन्छीको रोगसमेत परीक्षण गर्ने नीतिसहित प्रयोगशाला खोलेको थियो । भाडाका तीनवटा कोठामा बोर्ड झुन्डयाएर राख्नेबाहेक उपलब्धि भएको छैन । उदघाटनपछि गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानकी छोरी रजनी चुमान कार्यालय सहायकका रूपमा कार्यरत छिन् । 'प्रयोगशालाका लागि आवश्यक पर्ने रसायन ल्याइएको छ तर परीक्षणका लागि आवश्यक पर्ने ल्याब आउन बाँकी छ,' उनले भनिन् ।

प्रयोगशालाका लागि अधिकृतस्तरको प्राविधिकसहित ६ जनाको दरबन्दी भए पनि अन्य कर्मचारी राखिएको छैन । नयाँ बजेटले ल्याब, केमिकलका साथै प्रयोगशाला सञ्चालनमा ल्याउन आवश्यक पर्ने सामग्री खरिद तथा व्यवस्थापन गरिने कार्यालय सहायक चुमानले बताइन् ।

आँबुखैरेनी गाउँपालिकाको कृषि एकाइका प्रमुख खितकुमार श्रेष्ठ भन्छन्, 'प्रदेश सरकारले प्रयोगशाला सञ्चालनमा ल्याउने भन्दै तामझामसाथ कार्यालय उद्घाटन त गर्‍यो तर कहिलेबाट सञ्चालनमा आउँछ, कुनै ठेगाना छैन ।'

# दन्तकाली मन्दिरमा पित्तलको छानो

सुनसरी (कास)- विजयपुर-१४ स्थित शक्तिपीठ मानिएको दन्तकाली मन्दिरमा पित्तलको छानो लगाउने काम अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारको ३० लाख रुपैयाँ र स्थानीयबाट ३ लाख ७६ हजार रुपैयाँ गरी ३३ लाख ७६ हजारमा छानो लगाइएको दन्तकाली मन्दिर व्यवस्थापन समितिका सचिव पुजारी विश्वराज खनालले बताए ।

यो मन्दिर कसले निर्माण गरेको हो कतै उल्लेख नभए पनि ५ सय वर्षअघि बंगालका शासकले जीर्णोद्धार गरेको इतिहास छ । यसअघि मन्दिरमा राजस्थानबाट मगाइएको ग्रेनाइटको छानो आधा लगाइएको थियो तर पुरातत्त्व विभागले मन्दिरले थाम्न नसक्ने जनाएपछि पित्तलको छानो लगाइएको छ । खनालका अनुसार पहिले मन्दिरको छानो झिँगटीको प्यागोडा शैलीको थियो । विसं १९९० को महाभूकम्पले क्षतिग्रस्त बनाएपछि गुम्बज शैलीमा निर्माण गरिएको थियो । त्यो छानो पनि ०४५ सालको भूकम्पले भत्काएपछि फेरि प्यागोडा शैलीको छानो लगाइएको थियो ।

पौराणिक कालमा सतीदेवीले शिवजीलाई मन पराए पनि दक्ष प्रजापतिले उनलाई मन नपराएपछि यज्ञस्थलमा आत्मदाह गरेकी थिइन् । आत्मदाह गरेको शरीर बोकेर आत्मविह्वल हुँदै शिवजी संसारभर डुल्दा विजयपुरको डाँडामा सतीदेवीको दाँत झरेको विश्वास गरिन्छ ।

**प्रदेश सरकार र स्थानीयद्वारा ३३ लाख ७६ हजार लगानी**

भारत, बंगलदेश, भुटानबाट समेत पूजाअर्चना गर्न आउने तीर्थयात्रीका लागि दन्तकाली मन्दिर प्रमुख शक्तिपीठ मानिन्छ । उक्त मन्दिर व्यवस्थापन गर्न सेनकालमा गोर्खाबाट पुजारी ल्याइएका थिए । खनालका अनुसार विसं १८५६ मा गीर्वाणयुद्ध विक्रम शाहले रामचन्द्र खनाल र उनका सहोदर भाइ तुलारामलाई दन्तकालीमा पूजा गर्न ताम्रपत्रसमेत दिएका थिए । तिनै खनालका सन्ततिको नवौं पुस्ताका रूपमा हालका खनाल त्यहाँ पुजारीका रूपमा रहेका छन् ।

मन्दिरको नाममा सुनसरीको साविक हासपोसा हाल इटहरी उपमहानगरपालिका, मोरङको भाथिगछ र झापाको गौरीगन्जस्थित ठेकितोलमा गुठी जग्गा रहेको खनालले बताए । उनले भने, 'तर ती गुठी जग्गा सबै रैकर गुठीमा परिणत भएका छन् । के कति जग्गा हो, त्यो सबै गुठीलाई मात्र थाहा छ ।'

ऐतिहासिक, पौराणिक मन्दिर भए पनि सरकारले संरक्षण सञ्चालनका लागि आर्थिक सहयोग नगरेको तर गुठीले वार्षिक ४० हजार रुपैयाँ मात्र दिने गरेकाले मन्दिर व्यवस्थापन गर्न मुस्किल भएको पनि उनले सुनाए ।

HIMALAYAN WHITEHOUSE INTERNATIONAL COLLEGE

कक्षा ११ मा भर्ना तथा छात्रवृत्तिबारे सूचना

प्लस टु पछि तपाईंको लक्ष्य Medicine वा Engineering नै हो भने कलेज छान्न सकस किन ?



Prominant faculty members of NAME at WhiteHouse College, Tinkune

Physics- Dipak Bhattarai I Gajendra Singh I Bijaya Upadhyay I Ram Tiwari I Milan Pandey I Santosh Thakur I SS Mandal
Chemistry- Amardip Pandit I Birendra Thapa I Mahesh Paudel I Binod kumar Yadav I Rajesh kumar Shah I Santosh Lamichhane
Botany- Ramsaran Dani I Keshav Raj Pokhrel I Dr. Basudev Pokhrel I K.K. Gupta I Kabir Pokhrel I Drona Pokhrel
Zoology- Dr. Milan Gaihre I Dr. nirajan Neupane I B.K Khatri I Kamal Nepal I Madhav Rijal
Mathematics- Yam Narayan Pokhrel I Pradip Bahadur Thapa I Er Saroj Uprety I Balkrishna Bhurtel

General Admission cum Super 40 Scholarship Test
Ashad 30 (15th July, 2019) I 2:00pm onwards

नेपालकै प्रसिद्ध संस्था NAME सँगको सहकार्यमा Entrance Preparation का सबै हस्ती Himalayan WhiteHouse International College मा मात्र ।

हाम्रो समूहले २ वर्ष मात्र होइन, तपाईंलाई लक्ष्यमा नपुगुन्जेल सहयोग गर्नेछ ।

HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32, Nepal
Tel.: 01-5199456 / 57 I 9801204300 / 301 / 302
Email: mailreply@whitehouse.edu.np
Website: www.whitehouse.edu.np

ONEPLUS

OnePlus 7
Go Beyond Speed

Camera
48 MP Dual Camera + OIS
UltraShot

Performance
Snapdragon 855
256 GB UFS3.0 + RAM Boost
Play while charging

Sound
Dual Speaker
Dolby Atmos

System
Zen Mode
Intelligent Clean
Screen Recorder

PRE-BOOK NOW
First 100 customers will get Anker 5000 mAh power bank free*

RAM 8GB | ROM 256 GB | MRP: Rs. 66,999




Insurance Partner:
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
1 year insurance*

Distributed By:
iHub Pvt. Ltd.
i Hub Pvt. Ltd, Basant Marg-351, Babarmahal, Kathmandu, Nepal, 0977-9801016186, 9851244009, Authorized Service Center: Tamrakar Complex, 5th Floor, New Road, Kathmandu
Oliz Store, Basant Marg-351, Babarmahal. Opp. NTC Building, Kathmandu, Phone : 01-4230314, 01-5705256